अष्टभिः प्रत्यहं ग्रासैर्यतिचान्द्रायणं स्मृतम् ।४।
प्रातश्चतुर्भिः सायं च शिशुचान्द्रायणं स्मृतम् ।
यथाकथञ्चित्पिण्डानां चत्वारिंशच्छतद्वयम् ।५।
मासेन भक्षयेदेतत्सुरचान्द्रायणं चरेत् ।
त्र्यहमुष्णं पिबेदापस्त्र्यहमुष्णं पयः पिबेत् ।६।
त्र्यहमुष्णं घृतं पीत्वा वायुभक्षी भवेत्त्र्यहम् ।
तप्तकृच्छ्रमिदं प्रोक्तं शीतैः शीतं प्रकीर्त्तितम् ।७।
कृच्छ्रातिकृच्छ्रं पयसा दिवसानेकविंशतिम् ।
गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् ।८।
एकरात्रोपवासश्च कृच्छ्रं सान्तपनं स्मृतम् ।
एतच्च प्रत्यहाभ्यस्तं महासान्तपनं स्मृतम् ।९।
त्र्यहाभ्यस्तमथैकेकमतिसान्तपनं स्मृतम् ।
कृच्छ्रं पराकसंज्ञं स्याद् द्वादशाहमभोजनम् ।१०।
एकभक्तं त्र्यहाभ्यस्तं क्रमान्नक्तमयाचित ।
प्राजापत्यमुपोष्यान्ते पादः स्याकृच्छ्रपादकः ।११।
फलैर्मासं फलं कृच्छ्रं विल्बैः श्रीकृच्छ्र ईरितः ।
पद्माक्षैः स्यादामलकैः पुष्पकृच्छ्रं तु पुष्पकैः ।१२।
पत्रकृच्छ्रं तथा पत्रैस्तोयकृच्छ्रं जलेन तु ।
मूलकृच्छ्रं तथा मूलैर्दध्ना क्षीरेण तक्रतः ।१३।
मासं वायव्यकृच्छ्रं स्यात्पाणिपूरान्नभोजनात् ।
तिलैर्द्वादशरात्रेण कृच्छ्रमाग्नेयमार्त्तिनुत् ।१४।
पक्षं प्रसृत्या लाजानां ब्रह्मकूर्च्चं तथा भवेत् ।
उपोषितश्चतुर्द्दश्यां पञ्चदश्यामनन्तरम् ।१५।
पञ्चगव्यं समश्नीयाद्धविष्याशीत्यनन्तरम् ।
मासेन द्विर्नरः कृत्वा सर्वपापैः प्रमुच्यते ।१६।
श्रीकामः पुष्टिकामश्च स्वर्गकामोऽघनष्टये ।
देवताराधनपरः कृच्छ्रकारी स सर्वभाक् ।१७।

एक महिनासम्म बिहान चार गाँस र बेलुका चार गाँस भोजन गर्द त्यसलाई शिशुचान्द्रायण भनिन्छ। एक महिनाभरिमा कुनै पनि तरिकाले दुई सय चालीस पिण्ड भोजन गर्ने विधिलाई सुरचान्द्रायणको विधि भनिन्छ। तीन दिन तातो पानी, तीन दिन तातो दुध, तीन दिन तातो घिउ, र तीन दिन वायु पिएर रहने; त्यसलाई तप्तकृच्छ्र भनिएको छ । अनि त्यसै क्रमले तीन दिन चिसो पानी, तीन दिन चिसो दुध, तीन दिन चिसो घिउ र तीन दिन वायु सेवन गर्दा त्यो शीतकृच्छ्र हुन्छ। एक्काईस दिनसम्म केवल दुध पिएर रहनाले कृच्छ्रातिकृच्छ्र हुन्छ। एक दिन गोमूत्र, गोबर, दुध, दही, घिउ र कुशको पानी खाएर बस्ने र एक दिन उपवास बस्ने गर्दा त्यसलाई कृच्छ्रसान्तपन व्रत भन्ने मानिएको छ। कृच्छ्रसान्तपकै वस्तुहरूलाई एकएक दिनका दरले लियो भने त्यसलाई महासान्तपनव्रत मानिन्छ। यिनै वस्तुहरूलाई तीनतीन दिनका क्रमले ग्रहण गर्दा त्यसलाई अतिसान्तपन भन्ने मानिन्छ । बाह्र दिनसम्म निराहार रहनाले पराककृच्छ्र हुन्छ। तीन दिन बिहान, तीन दिन बेलुका र तीन दिन नमागीकनै पाइएको वस्तु खाएर र अन्त्यमा तीन दिन उपवास राखेर व्रत गर्दा त्यसलाई प्राजापत्य व्रत भनिएको छ। यसैको एक चरणमात्रै गरिएको व्रतलाई कृच्छ्रपाद भनिन्छ। एक महिनासम्म फल खाएर रहने हो भने त्यसलाई फलकृच्छ्र र बेल खाएर रहने हो भने त्यो श्रीकृच्छ्र हुन्छ । यसै गरी पद्माक्ष खाएर रहने हुँदा पद्माक्षकृच्छ्र र अमला खाएर रहनाले आमलकृच्छ्र हुन्छ र फूल खाएर रहनाले पुष्पकृच्छ्र हुन्छ । पूर्वोक्त क्रमले केवल पात मात्रै खाएर रहनाले मूलकृच्छ्र र दही, दुध अथवा मोहीमा नै भर पर्ने हुँदा क्रमशः दधिकृच्छ्र, दुग्धकृच्छ्र र तक्रकृच्छ्र हुन्छन्। एक महिनासम्म एक अँजुली अन्नको भोजनले वायव्यकृच्छ्र हुन्छ। बाह्र दिन केवल तिलको मात्रै भोजन गर्दा अग्नेयकृच्छ्र मानिन्छ र त्यसले दुःखहरूको नाश गर्दछ । एक पक्षभरि एक पसर लाजाको भोजन गर्ने, चतुर्दशी एवं पञ्चदशीमा उपवास राख्ने गर्नुपर्छ । त्यसपछि पञ्चगव्य पान गरेर हविष्य भोजन गरिन्छ। यसलाई ब्रह्मकूर्च व्रत भन्दछन्। यही व्रत एक महिनामा दुई पटक गर्नाले मानिस सबै पापहरूबाट मुक्त हुन्छ । जुन मानिस धन, पुष्टि, स्वर्ग र पापनाशको कामनाले देवताहरूको आराधना र कृच्छ्रव्रत गर्दछ उसले सबै कुरा प्राप्त गर्छ।१–१७।

१७२. द्विसप्तत्यधिकशततमोऽध्यायः

सर्वपाप प्रायश्चित्त

पुष्कर उवाच
परदारपरद्रव्यजीव हिंसादिके यदा ।
प्रवर्त्तते नृणां चित्तं प्रायश्चित्तं स्तुतिस्तदा ।१।
विष्णवे विष्णवे नित्यं विष्णवे विष्णवे नमः ।
नमामि विष्णुं चित्तस्थमहङ्कारगतिं हरिम् ।२।
चित्तस्थमीशमव्यक्तमनन्तमपराजितम् ।
विष्णुमीड्यमशेषेण अनादिनिधनं विभुम् ।३।
विष्णुश्चित्तगतो यन्मे विष्णुर्बुद्धिगतश्च यत् ।
यच्चाहङ्कारगो विष्णुर्यद्विष्णुर्मयि संस्थितः ।४।
करोति कर्मभूतोऽसौ स्थावरस्य चरस्य च ।
तत्पापं नाशमायातु तस्मिन्नेव हि चिन्तिते ।५।
ध्यातो हरति यत्पापं स्वप्ने दृष्टस्तु भावनात् ।
तमुपेन्द्रमहं विष्णुं प्रणतार्तिहरं हरिम् ।६।
जगत्यस्मिन्निराधारे मज्जमाने तमस्यधः ।
हस्तावलम्बनं विष्णुं प्रणमामि परात्परम् ।७।
सर्वेश्वरेश्वर विभो परमात्मन्नधोक्षज ।
हृषीकेश हृषीकेश हृषीकेश नमोऽस्तु ते ।८।
नृसिंहानन्त गोविन्द भूतभावन केशवः ।
दुरुक्तं दुष्कृतं ध्यातं शमयाघं नमोऽस्तु ते ।९।
यन्मया चिन्तितं दुष्टं स्वचित्तवशवर्त्तिना ।
अकार्य्यं महदत्युग्रं तच्छमं नय केशव ।१०।
ब्रह्मण्यदेव गोविन्द परमार्थपरायण ।
जगन्नाथ जगद्धातः पापं प्रशमयाच्युत ।११।
यथापराह्ले सायाह्ले मध्याह्ले च तथा निशि ।
कायेन मनसा वाचा कृतं पापमजानता ।१२।
जानता च हृषीकेश पुण्डरीकाक्ष माधव ।
नामत्रयोच्चारणतः स्वप्ने यातु मम क्षयम् ।१३।
शरीरं मे हृषीकेश पुण्डरीकाक्ष माधव ।
पापं प्रशमयाद्य त्वं वाक्कृतं मम माधव ।१४।
यद्भुञ्जन्यत्स्वपंस्तिष्ठन्गच्छञ्जाग्रद्यदास्थितः ।

पुष्करले भन्दछन्— मानिसको चित्त जब परस्त्रीगमन, परस्वहरण र जीवहिंसा आदिमा प्रवृत्त हुन्छ त्यसबेला स्तुति गर्नाले नै उसको प्रायश्चित्त हुन्छ । सर्वव्यापी विष्णुलाई सधैँ नमस्कार छ । श्रीहरि विष्णुलाई नमस्कार छ । म आफ्ना चित्तमा रहेका सर्वव्यापी, अहङ्कारशून्य श्रीहरिलाई नमस्कार गर्दछु । सबैका निम्ति पूजनीय, जन्म र मृत्युरहित प्रभावशाली श्री विष्णुलाई नमस्कार छ । विष्णु मेरा चित्तमा निवास गर्दछन्, विष्णु मेरा बुद्धिमा विराजमान छन्, विष्णु मेरा अहङ्कारमा प्रतिष्ठित छन् र विष्णु मसितै स्थित छन् । समस्त चराचर प्राणीको कर्मका रूपमा उनै विष्णु स्थित छन्, उनको चिन्तनले मेरा पापको विनाश होस् । ध्यान गर्दा जसले पापलाई हरण गर्दछन् र भावनाले लिनामा स्वप्नमा दर्शन दिन्छन्, इन्द्रका अनुज शरणागतहरूका दुःखनाशक उनै पापापहारी श्रीविष्णुलाई म नमस्कार गर्दछु । यस निराधार जगत्मा अज्ञानको अन्धकारमा डुब्न लागेकालाई हातको सहारा प्रदान गर्ने परात्परस्वरूप श्रीविष्णुका सामु पस्रिएको छु । हे सर्वेश्वरेश्वर प्रभु ! हे कमलनायक परमात्मा ! हे ऋषिकेश! तिमीलाई नमस्कार छ । हे इन्द्रियहरूका स्वामी श्री विष्णु ! तिमीलाई नमस्कार छ ! हे नृसिंह ! हे अनन्तस्वरूप गोविन्द ! समस्त भूत–प्राणीहरूको सृष्टि गराउने केशव ! म बाट जुन दुर्वचन बोलिएको छ अथवा पापपूर्ण चिन्तन गरिएको छ त्यस्तो मेरो पाप शमन गरिदेऊ; तिमीलाई नमस्कार छ । हे केशव ! मनको वशमा परेर मैले नगर्नु पर्ने जुन अत्यन्त उग्र पापपूर्ण चिन्तन गरिएको छु; त्यसलाई शान्त गरिदेऊ । परमार्थपरायण ब्राह्मणप्रिय हे गोविन्द ! तिमी आफ्नो मर्यादाबाट कहिल्यै च्युत हुँदैनौं । हे जगन्नाथ ! हे जगतको भरणपोषण गर्ने देवेश्वर ! मेरो पापलाई विनाश गरिदेऊ । मैले मध्याह्न, अपराह्न, सन्ध्या एवं रातका समयमा जानीनजानीकन शरीर, मन एवं वाणीले जे जति पाप गरेको छु ती सबै तिम्रा पुण्डरीकाक्ष, ऋषिकेश, माधव यी नाम उच्चारण गरेर नासिऊन् । हे कमलनयन, लक्ष्मीपति ! हे इन्द्रियहरूका स्वामी माधव ! आज तिमी मेरो शरीर एवं वाणीले गरिएका पापहरू विनाश गर । आज मैले खाँदा, सुत्दा, उभिँदा, हिँड्दा वा जाग्दा मन, वाणी र शरीरले

कृतवान्पापमद्याहं कायेन मनसा गिरा ।१५।
यत्स्वल्पमपि यत्स्थूलं कुयोनिनरकावहम् ।
तद्यातु प्रशमं सर्वं वासुदेवानुकीर्त्तनात् ।१६।
परं ब्रह्म परं धाम पवित्रं परमं च यत् ।
तस्मिन्प्रकीर्त्तिते विष्णौ यत्पापं तत्प्रणश्यतु ।१७।
यत्प्राप्य न निवर्त्तन्ते गन्धस्पर्शादिवर्जितम् ।
सूरयस्तत्पदं विष्णोस्तत्सर्वं शमयत्वघम् ।१८।
पापप्रणाशनं स्तोत्रं यः पठेच्छृणुयादपि ।
शरीरैर्म्मानसैर्वाग्जैः कृतैः पापैः प्रमुच्यते ।१९।
सर्वपापग्रहादिभ्यो याति विष्णोः परं पदम् ।
तस्मात्पापे कृते जप्यं स्तोत्रं सर्वाघमर्द्दनम् ॥२०।
प्रायश्चित्तमघौघानां स्तोत्र व्रतकृते वरम् ।
प्रायश्चित्तैः स्तोत्रजपैर्व्रतैर्नश्यति पातकम् ।
ततः कार्य्याणि संसिद्ध्यै तानि वै भुक्तिमुक्तये ।२१।

जेजति नीच योनि वा नरक प्राप्ति गराउने सूक्ष्म वा स्थूल पाप गरेको छु ती सबै भगवान् वासुदेवको नाम उच्चारण गर्नाले नै नाश भएर जाऊन् । परब्रह्म, परमधाम र परम पवित्र विष्णु जो हुन् उनैको सङ्कीर्तनले मेरा पापहरू पुरिऊन् । जसलाई प्राप्त गरेपछि ज्ञानिहरू फेरि फर्केर आउँदैनन् जो गन्ध, स्पर्श आदि तन्मात्राहरूबाट रहित छन् श्रीविष्णुका उसै परमपद्ले मेरा पापहरू सेलाऊन् । पाप विनाश गर्ने यो स्तोत्र जुन मानिसले पठन वा श्रवण गर्दछ ऊ शरीर, मन र वाणीबाट उत्पन्न हुने सबै पापबाट छुट्दछ र समस्त पापग्रहहरूबाट मुक्त भएर श्री विष्णुको परमपदमा पुग्छ । त्यसैले जुनसुकै पाप भएमा यस स्तोत्रको जप गर्नुपर्दछ। यो स्तोत्र पापसमूहको प्रायश्चित्तसरको छ। कृच्छ्र आदि जुन व्रत गर्नेहरूका लागि पनि यो श्रेष्ठ छ। स्तोत्र जप र व्रत रूप प्रायश्चित्तले सम्पूर्ण पाप नष्ट हुन्छन् । त्यसैले भोग र मोक्षको सिद्धिका लागि यसको अनुष्ठान गर्नुपर्दछ ।१–२१।

१७३. त्रिसप्तत्यधिकशततमोऽध्यायः

सम्पूर्ण प्रायश्चित्त

अग्निरुवाच
प्रायश्चित्तं ब्रह्मणोक्तं वक्ष्ये पापोपशान्तिदम् ।
स्यात्प्राणवियोगफलो व्यापारो हननं स्मृतम् ।१।
रागद्वेषात्प्रमादाच्च स्वतः परत एव वा ।
ब्राह्मणं घातयेद्यस्तु स भवेद् ब्रह्मघातकः ।२।
बहूनामेककार्य्याणां सर्वेषां शस्त्रधारिणाम् ।
यद्येको घातकस्तत्र सर्वे ते घातकाः स्मृताः ।३।
आक्रोशितस्ताडितो वा धनैर्व्वा परिपीडितः ।
यमुद्दिश्य त्यजेत्प्राणांस्तमाहुर्ब्रह्मघातकम् ।४।
औषधाद्युपकारे तु न पापं स्यात्कृते मृते ।
पुत्रं शिष्यं तथा भार्य्यां शासते न मृते ह्यघम् ।५।
देशं कालं वयः शक्तिं पापं चावेक्ष्य यत्नतः ।
प्रायश्चित्तं प्रकल्प्यं स्याद्यत्र चोक्ता न निष्कृतिः ।६।
गवार्थे ब्राह्मणार्थे वा सद्यः प्राणान्परित्यजेत् ।

अग्निदेवले भन्दछन्— हे वसिष्ठ ! अब म ब्रह्माले वर्णन गरेअनुसारको पापनाश गराउने प्रायश्चित्त भन्दछु । जसबाट शरीरबाट प्राणको वियोग हुन्छ त्यस कार्यलाई हनन भनिन्छ। राग, द्वेष अथवा प्रमादका कारण अर्कालाई लगाएर वा आफैँले स्वयं ब्राह्मणको वध जसले गर्छ त्यो ब्रह्मघाती हुन्छ। एउटै कार्यमा लागेका धेरै जना हतियारधारीहरूमध्ये कुनै एकले ब्राह्मणको वध गरेको छ भने ती सबै नै घातक मानिन्छन् । कसैबाट ब्राह्मण मारिँदा, निन्दित हुँदा या बन्धनले पीडित हुँदा जसका उद्देश्यले प्राणत्याग गर्दछ, त्यसैलाई ब्रह्महत्यारा मानिन्छ । औषधि उपचार आदि उपकार गर्न लाग्दा यदि कसैको मृत्यु भयो भने त्यसले पाप हुँदैन । पुत्र, शिष्य अथवा पत्नीलाई दण्ड दिँदा उनको मृत्यु भयो भने त्यस अवस्थामा पनि दोष लाग्दैन । जुन पापबाट मुक्त हुने उपाय बताइएको छैन, त्यस्तामा देश, काल, अवस्था, शक्ति र पापको विचार गरेर यत्नपूर्वक प्रायश्चित्तको व्यवस्था गरिदिनुपर्छ । गाई वा ब्राह्मणका लागि तत्काल आफ्नो प्राण त्याग गरेको भएदेखि अथवा आफ्नो शरीर नै अग्निमा आहुति गरिदिएको छ भने ब्रह्महत्याका पापबाट मानिस मुक्त हुन्छ ।

प्रास्येदात्मानमग्नौ वा मुच्यते ब्रह्महत्यया ।७।
शिरः कपाली ध्वजवान्भैक्षाशी कर्म्म वेदयन् ।
ब्रह्महा द्वादशाब्दानि मितभुक् शुद्धिमाप्नुयात् ।८।
षड्भिर्वर्षैः शुद्धचारी ब्रह्महा पूयते नरः ।
विहितं यदकामानां कामात्तु द्विगुणं स्मृतम् ।९।
प्रायश्चित्तं प्रवृत्तस्य वधे स्यात्तु त्रिवार्षिकम् ।
ब्रह्माघ्नि क्षत्रे द्विगुणं विट्छूद्रे द्विगुणं त्रिधा ।१०।
अन्यत्र विप्रे सकलं पादोनं क्षत्रिये मतम् ।
वैश्येऽर्द्धापादं क्षेत्रे स्याद् वृद्धस्त्रीबालरोगिषु ।११।
तुरीयो ब्रह्महत्यायाः क्षत्रियस्य वधे स्मृतम् ।
वैश्येऽष्टमांशो वृत्तस्थे शूद्रे ज्ञेयेस्तु षोडशः ।१२।
अप्रदुष्टां स्त्रियं हत्वा शूद्रहत्याव्रतं चरेत् ।
पञ्चगव्यं पिबेद्गोघ्नो मासमासीत संयतः ।१३।
गोष्ठेशयो गोऽनुगामी गोप्रदानेन शुध्यति ।
कृच्छ्रं चैवातिकृच्छ्रं वा पादह्रासो नृपादिषु ।१४।
अतिवृद्धामतिकृशामतिबालां च रोगिणीम् ।
हत्वा पूर्वविधानेन चरेदर्द्धव्रतं द्विजः ।१५।
ब्राह्मणान्भोजयेच्छक्त्या दद्याद्धेमतिलादिकम् ।
मुष्टिचपेटकीलेन तथा शृङ्गादिमोटने ।१६।
लगुडादिप्रहारेण गोवधं तत्र निर्दिशेत् ।
दमने दामने चैव शकटादौ च योजने ।१७।
स्तम्भशृङ्खलपाशैर्वा मृते पादोनमाचरेत् ।
काष्ठे सान्तपनं कुर्य्यात्प्राजापत्यं तु लोष्ठके ।१८।
तप्तकृच्छ्रं तु पाषाणे शस्त्रे चाप्यतिकृच्छ्रकम् ।
मार्ज्जारगोधानकुलमण्डूकश्वपतत्त्रिणः ।१९।
हत्वा त्र्यहं पिबेत्क्षीरं कृच्छ्रं चान्द्रायणं चरेत् ।
व्रतं रहस्ये रहसि प्रकाशेऽपि प्रकाशकम् ।२०।
प्राणायामशतं कार्य्यं सर्वपापापनुत्तये ।
पानकं द्राक्षमधुकं खर्ज्जूरं तालमैक्षवम् ।२१।
माध्वीकं टङ्कमाध्वीकं मैरेयं नारिकेलजम् ।
न मद्यान्यपि मद्यानि पैष्टी मुख्या सुरा स्मृता ।२२।
त्रैवर्ण्यस्य निषिद्धानि पीत्वा तप्त्वाप्यपः शुचिः ।

ब्रह्महत्या गर्ने व्यक्तिले टाउकाको खप्पर र ध्वजा लिएर भिक्षाको अन्न भोजन गर्दै – मैले ब्राह्मणको वध गरेको छु भन्दै आफ्नो पाप खुलस्त गर्नुपर्छ । ऊ त्यस किसिमको नियमित आहार गर्दै बाह्र वर्षमा शुद्ध हुन्छ । अथवा शुद्धिको प्रयत्न गर्ने ब्रह्मघाती मानिस छ वर्षमा नै पनि शुद्ध हुन्छ । नजानेर पापकर्म गर्नेहरूको अपेक्षा जानीबुझीकन पापकर्म गर्नेहरूले दोब्बर प्रायश्चित्त गर्ने विधान छ । ब्राह्मणको वध गर्नमा तयार मात्रै हुँदा तीन वर्षसम्म प्रायश्चित्त गर्नुपर्छ । ब्रह्मघाती क्षत्रियलाई दोब्बर र वैश्य एवं शूद्रले नजानेर पापकर्म गर्नेहरूको अपेक्षा जानीबुझीकन पापकर्म गर्नेहरूले दोब्बर प्रायश्चित्त गर्ने विधान छ । ब्रह्मघाती क्षत्रियलाई दोब्बर र वैश्य एवं शूद्रले छ गुना प्रायश्चित्त गर्नुपर्दछ । अन्य पापमा ब्राह्मणले सम्पूर्ण, क्षत्रियले तीन चरण, वैश्यले आधा र शूद्र, वृद्ध, स्त्री, बालक एवं रोगीले एक चरण प्रायश्चित्त गर्नुपर्दछ । क्षत्रियको वध गर्दा ब्रह्महत्याको एक पाउ, वैश्यको वध गर्दा अष्टमांश र सदाचारपरायण शूद्रको वध गर्दा सोह्र भागको एक प्रायश्चित्त मानिएको छ । सदाचारिणी स्त्रीको हत्या गर्दा शूद्रहत्याकै प्रायश्चित्त गर्नुपर्छ । गाईको हत्याराले चित्तलाई संयमित गराएर एक महिनासम्म गोठमा बस्नुपर्छ, पछि लागेर हिँड्नुपर्छ र पञ्चगव्य खाएर बस्नुपर्छ । त्यसपछि गोदान गरेर मात्रै ऊ शुद्ध हुन्छ । कृच्छ्र अथवा अतिकृच्छ्र जस्तो जुनसुकै व्रत भएपनि क्षत्रियले तीन भागमात्रै अनुष्ठान गर्नुपर्छ । अत्यन्त बूढी, ज्यादै दुब्लो, साह्रै सानो उमेरको आइमाईको हत्या गरेपछि द्विजले पूर्वोक्त विधिकै अनुसार ब्रह्महत्याको आधा प्रायश्चित्त गर्नुपर्छ । त्यसपछि ब्राह्मणलाई भोजन गराउनुपर्छ र सकेअनुसार तिल र सुवर्ण दान गर्नुपर्दछ । मुड्की वा थप्पडले हिर्काउँदा, सिंग भाँचिदिँदा, लाठा आदिले कुट्दा यदि गाई नै मऱ्यो भने त्यसलाई गोवध भनिन्छ । कुट्दा, बाँध्दा, गाडी आदिमा नार्दा, छेक्दा अथवा डोरीको पासोमा पार्दा यदि गाई–गोरु मऱ्यो भने तीन चरण त्यसको प्रायश्चित्त गर्नुपर्छ । काठदाउराले गाई मार्नेले सान्तपनव्रत, डल्लाले मार्नेले प्राजापत्य, ढुङ्गाले हत्या गर्नेले तप्तकृच्छ्र र हतियारले मार्नेले अतिकृच्छ्र व्रत गर्नुपर्छ । बिरालो, गोही, न्याउरी, भ्यागुतो, कुकुर अथवा पक्षीको हत्या गरेकाले तीन दिन दुध मात्रै खाएर बस्नुपर्छ । अथवा प्राजापत्य वा चान्द्रायण व्रत गर्नुपर्दछ । गोप्य पाप भएमा गोप्य र प्रकट पाप भएमा प्रकट प्रायश्चित्त गर्नुपर्दछ ।१–२०।

समस्त पापहरूकै विनाशका लागि सय प्राणायाम गर्नुपर्दछ । कटहर, अङ्गुर, महुवा, खजुर, ताड, उखु र मुनक्काको रस, टङ्कमाध्वीक, मैरेय र नरिवलको रस यी वस्तु

कणान्वा भक्षयेदब्दं पिण्याकं वा सकृन्निशि ।२३।
सुरापानापनुत्यर्थं बालवासा जटी ध्वजी ।
अज्ञानात्प्राश्य विण्मूत्रं सुरासंस्पृष्टमेव च ।२४।
पुनः संस्कारमर्हन्ति त्रयो वर्णा द्विजातयः ।
मद्यभाण्डस्थिता आपः पीत्वा सप्तदिनं व्रती ।२५।
चाण्डालस्य तु पानीयं पीत्वा स्यात्षड्दिनं व्रती ।
चाण्डालकूपभाण्डेषु पीत्वा सान्तपनं चरेत् ।२६।
पञ्चगव्यं त्रिरात्र्यन्ते पीत्वा चान्त्यजलं द्विजः ।
मत्स्यकण्टकशम्बूकशङ्खशुक्तिकपर्दकान् ।२७।
पीत्वा नवोदकं चैव पञ्चगव्येन शुध्यति ।
शवकूपोदकं पीत्वा त्रिरात्रेण विशुध्यति ।२८।
अन्त्यावसायिनामन्नं भुक्त्वा चान्द्रायणं चरेत् ।
आपत्काले शूद्रगृहे मनस्तापेन शुध्यति ।२९।
शूद्रभाजनभुग्विप्रः पञ्चगव्यादुपोषितः ।
कन्दुपक्वं स्नेहपक्वं स्नेहं च दधिसक्तवः ।३०।
शूद्रादनिन्द्यान्येतानि गुडक्षीररसादिकम् ।
अस्नातभुक् चोपवासी दिनान्ते तु जपाच्छुचिः ।३१।
मूत्रोच्चाय्यशुचिर्भुक्त्वा त्रिरात्रेण विशुध्यति ।
केशकीटावपन्नं च पादस्पृष्टं च कामतः ।३२।
भ्रूणघ्नावेक्षितं चैव संस्पृष्टं वाप्युदक्यया ।
काकाद्यैरवलीढं च शुना संस्पृष्टमेव च ।३३।
गवाद्यैरन्नमाघ्नातं भुक्त्वा त्र्यहमुपावसेत् ।
रेताविण्मूत्रभक्षी तु प्राजापत्यं समाचरेत् ।३४।
चान्द्रायणं नवश्राद्धे पराको मासिके मतः ।
पक्षत्रयेऽतिकृच्छ्रं स्यात्षण्मासे कृच्छ्रमेव च ।३५।
आब्दिके पादकृच्छ्रं स्यादेकाहः पुनराब्दिके ।
पूर्वेद्युर्वार्षिकं श्राद्धं परेद्युः पुनराब्दिकम् ।३६।
निषिद्धभक्षणे भुक्ते प्रायश्चित्तमुपोषणम् ।
भूस्तृणं लशुनं भुक्त्वा शिशुकं कृच्छ्रमाचरेत् ।३७।
अभोज्यानां तु भुक्त्वान्नं स्त्रीशूद्रोच्छिष्टमेव च ।
जग्ध्वा मांसमभक्ष्यं च सप्तरात्रं पयः पिबेत् ।३८।
मधु मांसं च योऽश्नीयाच्छावं सूतकमेव वा ।

नसिला भईकन पनि मादक पदार्थ होइनन् । पैटीलाई नै मुख्य सुरा भन्ने मानिएको छ । यही खालको मदिराचाहिँ द्विजका लागि निषिद्ध मानिएको छ । सुरापान गर्नेले उम्लँदो पानी पिएर शुद्ध हुन्छ । अथवा सुरापानको पापबाट मुक्त हुनका लागि एक वर्षसम्म जटा र ध्वजा धारण गरेर वनमा निवास गर्नुपर्दछ। रातका समयमा नित्य चामलका कनिका वा तिलका पिनाको भोजन गर्नुपर्दछ। मलमूत्र वा मदिराले छोएको वस्तु अनजानमा भक्षण गरेको छ भने ब्राह्म, क्षत्रिय र वैश्य यी तीनै वर्णका मानिसले फेरि संस्कार गर्नुपर्ने हुन्छ। मदिराका भाँडामा राखिएको पानी खाएको भए सात दिन व्रत गर्नुपर्छ। चाण्डालका हातको जल खाएमा छ दिन उपवास राख्नुपर्छ र चाण्डालको इनार वा भाँडाको पानी खाएपछि सान्तपनव्रत गर्नुपर्छ । अन्त्यजका हातको जल खाएको द्विजले तीन रात उपवास राखेर पञ्चगव्य पान गर्नुपर्दछ। नौलो ठाउँको जल अथवा जलसितै माछो, काँडो, शम्बूक, शङ्ख, सिपी वा कौडी आदि निलियो भने पञ्चगव्यको आचमन गर्नाले शुद्ध हुन्छ । शवयुक्त इनारको पानी खाएका मानिसले त्रिरात्रव्रत गरेपछि शुद्ध हुन्छ। चाण्डालको अन्न खाएपछि चान्द्रायण व्रत गर्नुपर्छ । आपद्कालमा शूद्रका घरमा भोजन गरिसकेपछि पश्चात्ताप गर्नाले शुद्धि हुन्छ । शूद्रका पात्रमा भोजन गरेका ब्राह्मणले पञ्चगव्य पिए भने शुद्ध हुन्छन् । भुटेको, पोलेको, तेल–घिउमा तारेको, दही, सातु, गुड, दुध र रस आदि यी वस्तुहरू शूद्रकै घरबाट ल्याइएका भएपनि निन्दित हुँदैनन् । स्नान नगरी भोजन गर्नेले एक दिन उपवास राखेर दिनभरि जप गरेपछि ऊ पवित्र हुन्छ । मूत्रत्याग गरेको अशौच अवस्थामै भोजन गर्दाखेरि त्रिरात्रव्रतले शुद्धि हुन्छ । रौँ अथवा किरा, कमिलो परेको, गोडाले छोइएको, भ्रूणघातीले हेरेको, रजस्वला स्त्रीले छोएको, काग आदि पक्षीले जुठ्याएको, कुकुर आदिले छोएको अथवा गाईले सुँघेको अन्न खाएपछि तीन दिन उपवास गर्नुपर्छ। वीर्य, मल या मूत्रको भक्षण गरियो भने प्राजापत्य व्रत गर्नुपर्छ । नवश्राद्धमा चान्द्रायण, मासिक श्राद्धमा पराक व्रत, त्रिपाक्षिक श्राद्धमा अतिकृच्छ्र, षाण्मासिक श्राद्धमा प्राजापत्य र वार्षिक श्राद्धमा एकपाद प्राजापत्यव्रत गर्नुपर्दछ। अघिल्लो दिन र भोलिपल्ट गरी दुवै दिन नै वार्षिक श्राद्ध पर्दछन् भने दोस्रो वार्षिक श्राद्धमा एक दिनको लागि एक दिनको उपवास गर्नुपर्दछ। निषिद्ध वस्तुको भक्षण गर्दा उपवास गरेर प्रायश्चित्त गर्नुपर्दछ । च्याउ, लसुन, सेतो मरिच खाएको छ भने एक पाद प्राजापत्य गर्नुपर्दछ । निषिद्ध खाने कुरो, शूद्रको अन्न,

प्राजापत्यं चरेत्कृच्छ्रं ब्रह्मचारी यतिर्व्रती ।३९।
अन्यायेन परस्वापहरणं स्तेयमुच्यते ।
मुसलेन हतो राज्ञा स्वर्णस्तेयी विशुध्यति ।४०।
अधःशायी जटाधारी पर्णमूलफलाशनः ।
एककालं समश्नानो द्वादशाब्दे विशुध्यति ।४१।
रुक्मस्तेयी सुरापश्च ब्रह्महा गुरुतल्पगः ।
स्तेयं कृत्वा सुरां पीत्वा कृच्छ्रं चाब्दं चरेन्नरः ।४२।
मणिमुक्ताप्रवालानां ताम्रस्य रजतस्य च ।
अयस्कांस्योपलानां च द्वादशाहं कणान्नभुक् ।४३।
मनुष्याणां तु हरणे स्त्रीणां क्षेत्रगृहस्य च ।
वापीकूपतडागानां शुद्धिश्चान्द्रायणं स्मृतम् ।४४।
भक्ष्यभोज्यापहरणे यानशय्यासनस्य च ।
पुष्पमूलफलानां च पञ्चगव्यं विशोधनम् ।४५।
तृणकाष्ठद्रुमाणां च शुष्कान्नस्य गुडस्य च ।
चैलचर्म्मामिषाणां च त्रिरात्रं स्यादभोजनम् ।४६।
पितुः पत्नी च भगिनीमाचार्य्यतनयां तथा ।
आचार्य्याणी सुतां स्वां च गच्छंश्च गुरुतल्पगः ।४७।
गुरुतल्पेऽभिभाष्यैनस्तप्ते पच्यादयोमये ।
सूर्मी ज्वलन्ती चाश्लिष्य मृत्युनां स विशुध्यति ।४८।
चान्द्रायणान्वा त्रीन्मासान्नभ्यस्य गुरुतल्पगः ।
एवमेव विधिं कुर्य्याद्योषित्सु पतितास्वपि ।४९।
यत्पुंसः परदारेषु तच्चैनां कारयेद् व्रतम् ।
रेतः सिक्त्वा कुमारीषु चाण्डालीषु सुतासु च ।५०।
सपिण्डापत्यदारेषु प्राणत्यागो विधीयते ।
यत्करोत्येकरात्रेण वृषलीसेवनं द्विजः ।५१।
तद्भैक्ष्यभुग्जपन्नित्यं त्रिभिर्वर्षैर्व्यपोहति ।
पितृव्यदारगमने भ्रातृभार्य्यागमे तथा ।५२।
चाण्डाली पुक्कसीं वापि स्नुषां च भगिनीं सखीम् ।
मातुः पितुः स्वसारं च निक्षिप्तां शरणागताम् ।५३।
मातुलानी स्वसारं च स्वगोत्रामन्यमिच्छतीम् ।
शिष्यभार्य्यां गुरोर्भार्य्यां गत्वा चान्द्रायणं चरेत् ।५४।

स्त्री एवं शूद्रको जुठो वा अभक्ष्य मांस भक्षण गरेको भए सात दिन केवल दुध मात्रै खाएर बस्नुपर्छ । ब्रह्मचारी, संन्यासी अथवा व्रतमा बसेका जुन द्विजले मधु, मांस या जन्म वा मरण अशौचको अन्न खाएका हुन्छन् उनले प्राजापत्य कृच्छ्र गर्नुपर्दछ। अन्यायपूर्वक अर्काको धनमा दखल गर्नुलाई चोरी भन्दछन् । सुन चोर्नेलाई राजाले मुसलले हिर्काएर मार्दा त्यो शुद्ध हुन्छ ।२१–४०।

सुनको चोरी गर्ने, सुरापान गर्ने, ब्रह्मघाती र गुरुपत्नीगामीले बाह्र वर्षसम्म भुइँमा सुतेर जटा धारण गर्नुपर्छ । उसले एक छाक केवल पत्ता र फलमूलको भोजन गर्नाले शुद्ध हुन्छ । चोरी अथवा सुरापान गरेर एक वर्षसम्म प्राजापत्य व्रत गर्नुपर्दछ। मणि, मोती, मुगा, ताँबा, चाँदी, फलाम, काँस र ढुङ्गा चोरी गर्नेले बाह्र दिन चामलका कनिका खाएर बस्नुपर्छ। मानिस, स्त्री, जमिन, घर, बगैँचा, इनार र तलाउ आदि खोस्ने काम गरेको छ भने चान्द्रायण व्रतले शुद्ध हुन्छ भन्ने मानिएको छ । खाने वा खुवाइने वस्तु, सवारी, शय्या, आसन, पुष्प, मूल वा फल चोरी गर्ने व्यक्तिले पञ्चगव्य खाएर शुद्ध हुन्छ। भारपात, काठ, रुख, सुख्खा अन्न, गुड, वस्त्र, चर्म या मांस चोर्ने व्यक्तिले तीन दिन निराहार रहनुपर्छ। सौतेनी आमा, दिदीबहिनी, गुरुपत्नी र आफ्नै पुत्रीसँग समागम गर्नेलाई गुरुपत्नीगामी मानिएको छ। गुरुपत्नीगमन गर्‍यो भने पापको घोषणा गरेर पोलिइरहेको फलामको ओछ्यानमा त्यस्तै रातो भएकी आइमाईको फलामे मूर्तिलाई अँगालो हाली प्राणत्याग गर्दा त्यसको शुद्धि हुन्छ। अथवा गुरुपत्नीगामीले तीन महिनासम्म चान्द्रायण व्रत गर्नुपर्छ। पतित स्त्रीहरूका लागि पनि यसै प्रायश्चित्तको विधान गर्नुपर्छ। परस्त्रीगमन गर्दा पुरुषलाई जुन प्रायश्चित्त बताइएको छ तिनलाई पनि त्यही गराउनुपर्छ। कुमारी कन्या, चाण्डाली, पुत्री र आफ्नै सपिण्ड तथा पुत्रकी पत्नीमा वीर्यसेचन गर्नेले प्राणत्याग गर्नुपर्दछ। द्विजले एक रात शूद्राको सेवन गर्दा जुन पाप सञ्चित गर्दछ त्यो पाप तीन वर्षसम्म नित्य गायत्री जप र भिक्षाको अन्न भोजन गर्नाले नष्ट हुन्छ । काकी, भाउजू, चाण्डाली, पुक्कसी, पुत्रवधू, बहिनी, साथी, सानीमा, फुपू, शरणमा राखिएकी, सुरक्षाका लागि लिइएकी, माइजू, सगोत्री दिदी–बहिनी, अर्कालाई मन पराउने आइमाई, शिष्यकी पत्नी अथवा गुरुपत्नीसित गमन गरेको छ भने चान्द्रायण व्रत गर्नुपर्दछ।४१–५४।

१७४. चतुःसप्तत्यधिकशततमोऽध्यायः

भिन्न प्रायश्चित्त

अग्निरुवाच

देवाश्रमार्च्चनादीनां प्रायश्चित्तं तु लोपकः ।
पूजालोपे चाष्टशतं जपेद् द्विगुणपूजनम् ।१।
पञ्चोपनिषदैर्मन्त्रैर्हुत्वा ब्राह्मणभोजनम् ।
सूतिकान्त्यजकोदक्या स्पृष्टे देवे शतं जपेत् ।२।
पञ्चोपनिषदैः पूजां द्विगुणं स्नानमेव च ।
विप्रभोज्यं होमलोपे होमस्नानं तथार्च्चनम् ।३।
होमद्रव्ये मूषिकाद्यैर्भक्षिते कीटसंयुते ।
तावन्मात्रं परित्यज्य प्रोक्ष्य देवादि पूजयेत् ।४।
अङ्कुरार्पणमात्रं तु छिन्नं भिन्नं परित्यजेत् ।
अस्पृश्यैश्चैव संस्पृष्टे ह्यन्यपात्रे तदर्पणम् ।५।
देवमानुषविघ्नघ्नं पूजाकाले तथैव च ।
मन्त्रद्रव्यादिव्यत्यासे मूलं जप्त्वा पुनर्जपेत् ।६।
कुम्भे नष्टे शतजपो देवे तु पतिते करात् ।
भिन्ने नष्टे चोपवासः शतहोमाच्छुभं भवेत् ।७।
कृते पापेनुतापो वै यस्य पुंसः प्रजायते ।
प्रायश्चित्तं तु तस्यैकं हरिसंस्मरणं परम् ।८।
चान्द्रायणं पराको वा प्राजापत्यमघौघनुत् ।
सूर्येश शक्तिश्रीशादिमन्त्रजप्यमघौघनुत् ।९।
गायत्रीप्रणवस्तोत्रमन्त्रजप्यमघान्तकम् ।
काद्यैराबीजसंयुक्तैराद्यराद्यैस्तदन्तकैः ।१०।
सूर्यशशक्तिश्रीशादिमन्त्राः कोट्यधिकाः पृथक् ।
ओंह्रीमाद्यचतुर्थ्यन्ता नमोन्ताः सर्वकामदाः ।११।
नृसिंहद्वादशाष्टार्णमालामन्त्राद्यघौघनुत् ।
आग्नेयस्य पुराणस्य पठनं श्रवणादिकम् ।१२।
द्विविद्यारूपको विष्णुरग्निरूपस्तु गीयते ।
परमात्मा देवमुखं सर्ववेदेषु गीयते ।१३।
प्रवृत्तौ तु निवृत्तौ तु इज्यते भुक्तिमुक्तिदः ।
अग्निरूपस्य विष्णोर्हि हवनं ध्यानमर्च्चनम् ।१४।
जप्यं स्तुतिश्च प्रणतिः शारीरस्थाद्यघौघनुत् ।

अग्निदेव भन्दछन्– देवमन्दिरको पूजन आदिको लोप गयो भने प्रायश्चित्त गर्नुपर्दछ। पूजाको लोप गर्दाखेरि एक सय आठ पटक जप गर्नु पर्दछ र दोब्बर पूजाको व्यवस्था गरी पञ्चोपनिषद् मन्त्रले हवन गरी ब्राह्मण भोजन गराउनुपर्दछ। सूतिका स्त्री, अन्त्यज अथवा रजस्वलाले देवमूर्तिलाई छोए भने सयपटक गायत्री जप गर्नुपर्दछ। दोब्बर स्नान गरेर पञ्चोपनिषद् मन्त्रले पूजन एवं ब्राह्मण भोजन गराउनुपर्दछ। होमको नियम भङ्ग भयो भनेदेखि होम, स्नान र पूजन गर्नुपर्दछ। होम द्रव्य मुसाले खायो वा किरा आदि परे भने त्यही भाग जति छोडेर शेष द्रव्यलाई पन धोईपखाली सफा गरेर देवताको पूजा गर्नुपर्दछ। अङ्कुर मात्र नै अर्पण गरे पनि छिन्नभिन्न भएका द्रव्यलाई छोडेर गर्नुपर्दछ। नछुनु पर्ने मानिसले छोएको छ भने त्यो पूजाको द्रव्य अर्को द्रव्य पात्रमा खनाउनुपर्दछ। पूजाका समयमा मन्त्र वा द्रव्य नै पनि अशुद्ध वा त्रुटिपूर्ण भयो भने दैव र मानिसका विघ्नहरूलाई निवारण गर्ने गणपतिको बीजमन्त्र जप गर्नुपर्दछ र फेरि पूजन गर्नु पर्दछ। देवमन्दिरको कलश नष्ट भयो भनेदेखि सयपटक मन्त्र जप गर्नुपर्दछ। हातबाट देवमूर्ति खस्यो र नष्ट भयो भने उपवाससहित अग्निमा एक सयपटक आहुति दिनाले शुद्ध हुन्छ। पाप गरेपछि जुन मानिसका मनमा पश्चाताप हुन्छ उसका लागि त श्रीहरिको स्मरण नै परम प्रायश्चित्त हो। चान्द्रायण पराक एवं प्राजापत्य व्रतले पाप समूहकै विनाश गर्दछन्। सूर्य शिव, शक्ति र विष्णुका मन्त्रको जपले पनि पापको शमन गर्दछन्। गायत्री, प्रणव, पापनाशनस्तोत्र एवं मन्त्रहरूको जपले पापलाई अन्त्य गराउँदछन्। सूर्य, शिव, शक्ति विष्णुका कबाट सुरु हुने, रा बीजले युक्त भएका, रा नै सुरुमा र रा नै अन्त्यमा भएका मन्त्रहरू करोडौं गुणा फल दिन सक्ने हुन्छन्। ती भन्दा बाहेक ओं क्लींबाट सुरु हुने चतुर्थी विभक्ति लागेका र अन्त्यमा नमः जोडिएका मन्त्रहरू सबै कामना सिद्ध गराउने हुन्छन्। नृसिहं भगवान्को द्वादशाक्षरी एवं अष्टाक्षरी मन्त्रका जपले पापसमूहको विनाश गर्दछन्। अग्निपुराणको पठन र श्रवण गर्नाले पनि समस्त पापहरूबाट मानिसले छुटकारा पाउँछ। यसै पुराणमा अग्निदेवताको माहात्म्य पनि वर्णन गरिएको छ। परमात्मा श्रीविष्णु नै मुखरूपी अग्निदेवता हुन् र सम्पूर्ण वेदमा तिनकै गायन गरिएको छ। भोग र मोक्ष प्रदान गर्ने उनै परमेश्वरलाई प्रवृत्ति र निवृत्ति मार्गद्वारा पनि पूजन गरिन्छ। अग्निका रूपमा रहेका विष्णुका उद्देश्यले हवन

दशस्वर्णानि दानानि धान्यद्वादशमेव च ।१५।
तुलापुरुषमुख्यानि महादानानि षोडश ।
अन्नदानानि मुख्यानि सर्वाण्यघहराणि हि ।१६।
तिथिवारर्क्षसङ्क्रान्तियोगमन्वादिकालके ।
व्रतादिसूर्येशशक्तिश्रीशादेरघघातनम् ।१७।
गङ्गा गया प्रयागश्च काश्ययोध्या ह्वन्तिका ।
कुरुक्षेत्रं पुष्करं च नैमिषं पुरुषोत्तमः ।१८।
शालग्रामप्रभासाद्यं तीर्थं चाघौघघातकम् ।
अहं ब्रह्म परं ज्योतिरिति ध्यानमघौघनुत् ।१९।
पुराणं ब्रह्म चाग्नेयं ब्रह्माविष्णुर्महेश्वरः ।
अवताराः सर्वपूजाः प्रतिष्ठाप्रतिमादिकम् ।२०।
ज्योतिःशास्त्रपुराणानि स्मृतयस्तु तपोव्रतम् ।
अर्थशास्त्रं र सर्गाद्या आयुर्वेदो धनुर्मतिः ।२१।
शिक्षा छन्दो व्याकरणं निरुक्तं चाभिधानक् ।
कल्पो न्यायश्च मीमांसा ह्यन्यत्सर्वं हरिः प्रभुः ।२२।
एको द्वयोर्यतो यस्मिन्यः सर्वामिति वेद यः ।
तं दृष्ट्वान्यस्य पापानि विनश्यन्ति हरिश्च सः ।२३।
विद्याष्टादशरूपश्च सूक्ष्मः स्थूलोपरो हरिः ।
ज्योतिः सदक्षरं ब्रह्म परं विष्णुश्च निर्मलः ।२४।

जप, ध्यान, पूजन, स्तवन एवं नमस्कारले शरीरसम्बन्धी सबै पापहरूलाई विध्वंस गराउँछन् । दस किसिमको स्वर्णदान, बाह्र किसिमको धान्यदान, तुलापुरुष आदि सोह्र किसिमका महादान एवं सर्वश्रेष्ठ अन्नदान यी सबैले सबै खालका महापापहरूलाई अपहरण गर्छन् । तिथि, वार, नक्षत्र, सङ्क्रान्ति, योग, मन्वन्तरारम्भ आदिका समयमा सूर्य, शिव, शक्ति एवं विष्णुका उद्देश्यले गरिने व्रत आदिले पापलाई शमन गर्दछन् । गङ्गा, गया, प्रयाग, अयोध्या, उज्जैन, कुरुक्षेत्र, पुष्कर, नैमिषारण्य, पुरुषोत्तमक्षेत्र, शालग्राम, प्रभासक्षेत्र आदि तीर्थले पापसमूहलाई विनाश पारिदिन्छन् । म नै परमप्रकाशस्वरूप बल हुँ भन्ने खालको धारणाले पनि पापहरूको विनाश गराउँछ। ब्रह्मपुराण, अग्निपुराण, ब्रह्मा, विष्णु, महेश, भगवान्‌का अवतार, समस्त देवताहरूका प्रतिमाको प्रतिष्ठा एवं पूजा, ज्यौतिष, स्मृतिहरू, जप, व्रत, अर्थशास्त्र, सृष्टिको आदितत्त्व, आयुर्वेद, धनुर्वेद, शिक्षा, छन्दशास्त्र, व्याकरण, निरुक्त, कोष, कल्प, न्याय, मीमांसाशास्त्र एवं सबै कुराहरू नै पनि भगवान् श्रीविष्णुका विभूतिहरू हुन् । तिनै हरि एक भईकन पनि सगुण निर्गुण दुई रूपमा विभक्त एवं सम्पूर्ण संसारमा व्यापक भई विद्यमान छन् । जसले यस खालको कुरो जान्दछन् उनी श्रीहरिस्वरूपमै हुन् र ती महापुरुषको दर्शन गर्नाले अरूकै पाप पनि विनष्ट हुन्छन् । भगवान् श्रीहरि नै अष्टादश विद्यास्वरूप, सूक्ष्म, स्थूल, सच्चित्स्वरूप, अविनाशी परब्रह्म एवं निष्पाप विष्णु हुन् ।१-२४।

१७५. पञ्चसप्तत्यधिकशततमोऽध्यायः

व्रतपरिभाषा

अग्निरुवाच
तिथिवारर्क्षदिवसमासर्त्त्वब्दार्क्कसङ्क्रमे ।
नृस्त्रीव्रतादि वक्षामि वसिष्ठ शृणु तत्क्रमात् ।१।
शास्त्रोदितो हि नियमो व्रतं तच्च तपो मतम् ।
नियमास्तु विशेषास्तु व्रतस्यैव दमादयः ।२।
व्रतं हि कर्तृसन्तापात्तप इत्यभिधीयते ।
इन्द्रियग्राम नियमो नियमश्चाभिधीयते ।३।
अनग्नयस्तु ये विप्रास्तेषां श्रेयोभिधीयते ।
व्रतोपवासनियमैर्नानादानैस्तथा द्विजः ।४।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म तिथि, वार, नक्षत्र, दिवस, मास, ऋतु, वर्ष तथा सूर्यसङ्क्रान्तिका अवसरमा गरिने स्त्रीपुरुषसम्बन्धी व्रत आदिको वर्णन क्रमशः गर्दछु, ध्यान दिएर सुन । शास्त्रोक्त नियमलाई नै व्रत भनिन्छ र त्यही नै तप मानिन्छ । इन्द्रियसंयमलाई दम भन्दछन् र मनको नियन्त्रणलाई शम भन्दछन्; यी पनि व्रत कै अङ्ग हुन् । व्रत गर्ने पुरुषले शारीरिक सन्ताप सहन गर्नुपर्दछ त्यसैले यस व्रतलाई तप भन्ने नाम दिइएको हो । त्यसै गरी यस व्रतमा इन्द्रियसमुदायलाई नियमन वा संयम गर्नुपर्ने भएकाले नै त्यसलाई नियम पनि भन्दछन् । ब्राह्मण अथवा अन्य द्विज जो अग्निहोत्री होइनन् उनीहरूका लागि व्रत, उपवास, नियम तथा अन्य नाना प्रकारका दानहरूले कल्याणको प्राप्ति हुनेकुरो

ते स्युर्द्देवादयः प्रीता भुक्तिमुक्तिप्रदायकाः ।
उपावृत्तस्य पापेभ्यो यस्तु वासो गुणैः सह ।५।
उपवासः स विज्ञेयः सर्वभोगविवर्जितः ।
कांस्यं मांसं मसूरं च चणकं कोरदूषणम् ।६।
शाकं मधु परान्नं च त्यजेदुपवसन्स्त्रियम् ।
पुष्पालङ्कारवस्त्राणि धूपगन्धानुलेपनम् ।७।
उपवासे न शस्यन्ति दन्तधावनमञ्जनम् ।
दन्तकाष्ठं पञ्चगव्यं कृत्वा प्रातर्व्रतं चरेत् ।८।
असकृज्जलपानाच्च ताम्बूलस्य च भक्षणात् ।
उपवासः प्रदुष्येत दिवास्वप्नाच्च मैथुनात् ।९।
क्षमा सत्यं दया दानं शौचमिन्द्रियनिग्रहः ।
देवपूजाग्निहरणं सन्तोषोऽस्तेयमेव च ।१०।
सर्वव्रतेष्वयं धर्मः सामान्यो दशधा स्मृतः ।
पवित्राणि जपेच्चैव जुहुयाच्चैव शक्तितः ।११।
नित्यस्नायी मिताहारी गुरुदेवद्विजार्च्चकः ।
क्षारं क्षौद्रं च लवणं मधु मांसानि वर्जयेत् ।१२।
तिलमुद्गादृते शस्यं सस्ये गोधूमकोद्रवौ ।
चीनकं देवधान्यं च शमीधान्यं तथैक्षवम् ।१३।
शितधान्यं तथा पण्यं मूलं क्षारगणः स्मृतः ।
व्रीहिषष्टिकमुद्गाश्च कलायाः सतिला यवाः ।१४।
श्यामाकाश्चैव नीवारा गोधूमाद्या व्रतेहिताः ।
कूष्माण्डालाबुवार्त्ताकून्पालङ्कीं पूतिकां त्यजेत् ।१५।
चरुभैक्ष्यं सक्तुकणाः शाकं दधि घृतं पयः ।
श्यामाकशालिनीवारा यवकं मूलतण्डुलम् ।१६।
हविष्यं व्रतनक्तादावग्निकार्यादिके हितम् ।
मधुं मांसं विहायान्यद् व्रते वा हितमीरितम् ।१७।
त्र्यहं प्रातस्त्र्यहं सायं त्र्यहमाद्यादयाचितम् ।
त्र्यहं परं च नाश्नीयात्प्राजापत्यं चरन्द्विजः ।१८।
एकैकं ग्रासमश्नीयात्त्र्यहाणि त्रीणि पूर्ववत् ।

बताइएको छ । उक्त व्रत-उपवास आदिलाई पालन गर्नाले देवता एवं भगवान् प्रसन्न भई भोग तथा मोक्ष प्रदान गर्दछन् । पापबाट निवृत्त भएर सबै खालका भोगहरूलाई त्याग गरेर सद्गुणयुक्त भई जुन वास गरिन्छ त्यसैलाई उपवास भन्ने बुझ्नुपर्दछ । उपवास गर्ने पुरुषले काँसका भाँडा, मांस, मुसुरो, चना, कोदो, साग, मधु, पराई अन्न र स्त्रीसम्भोग त्याग गर्नुपर्दछ। उपवास समयमा फूल, अलङ्कार, सुन्दर वस्त्र, धुप, सुगन्ध, अङ्गराग, दन्तमञ्जन र दतिवन आदि सबै वस्तुहरूको सेवन गुर्न राम्रो मानिँदैन । बिहानीपख पानीले मुख धोएर कुल्ला गरेपछि पञ्चगव्य लिएर व्रत आरम्भ गर्नुपर्दछ। अनेकौँ पटक पानी खाने, पान खाने, दिउँसो सुत्ने र मैथुन गर्ने गर्दा व्रत दूषित हुन्छ। क्षमा, सत्य, दया, दान, शौच, इन्द्रिय संयम, देवपूजा, अग्निहोत्र, सन्तोष तथा चोरीको भाव नलिनु यी दस नियम सामान्यतया सबै व्रतमा आवश्यक मानिएका छन् । व्रतमा पवित्र ऋचाहरूको जप गर्नुपर्छ र आफ्नो शक्तिअनुसार हवन गर्नुपर्दछ। व्रत गर्ने पुरुषले प्रतिदिन स्नान तथा सीमित-नियमित भोजन खाने गर्नुपर्दछ । गुरु, देवता र ब्राह्मणको पूजा गर्नुपर्दछ। क्षार, मह, नुन, मदिरा र मांस त्याग्नु पर्दछ। तिल, मुगी आदिका अतिरिक्त धान्य पनि वर्जित छ। धान्य वा अन्नमा - मास, कोदो, चीना, देवधान्य, शमीधान्य, गुड, शितधान्य, पय तथा मुला यति क्षारगण मानिएका छन् । व्रतमा यिनीहरूलाई त्याग्नु पर्दछ । धान, साठीको चामल, मुगी, केराउ, तिल, जौ, सामा, तिन्नीको चामल र गहुँ आदि अन्न व्रतमा उपयोगी हुन्छन्। कुभिन्डो, लौको, भ्यान्टा, पालक र पूतिकालाई त्याग्नुपर्छ। चरु, भिक्षामा प्राप्त भएको अन्न, सत्तुका दाना, साग, दही, घिउ, दुध, सामा, संसिरे धानको चामल, तिन्नीको चामल, जौको हलुवा र मूल तण्डुल यी हविष्य हुन् भन्ने मानिएको छ। यिनलाई व्रतमा, नक्त व्रतमा र अग्निहोत्रमा पनि उपयोगी हुन्छन् भन्ने बताइएको छ । अथवा मांस, मदिरा आदि अपवित्र वस्तुहरूलाई छोडेर अरू सबै उत्तम वस्तुहरू नै व्रतमा हितकारी हुन्छन्। प्राजापत्यव्रत अनुष्ठान गर्ने द्विजले तीन दिन केवल प्रातःकाल र तीन दिन केवल सन्ध्याकालमा मात्रै भोजन गर्नुपर्दछ । त्यसपछिका तीन दिन नमागीकनै जेजस्तो पाइन्छ केवल त्यही नै दिनमा एकपटक भोजन गर्नुपर्दछ र त्यसपछि तीन दिनसम्म उपवास नै बस्नुपर्दछ। यसै गरी अतिकृच्छ्र व्रत अनुष्ठान गर्ने द्विजले पहिलेकै जस्तो तीन दिन बिहान, तीन दिन बेलुका र तीन दिन नमागी पाइएको अन्न एक एक गाँस भोजन गर्नु पर्छ र अन्तिम दिनमा उपवास बस्नुपर्छ। गोमूत्र, गोबर, दुध, दही, घिउ र कुशको जल यति सबै कुरा मिसाएर पहिलो दिन पिउने र

त्र्यहं चोपवसेदन्त्यमतिकृच्छ्रं चरन्द्विजः ।१९।
गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् ।
एकरात्रोपवासश्च कृच्छ्रं सान्तपनं स्मृतम् ।२०।
पृथक्सान्तपनद्रव्यैः षडहः सोपवासकः ।
सप्ताहेन तु कृच्छ्रोयं महासान्तापनोघहा ।२१।
द्वादशाहोपवासेन पराकः सर्वपापहा ।
महापराकस्त्रिगुणस्त्वयमेव प्रकीर्त्तितः ।२२।
पौर्णमास्यां पञ्चदशग्रास्यमावास्यभोजनः ।
एकापाये ततो वृद्धौ चान्द्रायणमतोन्यथा ।२३।
कपिलागोः पलं मूत्रमर्द्धाङ्गुष्ठं च गोमयम् ।
क्षीरं सप्तपलं दद्याद्दध्नश्चैव पलद्वयम् ।२४।
घृतमेकपलं दद्यात्पलमेकं कुशोदकम् ।
गायत्र्या गृह्य गोमूत्रं गन्धद्वारेति गोमयम् ।२५।
आप्यायस्वेति च क्षीरं दधिक्राव्णेति वै दधि ।
तेजोऽसीति तथा चाज्यं देवस्येति कुशोदकम् ।२६।
ब्रह्मकूर्च्चो भवत्येवमापोहिष्ठेत्यृचं जपेत् ।
अघमर्षण सूक्तेन संयोज्य प्रणवेन वा ।२७।
पीत्वा सर्वाघनिर्मुक्तो विष्णुलोकी ह्युपोषितः ।
उपवासी सायम्भोजी यतिः षष्ठात्मकालवान् ।२८।
मांसवर्जी चाश्वमेधी सत्यवादी दिवं व्रजेत् ।
अग्न्याधेयं प्रतिष्ठा च यज्ञदानव्रतानि च ।२९।
देवव्रतवृषोत्सर्गचूडाकरणमेखलाः ।
माङ्गल्यमभिषेकं च मलमासे विवर्जयेत् ।३०।
दर्शाद्दर्शस्तु चान्द्रः स्यात्त्रिंशाहश्चैव सावनः ।
मासः सौरस्तु सङ्क्रान्तेर्नाक्षत्रो भविवर्त्तनात् ।३१।
सौरो मासो विवाहादौ यज्ञादौ सावनः स्मृतः ।
आब्दिके पितृकार्ये च चान्द्रो मासः प्रशस्यते ।३२।
आषाढीमवधिं कृत्वा यः स्यात्पक्षस्तु पञ्चमः ।
कुर्याच्छ्राद्धं तत्र रविः कन्यां गच्छतु वा न वा ।३३।

त्यसपछि दोस्रो दिन उपवास नै बस्ने गरेको यो सान्तपनकृच्छ्र नामको व्रत हो । उपर्युक्त द्रव्यहरूलाई छुट्टाट्टै एकएक दिनका क्रमले छ दिनसम्म सेवन गरेर साँतौं दिन उपवास गरियो भने यो प्रकारको एक हप्ते व्रत नै महासान्तपनकृच्छ्र हो भनिन्छ र यसले सबै पापहरू नाश गर्दछ ।१-२१।

लगातार बाह्र दिनको उपवासबाट सम्पन्न हुने व्रतलाई पराक भन्दछन् । यसले सबै पापहरू नाश गर्दछ । यसको तीन गुना अर्थात् छत्तीस दिनसम्म उपवास गर्दा त्यही व्रत नै महापराक व्रत भनिन्छ । पूर्णिमाका दिन पन्ध्र गाँस खाएर त्यसपछि प्रत्येक दिन एक गाँसका दरले घटाउदै औँसीका दिन निराहार बस्नु र प्रतिपदाका दिन एक गाँस खाई एक गाँसका दरले प्रत्येक दिन बढाउँदै लैजानु यस किसिमका व्रतलाई नै चान्द्रायण भन्दछन् । यसलाई यसैको विपरीत क्रमबाट पनि गरिन्छ । एक पल कैली गाईको मूत्र, आधा बुढी औँलोजति गोबर, सातपल दुध, दुई पल दही, एक पल घिउ र कुशको पानी एक पल एकै ठाउँमा मिसाउने । ती सबैलाई मिसाउने बेलामा गायत्री मन्त्रले गोमूत्र खन्याउनुपर्छ। गन्धद्वारा दुराधर्षां. भन्ने श्री सूक्त मन्त्रले गोबर हाल्नुपर्छ । आप्यायस्व. भन्ने मन्त्रले दुध खन्याउनुपर्छ । दधि क्राव्णो मन्त्रले दही खन्याउनुपर्छ। तेजोऽसि शुक्रमस्यमृतमसि मन्त्रले घिउ हाल्नुपर्छ र देवस्य. (यजु. २०।३) मन्त्रले कुशको पानी मिस्नु पर्दछ । यस किसिमले बनेको चिज जे हो त्यसैलाई ब्रह्म कूर्च भन्दछन् । ब्रह्मकूर्च तयार भएपछि दिनभरि भोकै बसेर साँझपख अघमर्षण मन्त्र अथवा प्रणका साथमा आपो हि ष्ठाः ऋचा जप गरेर त्यसलाई पिउनुपर्छ। यसो गर्नेहरू सबै पापबाट मुक्त भएर विष्णुलोकमा जान्छन् । दिनभरि उपवास गरेर बेलुका भोजन गर्ने, दिनका आठ भागमध्ये केवल छैटौं भागमा आहार ग्रहण गर्ने संन्यासी, मांस त्याग्ने, अश्वमेधयज्ञ गर्ने र सत्यवादी पुरुष स्वर्गलोक जान्छन् । अग्न्याधान, प्रतिष्ठा, यज्ञ, दान, व्रत, देवव्रत, वृषोत्सर्ग, चूडाकरण, मेखलाबन्ध, विवाह आदि माङ्गलिक कार्य र अभिषेक यस्ता सबै कार्यहरू मलमासमा गर्नु हुँदैन। औँसीदेखि औँसीसम्मको एक महिना चान्द्रमास हो भनिन्छ । तीस दिनका महिनालाई सावनमास भनिन्छ । सङ्क्रान्तिदेखि सङ्क्रान्तिसम्मका समयलाई सौरमास भन्दछन् र क्रमशः सम्पूर्ण नक्षत्रहरूको परिवर्तन काललाई नाक्षत्रमास भन्दछन् । विवाह आदिमा सौरमास, यज्ञमा सावनमास, वार्षिक श्राद्ध आदि पितृकार्यमा चान्द्रमास उत्तम हुन्छ भन्ने मानिएको छ। आषाढ पूर्णिमापछि जुन पाँचौं पक्ष आउँछ त्यसमा पितृको श्राद्ध अवश्य गर्नुपर्दछ।

मासि संवत्सरे चैव तिथिद्वैधं यदा भवेत् ।
तत्रोत्तरोत्तमा ज्ञेया पूर्वा तु स्यान्मलिम्लुचा ।३४।
उपौषितव्यं नक्षत्रं येनास्तं याति भास्करः ।
दिवा पुण्यास्तु तिथयो रात्रौ नक्तव्रते शुभाः ।३५।
युग्माग्नियुगभूतानि षण्मुन्योर्वसुरन्ध्रयोः ।
रुद्रेण द्वादशी युक्ता चतुर्द्दश्या च पूर्णिमा ।३६।
प्रतिपदात्वमावास्या तिथ्योर्युग्मं महाफलम् ।
एतद् व्यस्तं महाघोरं हन्ति पुण्यं पुराकृतम् ।३७।
नरेन्द्रमन्त्रिव्रतिनां विवाहोपद्रवादिषु ।
सद्यः शौचं समाख्यातं कान्तारापदि संसदि ।३८।
आरब्धदीर्घतपसां न राजा व्रतहा स्त्रियाः ।
गर्भिणी सूतिका नक्तं कुमारी च रजस्वला ।३९।
यदाऽशुद्धा तदान्येन कारयेत क्रियाः सदा ।
क्रोधात्प्रमादाल्लोभाद्वा व्रतभङ्गो भवेद्यदि ।४०।
दिनत्रयं न भुञ्जीत मुण्डनं शिरसोऽथवा ।
असामर्थ्ये व्रतकृतौ पत्नीं वा कारयेत्सुतम् ।४१।
सूतके मृतके कार्ये प्रारब्धं पूजनोज्झितम् ।
व्रतस्थं मूर्च्छितं दुग्धपानाद्यैरुपद्धरेद् गुरुः ।४२।
अष्टौ तान्यव्रतघ्नाति आपोमूलं फलं पयः ।
हविर्ब्राह्मणकाम्या च गुरोर्वचनमौषधम् ।४३।
कीर्त्तिसन्ततिविद्यादिसौभाग्यारोग्यवृद्धये ।
नैर्मल्यभुक्तिमुक्त्यर्थं कुर्वे व्रतपते व्रतम् ।४४।
इदं व्रतं मया श्रेष्ठं गृहीतं पुरतस्तव ।
निर्विघ्नां सिद्धिमायातु त्वत्प्रसादाज्जगत्पते ।४५।
गृहीतेऽस्मिन्व्रतवरे यद्यपूर्णे म्रिये ह्यहम् ।
तत्सर्वं पूर्णमेवास्तु प्रसन्ने त्वयि सत्पतौ ।४६।
व्रतमूर्तिं जगद्भूतिं मण्डले सर्वसिद्धये ।
आवाहये नमस्तुभ्यं सन्निधौ भव केशव ।४७।
मनसा कल्पितैर्भक्त्या पञ्चगव्यैर्जलैः शुभैः ।

त्यसबेलामा श्राद्ध गर्नका लागि सूर्य कन्या राशिमा गएको छ कि छैन भनी हेर्नु आवश्यक छैन। मासिक वा वार्षिक व्रतमा यदि कुनै तिथि दुई दिनको भइदियो भनेदेखि पछिल्लो दिनको तिथि नै उत्तम हुन्छ र पहिलोलाई मलिन मान्नुपर्दछ। नक्षत्र व्रत गर्दा त्यसै नक्षत्रको उपवास गर्नुपर्छ, जसमा सूर्य अस्त हुन्छ। दिनव्रतमा दिनव्यापी र रात्रिव्रतमा रात्रिव्यापी तिथिलाई पवित्र र शुभ मान्नुपर्दछ। द्वितीयासित तृतीया, चतुर्थीसित पञ्चमी, षष्ठीसित सप्तमी, अष्टमीसित नवमी, एकादशीसित द्वादशी, चतुर्थीसित पूर्णिमा र औँसीसित प्रतिपदालाई गाँस्नु उत्तम हुन्छ। षष्ठी सप्तमीहरूको पनि यस्तै कुरो बुझ्नुपर्दछ। यस्ता तिथिहरूको मेल महान् फल प्रदायक हुन्छ। त्यसको विपरीत अर्थात् प्रतिपदासित द्वितीया, तृतीयासित चतुर्थी आदिको जोडा मिलाउने जुन भाव हुन्छ त्यो अत्यन्त भयानक हुन्छ। त्यसले पहिले गरिएका सबै पुण्यहरूलाई नै नष्ट गराइदिन्छ। राजा, मन्त्री र व्रतधारी पुरुषका लागि विवाह, उपद्रव, दुर्गम स्थान, सङ्कटको समय र युद्धका अवसरमा तत्काल शुद्धि, हुन्छ भन्ने बताइएको छ। जसले धेरै लामो समयपछि समाप्त हुने व्रत धारण गरेको छ, त्यस्ती स्त्री यदि बीचैमा रजस्वला भई भने त्यो रज उसको व्रतको वाधक हुँदैन। गर्भवती स्त्री, सुत्केरी स्त्री अथवा रजस्वला कन्याले अशुद्ध भएका कारण व्रतका गर्नुपर्ने काम गर्न भएन वा सकेनन् भने ती शुभ कार्य अरूबाटै सम्पादन गराउनुपर्छ। यदि रिसले, अल्छीले अथवा लोभले व्रत भङ्ग भयो भने तीन दिनसम्म भोजन गर्नुहुँदैन अथवा टाउको खौराउनुपर्छ। व्रत गर्नमा यदि असमर्थता छ भने त्यो व्रत पत्नी या पुत्रबाट गराउनुपर्छ। आरम्भ गरेका व्रतको पालन जन्म वा मृत्यु अशौचमा पनि गरिरहनुपर्छ। त्यस्तोमा केवल पूजाका कार्यहरू बन्द गर्नुपर्दछ। व्रती व्यक्ति यदि उपवासकै कारण मूर्छित भयो भने गुरुले दुध खुवाएर वा अरू कुनै उत्तम उपायले उसलाई होसमा ल्याउनुपर्छ। जल, फल, मूल, दुध, घिउ, ब्राह्मणको रहर पूरा गर्ने काम, गुरुको वचन र औषधि यी आठ कुरा व्रतका नाशक हुँदैनन्।२२-४३।

व्रत गर्ने मानिसले व्रतका स्वामीसित - हे व्रतपति ! कीर्ति, सन्तान, विद्या, सौभाग्य, आरोग्य, अभिवृद्धि, निर्मलता, भोग र मोक्षका लागि म व्रत अनुष्ठान गर्दछु भनी प्रार्थना गर्नुपर्छ। उसले यो श्रेष्ठ व्रत म तिम्रा समक्ष ग्रहण गरेको छु। हे जगत्पति ! तिम्रा प्रसन्नताले निर्विघ्नतापूर्वक सिद्धि प्राप्त होस्; हे सज्जनका रक्षक ! यो श्रेष्ठ व्रत ग्रहण गरिसकेपछि यदि यसलाई गर्न नपाईकन मेरो मृत्यु भएछ भने पनि तिमी प्रसन्न भएमा यो अवश्य पूर्ण हुनेछ भन्नुपर्छ। उसैगरी - हे केशव !

पञ्चामृतैः स्नापयामि त्वं मे च भव पापहा ।४८।
गन्धपुष्पोदकैर्युक्तमर्घ्यमर्घ्यपते शुभम् ।
गृहाण पाद्यमाचाममर्घ्यार्हं कुरु मां सदा ।४९।
वस्त्रं वस्त्रपते पुण्यं गृहाण कुरु मां सदा ।
भूषणाद्यैः सुवस्त्राद्यैश्छादितं व्रतसत्पते ।५०।
सुगन्धिगन्धं विमलं गन्धमूर्ते गृहाण वै ।
पापगन्धविहीनं मां कुरु त्वं हि सुगन्धिनम् ।५१।
पुष्पं गृहाण पुष्पादिपूर्णं मां कुरु सर्वदा ।
पुष्पगन्धं सुविमलं आयुरारोग्यवृद्धये ।५२।
दशाङ्गं गुग्गुलुघृतयुक्तं धूपं गृहाण वै ।
स धूपधूपितं मां त्वं कुरु धूपित सत्पते ।५३।
दीपमूर्ध्वशिखं दीप्तं गृहाणाखिलभासकम् ।
दीपमूर्ते प्रकाशाढ्यं सर्वदोद्ध्र्वगतिं कुरु ।५४।
अन्नादिकं च नैवेद्यं गृहाणान्नादि सत्पते ।
अन्नादि पूर्णं कुरु मामन्नदं सर्वदायकम् ।५५।
मन्त्रहीनं क्रियाहीनं भक्तिहीन मया प्रभो ।
यत्पूजितं व्रतपते परिपूर्णं तदस्तु मे ।५६।
धर्मं देहि धनं देहि सौभाग्यं गुणसन्ततिम् ।
कीर्त्तिं विद्यां देहि चायुः स्वर्गं मोक्षं च देहि मे ।५७।
इमां पूजां व्रतपते गृहीत्वा व्रज साम्प्रतम् ।
पुनरागमनायैव वरदानाय वै प्रभो ।५८।
स्नात्वा व्रतवता सर्वव्रतेषु व्रतमूर्तयः ।
पूज्याः सुवर्णजास्ता वै शक्त्या वै भूमिशायिना ।५९।
जपो होमश्च सामान्यं व्रतान्ते दानमेव च ।
चतुर्विंशाद्वादशा वा पञ्च वा त्रय एककः ।६०।
विप्राः प्रपूज्याः गुरवो भोज्याः शक्त्या तु दक्षिणा ।
देया गावः सुवर्णाद्याः पादुकोपानहौ पृथक् ।६१।
जलपात्रं चान्नपात्रमृत्तिकाच्छत्रमासनम् ।
शय्या वस्त्रयुगं कुम्भाः परिभाषेयमीरिता ।६२।

तिमी व्रतस्वरूप हौ ! तिमी नै संसारको उत्पत्तिका स्थान र जगत्लाई कल्याण प्रदान गर्ने हौ। म सम्पूर्ण मनोरथ सिद्धिका लागि तिमीलाई यस मण्डलमा आह्वान गर्दछु; तिमी मेरा समीपमा आऊ; मनले नै तयार गरेको पञ्चगव्य, पञ्चामृत र उत्तम जलले तिमीलाई म स्नान गराउँछु भन्नुपर्दछ । यसै गरी - मिती नै मेरो पापका नाशक हौ; हे अर्घ्यपति ! गन्ध, पुष्प र जलले युक्त उत्तम मध्य एवं पाद्य ग्रहण गर; आचमन गर र मलाई सधैँ सम्मानयोग्य बनाइदेऊ; हे वस्त्रपति ! हे व्रतका स्वामी ! यो पवित्र वस्त्र ग्रहण गर र मालई सधैँ सुन्दर वस्त्र एवं आभूषणले छोपिराख । हे गन्ध स्वरूप परमात्मा ! यो पवित्र, उत्तम सुगन्धले युक्त चन्दन लेऊ र मलाई पापका दुर्गन्धबाट रहित एवं सुगन्धले युक्त गराऊ भन्नुपर्छ। हे भगवान् ! यो पुष्प लेऊ र मलाई सधैँ फलफूल आदिले परिपूर्ण बनाऊ; यस फूलको निर्मल सुगन्धले आयु र आरोग्य वृद्धि गराओस्; हे सन्तहरूका स्वामी ! गुग्गुल र घिउ मिसाइएको यस दशाङ्ग धुपलाई स्वीकार गर; धुपले पूजित हे परमेश्वर ! मलाई तिमी उत्तम धुपका सुगन्धले युक्त गराऊ । हे दीपस्वरूप देवता ! सबैलाई प्रकाशित गराउने यस प्रकाशस्वरूप, शिखा मास्तिर उठिरहेको दीपलाई ग्रहण गर र मलाई पनि प्रकाशयुक्त एवं ऊर्ध्वगतिशील बनाऊ । अन्न आदि सबै वस्तुका हे अधीश्वर ! यही अन्न आदि नैवेद्य ग्रहण गर र मलाई अन्न आदि वैभवले सम्पन्न, अन्नदाता एवं सर्वस्वदान गर्न सक्ने बनाऊ । हे प्रभु ! हे व्रतद्वारा आराधना गरिने देवता ! मैले मन्त्र, विधि, भक्तिबिना नै तिमीलाई जेजस्तो पूजा गरेको छु त्यो तिम्रो कृपाले नै परिपूर्ण एवं सफल होस् । मलाई तिमी धर्म, धन, सौभाग्य, गुण, सन्तति, कीर्ति, विद्या, आयु, स्वर्ग र मोक्ष प्रदान गर । हे व्रतपति ! हे प्रभु ! अहिले मेरो पूजा ग्रहण गरेर अहिले तिमी मलाई फेरि वरदान दिनका लागि यहाँ आउन आफ्नो स्थानमा जाऊ । व्रतधारी पुरुषले जुनसुकै खालका व्रतमा स्नान गरेर व्रतसम्बन्धी देवताको स्वर्णमयी प्रतिमालाई यथाशक्ति पूजन गर्नु र राति भुइँमा सुत्नु उचित हुन्छ। व्रतका अन्त्यमा जप, होम र दान सामान्य कर्तव्य हुन् । त्यसका साथै आफ्नो शक्तिअनुसार चौबीस बाह्र, पाँच, तीन वा एक ब्राह्मणलाई र गुरुजनलाई पूजा गरेर तिनलाई भोग गराउनुपर्छ र शक्तिअनुसार तिनीहरू सबैलाई छुट्टाछुट्टै गाई, सुवर्ण, खराऊ, जुत्ता, जलपात्र, अन्नपात्र, माटो, छाता, आसन, शय्या, दुई वस्त्र र कलश आदि वस्तु दक्षिणामा दिनुपर्छ । यस्तै किसिमले यहाँ व्रतको परिभाषा बताइएको छ ।४४-६२।

१७६. षट्सप्तत्यधिकशततमोऽध्यायः

प्रतिपदव्रत

अग्निरुवाच

वक्ष्ये प्रतिपदादीनि व्रतान्यखिलदानि ते ।
कार्त्तिकाश्वयुजे चैत्रे प्रतिपद् ब्रह्मणस्तिथिः ।१।
पञ्चदश्यां निराहारः प्रतिपद्यर्च्चयेदजम् ।
ओं तत्सद् ब्रह्मणे नमो गायत्र्या वाब्दमेककम् ।२।
अक्षमालां स्रुवं दक्षे वामे स्रुचं कमण्डलुम् ।
लम्बकूर्चं च जटिलं हैमं ब्रह्माण मर्च्चयेत् ।३।
शक्त्या क्षीरं प्रददानु ब्रह्मा मे प्रीयतामिति ।
निर्मलो भोगभुक् स्वर्गे भूमौ विप्रो धनी भवेत् ।४।
धन्यं व्रतं प्रवक्ष्यामि ह्यधन्यो धन्यतां व्रजेत् ।
मार्गशीर्षे प्रतिपदि नक्तं हुत्वाप्युपोषितः ।५।
अग्नये नम इत्यग्निं प्राच्यार्ब्दं सर्वभाग्भवेत् ।
प्रतिपद्येकभक्ताशी समाप्ते कपिलाप्रदः ।
वैश्वानरपदं याति शिखिव्रतमिदं स्मृतम् ।६।

अग्निदेव भन्दछन्– अब म तिमीसित प्रतिपदा आदि तिथिहरूको व्रत बताउँछु, त्यसले सबै खालका मनोरथ प्रदान गर्दछ। कार्तिक, आश्विन र चैत्र महिनामा कृष्णपक्षका प्रतिपदा तिथिहरू ब्रह्माका तिथि हुन्। पूर्णिमाका दिन उपवास गरेर प्रतिपदामा ब्रह्माको पूजा गर्नुपर्दछ । पूजा गर्दा– ओं तत्सद्ब्रह्मणे नमः भन्ने, मन्त्रले अथवा गायत्री मन्त्रले गर्नुपर्दछ। यस्तो व्रत एक वर्षसम्म गर्नुपर्छ। ब्रह्माको सुवर्णमय मूर्तिको पूजा गर्नुपर्दछ । त्यसका दाहिने हातमा स्फटिकको माला र स्रुवा हुन्छ र बायाँ हातमा स्रुक् एवं कमण्डलु हुन्छ। त्यसका साथै लामा दाह्री र शिरमा जटा हुनुपर्छ । सकेअनुसार दुध चढाउनुपर्छ र मनमा ब्रह्मा ममाथि प्रसन्न होऊन् भन्ने उद्देश्य राख्नुपर्छ। यसो गर्ने मानिस निष्पाप भएर स्वर्गमा उत्तम फल भोग्दछ र पृथ्वीमा धनवान् ब्राह्मणका रूपमा जन्म लिन्छ। अब म धन्यव्रतको वर्णन गर्दछु । यसको अनुष्ठान गर्नाले अधन्य पनि धन्य हुन्छ । सबैभन्दा पहिले मंसिर महिनाको प्रतिपदामा उपवास गरेर रातमा अग्नये नमः भन्ने मन्त्रले होम र अग्निको पूजा गर्नुपर्छ । यसै किसिमले प्रत्येक महिनाको प्रतिपदा तिथिमा एक वर्षसम्म अग्निको आराधना गर्नाले मानिस बसै सुखको भागी बन्दछ। प्रत्येक प्रतिपदामा दिनको एक छाक भोजन गरिबस्नुपर्छ । वर्षदिनमा व्रतको समाप्ति हुँदा ब्राह्मणले कैलो गाई दान गर्नुपर्छ । यसो गर्ने मानिसले वैश्वानर पद प्राप्त गर्दछ। यसलाई शिखिव्रत भन्दछन् ।१-६।

१७७. सप्तसप्तत्यधिकशततमोऽध्यायः

द्वितीयाव्रत

अग्निरुवाच

द्वितीयाव्रतकं वक्ष्ये भुक्तिमुक्त्यादिदायकम् ।
पुष्पाहारी द्वितीयायामश्विनौ पूजयेत्सुरौ ।१।
अब्दं स्वरूपसौभाग्यं स्वर्गभाग् जायते व्रती ।
कार्त्तिके शुक्लपक्षस्य द्वितीयायां यमं यजेत् ।२।
अब्दमुपोषितः स्वर्गं गच्छेन्न नरकं व्रती ।

पुष्करले भन्दछन्– अब म द्वितीया व्रतका विषयमा भन्दछु र यसले भोग एवं मोक्ष प्रदान गर्दछ। प्रत्येक महिना द्वितीया तिथिमा फल खाएर रहनुपर्छ र दुई अश्विनी कुमार नामका देवताहरूलाई पूजा गर्नुपर्छ । एक वर्षसम्म यस प्रकारको व्रत गर्नाले सुन्दर स्वरूप र सौभाग्य प्राप्त हुन्छ साथै अन्त्यमा व्रती पुरुष स्वर्गलोकको भागी बन्दछ। कार्तिक शुक्लपक्षको द्वितीयामा यसको पूजा गर्नुपर्दछ। त्यसपछि एक वर्षसम्म प्रत्येक शुक्लपक्षका द्वितीयाहरूमा उपवाससहित व्रत राख्नुपर्छ। यसो गर्ने पूरुष स्वर्गमा जान्छ; नरकमा पर्दैन।

अशून्यशयनं वक्ष्ये ह्यवैधव्याधिदायकम् ।३।
कृष्णपक्षे द्वितीयायां श्रावणस्य चरेदिदम् ।
श्रीवत्सधारिन् श्रीकान्त श्रीधामन् श्रीपतेऽव्यय ।४।
गार्हस्थ्यं मा प्रणाशं मे यातु धर्म्मार्थका पदम् ।
अग्नयो मा प्रणश्यन्तु मा प्रणश्यन्तु देवताः ।५।
पितरो मा प्रणश्यन्तु मत्तो दाम्पत्यभेदतः ।
लक्ष्म्या वियुज्यते देवो न कदाचिद्यथा भवान् ।६।
तथा कलत्रसम्बन्धो देव मा मे विभिद्यताम् ।
लक्ष्म्या न शून्यं वरद यथा ते शयनं विभो ।७।
शय्या ममाप्यशून्यास्तु तथैव मधुसूदन ।
लक्ष्मीं विष्णुं यजेदब्दं दद्याच्छय्यां फलानि च ।८।
प्रतिमासं च सोमाय दद्यादर्घ्यं समन्त्रकम् ।
गगनाङ्गणसन्दीपं दुग्धाब्धिमथनोद्भव ।९।
भाभासितदिगाभोग रामानुज नमोऽस्तु ते ।
ओं श्रीधराय नमः सोमात्मानं हरिं यजेत् ।१०।
घं ढं भं हं श्रियै नमो दशरूपमहात्मने ।
घृतेन होमो नक्तं च शय्यां दद्याद् द्विजातये ।११।
दीपान्नभाजनयुक्तं छत्रोपानहमासनम् ।
सोदकुम्भं च प्रतिमां विप्रायाथ च पात्रकम् ।१२।
पत्न्या य एवं कुरुते भुक्तिमुक्तिमवाप्नुयात् ।
कान्तिव्रतं प्रवक्ष्यामि कार्त्तिकस्य सिते चरेत् ।१३।
नक्तभोजी द्वितीयायां पूजयेद्बलकेशवौ ।
वर्षं प्राप्नोति वै कान्तिमायुरारोग्यकादिकम् ।१४।
अथ विष्णुव्रतं वक्ष्ये मनोवाञ्छितदायकम् ।
पौषशुक्लद्वितीयादि कृत्वा दिनचतुष्टयम ।१५।
पूर्वं सिद्धार्थकैः स्नानं ततः कृष्णतिलैः स्मृतम् ।
वचया च तृतीयेऽह्नि सर्वौषध्या चतुर्थके ।१६।

यसपछि अब म अशून्य शयन नामको व्रतका विषयमा भन्छु। यसले स्त्रीहरूलाई अवैधव्य र पुरुषलाई पत्नीसुख प्रदान गर्दछ। श्रावण महिनाको कृष्ण पक्षको द्वितीयामा यस व्रतको अनुष्ठान गर्नुपर्दछ। यसमा – वक्षःस्थलमा श्रीवत्सचिह्न धारण गरेका हे श्रीकान्त ! तिमी लक्ष्मीका धाम र स्वामी हौ; तिमी अविनाशी र सनातन परमेश्वर हौ। तिम्रै कृपाले धर्म, अर्थ र काम प्रदान गर्ने मेरो गृहस्थ आश्रम जोगियोस् । मेरा घरको अग्निहोत्रको आगो कहिल्यै ननिभोस्, मेरा गृहदेवता कहिल्यै अदृश्य नहोऊन् । मेरा पितृहरू विनाशबाट जोगिऊन् र मेरो दाम्पत्यमा कहिल्यै भेद नआओस् । जसरी लक्ष्मीबाट तिमी अलग हुँदैनौ उसै गरी मेरो पनि पत्नीसितको सम्बन्ध कहिल्यै छुट्ने वा बिग्रने नहोस् । हे वरदान दिने प्रभु ! तिम्रो शयन जसरी लक्ष्मीबिना खाली कहिल्यै हुँदैन, हे मधुसूदन ! उसैगरी मेरो ओछ्यान पनि पत्नीबिना सुनसान नहोस् भन्नुपर्छ । यस किसिमले व्रत आरम्भ गरेर एक वर्षसम्म प्रत्येक महिनाको द्वितीयामा श्रीलक्ष्मी र विष्णुलाई विधिवत् पूजा गर्नुपर्छ। शय्या र फल दान पनि गर्नुपर्छ । त्यसका साथै प्रत्येक महिनाको त्यसै तिथिमा हे भगवान् चन्द्रदेव ! तिमी गगन प्राङ्गणका दीपक हौ। क्षीर सागरको मन्थनबाट तिम्रो उत्पत्ति भएको छ। तिमी आफ्ना प्रभाले सम्पूर्ण दिशाहरूलाई नै प्रकाशित गर्दछौ। हे लक्ष्मीका भाई ! तिमीलाई नमस्कार छ भन्ने चन्द्रमाको मन्त्र उच्चारण गर्दै अर्घ्य पनि दिनुपर्छ। त्यसपछि ओं श्रं श्रीधराय नमः भन्ने मन्त्रले सोमस्वरूप श्रीहरिलाई पूजा गर्नुपर्दछ। घं टं हं सं श्रियै नमः भन्ने मन्त्रले श्रीलक्ष्मीलाई र दशरूपमहात्मने नमः भन्ने मन्त्रले श्रीविष्णुलाई पूजा गर्नुपर्दछ । राति घिउले हवन गरेर ब्राह्मणलाई शय्या दान गर्नुपर्छ। त्यसका साथसाथै दीप, अन्न भरिएको पात्र, छाता, जुत्ता, आसन, पानी भरिएको कलश, श्रीहरिको प्रतिमा र पात्र पनि ब्राह्मणलाई दिनुपर्छ। यस किसिमले उक्त व्रत जसले पालन गर्दछ उसले भोग र मोक्षको भाग पाउँछ। अब म कान्तिव्रतको वर्णन गर्दछु। यसको प्रारम्भ कार्तिक शुक्ल द्वादशीदेखि गर्नुपर्दछ। दिनमा उपवास र रातमा भोजन गर्नुपर्छ। यसमा बलराम तथा श्रीकृष्णको पूजा गरिन्छ। एक वर्षसम्म यसो गर्नाले व्रती पुरुषले कान्ति, आयु र आरोग्य प्राप्त गर्दछ। अब म विष्णु व्रतको वर्णन गर्दछु र त्यसले मनोवाञ्छित फल दिन्छ। पुस महिनाको शुक्ल पक्षको द्वितीयाबाट आरम्भ गरेर लगातार चार दिनसम्म यस व्रतको अनुष्ठान गरिन्छ। पहिलो दिन सस्युँ मिसिएका जलले स्नान गर्ने विधान छ । दोस्रो दिन कालो तिल मिसिएका जलले स्नान गर्ने बताइएको छ । तेस्रो दिन बोजो नामको औषधि मिसाएका जलले र चौथो दिन सर्वौषधियुक्त जलले स्नान गर्नुपर्दछ । कपुर, बोजो, शिलाजित, दुई किसिमको हल्दी,

सुरामांसी वचा कुष्ठं शैलेयं रजनीद्वयम् ।
शटी चम्पकमुस्तं च सर्वौषधिगणः स्मृतः ।१७।
नाम्ना कृष्णाच्युतानन्त हृषीकेशेति पूजयेत् ।
पादे नाभ्यां चक्षुषि च क्रमाच्छिरसि पुष्पकैः ।१८।
शशिचन्द्रशशाङ्केन्दुसंज्ञाभिश्चार्घ्यमिन्दवे ।
नक्तं भुञ्जीत च नरो यावत्तिष्ठति चन्द्रमाः ।१९।
षण्मासं पावनं चाब्दं प्राप्नुयात्सकलं व्रती ।
एतद् व्रतं नृपैः स्त्रीभिः कृतं पूर्वं सुरादिभिः ।२०।

चम्पा र मोथा यिनीहरूको समूह नै सर्वौषधि हो भनिएको छ। पहिलो दिन श्रीकृष्णाय नमः, दोस्रो दिन अच्युताय नमः, तेस्रो दिन अनन्तय नमः र चौथो दिन ऋषीकेशाय नमः नामका यिनै मन्त्रहरूले क्रमशः भगवान्‌का चरण, नाभी, नेत्र र मस्तकमा पुष्प समर्पण गर्दै पूजा गर्नुपर्छ। प्रत्येक दिन प्रदोषकालमा चन्द्रमालाई अर्घ्य दिनुपर्दछ। पहिलो दिनका अर्घ्यमा शशिने नमः, दोस्रो दिनको अर्घ्यमा चन्द्राय नमः, तेस्रो दिन शशाङ्काय नमः र चौथो दिन इन्द्रवे नमः भन्ने उच्चारण गर्नुपर्दछ। राति जति बेलासम्म चन्द्रमा देखिन्छन् त्यतिभरिमै मानिसले भोजन गरिसक्नुपर्छ। व्रती पुरुषले छ महिना अथवा एक वर्षसम्म यस किसिमले व्रत पालन गरेर सम्पूर्ण मनोवाञ्छित फल प्राप्त गर्दछ। उहिलेका राजा, स्त्री र देवताहरूले पनि यस व्रतको अनुष्ठान गरेका थिए।१–२०।

१७८. अष्टसप्तत्यधिकशततमोऽध्यायः

तृतीयाव्रत

अग्निरुवाच

तृतीयाव्रतान्याख्यास्ये भुक्तिमुक्तिप्रदानि ते ।
ललितायां तृतीयायां मूलगौरीव्रतं शृणु ।१।
तृतीयायां चैत्रशुक्ले ह्यूढा गौरी हरेण हि ।
तिलैः स्नातोऽर्चयेच्छम्भुं गौर्य्या हैमफलादिभिः ।२।
नमोऽस्तु पाटलायैव पादौ देव्याः शिवस्य च ।
शिवायेति च सङ्कीर्त्य जयायै गुल्फयोर्यजेत् ।३।
त्रिपुरघ्नाय रुद्राय भवान्यै जङ्घयोर्द्वयाः ।
शिवं रुदायेश्वराय विजयायै च जानुनी ।४।
ईशायेति कटिं देव्याः शङ्करायेति शङ्करम् ।
कुक्षिद्वयं च कोटव्यै शूलिनं शूलपाणये ।५।
मङ्गलायै नमस्तुभ्यमुदरे चाभिपूजयेत् ।
सर्वात्मने नमो रुद्रमैशान्यै च कुचद्वयम् ।६।
शिवं देवात्मने तद्वद् ह्लादिन्यै कण्ठमर्चयेत् ।
महादेवाय शिवमनन्तायै करद्वयम् ।७।
त्रिलोचनायेति हरं बाहुं कालानलप्रिये ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म तिमीसँग तृतीया तिथिमा गरिने व्रतहरूको वर्णन गर्दछु। यिनले भोग र मोक्ष प्रदान गर्दछन्। ललितातृतीयामा गरिने मूलगौरीसम्बन्धी सौभाग्यदाहिनी व्रतका विषयमा सुन। चैत्रशुक्ल तृतीयाकै दिन शिवसँग पार्वतीको बिहा भएको थियो। त्यसैले यस दिन तिलमिश्रित जलले स्नान गरेर पार्वतीसहित भगवान् शङ्करको पूजा स्वर्णाभूषण र फल आदिले गर्नुपर्दछ। नमोऽस्तु पाटलायै भन्दै पार्वती र भगवान् शङ्करका चरणमा पूजा गर्नुपर्दछ। शिवाय नमः भन्दै शिवलाई र जयायै नमः भन्दै गौरी देवीलाई अर्चना गर्नुपर्छ। त्रिपुरघ्नाय रुद्राय नमः र भवान्यै नमः भनेर क्रमशः शिव पार्वती दुवैका जङ्घामा, रुद्रेश्वराय नमः र विजयायै नमः भनेर क्रमशः शङ्कर र पार्वतीका घुँडामा पूजा गर्नुपर्दछ। ईशायै नमः भनेर पार्वतीलाई र शङ्कराय नमः भनेर शङ्करलाई कम्मरमा पूजा गर्नु पर्दछ। कोटव्यै नमः र शूलपाणये नमः भनेर क्रमशः गौरीशङ्करका कोखामा पूजा गर्नुपर्दछ। मङ्गलायै नमः भनेर भवानीको र तुभ्यं नमः भनेर शङ्करका पेटमा पूजा गर्नुपर्दछ। सर्वात्मने नमः भनेर रुद्र र ईशान्यै नमः भनेर पार्वतीका स्तन जोडीको पूजा गर्नुपर्दछ। देवात्मने नमः भनेर शिवको र उसै किसिमले ह्लादिन्यै नमः भनेर पार्वतीका कण्ठप्रदेशको पूजा गर्नुपर्दछ। महादेवाय नमः र अनन्तायै नमः भनेर क्रमशः शिवपार्वती दुवैका हातमा पूजा गरिन्छ। त्रिलोचनाय नमः र कालानलप्रियायै नमः भनेर भुजाहरूको र महेशाय नमः एवं सौभाग्यायै नमः भनेर शिवपार्वतीका गहनाहरूको पूजा

सौभाग्यायै महेशाय भूषणानि प्रपूजयेत् ।८।
अशोकमधुवासिन्यै चेश्वरायेति चौष्ठका ।
चतुर्मुखप्रिया चास्यं हराय स्थाणवे नमः ।९।
नमोऽर्द्धनारीशहरममिताङ्ग्यै च नासिकाम् ।
नम उग्राय लोकेशं ललितेति पुनर्भ्रुवौ ।१०।
शर्वाय पुरहन्तारं वासन्त्यै चैव तालुकम् ।
नमः श्रीकण्ठनाथायै शितिकण्ठाय केशकम् ।११।
भीमोग्राय सुरूपिण्यै शिरः सर्व्वात्मने नमः ।
मल्लिकाशोककमलकुन्दं तगरमालती ।१२।
कदम्बकरवीरं च बाणमम्लानकुङ्कुमम् ।
सिन्धुवारं च मासेषु सर्वेषु क्रमशः स्मृतम् ।१३।
उमाहेश्वरौ पूज्य सौभाग्याष्टकमग्रतः ।
स्थापयेद् घृतनिष्पावकुसुम्भक्षीरजीवकम् ।१४।
तरुराजेक्षुलवणं कुस्तुम्बरुमथाष्टमम् ।
चैत्रे शृङ्गोदकं प्राश्य देवदेव्यग्रतः स्वपेत् ।१५।
प्रातः स्नात्वा समभ्यर्च्य विप्रदाम्पत्यमर्च्चयेत् ।
तदष्टकं द्विजे दद्याल्ललिता प्रीयतां मम ।१६।
शृङ्गोदकं गोमयं च मन्दारं बिल्वपत्रकम् ।
कुशोदकं दधि क्षीरं कार्तिकेपृषदाज्यकम् ।१७।
गोमूत्राज्यं कृष्णतिलं पञ्चगव्यं क्रमाशनम् ।
ललिता विजया भद्रा भवानी कुमुदा शिवा ।१८।
वासुदेवी तथा गौरी मङ्गला कमला सती ।
चैत्रादौ दानकाले च प्रीयतामिति वार्चयेत् ।१९।
फलमेकं पवित्र्याज्यं व्रतान्ते शयनं ददेत् ।
उमामहेश्वरं हैमं वषृभं च गवा सह ।२०।
गुरु च मिथुनान्यर्च्य वस्त्राद्यैर्भुक्तिमुक्तिभाक् ।
सौभाग्यारोग्यरूपायुःसौभाग्यशयनव्रतात् ।२१।
नभस्येवाथ वैशाखे कुर्य्यान्मार्गशिरस्यथ ।
शुक्लपक्षे तृतीयायां ललितायै नमो यजेत् ।२२।

गर्नुपर्दछ। त्यसपछि अशोक मधुवासिन्यै नमः र ईश्वराय नमः भनेर दुवैका ओठहरूमा पूजा गरेर चतुर्मुखप्रियायै नमः र हराय स्थाणवे नमः भनेर क्रमैसित गौरीशङ्करका मुखको पूजा गर्नुपर्दछ । अर्धनारीश्वराय नमः भनेर शिवको र अमिताङ्गायै नमः भनेर पार्वतीको नाकको पूजा गरिन्छ। उग्राय नमः भनेर लोकेश्वर शिवको र ललितायै नमः भनेर पार्वतकिा आँखीभौँको पूजा गर्नुपर्दछ। शर्वाय नमः भनेर त्रिपुरारि शिवको र वासन्त्यै नमः भनेर पार्वतीका तालुको पूजा गर्नुपर्दछ। श्रीकण्ठनाथायै नमः भनेर र शितिकण्ठायै नमः भनेर गौरी शङ्करका कपालको पूजा गर्नुपर्दछ। भीमोग्राय नमः भनेर शङ्करको र सुरूपिण्यै नमः भनेर पार्वतीका शिरमा पूजा गर्नुपर्दछ । त्यसपछि सर्वात्मने नमः भनी शिवपूजाको उपसंहार गर्नुपर्दछ । शिवको पूजा गर्नका लागि– मल्लिका, अशोक, कमल, कुन्द, तगर, मालती, कदम्ब, नीलो वर्णका बाह्रमासे फूल, कुङ्कुम र सेंधुवार फूलहरू क्रमशः चैत्र आदि महिनामा टिप्न योग्य हुन्छन् भनिएको छ । उमामहेश्वरलाई पूजा गरिसकेर अष्ट सौभाग्य द्रव्यहरू उनका अगाडि राखिदिनुपर्दछ। घृतमिश्रित कुसुम्भ, दुग्ध, जीवक, दुर्वा, इक्षु, लवण र कुस्तुम्बुरु नै अष्ट सौभाग्य हुन्। चैत्र महिनामा पहाडका शिखरको जल पान गरेर रुद्रदेव र पार्वतीका सामु शयन गर्नुपर्दछ । प्रातःकाल स्नान गरेपछि गौरीशङ्करलाई पूजन गरेर ब्राह्मण दम्पत्तिलाई अर्चना गर्नुपर्छ र त्यो सौभाग्य ललिता प्रियतां मम भन्दै ब्राह्मणलाई दिनुपर्दछ ।१–१६।

व्रत गर्नेले चैत्र आदि महिनाका व्रतका दिनहरूमा यस प्रकार आहार गर्नुपर्दछ– चैत्रमा झरनाको पानी, वैशाखमा गोबर, जेष्ठमा मन्दारपुष्प, आषाढमा बिल्वपत्र, श्रावणमा कुशजल, भाद्रमा दही, आश्विनमा दुध, कार्तिकमा घृतमिश्रित दधि, मार्गशीर्षमा गोमूत्र, पौषमा घृत, माघमा कालो तिल र फाल्गुनमा पञ्चगव्य। ललिता, विजया, भद्रा, भवानी, कुमुदा, शिवा, वासुदेवी, गौरी, मङ्गला, कमला र सती यी नामहरूलाई चैत्र आदि महिनामा सौभाग्य दान गर्ने समयमा प्रीयतां मम भन्ने जोड्दै उच्चारण गर्नुपर्दछ। व्रत पूरा भईसकेपछि कुनै एक फल सधैँका लागि त्याग्नुपर्दछ र गुरुदेवलाई शिरानीसहितको शय्या, उमामहेश्वरको स्वर्णमय प्रतिमा र गाईसहितको वृषभ दान गर्नुपर्दछ । गुरु र ब्राह्मण दम्पतिलाई वस्त्र आदिले सत्कार गरेपछि साधकले भोग र मोक्ष दुवै प्राप्त गर्दछ। यस सौभाग्यशयन नामको व्रतका अनुष्ठानले मानिस सौभाग्य, आरोग्य, रूप र दीर्घायु प्राप्त गर्दछ। यो व्रत भाद्रपद, वैशाख र मार्गशीर्षका शुक्लपक्षको तृतीयामा पनि गर्न सकिन्छ। यसमा ललितायै नमः भनेर पार्वतीको पूजा गर्नुपर्दछ। त्यसपछि व्रतको समाप्तिका समयमा प्रत्येक पक्षमै ब्राह्मण दम्पतीलाई पूजा

प्रतिपक्षं ततः प्राच्र्य व्रतान्ते मिथुनानि च ।
चतुर्विंशतिमभ्यच्र्य वस्त्राद्यैर्भुक्तिमुक्तिभाक् ।२३।
उक्तो मार्गो द्वितीयोऽयं सौभाग्यव्रतमावदे ।
फाल्गुनादितृतीयायां लवणं यस्तु वर्जयेत् ।२४।
समाप्ते शयनं दद्याद् गृहं चोपस्करान्वितम् ।
सम्पूज्य विप्रमिथुनं भवानी प्रीयतामिति ।२५।
सौभाग्यार्थं तृतीयोक्ता गौरीलोकादिदायिनी ।
माघे भाद्रे च वैशाखे तृतीयाव्रतकृत्तथा ।२६।
दमनकतृतीयाकृच्चैत्रे दमनकैर्यजेत् ।
आत्मतृतीया मार्गस्य प्राच्र्येच्छाभोजनादिना ।२७।
गौरी काली ह्युमा भद्रा दुर्गा कान्तिः सरस्वती ।
वैष्णवी लक्ष्मीः प्रकृतिः शिवा नारायणी क्रमात् ।
मार्गतृतीयामारभ्य सौभाग्यं स्वर्गमाप्नुयात् ।२८।

गर्नुपर्दछ। चौबीस वस्त्र आदिले उनको अर्चना गरेर मानिसले भोग र मोक्ष दुवै प्राप्त गर्दछ। सौभाग्यशयनको यो दोस्रो विधि बताइयो । अब म सौभाग्यव्रतका विषयमा भन्दछु । फागुन आदि महिनाहरूमा शुक्लपक्षको तृतीया तिथिमा व्रत गर्ने मानिसले नुन त्याग गर्नुपर्दछ। व्रत समाप्ति भएपछि ब्राह्मण दम्पतीलाई पूजन गरेर भवानी प्रीयताम् भनेर शय्या र सम्पूर्ण सामग्रीले सम्पन्न भएको घर दान गर्नुपर्दछ । यो सौभाग्य तृतीया व्रतका विषयमा जे भनियो त्यसले पार्वती आदिको लोक प्रदान गर्दछ । यस किसिमले माघ, भदौ र वैशाखका तृतीयाहरूमा व्रत गर्नुपर्दछ। चैत्रमा दमनक तृतीयाको व्रत गरेर पार्वतीको पूजा दमनक नामका पुष्पले गर्नुपर्दछ। मार्गशीर्षमा आत्मतृतीयाको व्रत गरिन्छ । यसमा पार्वतीको पूजा गरेर ब्राह्मणलाई इच्छाअनुसारको भोजन गराउनुपर्छ । मार्गशीर्षको तृतीयादेखि आरम्भ गरेर क्रमशः पौष आदि महिनाहरूमा उपर्युक्त व्रतको अनुष्ठान गरेर निम्नलिखित नाममा प्रीयताम् जोडेर भन्नुपर्दछ– गौरी, काली, उमा, भद्रा, दुर्गा, कान्ति, सरस्वती, वैष्णवी, लक्ष्मी, प्रकृति, शिवा र नारायणी । यस किसिमको व्रत गर्नेले सौभाग्य र स्वर्ग प्राप्त गर्दछ ।१७–२८।

१७९. ऊनशीत्यधिकशततमोऽध्यायः

चतुर्थीव्रत

अग्निरुवाच

चतुर्थीव्रतान्याख्यास्ये भुक्तिमुक्तिप्रदानि ते ।
माघे शुक्लचतुर्थ्यां तु ह्युपवासी यजेद् गणम् ।१।
पञ्चम्यां च तिलान्नादि वर्षान्निर्विघ्नतः सुखी ।
गं स्वाहा मूलमन्त्रोऽयं गामाद्यं हृदयादिकम् ।२।
आगच्छोल्काय चावाह्य गच्छोल्काय विसर्जनम् ।
उल्कान्तैर्गा दिगन्धाद्यैः पूजयेन्मोदकादिभिः ।३।
ओं महोल्काय विद्महे वक्रतुण्डाय धीमहि तन्नो दन्ती प्रचोदयात् मासि भाद्रपदे चापि चतुर्थीकृच्छिवं व्रजेत्
चतुर्थ्यङ्गारकेऽभ्यच्र्य गणं सर्वमवाप्नुयात् ।४।
चतुर्थ्यां फाल्गुने नक्तमविघ्नाख्या चतुर्थ्यपि । चतुर्थ्यां दमनैः पूज्य चैत्रे प्राच्र्य गणं सुखी ।५।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म तिमीसित भोग र मोक्ष प्रदान गर्ने चतुर्थीसम्बन्धी व्रतहरूको कुरो गर्दछु। माघशुक्ल चतुर्थीमा उपवास गरेर गणेशको पूजा गर्नुपर्दछ। त्यसपछि पञ्चमीका दिन तिलको भोजन गर्नुपर्छ । यसो गर्नाले मानिस धेरै वर्षसम्म विघ्नरहित भएर सुखी रहन्छ। गं स्वाहा यो मूलमन्त्र हो। गां नमः इत्यादि मन्त्रले हृदय आदिको न्यास गर्नुपर्दछ । आगच्छोल्काय भनेर गणेशलाई आवाहन गर्नुपर्छ र गच्छोल्काय भनेर विसर्जन गर्नुपर्छ। यस किसिमले सुरुमा गकार जोडेर र अन्त्यमा उल्का शब्द जोडेका मन्त्रले नै उनका आवाहन आदि कार्यहरू गर्नुपर्छ। गन्ध आदि उपचार र लड्डु आदिले गणपतिको पूजन गर्नुपर्छ। ओं महोल्काय विद्महे वक्रतुण्डाय धीमहि तन्नो दन्ती प्रचोदयात्– यो गणेश गायत्री जप्नुपर्छ। भाद्रशुक्ल चतुर्थीको व्रत गर्नेले शिवलोक प्राप्त गर्दछ। अङ्गारक चतुर्थीमा गणेशको पूजा गरेर मानिसले सबै खालको इच्छा पूरा गर्दछ। फाल्गुणको चतुर्थीमा राति नै भोजन गर्नुपर्दछ। यो अविघ्ना चतुर्थीका नामले प्रसिद्ध छ। चैत्र महिनामा चतुर्थीमा दमनक नामका पुष्पले गणेशको पूजा गरेपछि मानिसले सुखभोग प्राप्त गर्दछ।१–५।

१८०. अशीत्यधिकशततमोऽध्यायः

पञ्चमीव्रत

अग्निरुवाच

पञ्चमीव्रतकं वक्ष्ये आरोग्यस्वर्गमोक्षदम् ।
नभो नभस्याश्विने च कार्त्तिके शुक्लपक्षके ।१।
वासुकिस्तक्षकः पूज्यः कालीयो मणिभद्रकः ।
ऐरावतो धृतराष्ट्रः कर्कोटकधनञ्जयौ ।
एते प्रयच्छन्त्यभयमायुर्विद्यायशःश्रियम् ।२।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म आरोग्य, स्वर्ग र मोक्ष प्रदान गर्ने पञ्चमी व्रतको वर्णन गर्दछु। श्रावण, भाद्र, आश्विन र कार्तिकका शुक्लपक्षका पञ्चमीलाई वासुकी, तक्षक, कालिय, मणिभद्र, ऐरावत, धृतराष्ट्र, कर्कोटक र धनंजय नामका नागहरूको पूजा गर्नुपर्दछ। यी सबै नागहरूले अभय, आयु, विद्या, यश र लक्ष्मी प्रदान गर्दछन् ।१-२।

१८१. एकाशीत्यधिकशततमोऽध्यायः

षष्ठीव्रत

अग्निरुवाच

षष्ठीव्रतानि वक्ष्यामि कार्तिकादौ समाचरेत् ।
षष्ठ्यां फलाशनोऽर्घ्याद्यैर्भुक्तिमुक्तिमवाप्नुयात् ।१।
स्कन्दषष्ठीव्रतं प्रोक्तं भाद्रे षष्ठ्यामथाक्षयम् ।
कृष्णषष्ठीव्रतं वक्ष्ये मार्गशीर्षे चरेच्च तत् ।
अनाहारो वर्षमेकं भुक्तिमुक्तिमवाप्नुयात् ।२।

अग्निदेव भन्दछन्— अब म षष्ठी सम्बन्धी व्रतका विषयमा भन्छु । कार्तिक शुक्ल षष्ठीका दिन फलमात्रै भोजन गरेर कार्तिकेयका लागि अर्घ्यदान गर्नुपर्दछ। यसबाट मानिसले भोग र मोक्ष प्राप्त गर्दछ। यसलाई स्कन्दषष्ठी व्रत भन्दछन् । भाद्र महिनाको कृष्ण पक्षको षष्ठीमा अक्षयषष्ठी व्रत गर्नुपर्दछ। यस अक्षय षष्ठीका दिन व्रत बसी कुनै पनि एक वर्ष निराहार रह्यो भने मानिसले भोग र मोक्ष प्राप्त गर्दछ ।१-२।

१८२. द्व्यशीत्यधिकशततमोऽध्यायः

सप्तमीव्रत

अग्निरुवाच

सप्तमीव्रतकं वक्ष्ये सर्वेषां भुक्तिमुक्तिदम् ।
माघमासेऽब्जके शुक्ले सूर्य्यं प्राच्र्य विशोकभाक् ।१।
सर्वावाप्तिस्तु सप्तम्यां मासि भाद्रेऽर्कपूजनात् ।
पौषे मासि सितेऽनश्नन्प्राच्र्यार्कं पापनाशनम् ।२।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म सप्तमी तिथिको व्रत भन्दछु। यसले सबैलाई भोग र मोक्ष प्रदान गर्दछ। माघ महिनाको शुक्लपक्षको सप्तमी तिथिमा कमल निर्माण गरेर त्यसमा भगवान् सूर्यको पूजा गरिन्छ। यसले गर्दा मानिस शोकरहित हुन्छ। भाद्र माहिनाको शुक्लपक्षको सप्तमीमा भगवान् आदित्यको पूजा गर्नाले समस्त अभीष्ट वस्तुहरूको प्राप्ति हुन्छ। पुस महिनाको शुक्लपक्ष सप्तमीमा निराहार रहेर सूर्यदेवको पूजन गर्नाले सम्पूर्ण पापहरूको विनाश हुन्छ । माघ महिनाको कृष्णपक्षमा सर्वाप्ति

कृष्णपक्षे तु माघस्य सर्वावाप्तिस्तु सप्तमी ।
फाल्गुने तु सिते नन्दा सप्तमी चार्कपूजनात् ।३।
मार्गशीर्षे सिते प्राच्य सप्तमी चापराजिता ।
मार्गशीर्षे सिते चाब्दं पुत्रीया सप्तमी स्त्रियाः ।४।

सप्तमी पर्छ र यसको व्रत गर्नुपर्दछ। यसबाट सबै अभिष्ट वस्तुहरूको प्राप्ति हुन्छ। फाल्गुनको कृष्णपक्षमा नन्द सप्तमी व्रत गर्नुपर्दछ। मार्गशीर्षको शुक्लपक्षमा अपराजिता सप्तमी हुन्छ र त्यसमा भगवान् सूर्यको व्रत एवं पूजा गर्नुपर्दछ। एक वर्षसम्म मार्गशीर्षको शुक्लपक्षको पुत्रीया सप्तमीमा व्रत गर्ने स्त्रीहरूलाई पुत्र प्रदान गर्दछन् ।१-४।

१८३. त्र्यशीत्यधिकशततमोऽध्यायः

अष्टमीव्रत

अग्निरुवाच
वक्ष्ये व्रतानि चाष्टम्यां रोहिण्यां प्रथमं व्रतम् ।
मासि भाद्रपदेऽष्टम्यां रोहिण्यामर्द्धरात्रके ।१।
कृष्णो जातो यतस्तस्यां जयन्ती स्यात्ततोऽष्टमी ।
सप्तजन्मकृतात्पापान्मुच्यते चोपवासतः ।२।
कृष्णपक्षे भाद्रपदे ह्यष्टम्यां रोहिणीयुते ।
उपोषितोऽर्च्चयेत्कृष्णं भुक्तिमुक्तिप्रदायकम् ।३।
आवाहयाम्यहं कृष्णं बलभद्रं च देवकीम् ।
वसुदेवं यशोदां गाः पूजयामि नमोऽस्तु ते ।४।
योगाय योगपतये योगेशाय नमो नमः ।
योगादिसम्भवायैव गोविन्दाय नमो नमः ।५।
स्नानं कृष्णाय दद्यात्तु ह्यर्घ्यं चानेन दापयेत् ।
यज्ञाय यज्ञेश्वराय यज्ञानां पतये नमः ।६।
यज्ञादिसम्भवायैव गोविन्दाय नमो नमः ।
गृहाण देव पुष्पाणि सुगन्धीनि प्रियाणि ते ।७।
सर्वकामप्रदो देव भव मे देवबन्दित ।
धूपधूपितधूपं त्वं धूपितैस्त्वं गृहाण मे ।८।
सुगन्धधूपगन्धाढ्यं कुरु मां सर्वदा हरे ।
दीपदीप्तमहादीपं दीपदीप्तिद सर्वदा ।९।
मया दत्तं गृहाण त्वं कुरु चोर्ध्वगतिं च माम् ।
विश्वाय विश्वपतये विश्वेशाय नमो नमः ।१०।
विश्वादिसम्भवायैव गोविन्दाय निवेदितम् ।
धर्माय धर्मपतये धर्मेशाय नमो नमः ।११।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म अष्टमीमा गरिने व्रतहरूको वर्णन गर्दछु। तिनीहरूमध्ये पहिलो रोहिणी नक्षत्र भएको अष्टमीमा गरिने व्रत पर्दछ। भाद्र महिनाको कृष्ण पक्षको रोहिणी नक्षत्र परेको अष्टमी तिथिमै आधारातको समयमा भगवान् श्रीकृष्ण प्रकट भएका थिए त्यसैले यस अष्टमीमा उनको जन्मजयन्ती मनाइन्छ। यस तिथिमा उपवास गर्नाले सात जन्ममा गरेका पापबाट मानिस मुक्त हुन्छ। त्यसै कारण भाद्र कृष्ण रोहिणी नक्षत्रयुक्त अष्टमीमा उपवास राखेर भगवान् श्रीकृष्णलाई पूजा गर्नुपर्दछ। यसले भोग र मोक्ष प्रदान गर्दछ। म श्रीकृष्ण, बलभद्र, देवकी, वासुदेव, यशोदादेवी र गाईहरूको आवाहन र पूजा गर्दछु, यी सबैलाई नमस्कार छ। योगस्वरूप, योगपति एवं योगेश्वर श्रीकृष्णलाई नमस्कार छ। योगका आदि कारण, उत्पत्तिस्थान गोविन्दलाई बारम्बार नमस्कार छ। त्यसपछि भगवान् श्रीकृष्णलाई स्नान गराउनुपर्छ र यस मन्त्रले अर्घ्यदान गर्नुपर्दछ– यज्ञेश्वर, यज्ञस्वरूप यज्ञका अधिपतिलाई एवं यज्ञका आदिकारण गोविन्दलाई बारम्बार नमस्कार छ। हे देव ! तिमीलाई प्रिय लाग्ने यी सुगन्धयुक्त पुष्प ग्रहण गर। देवताहरूद्वारा पूजित हे भगवान् मेरा सम्पूर्ण कामना सिद्ध गर। तिमी सधैँ धुपले धुपित हुन्छौ मैले अर्पण गरेको धुपबाट सुगन्ध ग्रहण गर। हे श्रीहरि ! मलाई सधैँ सुगन्धित पुष्प, धुप र सुगन्धले सम्पन्न गराऊ। हे प्रभु तिमी सधैँ दीपकजस्तै देदीप्यमान भई दीपलाई दीप्ति प्रदान गर्दछौ। मैले प्रदान गरेको यो महादीप ग्रहण गर र मलाई पनि दीपकजस्तै ऊर्ध्वगतिले सम्पन्न गराऊ। विश्वरूप, विश्वपति एवं विश्वेश्वर श्रीकृष्णलाई नमस्कार छ; धेरै नमस्कार छ विश्वका आदिकारण श्रीगोविन्दलाई म यो दीप निवेदन गर्दछु धर्मस्वरूप, धर्मका अधिपति, धर्मेश्वर एवं धर्मका आदिकारण श्री वासुदेवलाई नमस्कार छ। हे गोविन्द ! तिमी अब शयन गर। सर्वस्वरूप, सर्वाधिपति, सर्वेश्वर, सबैका आदिकार

धर्मादिसम्भवायैव गोविन्द शयनं कुरु ।
सर्वाय सर्वपतये सर्वेशाय नमो नमः ।१२।
सर्वादिसम्भवायैव गोविन्दाय च पावनम् ।
क्षीरोदार्णवसम्भूत अत्रिनेत्रसमुद्भव ।१३।
गृहाणार्घ्यं शशाङ्केदं रोहिण्या सहितो मम ।
स्थण्डिले स्थापयेद्देवं सचन्द्रां रोहिणीं यजेत् ।१४।
देवकीं वसुदेवं च यशोदां नन्दकं बलम् ।
अर्द्धरात्रे पयोधाराः पातयेद् गुडसर्पिषा ।१५।
वस्त्रहेमादिकं दद्याद् ब्राह्मणान्भोजयेद् व्रती ।
जन्माष्टमीव्रतकरः पुत्रवान्विष्णुलोकभाक् ।१६।
वर्षेवर्षे तु यः कुर्य्यात्पुत्रार्थी वेत्ति नो भयम् ।
पुत्रान्देहि धनं देहि ह्यायुरारोग्यसन्ततिम् ।
धर्मं कामं च सौभाग्यं स्वर्गं मोक्षं च देहि मे ।१७।

गोविन्दलाई बारम्बार नमस्कार छ। त्यसपछि– क्षीरसमुद्रबाट उत्पन्न एवं अत्रिका नेत्रद्वारा उद्भव भएका तेजस्वरूप हे शशाङ्क ! रोहिणीसहित मेरो अर्घ्य ग्रहण गर भनी भन्द्रमालाई अर्घ्यदान गरिन्छ। त्यसपछि भगवान्को प्रतिमालाई वेदीमाथि स्थापित गरिन्छ र चन्द्रमासहित रोहिणीको पूजा गर्नुपर्छ। त्यसपछि अर्द्धरात्रिका समयमा वासुदेव, देवकी, नन्द-यशोदा र बलरामलाई घिउ मिसेको दुधका धाराले अभिषेक गर्नुपर्दछ। त्यसपछि व्रत गर्ने मानिसले ब्राह्मणलाई भोजन गराउनुपर्छ र दक्षिणाका रूपमा उनलाई वस्त्र र सुवर्ण दिनुपर्छ। अष्टमी व्रत गर्ने व्यक्ति पुत्रयुक्त भईकन विष्णुलोक प्राप्त गर्ने हुन्छ। जुन मानिस पुत्रप्राप्तिका इच्छाले प्रतिवर्ष यस व्रतको अनुष्ठान गर्छ ऊ पुम् नामका नरकको भयबाट मुक्त हुन्छ। व्रत गर्नेले - हे प्रभु ! मलाई पुत्र, धन, आयु, आरोग्य र सन्तति देऊ। हे गोविन्द ! मलाई धर्म, काम, सौभाग्य, स्वर्ग र मोक्ष प्रदान गर भन्नुपर्छ।१-१७।

१८४. चतुरशीत्यधिकशततमोऽध्यायः

पुनरष्टमीव्रत

अग्निरुवाच

ब्रह्मादिमातृयजनाज्जपेन्मातृगणाष्टमीम् ।
कृष्णाष्टम्यां चैत्रमासे पूज्याब्दं कृष्णमर्थभाक् ।१।
कृष्णाष्टमीव्रतं वक्ष्ये मासे मार्गशीरे चरेत् ।
नक्तं कृत्वा शुचिर्भूत्वा गोमूत्रं प्राशयेन्निशि ।२।
भूमिशायी निशायां च शङ्करं पूजयेद् व्रती ।
पौषे शम्भुं घृतं प्राश्य माघे क्षीरं महेश्वरम् ।३।
महादेवं फाल्गुने च तिलाशी समुपोषितः ।
चैत्रे स्थाणुं यवाशी च वैशाखेऽथ शिवं यजेत् ।४।
कुशोदाशी पशुपतिं ज्येष्ठे शृङ्गोदकाशनः ।
आषाढे गोमयाश्युग्रं श्रावणे सर्वकर्मभुक् ।५।
त्र्यम्बकं च भाद्रपदे बिल्वपत्राशनो निशि ।
तण्डुलाशी चाश्वयुजे ईशं रुद्रं तु कार्त्तिके ।६।

अग्निदेव भन्दछन्– हे मुनिश्रेष्ठ वसिष्ठ ! चैत्र महिनाको शुक्लपक्षको अष्टमीमा व्रत गर्नुपर्छ र त्यस दिन ब्रह्मा आदि देवता तथा मातृकागणको जप र पूजा गर्नुपर्छ। कृष्णपक्षको अष्टमीमा एक वर्षसम्म श्रीकृष्णको पूजा गरेर मानिसले सन्तानरूपी धन प्राप्त गर्दछ। अब म कालाष्टमीको वर्णन गर्दछु। यो व्रत मार्गशीर्ष महिनाको कृष्णपक्षको अष्टमीमा गर्नुपर्दछ। रात परेपछि व्रत गर्नेले स्नान आदिले पवित्र भई भगवान् शङ्करको पूजा गर्नुपर्छ र गोमूत्रले व्रतको पारण गर्नुपर्दछ। राति भुइँमा सुत्नुपर्दछ। पौषमा शम्भुको पूजन गरेर घिउको आहार गर्नुपर्छ र माघमा महेश्वरको अर्चना गरेर दुधको पान गर्नुपर्दछ। फागुनमा महादेवको पूजा गरेर उचित किसिमले उपवास गरेपछि तिलको भोजन गर्नुपर्दछ। चैत्रमा स्थाणुलाई पूजन गरी जौको भोजन गर्नुपर्छ। वैशाखमा शिवको पूजा गर्नुपर्छ र कुशजलले पारण गर्नुपर्दछ। जेष्ठमा पशुपतिको पूजन गरेर शृङ्गजल अर्थात् झरनाको पानी खानुपर्छ। आषाढमा उग्रको अर्चना गरेर गोबर भक्षण गर्नुपर्छ र श्रावणमा शर्वको पूजा गरेर मन्दार पुष्प भक्षण गर्नुपर्दछ। भाद्रमा रात्रिको समयमा त्र्यम्बकको पूजा गरेर बिल्वपत्र भक्षण गर्नुपर्दछ। आश्विनमा ईशको अर्चना गरेर

दध्याशी होमकारी स्याद्वर्षान्ते मण्डले यजेत् ।
गोवस्त्रहेम गुरवे दद्याद्विप्रेभ्य ईदृशम् ।७।
प्रार्थयित्वा द्विजान्भोज्य भुक्तिमुक्तिमवाप्नुयात् ।
नक्ताशी त्वष्टमीषु स्याद् वत्सरान्ते च धेनुदः ।८।
पौरन्दरं पदं याति स्वर्गतिव्रतमुच्यते ।
अष्टमी बुधवारेण पक्षयोरुभयोर्यदा ।९।
तदा व्रतं प्रकुर्वीत ह्यथ वा सगुडाशिता ।
तस्यां नियमकर्त्तारो न स्युः खण्डितसम्पदः ।१०।
तण्डुलस्याष्टमुष्टिनां वर्जयित्वाङ्गुलीद्वयम् ।
भक्तं कृत्वा चाम्रपुटे सकुशे सकुलाम्बिकाम् ।११।
सात्त्विकं पूजयित्वाङ्गं भुञ्जीत च कथाश्रवात् ।
शक्तितो दक्षिणां दद्यात्कर्कटीं तण्डुलान्विताम् ।१२।
धीरो द्विजोऽस्य भार्य्यास्ति रम्भा पुत्रस्तु कौशिकः ।
दुहिता विजया तस्य धीरस्य धनदो वृषः ।१३।
कौशिकस्तं गृहीत्वा तु गोपालश्चारयन्वृषम् ।
गङ्गायां स्नानकृत्येऽथ नीतश्चोरैर्वृषस्तदा ।१४।
स्नात्वा वृषमपश्यन्स वृषं मार्गितुमागतः ।
विजयाभगिनीयुक्तो ददर्श स सरोवरे ।१५।
दिव्यस्त्रीयोषितां वृन्दमब्रवीद्देहि भोजनम् ।
स्त्रीवृन्दमूचे व्रतकृद्भुङ्क्ष्व त्वमतिथिर्यतः ।१६।
व्रतं कृत्वा स बुभुजे प्राप्तवान् वनपालकम् ।
गतो धीरः सवृषभो विजयासहितस्तदा ।१७।
धीरेण विजया दत्ता यमायान्तरितः पिता ।
व्रतभावात्कौशिकोऽपि ह्ययोध्यायां नृपोऽभवत् ।१८।
पित्रोस्तु नरके दृष्ट्वा विजयार्ति यमे गता ।
मृगयामागतं प्रोचे मुच्यते नरकात्कथम् ।१९।

चामलको खाद्य र कार्तिकमा रुद्रको पूजन गरेर दहीको भोजन गर्नुपर्छ । वर्षको समाप्ति भएपछि होम गर्नुपर्छ र सर्वतोभद्र वा लिङ्गतोभद्र निर्माण गरेर भगवान् शङ्करलाई त्यसैमा पूजा गर्नुपर्दछ । त्यसपछि आचार्यलाई गाई, वस्त्र र सुवर्ण दान गर्नुपर्छ। अरू ब्राह्मणलाई पनि उनै वस्तु दान गर्नुपर्छ। ब्राह्मण बोलाएर भोजन गराई मानिसले भोग र मोक्ष प्राप्त गर्दछ । प्रत्येक महिनाको दुवै पक्षका अष्टमी तिथिमा रात्रिमा भोजन गर्ने र वर्ष पूरा भएपछि गोदान गर्ने गर्नुपर्दछ । यसो गर्दा मानिसले इन्द्र पद प्राप्त गर्दछ। यसलाई स्वर्गति व्रत भनिन्छ। कृष्ण वा शुक्ल जुनसुकै पक्षमा भएका अष्टमीमा बुधवारको योग छ भने त्यस दिन व्रत राख्नु र एक छाक भोजन गर्नुपर्छ। अष्टमी व्रत जुन मानिसले राख्छ त्यसका घरमा कहिल्यै पनि धनसम्पत्तिको अभाव हुँदैन । दुई अङ्गुल कम गरेर आठ मुठी चामल लिएर त्यसको भात पकाई कुशसहितको आँपका पातको दुनामा राख्नुपर्दछ । कुलाम्बिकासहित बुधको पूजा गर्नुपर्दछ र बुधाष्टमी व्रतको कथा सुनेर भोजन गर्नुपर्छ । त्यसपछि ब्राह्मणलाई काँक्रो र चामलसहित यथाशक्ति दक्षिणा दिनुपर्दछ । बुधाष्टमी व्रतको कथा— एकादेशमा धीर नामका कुनै ब्राह्मण थिए । उनकी पत्नीको नाम रम्भा र पुत्रको नाम कौशिक थियो। उनकी एउटी विजया नामकी छोरी पनि थिई । ती ब्राह्मणकहाँ धनद नाम भएको एउटा गोरु पनि थियो। गोठालाहरूसँगै कौशिकले त्यो गोरु चराउन लिएर गयो। कौशिक गङ्गा नदीमा नुहाइ धुवाइ गर्न लागेका बेला चोरले त्यो गोरु चोरेर लगेछन् । कौशिक नुहाएर आई हेर्दा गोरु नदेखेपछि आफ्नै बहिनी विजयासँगै खोज्न हिँड्यो। उसले एउटा सरोवरमा देवलोकका स्त्रीहरूलाई देख्यो र उसले त्यहाँ खाने कुरा माग्यो। त्यस अवस्थामा ती स्त्रीहरूले उसलाई— आज तिमी हाम्रा अतिथि भयौ। त्यसैले व्रत गरेर भोजन गर भने। अनि कौशिकले बुधाष्टमी व्रत गरेर भोजन गर्‍यो। उता धीर वनपालेकहाँ गए र विजयासँगै आफ्नो गोरु लिएर फिर्ता आए। धीर ब्राह्मणले उचित समयमा विजयाको विवाह गरिदिए र आफू स्वयं मृत्युपछि यमलोक पुगे । तर कौशिक चाहिँ व्रतका प्रभावले अयोध्याको राजा भए । आफ्ना बा–आमाले नरकको यातना खपेको देखेर विजया यमराजका शरणमा विन्ती गर्न गई । शिकार गर्न भनी जब कौशिक वनमा गयो अनि उसले मेरा मातापिता नरकबाट कसरी मुक्त होलान् भनी सोध्यो । त्यसबेला त्यहाँ प्रकट भएर यमराजले बुधाष्टमीका दुईवटा व्रतका फलले भनेर जवाफ दिए । त्यसपछि कौशिकले आफ्ना मातापिताका उद्देश्यले बुधाष्टमी व्रतका दुईवटा फल दिए । त्यसैबाट

१७२. द्विसप्तत्यधिकशततमोऽध्यायः

सर्वपाप प्रायश्चित्त

पुष्कर उवाच
परदारपरद्रव्यजीव हिंसादिके यदा ।
प्रवर्त्तते नृणां चित्तं प्रायश्चित्तं स्तुतिस्तदा ।१।
विष्णवे विष्णवे नित्यं विष्णवे विष्णवे नमः ।
नमामि विष्णुं चित्तस्थमहङ्कारगतिं हरिम् ।२।
चित्तस्थमीशमव्यक्तमनन्तमपराजितम् ।
विष्णुमीड्यमशेषेण अनादिनिधनं विभुम् ।३।
विष्णुश्चित्तगतो यन्मे विष्णुर्बुद्धिगतश्च यत् ।
यच्चाहङ्कारगो विष्णुर्यद्विष्णुर्मयि संस्थितः ।४।
करोति कर्मभूतोऽसौ स्थावरस्य चरस्य च ।
तत्पापं नाशमायातु तस्मिन्नेव हि चिन्तिते ।५।
ध्यातो हरति यत्पापं स्वप्ने दृष्टस्तु भावनात् ।
तमुपेन्द्रमहं विष्णुं प्रणतार्तिहरं हरिम् ।६।
जगत्यस्मिन्निराधारे मज्जमाने तमस्यधः ।
हस्तावलम्बनं विष्णुं प्रणमामि परात्परम् ।७।
सर्वेश्वरेश्वर विभो परमात्मन्नधोक्षज ।
हृषीकेश हृषीकेश हृषीकेश नमोऽस्तु ते ।८।
नृसिंहानन्त गोविन्द भूतभावन केशवः ।
दुरुक्तं दुष्कृतं ध्यातं शमयाघं नमोऽस्तु ते ।९।
यन्मया चिन्तितं दुष्टं स्वचित्तवशवर्त्तिना ।
अकार्य्यं महदत्युग्रं तच्छमं नय केशव ।१०।
ब्रह्मण्यदेव गोविन्द परमार्थपरायण ।
जगन्नाथ जगद्धातः पापं प्रशमयाच्युत ।११।
यथापराह्णे सायाह्णे मध्याह्णे च तथा निशि ।
कायेन मनसा वाचा कृतं पापमजानता ।१२।
जानता च हृषीकेश पुण्डरीकाक्ष माधव ।
नामत्रयोच्चारणतः स्वप्ने यातु मम क्षयम् ।१३।
शरीरं मे हृषीकेश पुण्डरीकाक्ष माधव ।
पापं प्रशमयाद्य त्वं वाक्कृतं मम माधव ।१४।
यद्भुञ्जन्यत्स्वपंस्तिष्ठन्गच्छञ्जाग्रद्यदास्थितः ।

पुष्करले भन्दछन्— मानिसको चित्त जब परस्त्रीगमन, परस्वहरण र जीवहिंसा आदिमा प्रवृत्त हुन्छ त्यसबेला स्तुति गर्नाले नै उसको प्रायश्चित्त हुन्छ । सर्वव्यापी विष्णुलाई सधैँ नमस्कार छ । श्रीहरि विष्णुलाई नमस्कार छ । म आफ्ना चित्तमा रहेका सर्वव्यापी, अहङ्कारशून्य श्रीहरिलाई नमस्कार गर्दछु । सबैका निम्ति पूजनीय, जन्म र मृत्युरहित प्रभावशाली श्री विष्णुलाई नमस्कार छ । विष्णु मेरा चित्तमा निवास गर्दछन्, विष्णु मेरा बुद्धिमा विराजमान छन्, विष्णु मेरा अहङ्कारमा प्रतिष्ठित छन् र विष्णु मसितै स्थित छन् । समस्त चराचर प्राणीको कर्मका रूपमा उनै विष्णु स्थित छन्, उनको चिन्तनले मेरा पापको विनाश होस् । ध्यान गर्दा जसले पापलाई हरण गर्दछन् र भावनाले लिनामा स्वप्नमा दर्शन दिन्छन्, इन्द्रका अनुज शरणागतहरूका दुःखनाशक उनै पापापहारी श्रीविष्णुलाई म नमस्कार गर्दछु । यस निराधार जगत्मा अज्ञानको अन्धकारमा डुब्न लागेकालाई हातको सहारा प्रदान गर्ने परात्परस्वरूप श्रीविष्णुका सामु पस्रिएको छु । हे सर्वेश्वरेश्वर प्रभु ! हे कमलनायक परमात्मा ! हे ऋषिकेश! तिमीलाई नमस्कार छ । हे इन्द्रियहरूका स्वामी श्री विष्णु ! तिमीलाई नमस्कार छ ! हे नृसिंह ! हे अनन्तस्वरूप गोविन्द ! समस्त भूत-प्राणिहरूको सृष्टि गराउने केशव ! म बाट जुन दुर्वचन बोलिएको छ अथवा पापपूर्ण चिन्तन गरिएको छ त्यस्तो मेरो पाप शमन गरिदेऊ; तिमीलाई नमस्कार छ । हे केशव ! मनको वशमा परेर मैले नगर्नु पर्ने जुन अत्यन्त उग्र पापपूर्ण चिन्तन गरिएको छु; त्यसलाई शान्त गरिदेऊ । परमार्थपरायण ब्राह्मणप्रिय हे गोविन्द ! तिमी आफ्नो मर्यादाबाट कहिल्यै च्युत हुँदैनौं । हे जगन्नाथ ! हे जगतको भरणपोषण गर्ने देवेश्वर ! मेरो पापलाई विनाश गरिदेऊ । मैले मध्याह्न, अपराह्न, सन्ध्या एवं रातका समयमा जानीनजानीकन शरीर, मन एवं वाणीले जे जति पाप गरेको छु ती सबै तिम्रा पुण्डरीकाक्ष, ऋषिकेश, माधव यी नाम उच्चारण गरेर नासिऊन् । हे कमलनयन, लक्ष्मीपति ! हे इन्द्रियहरूका स्वामी माधव ! आज तिमी मेरो शरीर एवं वाणीले गरिएका पापहरू विनाश गर । आज मैले खाँदा, सुत्दा, उभिँदा, हिँड्दा वा जाग्दा मन, वाणी र शरीरले

कृतवान्पापमद्याहं कायेन मनसा गिरा ।१५।
यत्स्वल्पमपि यत्स्थूलं कुयोनिनरकावहम् ।
तद्यातु प्रशमं सर्वं वासुदेवानुकीर्त्तनात् ।१६।
परं ब्रह्म परं धाम पवित्रं परमं च यत् ।
तस्मिन्प्रकीर्त्तिते विष्णौ यत्पापं तत्प्रणश्यतु ।१७।
यत्प्राप्य न निवर्त्तन्ते गन्धस्पर्शादिवर्जितम् ।
सूरयस्तत्पदं विष्णोस्तत्सर्वं शमयत्वघम् ।१८।
पापप्रणाशनं स्तोत्रं यः पठेच्छृणुयादपि ।
शरीरैर्म्मानसैर्वाग्जैः कृतैः पापैः प्रमुच्यते ।१९।
सर्वपापग्रहादिभ्यो याति विष्णोः परं पदम् ।
तस्मात्पापे कृते जप्यं स्तोत्रं सर्वाघमर्द्दनम् ॥२०।
प्रायश्चित्तमघौघानां स्तोत्र व्रतकृते वरम् ।
प्रायश्चित्तैः स्तोत्रजपैर्व्रतैर्नश्यति पातकम् ।
ततः कार्य्याणि संसिद्ध्यै तानि वै भुक्तिमुक्तये ।२१।

जेजति नीच योनि वा नरक प्राप्ति गराउने सूक्ष्म वा स्थूल पाप गरेको छु ती सबै भगवान् वासुदेवको नाम उच्चारण गर्नाले नै नाश भएर जाऊन्। परब्रह्म, परमधाम र परम पवित्र विष्णु जो हुन् उनैको सङ्कीर्तनले मेरा पापहरू पुरिऊन् । जसलाई प्राप्त गरेपछि ज्ञानिहरू फेरि फर्केर आउँदैनन् जो गन्ध, स्पर्श आदि तन्मात्राहरूबाट रहित छन् श्रीविष्णुका उसै परमपद्ले मेरा पापहरू सेलाऊन् । पाप विनाश गर्ने यो स्तोत्र जुन मानिसले पठन वा श्रवण गर्दछ ऊ शरीर, मन र वाणीबाट उत्पन्न हुने सबै पापबाट छुट्छ र समस्त पापग्रहहरूबाट मुक्त भएर श्री विष्णुको परमपदमा पुग्छ। त्यसैले जुनसुकै पाप भएमा यस स्तोत्रको जप गर्नुपर्दछ। यो स्तोत्र पापसमूहको प्रायश्चित्तसरको छ। कृच्छ्र आदि जुन व्रत गर्नेहरूका लागि पनि यो श्रेष्ठ छ। स्तोत्र जप र व्रत रूप प्रायश्चित्तले सम्पूर्ण पाप नष्ट हुन्छन् । त्यसैले भोग र मोक्षको सिद्धिका लागि यसको अनुष्ठान गर्नुपर्दछ ।१-२१।

१७३. त्रिसप्तत्यधिकशततमोऽध्यायः

सम्पूर्ण प्रायश्चित्त

अग्निरुवाच
प्रायश्चित्तं ब्रह्मणोक्तं वक्ष्ये पापोपशान्तिदम् ।
स्यात्प्राणवियोगफलो व्यापारो हननं स्मृतम् ।१।
रागद्वेषात्प्रमादाच्च स्वतः परत एव वा ।
ब्राह्मणं घातयेद्यस्तु स भवेद् ब्रह्मघातकः ।२।
बहूनामेककार्य्याणां सर्वेषां शस्त्रधारिणाम् ।
यद्येको घातकस्तत्र सर्वे ते घातकाः स्मृताः ।३।
आक्रोशितस्ताडितो वा धनैर्व्वा परिपीडितः ।
यमुद्दिश्य त्यजेत्प्राणांस्तमाहुर्ब्रह्मघातकम् ।४।
औषधाद्युपकारे तु न पापं स्यात्कृते मृते ।
पुत्रं शिष्यं तथा भार्य्यां शासते न मृते ह्यघम् ।५।
देशं कालं वयः शक्तिं पापं चावेक्ष्य यत्नतः ।
प्रायश्चित्तं प्रकल्प्यं स्याद्यत्र चोक्ता न निष्कृतिः ।६।
गवार्थे ब्राह्मणार्थे वा सद्यः प्राणान्परित्यजेत् ।

अग्निदेवले भन्दछन्— हे वसिष्ठ ! अब म ब्रह्माले वर्णन गरेअनुसारको पापनाश गराउने प्रायश्चित्त भन्दछु । जसबाट शरीरबाट प्राणको वियोग हुन्छ त्यस कार्यलाई हनन भनिन्छ। राग, द्वेष अथवा प्रमादका कारण अर्कालाई लगाएर वा आफैँले स्वयं ब्राह्मणको वध जसले गर्छ त्यो ब्रह्मघाती हुन्छ । एउटै कार्यमा लागेका धेरै जना हतियारधारीहरूमध्ये कुनै एकले ब्राह्मणको वध गरेको छ भने ती सबै नै घातक मानिन्छन्। कसैबाट ब्राह्मण मारिँदा, निन्दित हुँदा या बन्धनले पीडित हुँदा जसका उद्देश्यले प्राणत्याग गर्दछ, त्यसैलाई ब्रह्महत्यारा मानिन्छ । औषधि उपचार आदि उपकार गर्न लाग्दा यदि कसैको मृत्यु भयो भने त्यसले पाप हुँदैन । पुत्र, शिष्य अथवा पत्नीलाई दण्ड दिँदा उनको मृत्यु भयो भने त्यस अवस्थामा पनि दोष लाग्दैन । जुन पापबाट मुक्त हुने उपाय बताइएको छैन, त्यस्तामा देश, काल, अवस्था, शक्ति र पापको विचार गरेर यत्नपूर्वक प्रायश्चित्तको व्यवस्था गरिदिनुपर्छ । गाई वा ब्राह्मणका लागि तत्काल आफ्नो प्राण त्याग गरेको भएदेखि अथवा आफ्नो शरीर नै अग्निमा आहुति गरिदिएको छ भने ब्रह्महत्याका पापबाट मानिस मुक्त हुन्छ ।

स्येदात्मानमग्नौ वा मुच्यते ब्रह्महत्यया ।७।
ारः कपाली ध्वजवान्भैक्षाशी कर्म्म वेदयन् ।
ह्महा द्वादशाब्दानि मितभुक् शुद्धिमाप्नुयात् ।८।
ड्भिर्वर्षैः शुद्धचारी ब्रह्महा पूयते नरः ।
हितं यदकामानां कामात्तु द्विगुणं स्मृतम् ।९।
ायश्चित्तं प्रवृत्तस्य वधे स्यात्तु त्रिवार्षिकम् ।
ह्माघ्नि क्षत्रे द्विगुणं विट्छूद्रे द्विगुणं त्रिधा ।१०।
न्यत्र विप्रे सकलं पादोनं क्षत्रिये मतम् ।
श्ये ऽर्द्धापादं क्षेत्रे स्याद् वृद्धस्त्रीबालरोगिषु ।११।
रीयो ब्रह्महत्यायाः क्षत्रियस्य वधे स्मृतम् ।
श्ये ऽष्टमांशो वृत्तस्थे शूद्रे ज्ञेयस्तु षोडशः ।१२।
प्रदुष्टां स्त्रियं हत्वा शूद्रहत्याव्रतं चरेत् ।
ञ्चगव्यं पिबेद्गोघ्नो मासमासीत संयतः ।१३।
ोष्ठेशयो गोऽनुगामी गोप्रदानेन शुध्यति ।
ृच्छ्रं चैवातिकृच्छ्रं वा पादह्रासो नृपादिषु ।१४।
तिवृद्धामतिकृशामतिबालां च रोगिणीम् ।
त्वा पूर्वविधानेन चरेदर्द्धव्रतं द्विजः ।१५।
ाह्मणान्भोजयेच्छक्त्या दद्याद्धेमतिलादिकम् ।
ुष्टिचपेटकीलेन तथा शृङ्गादिमोटने ।१६।
ागुडादिप्रहारेण गोवधं तत्र निर्दिशेत् ।
मने दामने चैव शकटादौ च योजने ।१७।
तम्भशृङ्खलपाशैर्वा मृते पादोनमाचरेत् ।
ाष्ठे सान्तपनं कुर्य्यात्प्राजापत्यं तु लोष्ठके ।१८।
प्तकृच्छ्रं तु पाषाणे शस्त्रे चाप्यतिकृच्छ्रकम् ।
ार्ज्जारगोधानकुलमण्डूकश्वपतत्त्रिणः ।१९।
त्वा त्र्यहं पिबेत्क्षीरं कृच्छ्रं चान्द्रायणं चरेत् ।
ातं रहस्ये रहसि प्रकाशेऽपि प्रकाशकम् ।२०।
ाणायामशतं कार्य्यं सर्वपापापनुत्तये ।
ानकं द्राक्षमधुकं खर्ज्जूरं तालमैक्षवम् ।२१।
ाध्वीकं टङ्कमाध्वीकं मैरेयं नारिकेलजम् ।
ा मद्यान्यपि मद्यानि पैष्टी मुख्या सुरा स्मृता ।२२।
ावर्ण्यस्य निषिद्धानि पीत्वा तप्त्वाप्यपः शुचिः ।

ब्रह्महत्या गर्ने व्यक्तिले टाउकाको खप्पर र ध्वजा लिएर भिक्षाको अन्न भोजन गर्दै – मैले ब्राह्मणको वध गरेको छु भन्दै आफ्नो पाप खुलस्त गर्नुपर्छ । ऊ त्यस किसिमको नियमित आहार गर्दै बाह्र वर्षमा शुद्ध हुन्छ। अथवा शुद्धिको प्रयत्न गर्ने ब्रह्मघाती मानिस छ वर्षमा नै पनि शुद्ध हुन्छ। नजानेर पापकर्म गर्नेहरूको अपेक्षा जानीबुझीकन पापकर्म गर्नेहरूले दोब्बर प्रायश्चित्त गर्ने विधान छ । ब्राह्मणको वध गर्नमा तयार मात्रै हुँदा तीन वर्षसम्म प्रायश्चित्त गर्नुपर्छ । ब्रह्मघाती क्षत्रियलाई दोब्बर र वैश्य एवं शूद्रले नजानेर पापकर्म गर्नेहरूको अपेक्षा जानीबुझीकन पापकर्म गर्नेहरूले दोब्बर प्रायश्चित्त गर्ने विधान छ । ब्रह्मघाती क्षत्रियलाई दोब्बर र वैश्य एवं शूद्रले छ गुना प्रायश्चित्त गर्नुपर्दछ । अन्य पापमा ब्राह्मणले सम्पूर्ण, क्षत्रियले तीन चरण, वैश्यले आधा र शूद्र, वृद्ध, स्त्री, बालक एवं रोगीले एक चरण प्रायश्चित्त गर्नुपर्दछ । क्षत्रियको वध गर्दा ब्रह्महत्याको एक पाउ, वैश्यको वध गर्दा अष्टमांश र सदाचारपरायण शूद्रको वध गर्दा सोह्र भागको एक प्रायश्चित्त मानिएको छ । सदाचारिणी स्त्रीको हत्या गर्दा शूद्रहत्याकै प्रायश्चित्त गर्नुपर्छ। गाईको हत्याराले चित्तलाई संयमित गराएर एक महिनासम्म गोठमा बस्नुपर्छ, पछि लागेर हिँड्नुपर्छ र पञ्चगव्य खाएर बस्नुपर्छ। त्यसपछि गोदान गरेर मात्रै ऊ शुद्ध हुन्छ । कृच्छ्र अथवा अतिकृच्छ्र जस्तो जुनसुकै व्रत भएपनि क्षत्रियले तीन भागमात्रै अनुष्ठान गर्नुपर्छ। अत्यन्त बूढी, ज्यादै दुब्लो, साह्रै सानो उमेरको आइमाईको हत्या गरेपछि द्विजले पूर्वोक्त विधिकै अनुसार ब्रह्महत्याको आधा प्रायश्चित्त गर्नुपर्छ। त्यसपछि ब्राह्मणलाई भोजन गराउनुपर्छ र सकेअनुसार तिल र सुवर्ण दान गर्नुपर्दछ। मुड्की वा थप्पडले हिर्काउँदा, सिंग भाँचिदिंदा, लाठा आदिले कुट्दा यदि गाई नै मर्‍यो भने त्यसलाई गोवध भनिन्छ। कुट्दा, बाँध्दा, गाडी आदिमा नार्दा, छेक्दा अथवा डोरीको पासोमा पार्दा यदि गाई-गोरु मर्‍यो भने तीन चरण त्यसको प्रायश्चित्त गर्नुपर्छ। काठदाउराले गाई मार्नेले सान्तपनव्रत, डल्लाले मार्नेले प्राजापत्य, ढुङ्गाले हत्या गर्नेले तप्तकृच्छ्र र हतियारले मार्नेले अतिकृच्छ्र व्रत गर्नुपर्छ। बिरालो, गोही, न्याउरी, भ्यागुतो, कुकुर अथवा पक्षीको हत्या गरेकाले तीन दिन दुध मात्रै खाएर बस्नुपर्छ। अथवा प्राजापत्य वा चान्द्रायण व्रत गर्नुपर्दछ। गोप्य पाप भएमा गोप्य र प्रकट पाप भएमा प्रकट प्रायश्चित्त गर्नुपर्दछ।१–२०।

समस्त पापहरूकै विनाशका लागि सय प्राणायाम गर्नुपर्दछ । कटहर, अङ्गुर, महुवा, खजुर, ताड, उखु र मुनक्काको रस, टङ्कमाध्वीक, मैरेय र नरिवलको रस यी वस्तु

कणान्वा भक्षयेदब्दं पिण्याकं वा सकृन्निशि ।२३।
सुरापानापनुत्यर्थं बालवासा जटी ध्वजी ।
अज्ञानात्प्राश्य विण्मूत्रं सुरासंस्पृष्टमेव च ।२४।
पुनः संस्कारमर्हन्ति त्रयो वर्णा द्विजातयः ।
मद्यभाण्डस्थिता आपः पीत्वा सप्तदिनं व्रती ।२५।
चाण्डालस्य तु पानीयं पीत्वा स्यात्षड्दिनं व्रती ।
चाण्डालकूपभाण्डेषु पीत्वा सान्तपनं चरेत् ।२६।
पञ्चगव्यं त्रिरात्र्यन्ते पीत्वा चान्त्यजलं द्विजः ।
मत्स्यकण्टकशम्बूकशङ्खशुक्तिकपर्दकान् ।२७।
पीत्वा नवोदकं चैव पञ्चगव्येन शुध्यति ।
शवकूपोदकं पीत्वा त्रिरात्रेण विशुध्यति ।२८।
अन्त्यावसायिनामन्नं भुक्त्वा चान्द्रायणं चरेत् ।
आपत्काले शूद्रगृहे मनस्तापेन शुध्यति ।२९।
शूद्रभाजनभुग्विप्रः पञ्चगव्यादुपोषितः ।
कन्दुपक्वं स्नेहपक्वं स्नेहं च दधिसक्तवः ।३०।
शूद्रादनिन्द्यान्येतानि गुडक्षीररसादिकम् ।
अस्नातभुक् चोपवासी दिनान्ते तु जपाच्छुचिः ।३१।
मूत्रोच्चाय्यशुचिर्भुक्त्वा त्रिरात्रेण विशुध्यति ।
केशकीटावपन्नं च पादस्पृष्टं च कामतः ।३२।
भ्रूणघ्नावेक्षितं चैव संस्पृष्टं वाप्युदक्यया ।
काकाद्यैरवलीढं च शुना संस्पृष्टमेव च ।३३।
गवाद्यैरन्नमाघ्नातं भुक्त्वा त्र्यहमुपावसेत् ।
रेताविण्मूत्रभक्षी तु प्राजापत्यं समाचरेत् ।३४।
चान्द्रायणं नवश्राद्धे पराको मासिके मतः ।
पक्षत्रयेऽतिकृच्छ्रं स्यात्षण्मासे कृच्छ्रमेव च ।३५।
आब्दिके पादकृच्छ्रं स्यादेकाहः पुनराब्दिके ।
पूर्वेद्युर्वार्षिकं श्राद्धं परेद्युः पुनराब्दिकम् ।३६।
निषिद्धभक्षणे भुक्ते प्रायश्चित्तमुपोषणम् ।
भूस्तृणं लशुनं भुक्त्वा शिशुकं कृच्छ्रमाचरेत् ।३७।
अभोज्यानां तु भुक्त्वान्नं स्त्रीशूद्रोच्छिष्टमेव च ।
जग्ध्वा मांसमभक्ष्यं च सप्तरात्रं पयः पिबेत् ।३८।
मधु मांसं च योऽश्नीयाच्छावं सूतकमेव वा ।

नसिला भईकन पनि मादक पदार्थ होइनन् । पैटीलाई नै मुख्य सुरा भन्ने मानिएको छ । यही खालको मदिराचाहिँ द्विजका लागि निषिद्ध मानिएको छ । सुरापान गर्नेले उम्लँदो पानी पिएर शुद्ध हुन्छ । अथवा सुरापानको पापबाट मुक्त हुनका लागि एक वर्षसम्म जटा र ध्वजा धारण गरेर वनमा निवास गर्नुपर्दछ । रातका समयमा नित्य चामलका कनिका वा तिलका पिनाको भोजन गर्नुपर्दछ । मलमूत्र वा मदिराले छोएको वस्तु अनजानमा भक्षण गरेको छ भने ब्राह्म, क्षत्रिय र वैश्य यी तीनै वर्णका मानिसले फेरि संस्कार गर्नुपर्ने हुन्छ । मदिराका भाँडामा राखिएको पानी खाएको भए सात दिन व्रत गर्नुपर्छ । चाण्डालका हातको जल खाएमा छ दिन उपवास राख्नुपर्छ र चाण्डालको इनार वा भाँडाको पानी खाएपछि सान्तपनव्रत गर्नुपर्छ । अन्त्यजका हातको जल खाएको द्विजले तीन रात उपवास राखेर पञ्चगव्य पान गर्नुपर्दछ । नौलो ठाउँको जल अथवा जलसितै माछो, काँडो, शम्बूक, शङ्ख, सिपी वा कौडी आदि निलियो भने पञ्चगव्यको आचमन गर्नाले शुद्ध हुन्छ । शवयुक्त इनारको पानी खाएका मानिसले त्रिरात्रव्रत गरेपछि शुद्ध हुन्छ । चाण्डालको अन्न खाएपछि चान्द्रायण व्रत गर्नुपर्छ । आपद्कालमा शूद्रका घरमा भोजन गरिसकेपछि पश्चात्ताप गर्नाले शुद्धि हुन्छ । शूद्रका पात्रमा भोजन गरेका ब्राह्मणले पञ्चगव्य पिए भने शुद्ध हुन्छन् । भुटेको, पोलेको, तेल–घिउमा तारेको, दही, सातु, गुड, दुध र रस आदि यी वस्तुहरू शूद्रकै घरबाट ल्याइएका भएपनि निन्दित हुँदैनन् । स्नान नगरी भोजन गर्नेले एक दिन उपवास राखेर दिनभरि जप गरेपछि ऊ पवित्र हुन्छ । मूत्रत्याग गरेको अशौच अवस्थामै भोजन गर्दाखेरि त्रिरात्रव्रतले शुद्धि हुन्छ । रौँ अथवा किरा, कमिलो परेको, गोडाले छोइएको, भ्रूणघातीले हेरेको, रजस्वला स्त्रीले छोएको, काग आदि पक्षीले जुठ्याएको, कुकुर आदिले छोएको अथवा गाईले सुँघेको अन्न खाएपछि तीन दिन उपवास गर्नुपर्छ । वीर्य, मल या मूत्रको भक्षण गरियो भने प्राजापत्य व्रत गर्नुपर्छ । नवश्राद्धमा चान्द्रायण, मासिक श्राद्धमा पराक व्रत, त्रिपाक्षिक श्राद्धमा अतिकृच्छ्र, षाण्मासिक श्राद्धमा प्राजापत्य र वार्षिक श्राद्धमा एकपाद प्राजापत्यव्रत गर्नुपर्दछ । अघिल्लो दिन र भोलिपल्ट गरी दुवै दिन नै वार्षिक श्राद्ध पर्दछन् भने दोस्रो वार्षिक श्राद्धमा एक दिनको लागि एक दिनको उपवास गर्नुपर्दछ । निषिद्ध वस्तुको भक्षण गर्दा उपवास गरेर प्रायश्चित्त गर्नुपर्दछ । च्याउ, लसुन, सेतो मरिच खाएको छ भने एक पाद प्राजापत्य गर्नुपर्दछ । निषिद्ध खाने कुरो, शूद्रको अन्न,

जापत्यं चरेत्कृच्छ्रं ब्रह्मचारी यतिर्व्रती ।३९।
यायेन परस्वापहरणं स्तेयमुच्यते ।
सलेन हतो राज्ञा स्वर्णस्तेयी विशुध्यति ।४०।
धःशायी जटाधारी पर्णमूलफलाशनः ।
ककालं समश्नानो द्वादशाब्दे विशुध्यति ।४१।
मस्तेयी सुरापश्च ब्रह्महा गुरुतल्पगः ।
यं कृत्वा सुरां पीत्वा कृच्छ्रं चाब्दं चरेन्नरः ।४२।
णेमुक्ताप्रवालानां ताम्रस्य रजतस्य च ।
यस्कांस्योपलानां च द्वादशाहं कणान्नभुक् ।४३।
नुष्याणां तु हरणे स्त्रीणां क्षेत्रगृहस्य च ।
पीकूपतडागानां शुद्धिश्चान्द्रायणं स्मृतम् ।४४।
क्ष्यभोज्यापहरणे यानशय्यासनस्य च ।
ष्पमूलफलानां च पञ्चगव्यं विशोधनम् ।४५।
णकाष्ठद्रुमाणां च शुष्कान्नस्य गुडस्य च ।
लचर्म्मामिषाणां च त्रिरात्रं स्यादभोजनम् ।४६।
तुः पत्नी च भगिनीमाचार्य्यतनयां तथा ।
ाचार्य्याणी सुतां स्वां च गच्छंश्च गुरुतल्पगः ।४७।
रुतल्पेऽभिभाष्यैनस्तप्ते पच्यादयोमये ।
र्मी ज्वलन्ती चाश्लिष्य मृत्युनां स विशुध्यति ।४८।
ान्द्रायणान्वा त्रीन्मासान्नभ्यस्य गुरुतल्पगः ।
वमेव विधिं कुर्य्याद्योषित्सु पतितास्वपि ।४९।
त्पुंसः परदारेषु तच्चैनां कारयेद् व्रतम् ।
तः सिक्त्वा कुमारीषु चाण्डालीषु सुतासु च ।५०।
पिण्डापत्यदारेषु प्राणत्यागो विधीयते ।
त्करोत्येकरात्रेण वृषलीसेवनं द्विजः ।५१।
द्भैक्ष्यभुग्जपन्नित्यं त्रिभिर्वर्षैर्व्यपोहति ।
पेतृव्यदारगमने भ्रातृभार्य्यागमे तथा ।५२।
चाण्डाली पुक्कसीं वापि स्नुषां च भगिनीं सखीम् ।
मातुः पितुः स्वसारं च निक्षिप्तां शरणागताम् ।५३।
मातुलानी स्वसारं च स्वगोत्रामन्यमिच्छतीम् ।
शिष्यभार्य्यां गुरोर्भार्य्यां गत्वा चान्द्रायणं चरेत् ।५४।

स्त्री एवं शूद्रको जुठो वा अभक्ष्य मांस भक्षण गरेको भए सात दिन केवल दुध मात्रै खाएर बस्नुपर्छ । ब्रह्मचारी, संन्यासी अथवा व्रतमा बसेका जुन द्विजले मधु, मांस या जन्म वा मरण अशौचको अन्न खाएका हुन्छन् उनले प्राजापत्य कृच्छ्र गर्नुपर्दछ। अन्यायपूर्वक अर्काको धनमा दखल गर्नुलाई चोरी भन्दछन् । सुन चोर्नेलाई राजाले मुसलले हिर्काएर मार्दा त्यो शुद्ध हुन्छ ।२१–४०।

सुनको चोरी गर्ने, सुरापान गर्ने, ब्रह्मघाती र गुरुपत्नीगामीले बाह्र वर्षसम्म भुइँमा सुतेर जटा धारण गर्नुपर्छ । उसले एक छाक केवल पत्ता र फलमूलको भोजन गर्नाले शुद्ध हुन्छ । चोरी अथवा सुरापान गरेर एक वर्षसम्म प्राजापत्य व्रत गर्नुपर्दछ। मणि, मोती, मुगा, ताँबा, चाँदी, फलाम, काँस र ढुङ्गा चोरी गर्नेले बाह्र दिन चामलका कनिका खाएर बस्नुपर्छ। मानिस, स्त्री, जमिन, घर, बगैँचा, इनार र तलाउ आदि खोस्ने काम गरेको छ भने चान्द्रायण व्रतले शुद्ध हुन्छ भन्ने मानिएको छ । खाने वा खुवाइने वस्तु, सवारी, शय्या, आसन, पुष्प, मूल वा फल चोरी गर्ने व्यक्तिले पञ्चगव्य खाएर शुद्ध हुन्छ। झारपात, काठ, रुख, सुख्खा अन्न, गुड, वस्त्र, चर्म या मांस चोर्ने व्यक्तिले तीन दिन निराहार रहनुपर्छ। सौतेनी आमा, दिदीबहिनी, गुरुपत्नी र आफ्नै पुत्रीसँग समागम गर्नेलाई गुरुपत्नीगामी मानिएको छ। गुरुपत्नीगमन गऱ्यो भने पापको घोषणा गरेर पोलिइरहेको फलामको ओछ्यानमा त्यस्तै रातो भएकी आइमाईको फलामे मूर्तिलाई अँगालो हाली प्राणत्याग गर्दा त्यसको शुद्धि हुन्छ। अथवा गुरुपत्नीगामीले तीन महिनासम्म चान्द्रायण व्रत गर्नुपर्छ। पतित स्त्रीहरूका लागि पनि यसै प्रायश्चित्तको विधान गर्नुपर्छ। परस्त्रीगमन गर्दा पुरुषलाई जुन प्रायश्चित्त बताइएको छ तिनलाई पनि त्यही गराउनुपर्छ। कुमारी कन्या, चाण्डाली, पुत्री र आफ्नै सपिण्ड तथा पुत्रको पत्नीमा वीर्यसेचन गर्नेले प्राणत्याग गर्नुपर्दछ। द्विजले एक रात शूद्राको सेवन गर्दा जुन पाप सञ्चित गर्दछ त्यो पाप तीन वर्षसम्म नित्य गायत्री जप र भिक्षाको अन्न भोजन गर्नाले नष्ट हुन्छ । काकी, भाउजू, चाण्डाली, पुक्कसी, पुत्रवधू, बहिनी, साथी, सानीमा, फुपू, शरणमा राखिएकी, सुरक्षाका लागि लिइएकी, माइजू, सगोत्री दिदी–बहिनी, अर्कालाई मन पराउने आइमाई, शिष्यको पत्नी अथवा गुरुपत्नीसित गमन गरेको छ भने चान्द्रायण व्रत गर्नुपर्दछ।४१–५४।

१७४. चतुःसप्तत्यधिकशततमोऽध्यायः

भिन्न प्रायश्चित्त

अग्निरुवाच

देवाश्रमार्च्चनादीनां प्रायश्चित्तं तु लोपकः ।
पूजालोपे चाष्टशतं जपेद् द्विगुणपूजनम् ।१।
पञ्चोपनिषदैर्मन्त्रैर्हुत्वा ब्राह्मणभोजनम् ।
सूतिकान्त्यजकोदक्या स्पृष्टे देवे शतं जपेत् ।२।
पञ्चोपनिषदैः पूजां द्विगुणं स्नानमेव च ।
विप्रभोज्यं होमलोपे होमस्नानं तथार्च्चनम् ।३।
होमद्रव्ये मूषिकाद्यैर्भक्षिते कीटसंयुते ।
तावन्मात्रं परित्यज्य प्रोक्ष्य देवादि पूजयेत् ।४।
अङ्कुरार्पणमात्रं तु छिन्नं भिन्नं परित्यजेत् ।
अस्पृश्यैश्चैव संस्पृष्टे ह्यन्यपात्रे तदर्पणम् ।५।
देवमानुषविघ्नघ्नं पूजाकाले तथैव च ।
मन्त्रद्रव्यादिव्यत्यासे मूलं जप्त्वा पुनर्जपेत् ।६।
कुम्भे नष्टे शतजपो देवे तु पतिते करात् ।
भिन्ने नष्टे चोपवासः शतहोमाच्छुभं भवेत् ।७।
कृते पापेनुतापो वै यस्य पुंसः प्रजायते ।
प्रायश्चित्तं तु तस्यैकं हरिसंस्मरणं परम् ।८।
चान्द्रायणं पराको वा प्राजापत्यमघौघनुत् ।
सूर्येश शक्तिश्रीशादिमन्त्रजप्यमघौघनुत् ।९।
गायत्रीप्रणवस्तोत्रमन्त्रजप्यमघान्तकम् ।
काद्यैराबीजसंयुक्तैराद्यराद्यैस्तदन्तकैः ।१०।
सूर्यशशक्तिश्रीशादिमन्त्राः कोट्यधिकाः पृथक् ।
ओंह्रीमाद्यचतुर्थ्यन्ता नमोन्ताः सर्वकामदाः ।११।
नृसिंहद्वादशाष्टार्णमालामन्त्राद्यघौघनुत् ।
आग्नेयस्य पुराणस्य पठनं श्रवणादिकम् ।१२।
द्विविद्यारूपको विष्णुरग्निरूपस्तु गीयते ।
परमात्मा देवमुखं सर्ववेदेषु गीयते ।१३।
प्रवृत्तौ तु निवृत्तौ तु इज्यते भुक्तिमुक्तिदः ।
अग्निरूपस्य विष्णोर्हि हवनं ध्यानमर्च्चनम् ।१४।
जप्यं स्तुतिश्च प्रणतिः शारीरस्थाद्यघौघनुत् ।

अग्निदेव भन्दछन्– देवमन्दिरको पूजन आदिको लोप गयो भने प्रायश्चित्त गर्नुपर्दछ। पूजाको लोप गर्दाखेरि एक सय आठ पटक जप गर्नु पर्दछ र दोब्बर पूजाको व्यवस्था गरी पञ्चोपनिषद् मन्त्रले हवन गरी ब्राह्मण भोजन गराउनुपर्दछ। सूतिका स्त्री, अन्त्यज अथवा रजस्वलाले देवमूर्तिलाई छोए भने सयपटक गायत्री जप गर्नुपर्दछ। दोब्बर स्नान गरेर पञ्चोपनिषद् मन्त्रले पूजन एवं ब्राह्मण भोजन गराउनुपर्दछ। होमको नियम भङ्ग भयो भनेदेखि होम, स्नान र पूजन गर्नुपर्दछ। होम द्रव्य मुसाले खायो वा किरा आदि परे भने त्यही भाग जति छोडेर शेष द्रव्यलाई पन धोईपखाली सफा गरेर देवताको पूजा गर्नुपर्दछ। अङ्कुर मात्र नै अर्पण गरे पनि छिन्नभिन्न भएका द्रव्यलाई छोडेर गर्नुपर्दछ। नछुनु पर्ने मानिसले छोएको छ भने त्यो पूजाको द्रव्य अर्को द्रव्य पात्रमा खनाउनुपर्दछ। पूजाका समयमा मन्त्र वा द्रव्य नै पनि अशुद्ध वा त्रुटिपूर्ण भयो भने दैव र मानिसका विघ्नहरूलाई निवारण गर्ने गणपतिको बीजमन्त्र जप गर्नुपर्दछ र फेरि पूजन गर्नु पर्दछ। देवमन्दिरको कलश नष्ट भयो भनेदेखि सयपटक मन्त्र जप गर्नुपर्दछ। हातबाट देवमूर्ति खस्यो र नष्ट भयो भने उपवाससहित अग्निमा एक सयपटक आहुति दिनाले शुद्ध हुन्छ। पाप गरेपछि जुन मानिसका मनमा पश्चाताप हुन्छ उसका लागि त श्रीहरिको स्मरण नै परम प्रायश्चित्त हो। चान्द्रायण, पराक एवं प्राजापत्य व्रतले पाप समूहकै विनाश गर्दछन्। सूर्य, शिव, शक्ति र विष्णुका मन्त्रको जपले पनि पापको शमन गर्दछन्। गायत्री, प्रणव, पापनाशनस्तोत्र एवं मन्त्रहरूको जपले पापलाई अन्त्य गराउँदछन्। सूर्य, शिव, शक्ति र विष्णुका कबाट सुरु हुने, रा बीजले युक्त भएका, रा नै सुरुमा र रा नै अन्त्यमा भएका मन्त्रहरू करोडौँ गुणा फल दिन सक्ने हुन्छन्। ती भन्दा बाहेक ओं क्लींबाट सुरु हुने चतुर्थी विभक्ति लागेका र अन्त्यमा नमः जोडिएका मन्त्रहरू सबै कामना सिद्ध गराउने हुन्छन्। नृसिहं भगवान्को द्वादशाक्षरी एवं अष्टाक्षरी मन्त्रका जपले पापसमूहको विनाश गर्दछन्। अग्निपुराणको पठन र श्रवण गर्नाले पनि समस्त पापहरूबाट मानिसले छुटकारा पाउँछ। यसै पुराणमा अग्निदेवताको माहात्म्य पनि वर्णन गरिएको छ। परमात्मा श्रीविष्णु नै मुखरूपी अग्निदेवता हुन् र सम्पूर्ण वेदमा तिनकै गायन गरिएको छ। भोग र मोक्ष प्रदान गर्ने उनै परमेश्वरलाई प्रवृत्ति र निवृत्ति मार्गद्वारा पनि पूजन गरिन्छ। अग्निका रूपमा रहेका विष्णुका उद्देश्यले हवन,

दशस्वर्णानि दानानि धान्यद्वादशमेव च ।१५।
तुलापुरुषमुख्यानि महादानानि षोडश ।
अन्नदानानि मुख्यानि सर्वाण्यघहराणि हि ।१६।
तिथिवारर्क्षसङ्क्रान्तियोगमन्वादिकालके ।
व्रतादिसूर्येशशक्तिश्रीशादेरघघातनम् ।१७।
गङ्गा गया प्रयागश्च काश्ययोध्या ह्वन्तिका ।
कुरुक्षेत्रं पुष्करं च नैमिषं पुरुषोत्तमः ।१८।
शालग्रामप्रभासाद्यं तीर्थं चाघौघघातकम् ।
अहं ब्रह्म परं ज्योतिरिति ध्यानमघौघनुत् ।१९।
पुराणं ब्रह्म चाग्नेयं ब्रह्माविष्णुर्महेश्वरः ।
अवताराः सर्वपूजाः प्रतिष्ठाप्रतिमादिकम् ।२०।
ज्योतिःशास्त्रपुराणानि स्मृतयस्तु तपोव्रतम् ।
अर्थशास्त्रं र सर्गाद्या आयुर्वेदो धनुर्मतिः ।२१।
शिक्षा छन्दो व्याकरणं निरुक्तं चाभिधानक् ।
कल्पो न्यायश्च मीमांसा ह्यन्यत्सर्वं हरिः प्रभुः ।२२।
एको द्वयोर्यतो यस्मिन्यः सर्वमिति वेद यः ।
तं दृष्ट्वान्यस्य॰पापानि विनश्यन्ति हरिश्च सः ।२३।
विद्याष्टादशरूपश्च सूक्ष्मः स्थूलोपरो हरिः ।
ज्योतिः सदक्षरं ब्रह्म परं विष्णुश्च निर्मलः ।२४।

जप, ध्यान, पूजन, स्तवन एवं नमस्कारले शरीरसम्बन्धी सबै पापहरूलाई विध्वंस गराउँछन् । दस किसिमको स्वर्णदान, बाह्र किसिमको धान्यदान, तुलापुरुष आदि सोह्र किसिमका महादान एवं सर्वश्रेष्ठ अन्नदान यी सबैले सबै खालका महापापहरूलाई अपहरण गर्छन् । तिथि, वार, नक्षत्र, सङ्क्रान्ति, योग, मन्वन्तरारम्भ आदिका समयमा सूर्य, शिव, शक्ति एवं विष्णुका उद्देश्यले गरिने व्रत आदिले पापलाई शमन गर्दछन्। गङ्गा, गया, प्रयाग, अयोध्या, उज्जैन, कुरुक्षेत्र, पुष्कर, नैमिषारण्य, पुरुषोत्तमक्षेत्र, शालग्राम, प्रभासक्षेत्र आदि तीर्थले पापसमूहलाई विनाश पारिदिन्छन् । म नै परमप्रकाशस्वरूप बल हुँ भन्ने खालको धारणाले पनि पापहरूको विनाश गराउँछ। ब्रह्मपुराण, अग्निपुराण, ब्रह्मा, विष्णु, महेश, भगवान्‌का अवतार, समस्त देवताहरूका प्रतिमाको प्रतिष्ठा एवं पूजा, ज्यौतिष, स्मृतिहरू, जप, व्रत, अर्थशास्त्र, सृष्टिको आदितत्त्व, आयुर्वेद, धनुर्वेद, शिक्षा, छन्दशास्त्र, व्याकरण, निरुक्त, कोष, कल्प, न्याय, मीमांसाशास्त्र एवं सबै कुराहरू नै पनि भगवान् श्रीविष्णुका विभूतिहरू हुन् । तिनै हरि एक भईकन पनि सगुण निर्गुण दुई रूपमा विभक्त एवं सम्पूर्ण संसारमा व्यापक भई विद्यमान छन् । जसले यस खालको कुरो जान्दछन् उनी श्रीहरिस्वरूपमै हुन् र ती महापुरुषको दर्शन गर्नाले अरूकै पाप पनि विनष्ट हुन्छन्। भगवान् श्रीहरि नै अष्टादश विद्यास्वरूप, सूक्ष्म, स्थूल, सच्चित्स्वरूप, अविनाशी परब्रह्म एवं निष्पाप विष्णु हुन् ।१-२४।

१७५. पञ्चसप्तत्यधिकशततमोऽध्यायः

व्रतपरिभाषा

अग्निरुवाच
तिथिवारर्क्षदिवसमासर्त्त्वब्दार्क्कसङ्क्रमे ।
नृस्त्रीव्रतादि वक्षामि वसिष्ठ शृणु तत्क्रमात् ।१।
शास्त्रोदितो हि नियमो व्रतं तच्च तपो मतम् ।
नियमास्तु विशेषास्तु व्रतस्यैव दमादयः ।२।
व्रतं हि कर्तृसन्तापात्तप इत्यभिधीयते ।
इन्द्रियग्राम नियमो नियमश्चाभिधीयते ।३।
अनग्नयस्तु ये विप्रास्तेषां श्रेयोभिधीयते ।
व्रतोपवासनियमैर्नानादानैस्तथा द्विजः ।४।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म तिथि, वार, नक्षत्र, दिवस, मास, ऋतु, वर्ष तथा सूर्यसङ्क्रान्तिका अवसरमा गरिने स्त्रीपुरुषसम्बन्धी व्रत आदिको वर्णन क्रमशः गर्दछु, ध्यान दिएर सुन। शास्त्रोक्त नियमलाई नै व्रत भनिन्छ र त्यही नै तप मानिन्छ। इन्द्रियसंयमलाई दम भन्दछन् र मनको नियन्त्रणलाई शम भन्दछन्; यी पनि व्रत कै अङ्ग हुन्। व्रत गर्ने पुरुषले शारीरिक सन्ताप सहन गर्नुपर्दछ त्यसैले यस व्रतलाई तप भन्ने नाम दिइएको हो । त्यसै गरी यस व्रतमा इन्द्रियसमुदायलाई नियमन वा संयम गर्नुपर्ने भएकाले नै त्यसलाई नियम पनि भन्दछन्। ब्राह्मण अथवा अन्य द्विज जो अग्निहोत्री होइनन् उनीहरूका लागि व्रत, उपवास, नियम तथा अन्य नाना प्रकारका दानहरूले कल्याणको प्राप्ति हुनेकुरो

ते स्युर्देवादयः प्रीता भुक्तिमुक्तिप्रदायकाः ।
उपावृत्तस्य पापेभ्यो यस्तु वासो गुणैः सह ।५।
उपवासः स विज्ञेयः सर्वभोगविवर्जितः ।
कांस्यं मांसं मसूरं च चणकं कोरदूषणम् ।६।
शाकं मधु परान्नं च त्यजेदुपवसन्स्त्रियम् ।
पुष्पालङ्कारवस्त्राणि धूपगन्धानुलेपनम् ।७।
उपवासे न शस्यन्ति दन्तधावनमञ्जनम् ।
दन्तकाष्ठं पञ्चगव्यं कृत्वा प्रातर्व्रतं चरेत् ।८।
असकृज्जलपानाच्च ताम्बूलस्य च भक्षणात् ।
उपवासः प्रदुष्येत दिवास्वप्नाच्च मैथुनात् ।९।
क्षमा सत्यं दया दानं शौचमिन्द्रियनिग्रहः ।
देवपूजाग्निहरणं सन्तोषोऽस्तेयमेव च ।१०।
सर्वव्रतेष्वयं धर्मः सामान्यो दशधा स्मृतः ।
पवित्राणि जपेच्चैव जुहुयाच्चैव शक्तितः ।११।
नित्यस्नायी मिताहारी गुरुदेवद्विजार्च्चकः ।
क्षारं क्षौद्रं च लवणं मधु मांसानि वर्जयेत् ।१२।
तिलमुद्गादृते शस्यं सस्ये गोधूमकोद्रवौ ।
चीनकं देवधान्यं च शमीधान्यं तथैक्षवम् ।१३।
शितधान्यं तथा पण्यं मूलं क्षारगणः स्मृतः ।
व्रीहिषष्टिकमुद्गाश्च कलायाः सतिला यवाः ।१४।
श्यामाकाश्चैव नीवारा गोधूमाद्या व्रतेहिताः ।
कूष्माण्डालाबुवार्त्ताकून्पालङ्कीं पूतिकां त्यजेत् ।१५।
चरुभैक्ष्यं सक्तुकणाः शाकं दधि घृतं पयः ।
श्यामाकशालिनीवारा यवकं मूलतण्डुलम् ।१६।
हविष्यं व्रतनक्तादावग्निकार्यादिके हितम् ।
मधुं मांसं विहायान्यद् व्रते वा हितमीरितम् ।१७।
त्र्यहं प्रातस्त्र्यहं सायं त्र्यहमाद्यादयाचितम् ।
त्र्यहं परं च नाश्नीयात्प्राजापत्यं चरन्द्विजः ।१८।
एकैकं ग्रासमश्नीयात्त्र्यहाणि त्रीणि पूर्ववत् ।

बताइएको छ । उक्त व्रत-उपवास आदिलाई पालन गर्नाले देवता एवं भगवान् प्रसन्न भई भोग तथा मोक्ष प्रदान गर्दछन् । पापबाट निवृत्त भएर सबै खालका भोगहरूलाई त्याग गरेर सद्गुणयुक्त भई जुन वास गरिन्छ त्यसैलाई उपवास भन्ने बुझ्नुपर्दछ । उपवास गर्ने पुरुषले काँसका भाँडा, मांस, मुसुरो, चना, कोदो, साग, मधु, पराई अन्न र स्त्रीसम्भोग त्याग गर्नुपर्दछ। उपवास समयमा फूल, अलङ्कार, सुन्दर वस्त्र, धुप, सुगन्ध, अङ्गराग, दन्तमञ्जन र दतिवन आदि सबै वस्तुहरूको सेवन गुर्न राम्रो मानिँदैन । बिहानीपख पानीले मुख धोएर कुल्ला गरेपछि पञ्चगव्य लिएर व्रत आरम्भ गर्नुपर्दछ। अनेकौँ पटक पानी खाने, पान खाने, दिउँसो सुत्ने र मैथुन गर्ने गर्दा व्रत दूषित हुन्छ। क्षमा, सत्य, दया, दान, शौच, इन्द्रिय संयम, देवपूजा, अग्निहोत्र, सन्तोष तथा चोरीको भाव नलिनु यी दस नियम सामान्यतया सबै व्रतमा आवश्यक मानिएका छन् । व्रतमा पवित्र ऋचाहरूको जप गर्नुपर्छ र आफ्नो शक्तिअनुसार हवन गर्नुपर्दछ। व्रत गर्ने पुरुषले प्रतिदिन स्नान तथा सीमित-नियमित भोजन खाने गर्नुपर्दछ । गुरु, देवता र ब्राह्मणको पूजा गर्नुपर्दछ। क्षार, मह, नुन, मदिरा र मांस त्याग्नु पर्दछ। तिल, मुगी आदिका अतिरिक्त धान्य पनि वर्जित छ। धान्य वा अन्नमा – मास, कोदो, चीना, देवधान्य, शमीधान्य, गुड, शितधान्य, पय तथा मुला यति क्षारगण मानिएका छन् । व्रतमा यिनीहरूलाई त्याग्नु पर्दछ । धान, साठीको चामल, मुगी, केराउ, तिल, जौ, सामा, तिन्नीको चामल र गहुँ आदि अन्न व्रतमा उपयोगी हुन्छन्। कुभिन्डो, लौको, भ्यान्टा, पालक र पूतिकालाई त्याग्नुपर्छ। चरु, भिक्षामा प्राप्त भएको अन्न, सत्तुका दाना, साग, दही, घिउ, दुध, सामा, संसिरे धानको चामल, तिन्नीको चामल, जौको हलुवा र मूल तण्डुल यी हविष्य हुन् भन्ने मानिएको छ। यिनलाई व्रतमा, नक्त व्रतमा र अग्निहोत्रमा पनि उपयोगी हुन्छन् भन्ने बताइएको छ । अथवा मांस, मदिरा आदि अपवित्र वस्तुहरूलाई छोडेर अरू सबै उत्तम वस्तुहरू नै व्रतमा हितकारी हुन्छन्। प्राजापत्यव्रत अनुष्ठान गर्ने द्विजले तीन दिन केवल प्रातःकाल र तीन दिन केवल सन्ध्याकालमा मात्रै भोजन गर्नुपर्दछ । त्यसपछिका तीन दिन नमागीकनै जेजस्तो पाइन्छ केवल त्यही नै दिनमा एकपटक भोजन गर्नुपर्दछ र त्यसपछि तीन दिनसम्म उपवास नै बस्नुपर्दछ। यसै गरी अतिकृच्छ्र व्रत अनुष्ठान गर्ने द्विजले पहिलेकै जस्तो तीन दिन बिहान, तीन दिन बेलुका र तीन दिन नमागी पाइएको अन्न एक एक गाँस भोजन गर्नु पर्छ र अन्तिम दिनमा उपवास बस्नुपर्छ। गोमूत्र, गोबर, दुध, दही, घिउ र कुशको जल यति सबै कुरा मिसाएर पहिलो दिन पिउने र

त्र्यहं चोपवसेदन्त्यमतिकृच्छ्रं चरन्द्विजः ।१९।
गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम् ।
एकरात्रोपवासश्च कृच्छ्रं सान्तपनं स्मृतम् ।२०।
पृथक्सान्तपनद्रव्यैः षडहः सोपवासकः ।
सप्ताहेन तु कृच्छ्रोयं महासान्तापनोघहा ।२१।
द्वादशाहोपवासेन पराकः सर्वपापहा ।
महापराकस्त्रिगुणस्त्वयमेव प्रकीर्त्तितः ।२२।
पौर्णमास्यां पञ्चदशग्रास्यमावास्यभोजनः ।
एकापाये ततो वृद्धौ चान्द्रायणमतोन्यथा ।२३।
कपिलागोः पलं मूत्रमर्द्धाङ्गुष्ठं च गोमयम् ।
क्षीरं सप्तपलं दद्याद्दध्नश्चैव पलद्वयम् ।२४।
घृतमेकपलं दद्यात्पलमेकं कुशोदकम् ।
गायत्र्या गृह्य गोमूत्रं गन्धद्वारेति गोमयम् ।२५।
आप्यायस्वेति च क्षीरं दधिक्राव्णेति वै दधि ।
तेजोऽसीति तथा चाज्यं देवस्येति कुशोदकम् ।२६।
ब्रह्मकूर्च्चो भवत्येवमापोहिष्ठेत्यृचं जपेत् ।
अघमर्षण सूक्तेन संयोज्य प्रणवेन वा ।२७।
पीत्वा सर्वाघनिर्मुक्तो विष्णुलोकी ह्युपोषितः ।
उपवासी सायम्भोजी यतिः षष्ठात्मकालवान् ।२८।
मांसवर्जी चाश्वमेधी सत्यवादी दिवं व्रजेत् ।
अग्न्याधेयं प्रतिष्ठा च यज्ञदानव्रतानि च ।२९।
देवव्रतवृषोत्सर्गचूडाकरणमेखलाः ।
माङ्गल्यमभिषेकं च मलमासे विवर्जयेत् ।३०।
दर्शाद्दर्शस्तु चान्द्रः स्यात्त्रिंशाहश्चैव सावनः ।
मासः सौरस्तु सङ्क्रान्तेर्नाक्षत्रो भविवर्त्तनात् ।३१।
सौरो मासो विवाहादौ यज्ञादौ सावनः स्मृतः ।
आब्दिके पितृकार्ये च चान्द्रो मासः प्रशस्यते ।३२।
आषाढीमवधिं कृत्वा यः स्यात्पक्षस्तु पञ्चमः ।
कुर्याच्छ्राद्धं तत्र रविः कन्यां गच्छतु वा न वा ।३३।

त्यसपछि दोस्रो दिन उपवास नै बस्ने गरेको यो सान्तपनकृच्छ्र नामको व्रत हो । उपर्युक्त द्रव्यहरूलाई छुट्टाट्टै एकएक दिनका क्रमले छ दिनसम्म सेवन गरेर साँतौं दिन उपवास गरियो भने यो प्रकारको एक हप्ते व्रत नै महासान्तपनकृच्छ्र हो भनिन्छ र यसले सबै पापहरू नाश गर्दछ ।१-२१।

लगातार बाह्र दिनको उपवासबाट सम्पन्न हुने व्रतलाई पराक भन्दछन् । यसले सबै पापहरू नाश गर्दछ । यसको तीन गुना अर्थात् छत्तीस दिनसम्म उपवास गर्दा त्यही व्रत नै महापराक व्रत भनिन्छ । पूर्णिमाका दिन प्रन्ध्र गाँस खाएर त्यसपछि प्रत्येक दिन एक गाँसका दरले घटाउदै औँसीका दिन निराहार बस्नु र प्रतिपदाका दिन एक गाँस खाई एक गाँसका दरले प्रत्येक दिन बढाउँदै लैजानु यस किसिमका व्रतलाई नै चान्द्रायण भन्दछन् । यसलाई यसैको विपरीत क्रमबाट पनि गरिन्छ । एक पल कैली गाईको मूत्र, आधा बुढी औँलोजति गोबर, सातपल दुध, दुई पल दही, एक पल घिउ र कुशको पानी एक पल एकै ठाउँमा मिसाउने । ती सबैलाई मिसाउने बेलामा गायत्री मन्त्रले गोमूत्र खन्याउनुपर्छ। गन्धद्वारा दुराधर्षां. भन्ने श्री सूक्त मन्त्रले गोबर हाल्नुपर्छ । आप्यायस्व. भन्ने मन्त्रले दुध खन्याउनुपर्छ । दधि क्राव्णो मन्त्रले दही खन्याउनुपर्छ। तेजोऽसि शुक्रमस्यमृतमसि मन्त्रले घिउ हाल्नुपर्छ र देवस्य. (यजु. २०।३) मन्त्रले कुशको पानी मिस्नु पर्दछ । यस किसिमले बनेको चिज जे हो त्यसैलाई ब्रह्म कूर्च भन्दछन् । ब्रह्मकूर्च तयार भएपछि दिनभरि भोकै बसेर साँझपख अघमर्षण मन्त्र अथवा प्रणका साथमा आपो हि ष्ठाः ऋचा जप गरेर त्यसलाई पिउनुपर्छ। यसो गर्नेहरू सबै पापबाट मुक्त भएर विष्णुलोकमा जान्छन् । दिनभरि उपवास गरेर बेलुका भोजन गर्ने, दिनका आठ भागमध्ये केवल छैटौं भागमा आहार ग्रहण गर्ने संन्यासी, मांस त्याग्ने, अश्वमेधयज्ञ गर्ने र सत्यवादी पुरुष स्वर्गलोक जान्छन् । अग्न्याधान, प्रतिष्ठा, यज्ञ, दान, व्रत, देवव्रत, वृषोत्सर्ग, चूडाकरण, मेखलाबन्ध, विवाह आदि माङ्गलिक कार्य र अभिषेक यस्ता सबै कार्यहरू मलमासमा गर्नु हुँदैन। औँसीदेखि औँसीसम्मको एक महिना चान्द्रमास हो भनिन्छ। तीस दिनका महिनालाई सावनमास भनिन्छ । सङ्क्रान्तिदेखि सङ्क्रान्तिसम्मका समयलाई सौरमास भन्दछन् र क्रमशः सम्पूर्ण नक्षत्रहरूको परिवर्तन काललाई नाक्षत्रमास भन्दछन् । विवाह आदिमा सौरमास, यज्ञमा सावनमास, वार्षिक श्राद्ध आदि पितृकार्यमा चान्द्रमास उत्तम हुन्छ भन्ने मानिएको छ। आषाढ पूर्णिमापछि जुन पाँचौं पक्ष आउँछ त्यसमा पितृको श्राद्ध अवश्य गर्नुपर्दछ।

मासि संवत्सरे चैव तिथिद्वैधं यदा भवेत् ।
तत्रोत्तरोत्तमा ज्ञेया पूर्वा तु स्यान्मलिम्लुचा ।३४।
उपोषितव्यं नक्षत्रं येनास्तं याति भास्करः ।
दिवा पुण्यास्तु तिथयो रात्रौ नक्तव्रते शुभाः ।३५।
युग्माग्नियुगभूतानि षण्मुन्योर्वसुरन्ध्रयोः ।
रुद्रेण द्वादशी युक्ता चतुर्दश्या च पूर्णिमा ।३६।
प्रतिपदात्वमावास्या तिथ्योर्युग्मं महाफलम् ।
एतद् व्यस्तं महाघोरं हन्ति पुण्यं पुराकृतम् ।३७।
नरेन्द्रमन्त्रिव्रतिनां विवाहोपद्रवादिषु ।
सद्यः शौचं समाख्यातं कान्तारापदि संसदि ।३८।
आरब्धदीर्घतपसां न राजा व्रतहा स्त्रियाः ।
गर्भिणी सूतिका नक्तं कुमारी च रजस्वला ।३९।
यदाऽशुद्धा तदान्येन कारयेत क्रियाः सदा ।
क्रोधात्प्रमादाल्लोभाद्वा व्रतभङ्गो भवेद्यदि ।४०।
दिनत्रयं न भुञ्जीत मुण्डनं शिरसोऽथवा ।
असामर्थ्ये व्रतकृतौ पत्नीं वा कारयेत्सुतम् ।४१।
सूतके मृतके कार्ये प्रारब्धं पूजनोज्झितम् ।
व्रतस्थं मूर्च्छितं दुग्धपानाद्यैरुपद्धरेद् गुरुः ।४२।
अष्टौ तान्यव्रतघ्नानि आपोमूलं फलं पयः ।
हविर्ब्राह्मणकाम्या च गुरोर्वचनमौषधम् ।४३।
कीर्त्तिसन्ततिविद्यादिसौभाग्यारोग्यवृद्धये ।
नैर्मल्यभुक्तिमुक्त्यर्थं कुर्वे व्रतपते व्रतम् ।४४।
इदं व्रतं मया श्रेष्ठं गृहीतं पुरतस्तव ।
निर्विघ्नां सिद्धिमायातु त्वत्प्रसादाज्जगत्पते ।४५।
गृहीतेऽस्मिन्व्रतवरे यद्यपूर्णे म्रिये ह्यहम् ।
तत्सर्वं पूर्णमेवास्तु प्रसन्ने त्वयि सत्पतौ ।४६।
व्रतमूर्तिं जगद्भूतिं मण्डले सर्वसिद्धये ।
आवाहये नमस्तुभ्यं सन्निधौ भव केशव ।४७।
मनसा कल्पितैर्भक्त्या पञ्चगव्यैर्जलैः शुभैः ।

त्यसबेलामा श्राद्ध गर्नका लागि सूर्य कन्या राशिमा गएको छ कि छैन भनी हेर्नु आवश्यक छैन। मासिक वा वार्षिक व्रतमा यदि कुनै तिथि दुई दिनको भइदियो भनेदेखि पछिल्लो दिनको तिथि नै उत्तम हुन्छ र पहिलोलाई मलिन मान्नुपर्दछ। नक्षत्र व्रत गर्दा त्यसै नक्षत्रको उपवास गर्नुपर्छ, जसमा सूर्य अस्त हुन्छ। दिनव्रतमा दिनव्यापी र रात्रिव्रतमा रात्रिव्यापी तिथिलाई पवित्र र शुभ मान्नुपर्दछ। द्वितीयासित तृतीया, चतुर्थीसित पञ्चमी, षष्ठीसित सप्तमी, अष्टमीसित नवमी, एकादशीसित द्वादशी, चतुर्थीसित पूर्णिमा र औँसीसित प्रतिपदालाई गाँस्नु उत्तम हुन्छ। षष्ठी सप्तमीहरूको पनि यस्तै कुरो बुझ्नुपर्दछ। यस्ता तिथिहरूको मेल महान् फल प्रदायक हुन्छ। त्यसको विपरीत अर्थात् प्रतिपदासित द्वितीया, तृतीयासित चतुर्थी आदिको जोडा मिलाउने जुन भाव हुन्छ त्यो अत्यन्त भयानक हुन्छ। त्यसले पहिले गरिएका सबै पुण्यहरूलाई नै नष्ट गराइदिन्छ। राजा, मन्त्री र व्रतधारी पुरुषका लागि विवाह, उपद्रव, दुर्गम स्थान, सङ्कटको समय र युद्धका अवसरमा तत्काल शुद्धि, हुन्छ भन्ने बताइएको छ। जसले धेरै लामो समयपछि समाप्त हुने व्रत धारण गरेको छ, त्यस्ती स्त्री यदि बीचैमा रजस्वला भई भने त्यो रज उसको व्रतको बाधक हुँदैन। गर्भवती स्त्री, सुत्केरी स्त्री अथवा रजस्वला कन्याले अशुद्ध भएका कारण व्रतका गर्नुपर्ने काम गर्न भएन वा सकेनन् भने ती शुभ कार्य अरूबाटै सम्पादन गराउनुपर्छ। यदि रिसले, अल्छीले अथवा लोभले व्रत भङ्ग भयो भने तीन दिनसम्म भोजन गर्नुहुँदैन अथवा टाउको खौराउनुपर्छ। व्रत गर्नमा यदि असमर्थता छ भने त्यो व्रत पत्नी या पुत्रबाट गराउनुपर्छ। आरम्भ गरेका व्रतको पालन जन्म वा मृत्यु अशौचमा पनि गरिरहनुपर्छ। त्यस्तोमा केवल पूजाका कार्यहरू बन्द गर्नुपर्दछ। व्रती व्यक्ति यदि उपवासकै कारण मूर्छित भयो भने गुरुले दुध खुवाएर वा अरू कुनै उत्तम उपायले उसलाई होसमा ल्याउनुपर्छ। जल, फल, मूल, दुध, घिउ, ब्राह्मणको रहर पूरा गर्ने काम, गुरुको वचन र औषधि यी आठ कुरा व्रतका नाशक हुँदैनन्।२२-४३।

व्रत गर्ने मानिसले व्रतका स्वामीसित – हे व्रतपति ! कीर्ति, सन्तान, विद्या, सौभाग्य, आरोग्य, अभिवृद्धि, निर्मलता, भोग र मोक्षका लागि म व्रत अनुष्ठान गर्दछु भनी प्रार्थना गर्नुपर्छ। उसले यो श्रेष्ठ व्रत म तिम्रा समक्ष ग्रहण गरेको छु। हे जगत्पति ! तिम्रा प्रसन्नताले निर्विघ्नतापूर्वक सिद्धि प्राप्त होस्; हे सज्जनका रक्षक ! यो श्रेष्ठ व्रत ग्रहण गरिसकेपछि यदि यसलाई गर्न नपाईकन मेरो मृत्यु भएछ भने पनि तिमी प्रसन्न भएमा यो अवश्य पूर्ण हुनेछ भन्नुपर्छ। उसैगरी – हे केशव !

पञ्चामृतैः स्नापयामि त्वं मे च भव पापहा ।४८।
गन्धपुष्पोदकैर्युक्तमर्घ्यमर्घ्यपते शुभम् ।
गृहाण पाद्यमाचाममर्घ्यार्हं कुरु मां सदा ।४९।
वस्त्रं वस्त्रपते पुण्यं गृहाण कुरु मां सदा ।
भूषणाद्यैः सुवस्त्राद्यैश्छादितं व्रतसत्पते ।५०।
सुगन्धिगन्धं विमलं गन्धमूर्ते गृहाण वै ।
पापगन्धविहीनं मां कुरु त्वं हि सुगन्धिनम् ।५१।
पुष्पं गृहाण पुष्पादिपूर्णं मां कुरु सर्वदा ।
पुष्पगन्धं सुविमलं आयुरारोग्यवृद्धये ।५२।
दशाङ्गं गुग्गुलुघृतयुक्तं धूपं गृहाण वै ।
स धूपधूपितं मां त्वं कुरु धूपित सत्पते ।५३।
दीपमूर्ध्वशिखं दीप्तं गृहाणाखिलभासकम् ।
दीपमूर्ते प्रकाशाढ्यं सर्वदोर्द्ध्वगतिं कुरु ।५४।
अन्नादिकं च नैवेद्यं गृहाणान्नादि सत्पते ।
अन्नादि पूर्णं कुरु मामन्नदं सर्वदायकम् ।५५।
मन्त्रहीनं क्रियाहीनं भक्तिहीन मया प्रभो ।
यत्पूजितं व्रतपते परिपूर्णं तदस्तु मे ।५६।
धर्मं देहि धनं देहि सौभाग्यं गुणसन्ततिम् ।
कीर्त्तिं विद्यां देहि चायुः स्वर्गं मोक्षं च देहि मे ।५७।
इमां पूजां व्रतपते गृहीत्वा व्रज साम्प्रतम् ।
पुनरागमनायैव वरदानाय वै प्रभो ।५८।
स्नात्वा व्रतवता सर्वव्रतेषु व्रतमूर्तयः ।
पूज्याः सुवर्णजास्ता वै शक्त्या वै भूमिशायिना ।५९।
जपो होमश्च सामान्यं व्रतान्ते दानमेव च ।
चतुर्विंशाद्द्वादशा वा पञ्च वा त्रय एककः ।६०।
विप्राः प्रपूज्याः गुरवो भोज्याः शक्त्या तु दक्षिणा ।
देया गावः सुवर्णाद्याः पादुकोपानहौ पृथक् ।६१।
जलपात्रं चान्नपात्रमृत्तिकाच्छत्रमासनम् ।
शय्या वस्त्रयुगं कुम्भाः परिभाषेयमीरिता ।६२।

तिमी व्रतस्वरूप हौ ! तिमी नै संसारको उत्पत्तिका स्थान र जगत्लाई कल्याण प्रदान गर्ने हौ। म सम्पूर्ण मनोरथ सिद्धिका लागि तिमीलाई यस मण्डलमा आह्वान गर्दछु; तिमी मेरा समीपमा आऊ; मनले नै तयार गरेको पञ्चगव्य, पञ्चामृत र उत्तम जलले तिमीलाई म स्नान गराउँछु भन्नुपर्दछ। यसै गरी – मिती नै मेरो पापका नाशक हौ; हे अर्घ्यपति ! गन्ध, पुष्प र जलले युक्त उत्तम मध्य एवं पाद्य ग्रहण गर; आचमन गर र मलाई सधैँ सम्मानयोग्य बनाइदेऊ; हे वस्त्रपति ! हे व्रतका स्वामी ! यो पवित्र वस्त्र ग्रहण गर र मालई सधैँ सुन्दर वस्त्र एवं आभूषणले छोपिराख। हे गन्ध स्वरूप परमात्मा ! यो पवित्र, उत्तम सुगन्धले युक्त चन्दन लेऊ र मलाई पापका दुर्गन्धबाट रहित एवं सुगन्धले युक्त गराऊ भन्नुपर्छ। हे भगवान् ! यो पुष्प लेऊ र मलाई सधैँ फलफूल आदिले परिपूर्ण बनाऊ; यस फूलको निर्मल सुगन्धले आयु र आरोग्य वृद्धि गराओस्; हे सन्तहरूका स्वामी ! गुग्गुल र घिउ मिसाइएको यस दशाङ्ग धुपलाई स्वीकार गर; धुपले पूजित हे परमेश्वर ! मलाई तिमी उत्तम धुपका सुगन्धले युक्त गराऊ। हे दीपस्वरूप देवता ! सबैलाई प्रकाशित गराउने यस प्रकाशस्वरूप, शिखा मास्तिर उठिरहेको दीपलाई ग्रहण गर र मलाई पनि प्रकाशयुक्त एवं ऊर्ध्वगतिशील बनाऊ। अन्न आदि सबै वस्तुका हे अधीश्वर ! यही अन्न आदि नैवेद्य ग्रहण गर र मलाई अन्न आदि वैभवले सम्पन्न, अन्नदाता एवं सर्वस्वदान गर्न सक्ने बनाऊ। हे प्रभु ! हे व्रतद्वारा आराधना गरिने देवता ! मैले मन्त्र, विधि, भक्तिबिना नै तिमीलाई जेजस्तो पूजा गरेको छु त्यो तिम्रो कृपाले नै परिपूर्ण एवं सफल होस्। मलाई तिमी धर्म, धन, सौभाग्य, गुण, सन्तति, कीर्ति, विद्या, आयु, स्वर्ग र मोक्ष प्रदान गर। हे व्रतपति ! हे प्रभु ! अहिले मेरो पूजा ग्रहण गरेर अहिले तिमी मलाई फेरि वरदान दिनका लागि यहाँ आउन आफ्नो स्थानमा जाऊ। व्रतधारी पुरुषले जुनसुकै खालका व्रतमा स्नान गरेर व्रतसम्बन्धी देवताको स्वर्णमयी प्रतिमालाई यथाशक्ति पूजन गर्नु र राति भुइँमा सुत्नु उचित हुन्छ। व्रतका अन्त्यमा जप, होम र दान सामान्य कर्तव्य हुन्। त्यसका साथै आफ्नो शक्तिअनुसार चौबीस बाह्र, पाँच, तीन वा एक ब्राह्मणलाई र गुरुजनलाई पूजा गरेर तिनलाई भोग गराउनुपर्छ र शक्तिअनुसार तिनीहरू सबैलाई छुट्टाछुट्टै गाई, सुवर्ण, खराऊ, जुत्ता, जलपात्र, अन्नपात्र, माटो, छाता, आसन, शय्या, दुई वस्त्र र कलश आदि वस्तु दक्षिणामा दिनुपर्छ। यस्तै किसिमले यहाँ व्रतको परिभाषा बताइएको छ।४४-६२।

१७६. षट्सप्तत्यधिकशततमोऽध्यायः

प्रतिपदव्रत

अग्निरुवाच

वक्ष्ये प्रतिपदादीनि व्रतान्यखिलदानि ते ।
कार्त्तिकाश्वयुजे चैत्रे प्रतिपद् ब्रह्मणस्तिथिः ।१।
पञ्चदश्यां निराहारः प्रतिपद्यर्च्चयेदजम् ।
ओं तत्सद् ब्रह्मणे नमो गायत्र्या वाब्दमेककम् ।२।
अक्षमालां स्रुवं दक्षे वामे स्रुचं कमण्डलुम् ।
लम्बकूर्चं च जटिलं हैमं ब्रह्माण मर्च्चयेत् ।३।
शक्त्या क्षीरं प्रददानु ब्रह्मा मे प्रीयतामिति ।
निर्मलो भोगभुक् स्वर्गे भूमौ विप्रो धनी भवेत् ।४।
धन्यं व्रतं प्रवक्ष्यामि ह्यधन्यो धन्यतां व्रजेत् ।
मार्गशीर्षे प्रतिपदि नक्तं हुत्वाप्युपोषितः ।५।
अग्नये नम इत्यग्निं प्राच्यार्ब्दं सर्वभाग्भवेत् ।
प्रतिपद्येकभक्ताशी समाप्ते कपिलाप्रदः ।
वैश्वानरपदं याति शिखिव्रतमिदं स्मृतम् ।६।

अग्निदेव भन्दछन्— अब म तिमीसित प्रतिपदा आदि तिथिहरूको व्रत बताउँछु, त्यसले सबै खालका मनोरथ प्रदान गर्दछ। कार्तिक, आश्विन र चैत्र महिनामा कृष्णपक्षका प्रतिपदा तिथिहरू ब्रह्माका तिथि हुन्। पूर्णिमाका दिन उपवास गरेर प्रतिपदामा ब्रह्माको पूजा गर्नुपर्दछ। पूजा गर्दा— ओं तत्सद्ब्रह्मणे नमः भन्ने, मन्त्रले अथवा गायत्री मन्त्रले गर्नुपर्दछ। यस्तो व्रत एक वर्षसम्म गर्नुपर्छ। ब्रह्माको सुवर्णमय मूर्तिको पूजा गर्नुपर्दछ। त्यसका दाहिने हातमा स्फटिकको माला र स्रुवा हुन्छ र बायाँ हातमा स्रुक् एवं कमण्डलु हुन्छ। त्यसका साथै लामा दाह्री र शिरमा जटा हुनुपर्छ। सकेअनुसार दुध चढाउनुपर्छ र मनमा ब्रह्मा ममाथि प्रसन्न होऊन् भन्ने उद्देश्य राख्नुपर्छ। यसो गर्ने मानिस निष्पाप भएर स्वर्गमा उत्तम फल भोग्दछ र पृथ्वीमा धनवान् ब्राह्मणका रूपमा जन्म लिन्छ। अब म धन्यव्रतको वर्णन गर्दछु। यसको अनुष्ठान गर्नाले अधन्य पनि धन्य हुन्छ। सबैभन्दा पहिले मंसिर महिनाको प्रतिपदामा उपवास गरेर रातमा अग्नये नमः भन्ने मन्त्रले होम र अग्निको पूजा गर्नुपर्छ। यसै किसिमले प्रत्येक महिनाको प्रतिपदा तिथिमा एक वर्षसम्म अग्निको आराधना गर्नाले मानिस बसै सुखको भागी बन्दछ। प्रत्येक प्रतिपदामा दिनको एक छाक भोजन गरिबस्नुपर्छ। वर्षदिनमा व्रतको समाप्ति हुँदा ब्राह्मणले कैलो गाई दान गर्नुपर्छ। यसो गर्ने मानिसले वैश्वानर पद प्राप्त गर्दछ। यसलाई शिखिव्रत भन्दछन् ।१–६।

१७७. सप्तसप्तत्यधिकशततमोऽध्यायः

द्वितीयाव्रत

अग्निरुवाच

द्वितीयाव्रतकं वक्ष्ये भुक्तिमुक्त्यादिदायकम् ।
पुष्पाहारी द्वितीयायामश्विनौ पूजयेत्सुरौ ।१।
अब्दं स्वरूपसौभाग्यं स्वर्गभाग् जायते व्रती ।
कार्त्तिके शुक्लपक्षस्य द्वितीयायां यमं यजेत् ।२।
अब्दमुपोषितः स्वर्गं गच्छेन्न नरकं व्रती ।

पुष्करले भन्दछन्— अब म द्वितीया व्रतका विषयमा भन्दछु र यसले भोग एवं मोक्ष प्रदान गर्दछ। प्रत्येक महिना द्वितीया तिथिमा फल खाएर रहनुपर्छ र दुई अश्विनी कुमार नामका देवताहरूलाई पूजा गर्नुपर्छ। एक वर्षसम्म यस प्रकारको व्रत गर्नाले सुन्दर स्वरूप र सौभाग्य प्राप्त हुन्छ साथै अन्त्यमा व्रती पुरुष स्वर्गलोकको भागी बन्दछ। कार्तिक शुक्लपक्षको द्वितीयामा यमको पूजा गर्नुपर्दछ। त्यसपछि एक वर्षसम्म प्रत्येक शुक्लपक्षका द्वितीयाहरूमा उपवाससहित व्रत राख्नुपर्छ। यसो गर्ने पूरुष स्वर्गमा जान्छ; नरकमा पर्दैन।

अशून्यशयनं वक्ष्ये ह्यवैधव्याधिदायकम् ।३।
कृष्णपक्षे द्वितीयायां श्रावणस्य चरेदिदम् ।
श्रीवत्सधारिन् श्रीकान्त श्रीधामन् श्रीपतेऽव्यय ।४।
गार्हस्थ्यं मा प्रणाशं मे यातु धर्म्मार्थकाम पदम् ।
अग्नयो मा प्रणश्यन्तु मा प्रणश्यन्तु देवताः ।५।
पितरो मा प्रणश्यन्तु मत्तो दाम्पत्यभेदतः ।
लक्ष्म्या वियुज्यते देवो न कदाचिद्यथा भवान् ।६।
तथा कलत्रसम्बन्धो देव मा मे विभिद्यताम् ।
लक्ष्म्या न शून्यं वरद यथा ते शयनं विभो ।७।
शय्या ममाप्यशून्यास्तु तथैव मधुसूदन ।
लक्ष्मीं विष्णुं यजेदब्दं दद्याच्छय्यां फलानि च ।८।
प्रतिमासं च सोमाय दद्यादर्घ्यं समन्त्रकम् ।
गगनाङ्गणसन्दीपं दुग्धाब्धिमथनोद्भव ।९।
भाभासितदिगाभोग रामानुज नमोऽस्तु ते ।
ओं श्रीधराय नमः सोमात्मानं हरिं यजेत् ।१०।
घं ढं भं हं श्रियै नमो दशरूपमहात्मने ।
घृतेन होमो नक्तं च शय्यां दद्याद् द्विजातये ।११।
दीपान्नभाजनयुक्तं छत्रोपानहमासनम् ।
सोदकुम्भं च प्रतिमां विप्रायाथ च पात्रकम् ।१२।
पत्न्या य एवं कुरुते भुक्तिमुक्तिमवाप्नुयात् ।
कान्तिव्रतं प्रवक्ष्यामि कार्त्तिकस्य सिते चरेत् ।१३।
नक्तभोजी द्वितीयायां पूजयेद्बलकेशवौ ।
वर्षं प्राप्नोति वै कान्तिमायुरारोग्यकादिकम् ।१४।
अथ विष्णुव्रतं वक्ष्ये मनोवाञ्छितदायकम् ।
पौषशुक्लद्वितीयादि कृत्वा दिनचतुष्टयम ।१५।
पूर्वं सिद्धार्थकैः स्नानं ततः कृष्णतिलैः स्मृतम् ।
वचया च तृतीयेऽह्नि सर्वौषध्या चतुर्थके ।१६।

यसपछि अब म अशून्य शयन नामको व्रतका विषयमा भन्छु। यसले स्त्रीहरूलाई अवैधव्य र पुरुषलाई पत्नीसुख प्रदान गर्दछ। श्रावण महिनाको कृष्ण पक्षको द्वितीयामा यस व्रतको अनुष्ठान गर्नुपर्दछ। यसमा – वक्षःस्थलमा श्रीवत्सचिह्न धारण गरेका हे श्रीकान्त ! तिमी लक्ष्मीका धाम र स्वामी हौ; तिमी अविनाशी र सनातन परमेश्वर हौ । तिम्रै कृपाले धर्म, अर्थ र काम प्रदान गर्ने मेरो गृहस्थ आश्रम जोगियोस् । मेरा घरको अग्निहोत्रको आगो कहिल्यै ननिभोस्, मेरा गृहदेवता कहिल्यै अदृश्य नहोऊन् । मेरा पितृहरू विनाशबाट जोगिऊन् र मेरो दाम्पत्यमा कहिल्यै भेद नआओस् । जसरी लक्ष्मीबाट तिमी अलग हुँदैनौ उसै गरी मेरो पनि पत्नीसितको सम्बन्ध कहिल्यै छुट्ने वा बिग्रने नहोस् । हे वरदान दिने प्रभु ! तिम्रो शयन जसरी लक्ष्मीबिना खाली कहिल्यै हुँदैन, हे मधुसूदन ! उसैगरी मेरो ओछ्यान पनि पत्नीबिना सुनसान नहोस् भन्नुपर्छ । यस किसिमले व्रत आरम्भ गरेर एक वर्षसम्म प्रत्येक महिनाको द्वितीयामा श्रीलक्ष्मी र विष्णुलाई विधिवत् पूजा गर्नुपर्छ। शय्या र फल दान पनि गर्नुपर्छ । त्यसका साथै प्रत्येक महिनाको त्यसै तिथिमा हे भगवान् चन्द्रदेव ! तिमी गगन प्राङ्गणका दीपक हौ। क्षीर सागरको मन्थनबाट तिम्रो उत्पत्ति भएको छ। तिमी आफ्ना प्रभाले सम्पूर्ण दिशाहरूलाई नै प्रकाशित गर्दछौ। हे लक्ष्मीका भाई ! तिमीलाई नमस्कार छ भन्ने चन्द्रमाको मन्त्र उच्चारण गर्दै अर्घ्य पनि दिनुपर्छ । त्यसपछि ओं श्रं श्रीधराय नमः भन्ने मन्त्रले सोमस्वरूप श्रीहरिलाई पूजा गर्नुपर्दछ। घं टं हं सं श्रियै नमः भन्ने मन्त्रले श्रीलक्ष्मीलाई र दशरूपमहात्मने नमः भन्ने मन्त्रले श्रीविष्णुलाई पूजा गर्नुपर्दछ । राति घिउले हवन गरेर ब्राह्मणलाई शय्या दान गर्नुपर्छ। त्यसका साथसाथै दीप, अन्न भरिएको पात्र, छाता, जुत्ता, आसन, पानी भरिएको कलश, श्रीहरिको प्रतिमा र पात्र पनि ब्राह्मणलाई दिनुपर्छ। यस किसिमले उक्त व्रत जसले पालन गर्दछ उसले भोग र मोक्षको भाग पाउँछ। अब म कान्तिव्रतको वर्णन गर्दछु। यसको प्रारम्भ कार्तिक शुक्ल द्वादशीदेखि गर्नुपर्दछ। दिनमा उपवास र रातमा भोजन गर्नुपर्छ। यसमा बलराम तथा श्रीकृष्णको पूजा गरिन्छ। एक वर्षसम्म यसो गर्नाले व्रती पुरुषले कान्ति, आयु र आरोग्य प्राप्त गर्दछ । अब म विष्णु व्रतको वर्णन गर्दछु र त्यसले मनोवाञ्छित फल दिन्छ। पुस महिनाको शुक्ल पक्षको द्वितीयाबाट आरम्भ गरेर लगातार चार दिनसम्म यस व्रतको अनुष्ठान गरिन्छ। पहिलो दिन सस्युँ मिसिएका जलले स्नान गर्ने विधान छ । दोस्रो दिन कालो तिल मिसिएका जलले स्नान गर्ने बताइएको छ । तेस्रो दिन बोजो नामको औषधि मिसाएका जलले र चौथो दिन सर्वौषधियुक्त जलले स्नान गर्नुपर्दछ । कपुर, बोजो, शिलाजित, दुई किसिमको हल्दी,

सुरामांसी वचा कुष्ठं शैलेयं रजनीद्वयम् ।
शटी चम्पकमुस्तं च सर्वौषधिगणः स्मृतः ।१७।
नाम्ना कृष्णाच्युतानन्त हृषीकेशेति पूजयेत् ।
पादे नाभ्यां चक्षुषि च क्रमाच्छिरसि पुष्पकैः ।१८।
शशिचन्द्रशशाङ्केन्दुसंज्ञाभिश्चार्घ्यमिन्दवे ।
नक्तं भुञ्जीत च नरो यावत्तिष्ठति चन्द्रमाः ।१९।
षण्मासं पावनं चाब्दं प्राप्नुयात्सकलं व्रती ।
एतद् व्रतं नृपैः स्त्रीभिः कृतं पूर्वं सुरादिभिः ।२०।

चम्पा र मोथा यिनीहरूको समूह नै सर्वौषधि हो भनिएको छ। पहिलो दिन श्रीकृष्णाय नमः, दोस्रो दिन अच्युताय नमः, तेस्रो दिन अनन्तय नमः र चौथो दिन ऋषीकेशाय नमः नामका यिनै मन्त्रहरूले क्रमशः भगवान्‌का चरण, नाभी, नेत्र र मस्तकमा पुष्प समर्पण गर्दै पूजा गर्नुपर्छ। प्रत्येक दिन प्रदोषकालमा चन्द्रमालाई अर्घ्य दिनुपर्दछ। पहिलो दिनका अर्घ्यमा शशिने नमः, दोस्रो दिनको अर्घ्यमा चन्द्राय नमः, तेस्रो दिन शशाङ्काय नमः र चौथो दिन इन्द्रवे नमः भन्ने उच्चारण गर्नुपर्दछ। राति जति बेलासम्म चन्द्रमा देखिन्छन् त्यतिभरिमै मानिसले भोजन गरिसक्नुपर्छ। व्रती पुरुषले छ महिना अथवा एक वर्षसम्म यस किसिमले व्रत पालन गरेर सम्पूर्ण मनोवाञ्छित फल प्राप्त गर्दछ। उहिलेका राजा, स्त्री र देवताहरूले पनि यस व्रतको अनुष्ठान गरेका थिए ।१-२०।

१७८. अष्टसप्तत्यधिकशततमोऽध्यायः

तृतीयाव्रत

अग्निरुवाच

तृतीयाव्रतान्याख्यास्ये भुक्तिमुक्तिप्रदानि ते ।
ललितायां तृतीयायां मूलगौरीव्रतं शृणु ।१।
तृतीयायां चैत्रशुक्ले ह्यूढा गौरी हरेण हि ।
तिलैः स्नातोऽर्चयेच्छम्भुं गौर्य्या हैमफलादिभिः ।२।
नमोऽस्तु पाटलायैव पादौ देव्याः शिवस्य च ।
शिवायेति च सङ्कीर्त्य जयायै गुल्फयोर्यजेत् ।३।
त्रिपुरघ्नाय रुद्राय भवान्यै जङ्घयोर्द्वयाः ।
शिवं रुद्रायेश्वराय विजयायै च जानुनी ।४।
ईशायेति कटिं देव्याः शङ्करायेति शङ्करम् ।
कुक्षिद्वयं च कोटव्यै शूलिनं शूलपाणये ।५।
मङ्गलायै नमस्तुभ्यमुदरे चाभिपूजयेत् ।
सर्वात्मने नमो रुद्रमैशान्यै च कुचद्वयम् ।६।
शिवं देवात्मने तद्वद् ह्लादिन्यै कण्ठमर्च्चयेत् ।
महादेवाय शिवमनन्तायै करद्वयम् ।७।
त्रिलोचनायेति हरं बाहुं कालानलप्रिये ।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म तिमीसँग तृतीया तिथिमा गरिने व्रतहरूको वर्णन गर्दछु। यिनले भोग र मोक्ष प्रदान गर्दछन्। ललितातृतीयामा गरिने मूलगौरीसम्बन्धी सौभाग्यदाहिनी व्रतका विषयमा सुन । चैत्रशुक्ल तृतीयाकै दिन शिवसँग पार्वतीको बिहा भएको थियो। त्यसैले यस दिन तिलमिश्रित जलले स्नान गरेर पार्वतीसहित भगवान् शङ्करको पूजा स्वर्णाभूषण र फल आदिले गर्नुपर्दछ। नमोऽस्तु पाटलायै भन्दै पार्वती र भगवान् शङ्करका चरणमा पूजा गर्नुपर्दछ। शिवाय नमः भन्दै शिवलाई र जयायै नमः भन्दै गौरी देवीलाई अर्चना गर्नुपर्छ। त्रिपुरघ्नाय रुद्राय नमः र भवान्यै नमः भनेर क्रमशः शिव पार्वती दुवैका जङ्घामा, रुद्रेश्वराय नमः र विजयायै नमः भनेर क्रमशः शङ्कर र पार्वतीका घुँडामा पूजा गर्नुपर्दछ। ईशायै नमः भनेर पार्वतीलाई र शङ्कराय नमः भनेर शङ्करलाई कम्मरमा पूजा गर्नु पर्दछ। कोटव्यै नमः र शूलपाणये नमः भनेर क्रमशः गौरीशङ्करका कोखामा पूजा गर्नुपर्दछ। मङ्गलायै नमः भनेर भवानीको र तुभ्यं नमः भनेर शङ्करका पेटमा पूजा गर्नुपर्दछ। सर्वात्मने नमः भनेर रुद्र र ईशान्यै नमः भनेर पार्वतीका स्तन जोडीको पूजा गर्नुपर्दछ। देवात्मने नमः भनेर शिवको र उसै किसिमले ह्लादिन्यै नमः भनेर पार्वतीका कण्ठप्रदेशको पूजा गर्नुपर्दछ। महादेवाय नमः र अनन्तायै नमः भनेर क्रमशः शिवपार्वती दुवैका हातमा पूजा गरिन्छ। त्रिलोचनाय नमः र कालानलप्रियायै नमः भनेर भुजाहरूको र महेशाय नमः एवं सौभाग्यायै नमः भनेर शिवपार्वतीका गहनाहरूको पूजा

सौभाग्यायै महेशाय भूषणानि प्रपूजयेत् ।८।
अशोकमधुवासिन्यै चेश्वरायेति चौष्ठका ।
चतुर्मुखप्रिया चास्यं हराय स्थाणवे नमः ।९।
नमोऽर्द्धनारीशहरममिताङ्ग्यै च नासिकाम् ।
नम उग्राय लोकेशं ललितेति पुनर्भ्रुवौ ।१०।
शर्वाय पुरहन्तारं वासन्त्यै चैव तालुकम् ।
नमः श्रीकण्ठनाथायै शितिकण्ठाय केशकम् ।११।
भीमोग्राय सुरूपिण्यै शिरः सर्व्वात्मने नमः ।
मल्लिकाशोककमलकुन्दं तगरमालती ।१२।
कदम्बकरवीरं च बाणमम्लानकुङ्कुमम् ।
सिन्धुवारं च मासेषु सर्वेषु क्रमशः स्मृतम् ।१३।
उमाहेश्वरौ पूज्य सौभाग्याष्टकमग्रतः ।
स्थापयेद् घृतनिष्पावकुसुम्भक्षीरजीवकम् ।१४।
तरुराजेक्षुलवणं कुस्तुम्बरुमथाष्टमम् ।
चैत्रे शृङ्गोदकं प्राश्य देवदेव्यग्रतः स्वपेत् ।१५।
प्रातः स्नात्वा समभ्यर्च्य विप्रदाम्पत्यमर्च्चयेत् ।
तदष्टकं द्विजे दद्याल्ललिता प्रीयतां मम ।१६।
शृङ्गोदकं गोमयं च मन्दारं बिल्वपत्रकम् ।
कुशोदकं दधि क्षीरं कार्तिकेपृषदाज्यकम् ।१७।
गोमूत्राज्यं कृष्णतिलं पञ्चगव्यं क्रमाशनम् ।
ललिता विजया भद्रा भवानी कुमुदा शिवा ।१८।
वासुदेवी तथा गौरी मङ्गला कमला सती ।
चैत्रादौ दानकाले च प्रीयतामिति वार्चयेत् ।१९।
फलमेकं पवित्र्याज्यं व्रतान्ते शयनं ददेत् ।
उमामहेश्वरं हैमं वषृभं च गवा सह ।२०।
गुरु च मिथुनान्यर्च्य वस्त्राद्यैर्भुक्तिमुक्तिभाक् ।
सौभाग्यारोग्यरूपायुःसौभाग्यशयनव्रतात् ।२१।
नभस्येवाथ वैशाखे कुर्य्यान्मार्गशिरस्यथ ।
शुक्लपक्षे तृतीयायां ललितायै नमो यजेत् ।२२।

गर्नुपर्दछ। त्यसपछि अशोक मधुवासिन्यै नमः र ईश्वराय नमः भनेर दुवैका ओठहरूमा पूजा गरेर चतुर्मुखप्रियायै नमः र हराय स्थाणवे नमः भनेर क्रमैसित गौरीशङ्करका मुखको पूजा गर्नुपर्दछ। अर्धनारीश्वराय नमः भनेर शिवको र अमिताङ्गायै नमः भनेर पार्वतीको नाकको पूजा गरिन्छ। उग्राय नमः भनेर लोकेश्वर शिवको र ललितायै नमः भनेर पार्वतकिा आँखीभौँको पूजा गर्नुपर्दछ। शर्वाय नमः भनेर त्रिपुरारि शिवको र वासन्त्यै नमः भनेर पार्वतीका तालुको पूजा गर्नुपर्दछ। श्रीकण्ठनाथायै नमः भनेर र शितिकण्ठायै नमः भनेर गौरी शङ्करका कपालको पूजा गर्नुपर्दछ। भीमोग्राय नमः भनेर शङ्करको र सुरूपिण्यै नमः भनेर पार्वतीका शिरमा पूजा गर्नुपर्दछ। त्यसपछि सर्वात्मने नमः भनी शिवपूजाको उपसंहार गर्नुपर्दछ। शिवको पूजा गर्नका लागि– मल्लिका, अशोक, कमल, कुन्द, तगर, मालती, कदम्ब, नीलो वर्णका बाह्रमासे फूल, कुङ्कुम र सेंधुवार फूलहरू क्रमशः चैत्र आदि महिनामा टिप्न योग्य हुन्छन् भनिएको छ। उमामहेश्वरलाई पूजा गरिसकेर अष्ट सौभाग्य द्रव्यहरू उनका अगाडि राखिदिनुपर्दछ। घृतमिश्रित कुसुम्भ, दुग्ध, जीवक, दुर्वा, इक्षु, लवण र कुस्तुम्बुरु नै अष्ट सौभाग्य हुन्। चैत्र महिनामा पहाडका शिखरको जल पान गरेर रुद्रदेव र पार्वतीका सामु शयन गर्नुपर्दछ। प्रातःकाल स्नान गरेपछि गौरीशङ्करलाई पूजन गरेर ब्राह्मण दम्पत्तिलाई अर्चना गर्नुपर्छ र त्यो सौभाग्य ललिता प्रियतां मम भन्दै ब्राह्मणलाई दिनुपर्दछ।१–१६।

व्रत गर्नेले चैत्र आदि महिनाका व्रतका दिनहरूमा यस प्रकार आहार गर्नुपर्दछ– चैत्रमा झरनाको पानी, वैशाखमा गोबर, जेष्ठमा मन्दारपुष्प, आषाढमा बिल्वपत्र, श्रावणमा कुशजल, भाद्रमा दही, आश्विनमा दुध, कार्तिकमा घृतमिश्रित दधि, मार्गशीर्षमा गोमूत्र, पौषमा घृत, माघमा कालो तिल र फाल्गुनमा पञ्चगव्य। ललिता, विजया, भद्रा, भवानी, कुमुदा, शिवा, वासुदेवी, गौरी, मङ्गला, कमला र सती यी नामहरूलाई चैत्र आदि महिनामा सौभाग्य दान गर्ने समयमा प्रीयतां मम भन्ने जोड्दै उच्चारण गर्नुपर्दछ। व्रत पूरा भईसकेपछि कुनै एक फल सधैँका लागि त्याग्नुपर्दछ र गुरुदेवलाई शिरानीसहितको शय्या, उमामहेश्वरको स्वर्णमय प्रतिमा र गाईसहितको वृषभ दान गर्नुपर्दछ। गुरु र ब्राह्मण दम्पतिलाई वस्त्र आदिले सत्कार गरेपछि साधकले भोग र मोक्ष दुवै प्राप्त गर्दछ। यस सौभाग्यशयन नामको व्रतका अनुष्ठानले मानिस सौभाग्य, आरोग्य, रूप र दीर्घायु प्राप्त गर्दछ। यो व्रत भाद्रपद, वैशाख र मार्गशीर्षका शुक्लपक्षको तृतीयामा पनि गर्न सकिन्छ। यसमा ललितायै नमः भनेर पार्वतीको पूजा गर्नुपर्दछ। त्यसपछि व्रतको समाप्तिका समयमा प्रत्येक पक्षमै ब्राह्मण दम्पतीलाई पूजा

प्रतिपक्षं ततः प्राच्र्य व्रतान्ते मिथुनानि च ।
चतुर्विंशतिमभ्यच्र्य वस्त्राद्यैर्भुक्तिमुक्तिभाक् ।२३।
उक्तो मार्गो द्वितीयोऽयं सौभाग्यव्रतमावदे ।
फाल्गुनादितृतीयायां लवणं यस्तु वर्जयेत् ।२४।
समाप्ते शयनं दद्याद् गृहं चोपस्करान्वितम् ।
सम्पूज्य विप्रमिथुनं भवानी प्रीयतामिति ।२५।
सौभाग्यार्थं तृतीयोक्ता गौरीलोकादिदायिनी ।
माघे भाद्रे च वैशाखे तृतीयाव्रतकृत्तथा ।२६।
दमनकतृतीयाकृच्चैत्रे दमनकैर्यजेत् ।
आत्मतृतीया मार्गस्य प्राच्र्येच्छाभोजनादिना ।२७।
गौरी काली ह्युमा भद्रा दुर्गा कान्तिः सरस्वती ।
वैष्णवी लक्ष्मीः प्रकृतिः शिवा नारायणी क्रमात् ।
मार्गतृतीयामारभ्य सौभाग्यं स्वर्गमाप्नुयात् ।२८।

गर्नुपर्दछ। चौबीस वस्त्र आदिले उनको अर्चना गरेर मानिसले भोग र मोक्ष दुवै प्राप्त गर्दछ। सौभाग्यशयनको यो दोस्रो विधि बताइयो । अब म सौभाग्यव्रतका विषयमा भन्दछु । फागुन आदि महिनाहरूमा शुक्लपक्षको तृतीया तिथिमा व्रत गर्ने मानिसले नुन त्याग गर्नुपर्दछ । व्रत समाप्ति भएपछि ब्राह्मण दम्पतीलाई पूजन गरेर भवानी प्रीयताम् भनेर शय्या र सम्पूर्ण सामग्रीले सम्पन्न भएको घर दान गर्नुपर्दछ । यो सौभाग्य तृतीया व्रतका विषयमा जे भनियो त्यसले पार्वती आदिको लोक प्रदान गर्दछ । यस किसिमले माघ, भदौ र वैशाखका तृतीयाहरूमा व्रत गर्नुपर्दछ। चैत्रमा दमनक तृतीयाको व्रत गरेर पार्वतीको पूजा दमनक नामका पुष्पले गर्नुपर्ददछ। मार्गशीर्षमा आत्मतृतीयाको व्रत गरिन्छ । यसमा पार्वतीको पूजा गरेर ब्राह्मणलाई इच्छाअनुसारको भोजन गराउनुपर्छ । मार्गशीर्षको तृतीयादेखि आरम्भ गरेर क्रमशः पौष आदि महिनाहरूमा उपर्युक्त व्रतको अनुष्ठान गरेर निम्नलिखित नाममा प्रीयताम् जोडेर भन्नुपर्दछ— गौरी, काली, उमा, भद्रा, दुर्गा, कान्ति, सरस्वती, वैष्णवी, लक्ष्मी, प्रकृति, शिवा र नारायणी । यस किसिमको व्रत गर्नेले सौभाग्य र स्वर्ग प्राप्त गर्दछ।१७–२८।

१७९. ऊनशीत्यधिकशततमोऽध्यायः

चतुर्थीव्रत

अग्निरुवाच
चतुर्थीव्रतान्याख्यास्ये भुक्तिमुक्तिप्रदानि ते ।
माघे शुक्लचतुर्थ्यां तु ह्युपवासी यजेद् गणम् ।१।
पञ्चम्यां च तिलान्नादि वर्षान्निर्विघ्नतः सुखी ।
गं स्वाहा मूलमन्त्रोऽयं गामाद्यं हृदयादिकम् ।२।
आगच्छोल्काय चावाह्य गच्छोल्काय विसर्जनम् ।
उल्कान्तैर्गा दिगन्धाद्यैः पूजयेन्मोदकादिभिः ।३।
ओं महोल्काय विद्महे वक्रतुण्डाय धीमहि तन्नो दन्ती प्रचोदयात् मासि भाद्रपदे चापि चतुर्थीकृच्छिवं व्रजेत् चतुर्थ्यङ्गारकेऽभ्यच्र्य गणं सर्वमवाप्नुयात् ।४।
चतुर्थ्यां फाल्गुने नक्तमविघ्नाख्या चतुर्थ्यपि । चतुर्थ्यां दमनैः पूज्य चैत्रे प्राच्र्य गणं सुखी ।५।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म तिमीसित भोग र मोक्ष प्रदान गर्ने चतुर्थीसम्बन्धी व्रतहरूको कुरो गर्दछु। माघशुक्ल चतुर्थीमा उपवास गरेर गणेशको पूजा गर्नुपर्दछ। त्यसपछि पञ्चमीका दिन तिलको भोजन गर्नुपर्छ । यसो गर्नाले मानिस धेरै वर्षसम्म विघ्नरहित भएर सुखी रहन्छ। गं स्वाहा यो मूलमन्त्र हो। गां नमः इत्यादि मन्त्रले हृदय आदिको न्यास गर्नुपर्दछ । आगच्छोल्काय भनेर गणेशलाई आवाहन गर्नुपर्छ र गच्छोल्काय भनेर विसर्जन गर्नुपर्छ। यस किसिमले सुरुमा गकार जोडेर र अन्त्यमा उल्का शब्द जोडेका मन्त्रले नै उनका आवाहन आदि कार्यहरू गर्नुपर्छ। गन्ध आदि उपचार र लड्डु आदिले गणपतिको पूजन गर्नुपर्छ । ओं महोल्काय विद्महे वक्रतुण्डाय धीमहि तन्नो दन्ती प्रचोदयात्— यो गणेश गायत्री जप्नुपर्छ। भाद्रशुक्ल चतुर्थीको व्रत गर्नेले शिवलोक प्राप्त गर्दछ। अङ्गारक चतुर्थीमा गणेशको पूजा गरेर मानिसले सबै खालको इच्छा पूरा गर्दछ। फाल्गुणको चतुर्थीमा राति नै भोजन गर्नुपर्दछ। यो अविघ्ना चतुर्थीका नामले प्रसिद्ध छ। चैत्र महिनामा चतुर्थीमा दमनक नामका पुष्पले गणेशको पूजा गरेपछि मानिसले सुखभोग प्राप्त गर्दछ।१–५।

१८०. अशीत्यधिकशततमोऽध्यायः

पञ्चमीव्रत

अग्निरुवाच

पञ्चमीव्रतकं वक्ष्ये आरोग्यस्वर्गमोक्षदम् ।
नभो नभस्याश्विने च कार्त्तिके शुक्लपक्षके ।१।
वासुकिस्तक्षकः पूज्यः कालीयो मणिभद्रकः ।
ऐरावतो धृतराष्ट्रः कर्कोटकधनञ्जयौ ।
एते प्रयच्छन्त्यभयमायुर्विद्यायशःश्रियम् ।२।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म आरोग्य, स्वर्ग र मोक्ष प्रदान गर्ने पञ्चमी व्रतको वर्णन गर्दछु। श्रावण, भाद्र, आश्विन र कार्तिकका शुक्लपक्षका पञ्चमीलाई वासुकी, तक्षक, कालिय, मणिभद्र, ऐरावत, धृतराष्ट्र, कर्कोटक र धनंजय नामका नागहरूको पूजा गर्नुपर्दछ। यी सबै नागहरूले अभय, आयु, विद्या, यश र लक्ष्मी प्रदान गर्दछन् ।१–२।

१८१. एकाशीत्यधिकशततमोऽध्यायः

षष्ठीव्रत

अग्निरुवाच

षष्ठीव्रतानि वक्ष्यामि कार्तिकादौ समाचरेत् ।
षष्ठ्यां फलाशनोऽर्घ्याद्यैर्भुक्तिमुक्तिमवाप्नुयात् ।१।
स्कन्दषष्ठीव्रतं प्रोक्तं भाद्रे षष्ठ्यामथाक्षयम् ।
कृष्णषष्ठीव्रतं वक्ष्ये मार्गशीर्षे चरेच्च तत् ।
अनाहारो वर्षमेकं भुक्तिमुक्तिमवाप्नुयात् ।२।

अग्निदेव भन्दछन्– अब म षष्ठी सम्बन्धी व्रतका विषयमा भन्छु । कार्तिक शुक्ल षष्ठीका दिन फलमात्रै भोजन गरेर कार्तिकेयका लागि अर्घ्यदान गर्नुपर्दछ। यसबाट मानिसले भोग र मोक्ष प्राप्त गर्दछ। यसलाई स्कन्दषष्ठी व्रत भन्दछन् । भाद्र महिनाको कृष्ण पक्षको षष्ठीमा अक्षयषष्ठी व्रत गर्नुपर्दछ। यस अक्षय षष्ठीका दिन व्रत बसी कुनै पनि एक वर्ष निराहार रह्यो भने मानिसले भोग र मोक्ष प्राप्त गर्दछ ।१–२।

१८२. द्व्यशीत्यधिकशततमोऽध्यायः

सप्तमीव्रत

अग्निरुवाच

सप्तमीव्रतकं वक्ष्ये सर्वेषां भुक्तिमुक्तिदम् ।
माघमासेऽब्जके शुक्ले सूर्यं प्रार्च्य विशोकभाक् ।१।
सर्वावाप्तिस्तु सप्तम्यां मासि भाद्रेऽर्कपूजनात् ।
पौषे मासि सितेऽनशनन्प्रार्च्यार्कं पापनाशनम् ।२।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म सप्तमी तिथिको व्रत भन्दछु। यसले सबैलाई भोग र मोक्ष प्रदान गर्दछ। माघ महिनाको शुक्लपक्षको सप्तमी तिथिमा कमल निर्माण गरेर त्यसमा भगवान् सूर्यको पूजा गरिन्छ। यसरी गर्दा मानिस शोकरहित हुन्छ। भाद्र महिनाको शुक्लपक्षको सप्तमीमा भगवान् आदित्यको पूजा गर्नाले समस्त अभीष्ट वस्तुहरूको प्राप्ति हुन्छ। पुस महिनाको शुक्लपक्ष सप्तमीमा निराहार रहेर सूर्यदेवको पूजन गर्नाले सम्पूर्ण पापहरूको विनाश हुन्छ । माघ महिनाको कृष्णपक्षमा सर्वाप्ति

कृष्णपक्षे तु माघस्य सर्वावाप्तिस्तु सप्तमी ।
फाल्गुने तु सिते नन्दा सप्तमी चार्कपूजनात् ।३।
मार्गशीर्षे सिते प्राच्यं सप्तमी चापराजिता ।
मार्गशीर्षे सिते चाब्दं पुत्रीया सप्तमी स्त्रियाः ।४।

सप्तमी पर्छ र यसको व्रत गर्नुपर्दछ । यसबाट सबै अभिष्ट वस्तुहरूको प्राप्ति हुन्छ । फाल्गुनको कृष्णपक्षमा नन्द सप्तमी व्रत गर्नुपर्दछ । मार्गशीर्षको शुक्लपक्षमा अपराजिता सप्तमी हुन्छ र त्यसमा भगवान् सूर्यको व्रत एवं पूजा गर्नुपर्दछ । एक वर्षसम्म मार्गशीर्षको शुक्लपक्षको पुत्रीया सप्तमीमा व्रत गर्ने स्त्रीहरूलाई पुत्र प्रदान गर्दछन् ।१–४।

१८३. त्र्यशीत्यधिकशततमोऽध्यायः

अष्टमीव्रत

अग्निरुवाच
वक्ष्ये व्रतानि चाष्टम्यां रोहिण्यां प्रथमं व्रतम् ।
मासि भाद्रपदेऽष्टम्यां रोहिण्यामर्द्धरात्रके ।१।
कृष्णो जातो यतस्तस्यां जयन्ती स्याततोऽष्टमी ।
सप्तजन्मकृतात्पापान्मुच्यते चोपवासतः ।२।
कृष्णपक्षे भाद्रपदे ह्यष्टम्यां रोहिणीयुते ।
उपोषितोऽर्च्चयेत्कृष्णं भुक्तिमुक्तिप्रदायकम् ।३।
आवाहयाम्यहं कृष्णं बलभद्रं च देवकीम् ।
वसुदेवं यशोदां गाः पूजयामि नमोऽस्तु ते ।४।
योगाय योगपतये योगेशाय नमो नमः ।
योगादिसम्भवायैव गोविन्दाय नमो नमः ।५।
स्नानं कृष्णाय दद्यात्तु ह्यर्घ्यं चानेन दापयेत् ।
यज्ञाय यज्ञेश्वराय यज्ञानां पतये नमः ।६।
यज्ञादिसम्भवायैव गोविन्दाय नमो नमः ।
गृहाण देव पुष्पाणि सुगन्धीनि प्रियाणि ते ।७।
सर्वकामप्रदो देव भव मे देववन्दित ।
धूपधूपितधूपं त्वं धूपितैस्त्वं गृहाण मे ।८।
सुगन्धधूपगन्धाढ्यं कुरु मां सर्वदा हरे ।
दीपदीप्तमहादीपं दीपदीप्तिद सर्वदा ।९।
मया दत्तं गृहाण त्वं कुरु चोर्ध्वगतिं च माम् ।
विश्वाय विश्वपतये विश्वेशाय नमो नमः ।१०।
विश्वादिसम्भवायैव गोविन्दाय निवेदितम् ।
धर्माय धर्मपतये धर्मेशाय नमो नमः ।११।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म अष्टमीमा गरिने व्रतहरूको वर्णन गर्दछु । तिनीहरूमध्ये पहिलो रोहिणी नक्षत्र भएको अष्टमीमा गरिने व्रत पर्दछ । भाद्र महिनाको कृष्ण पक्षको रोहिणी नक्षत्र परेको अष्टमी तिथिमै आधारातका समयमा भगवान् श्रीकृष्ण प्रकट भएका थिए त्यसैले यसै अष्टमीमा उनको जन्मजयन्ती मनाइन्छ । यस तिथिमा उपवास गर्नाले सात जन्ममा गरेका पापबाट मानिस मुक्त हुन्छ । त्यसै कारण भाद्र कृष्ण रोहिणी नक्षत्रयुक्त अष्टमीमा उपवास राखेर भगवान् श्रीकृष्णलाई पूजा गर्नुपर्दछ । यसले भोग र मोक्ष प्रदान गर्दछ । म श्रीकृष्ण, बलभद्र, देवकी, वासुदेव, यशोदादेवी र गाईहरूको आवाहन र पूजा गर्दछु, यी सबैलाई नमस्कार छ । योगस्वरूप, योगपति एवं योगेश्वर श्रीकृष्णलाई नमस्कार छ । योगका आदि कारण, उत्पत्तिस्थान गोविन्दलाई बारम्बार नमस्कार छ । त्यसपछि भगवान् श्रीकृष्णलाई स्नान गराउनुपर्छ र यस मन्त्रले अर्घ्यदान गर्नुपर्दछ— यज्ञेश्वर, यज्ञस्वरूप, यज्ञका अधिपतिलाई एवं यज्ञका आदिकारण गोविन्दलाई बारम्बार नमस्कार छ । हे देव ! तिमीलाई प्रिय लाग्ने यी सुगन्धयुक्त पुष्प ग्रहण गर । देवताहरूद्वारा पूजित हे भगवान् ! मेरा सम्पूर्ण कामना सिद्ध गर । तिमी सधैँ धुपले धुपित हुन्छौ, मैले अर्पण गरेको धुपबाट सुगन्ध ग्रहण गर । हे श्रीहरि ! मलाई सधैँ सुगन्धित पुष्प, धुप र सुगन्धले सम्पन्न गराऊ । हे प्रभु ! तिमी सधैँ दीपकजस्तै देदीप्यमान भई दीपलाई दीप्ति प्रदान गर्दछौ । मैले प्रदान गरेको यो महादीप ग्रहण गर र मलाई पनि दीपकजस्तै ऊर्ध्वगतिले सम्पन्न गराऊ । विश्वरूप, विश्वपति एवं विश्वेश्वर श्रीकृष्णलाई नमस्कार छ; धेरै नमस्कार छ । विश्वका आदिकारण श्रीगोविन्दलाई म यो दीप निवेदन गर्दछु । धर्मस्वरूप, धर्मका अधिपति, धर्मेश्वर एवं धर्मका आदिकारण श्री वासुदेवलाई नमस्कार छ । हे गोविन्द ! तिमी अब शयन गर । सर्वस्वरूप, सर्वाधिपति, सर्वेश्वर, सबैका आदिकारण

धर्मादिसम्भवायैव गोविन्द शयनं कुरु ।
सर्वाय सर्वपतये सर्वेशाय नमो नमः ।१२।
सर्वादिसम्भवायैव गोविन्दाय च पावनम् ।
क्षीरोदार्णवसम्भूत अत्रिनेत्रसमुद्भव ।१३।
गृहाणार्घ्यं शशाङ्केदं रोहिण्या सहितो मम ।
स्थण्डिले स्थापयेद्देवं सचन्द्रां रोहिणीं यजेत् ।१४।
देवकीं वसुदेवं च यशोदां नन्दकं बलम् ।
अर्द्धरात्रे पयोधाराः पातयेद् गुडसर्पिषा ।१५।
वस्त्रहेमादिकं दद्याद् ब्राह्मणान्भोजयेद् व्रती ।
जन्माष्टमीव्रतकरः पुत्रवान्विष्णुलोकभाक् ।१६।
वर्षेवर्षे तु यः कुर्य्यात्पुत्रार्थी वेत्ति नो भयम् ।
पुत्रान्देहि धनं देहि ह्यायुरारोग्यसन्ततिम् ।
धर्मं कामं च सौभाग्यं स्वर्गं मोक्षं च देहि मे ।१७।

गोविन्दलाई बारम्बार नमस्कार छ। त्यसपछि– क्षीरसमुद्रबाट उत्पन्न एवं अत्रिका नेत्रद्वारा उद्‌भव भएका तेजस्वरूप हे शशाङ्क ! रोहिणीसहित मेरो अर्घ्य ग्रहण गर भनी भन्द्रमालाई अर्घ्यदान गरिन्छ। त्यसपछि भगवान्‌को प्रतिमालाई वेदीमाथि स्थापित गरिन्छ र चन्द्रमासहित रोहिणीको पूजा गर्नुपर्छ । त्यसपछि अर्द्धरात्रिका समयमा वासुदेव, देवकी, नन्द–यशोदा र बलरामलाई घिउ मिसेको दुधका धाराले अभिषेक गर्नुपर्दछ। त्यसपछि व्रत गर्ने मानिसले ब्राह्मणलाई भोजन गराउनुपर्छ र दक्षिणाका रूपमा उनलाई वस्त्र र सुवर्ण दिनुपर्छ । अष्टमी व्रत गर्ने व्यक्ति पुत्रयुक्त भईकन विष्णुलोक प्राप्त गर्ने हुन्छ। जुन मानिस पुत्रप्राप्तिका इच्छाले प्रतिवर्ष यस व्रतको अनुष्ठान गर्छ ऊ पुम् नामका नरकको भयबाट मुक्त हुन्छ। व्रत गर्नेले – हे प्रभु ! मलाई पुत्र, धन, आयु, आरोग्य र सन्तति देऊ। हे गोविन्द ! मलाई धर्म, काम, सौभाग्य, स्वर्ग र मोक्ष प्रदान गर भन्नुपर्छ ।१–१७।

१८४. चतुरशीत्यधिकशततमोऽध्यायः

पुनरष्टमीव्रत

अग्निरुवाच

ब्रह्मादिमातृयजनाज्जपेन्मातृगणाष्टमीम् ।
कृष्णाष्टम्यां चैत्रमासे पूज्याब्दं कृष्णमर्थभाक् ।१।
कृष्णाष्टमीव्रतं वक्ष्ये मासे मार्गशीरे चरेत् ।
नक्तं कृत्वा शुचिर्भूत्वा गोमूत्रं प्राशयेन्निशि ।२।
भूमिशायी निशायां च शङ्करं पूजयेद् व्रती ।
पौषे शम्भुं घृतं प्राश्य माघे क्षीरं महेश्वरम् ।३।
महादेवं फाल्गुने च तिलाशी समुपोषितः ।
चैत्रे स्थाणुं यवाशी च वैशाखेऽथ शिवं यजेत् ।४।
कुशोदाशी पशुपतिं ज्येष्ठे शृङ्गोदकाशनः ।
आषाढे गोमयाश्युग्रं श्रावणे सर्वकर्मभुक् ।५।
त्र्यम्बकं च भाद्रपदे बिल्वपत्राशनो निशि ।
तण्डुलाशी चाश्वयुजे ईशं रुद्रं तु कार्त्तिके ।६।

अग्निदेव भन्दछन्– हे मुनिश्रेष्ठ वसिष्ठ ! चैत्र महिनाको शुक्लपक्षको अष्टमीमा व्रत गर्नुपर्छ र त्यस दिन ब्रह्मा आदि देवता तथा मातृकागणको जप र पूजा गर्नुपर्छ । कृष्णपक्षको अष्टमीमा एक वर्षसम्म श्रीकृष्णको पूजा गरेर मानिसले सन्तानरूपी धन प्राप्त गर्दछ। अब म कालाष्टमीको वर्णन गर्दछु । यो व्रत मार्गशीर्ष महिनाको कृष्णपक्षको अष्टमीमा गर्नुपर्दछ । रात परेपछि व्रत गर्नेले स्नान आदिले पवित्र भई भगवान् शङ्करको पूजा गर्नुपर्छ र गोमूत्रले व्रतको पारण गर्नुपर्दछ । राति भुइँमा सुत्नुपर्दछ । पौषमा शम्भुको पूजन गरेर घिउको आहार गर्नुपर्छ र माघमा महेश्वरको अर्चना गरेर दुधको पान गर्नुपर्दछ। फागुनमा महादेवको पूजा गरेर उचित किसिमले उपवास गरेपछि तिलको भोजन गर्नुपर्दछ। चैत्रमा स्थाणुलाई पूजन गरी जौको भोजन गर्नुपर्छ। वैशाखमा शिवको पूजा गर्नुपर्छ र कुशजलले पारण गर्नुपर्दछ। जेष्ठमा पशुपतिको पूजन गरेर शृङ्गजल अर्थात् झरनाको पानी खानुपर्छ । आषाढमा उग्रको अर्चना गरेर गोबर भक्षण गर्नुपर्छ र श्रावणमा शर्वको पूजा गरेर मन्दार पुष्प भक्षण गर्नुपर्दछ । भाद्रमा रात्रिको समयमा त्र्यम्बकको पूजा गरेर बिल्वपत्र भक्षण गर्नुपर्दछ । आश्विनमा ईशको अर्चना गरेर

दध्याशी होमकारी स्याद्वर्षान्ते मण्डले यजेत् ।
गोवस्त्रहेम गुरवे दद्याद्विप्रेभ्य ईदृशम् ।७।
प्रार्थयित्वा द्विजान्भोज्य भुक्तिमुक्तिमवाप्नुयात् ।
नक्ताशी त्वष्टमीषु स्याद् वत्सरान्ते च धेनुदः ।८।
पौरन्दरं पदं याति स्वर्गतिव्रतमुच्यते ।
अष्टमी बुधवारेण पक्षयोरुभयोर्यदा ।९।
तदा व्रतं प्रकुर्वीत ह्यथ वा सगुडाशिता ।
तस्यां नियमकर्त्तारो न स्युः खण्डितसम्पदः ।१०।
तण्डुलस्याष्टमुष्टिनां वर्जयित्वाङ्गुलीद्वयम् ।
भक्तं कृत्वा चाम्रपुटे सकुशे सकुलाम्बिकाम् ।११।
सात्त्विकं पूजयित्वाङ्गं भुञ्जीत च कथाश्रवात् ।
शक्तितो दक्षिणां दद्यात्कर्कटीं तण्डुलान्विताम् ।१२।
धीरो द्विजोऽस्य भार्य्यास्ति रम्भा पुत्रस्तु कौशिकः ।
दुहिता विजया तस्य धीरस्य धनदो वृषः ।१३।
कौशिकस्तं गृहीत्वा तु गोपालश्चारयन्वृषम् ।
गङ्गायां स्नानकृत्येऽथ नीतश्चोरैर्वृषस्तदा ।१४।
स्नात्वा वृषमपश्यन्स वृषं मार्गितुमागतः ।
विजयाभगिनीयुक्तो ददर्श स सरोवरे ।१५।
दिव्यस्त्रीयोषितां वृन्दमब्रवीद्देहि भोजनम् ।
स्त्रीवृन्दमूचे व्रतकृद्भुङ्क्ष्व त्वमतिथिर्यतः ।१६।
व्रतं कृत्वा स बुभुजे प्राप्तवान् वनपालकम् ।
गतो धीरः सवृषभो विजयासहितस्तदा ।१७।
धीरेण विजया दत्ता यमायान्तरितः पिता ।
व्रतभावात्कौशिकोऽपि ह्ययोध्यायां नृपोऽभवत् ।१८।
पित्रोस्तु नरके दृष्ट्वा विजयार्ति यमे गता ।
मृगयामागतं प्रोचे मुच्यते नरकात्कथम् ।१९।

चामलको खाद्य र कार्तिकमा रुद्रको पूजन गरेर दहीको भोजन गर्नुपर्छ । वर्षको समाप्ति भएपछि होम गर्नुपर्छ र सर्वतोभद्र वा लिङ्गतोभद्र निर्माण गरेर भगवान् शङ्करलाई त्यसैमा पूजा गर्नुपर्दछ । त्यसपछि आचार्यलाई गाई, वस्त्र र सुवर्ण दान गर्नुपर्छ । अरू ब्राह्मणलाई पनि उनै वस्तु दान गर्नुपर्छ । ब्राह्मण बोलाएर भोजन गराई मानिसले भोग र मोक्ष प्राप्त गर्दछ । प्रत्येक महिनाको दुवै पक्षका अष्टमी तिथिमा रात्रिमा भोजन गर्ने र वर्ष पूरा भएपछि गोदान गर्ने गर्नुपर्दछ । यसो गर्दा मानिसले इन्द्र पद प्राप्त गर्दछ । यसलाई स्वर्गति व्रत भनिन्छ । कृष्ण वा शुक्ल जुनसुकै पक्षमा भएका अष्टमीमा बुधवारको योग छ भने त्यस दिन व्रत राख्नु र एक छाक भोजन गर्नुपर्छ । अष्टमी व्रत जुन मानिसले राख्छ त्यसका घरमा कहिल्यै पनि धनसम्पत्तिको अभाव हुँदैन । दुई अङ्गुल कम गरेर आठ मुठी चामल लिएर त्यसको भात पकाई कुशसहितको आँपका पातको दुनामा राख्नुपर्दछ । कुलाम्बिकासहित बुधको पूजा गर्नुपर्दछ र बुधाष्टमी व्रतको कथा सुनेर भोजन गर्नुपर्छ । त्यसपछि ब्राह्मणलाई काँक्रो र चामलसहित यथाशक्ति दक्षिणा दिनुपर्दछ । बुधाष्टमी व्रतको कथा— एकादेशमा धीर नामका कुनै ब्राह्मण थिए । उनकी पत्नीको नाम रम्भा र पुत्रको नाम कौशिक थियो । उनकी एउटी विजया नामकी छोरी पनि थिई । ती ब्राह्मणकहाँ धनद नाम भएको एउटा गोरु पनि थियो । गोठालाहरूसँगै कौशिकले त्यो गोरु चराउन लिएर गयो । कौशिक गङ्गा नदीमा नुहाइ धुवाइ गर्न लागेका बेला चोरले त्यो गोरु चोरेर लगेछन् । कौशिक नुहाएर आई हेर्दा गोरु नदेखेपछि आफ्नै बहिनी विजयासँगै खोज्न हिंड्यो । उसले एउटा सरोवरमा देवलोकका स्त्रीहरूलाई देख्यो र उसले त्यहाँ खाने कुरा माग्यो । त्यस अवस्थामा ती स्त्रीहरूले उसलाई— आज तिमी हाम्रा अतिथि भयौ । त्यसैले व्रत गरेर भोजन गर भने । अनि कौशिकले बुधाष्टमी व्रत गरेर भोजन गऱ्यो । उता धीर वनपालेकहाँ गए र विजयासँगै आफ्नो गोरु लिएर फिर्ता आए । धीर ब्राह्मणले उचित समयमा विजयाको विवाह गरिदिए र आफू स्वयं मृत्युपछि यमलोक पुगे । तर कौशिक चाहिँ व्रतका प्रभावले अयोध्याको राजा भए । आफ्ना बा–आमाले नरकको यातना खपेको देखेर विजया यमराजका शरणमा विन्ती गर्न गई । शिकार गर्न भनी जब कौशिक वनमा गयो अनि उसले मेरा मातापिता नरकबाट कसरी मुक्त होलान् भनी सोध्यो । त्यसबेला त्यहाँ प्रकट भएर यमराजले बुधाष्टमीका दुईवटा व्रतका फलले भनेर जवाफ दिए । त्यसपछि कौशिकले आफ्ना मातापिताका उद्देश्यले बुधाष्टमी व्रतका दुईवटा फल दिए । त्यसैबाट

व्रतद्वयाद्यमः प्रोचे प्राप्य तत्कौशिको ददौ ।
बुधाष्टमीद्वयफलं स्वर्गतौ पितरौ ततः ।२०।
विजया हर्षिता चक्रे व्रतं भुक्त्यादिसिद्धये ।
अशोककलिकाश्चाष्टौ ये पिबन्ति पुनर्वसौ ।२१।
चैत्रे मासि सिताष्टम्यां न ते शोकमवाप्नुयुः ।
त्वमशोकहराभीष्ट मधुमाससमुद्भव ।२२।
पिबामि शोकसन्तप्तो मा सशोकं सदा कुरु ।
चैत्रादौ मातृपूजाकृदष्टम्यां जयते रिपून् ।२३।

उसका मातापिता स्वर्गलोकतर्फ गए । त्यसपछि भोग र मोक्ष प्राप्तिका लागि विजयाले पनि हर्षित हुँदै यस व्रतको अनुष्ठान गरी । हे वसिष्ठ ! चैत्र महिनाको शुक्ल पक्षको अष्टमीमा जब पुनर्वसु नक्षत्रको योग हुन्छ त्यस बेलामा जुन मानिसले निम्न लिखित मन्त्रले अशोक पुष्पका आठ कोपिलाको रसपान गर्दछ उसले कहिल्यै शोक बेहोर्नु पर्दैन— त्वामशोक हराभीष्टं मधुमाससमुद्भव पिबामि शोकसंतप्तो मामशोकं सदा कुरु चैत्र महिनामा फक्रने हे अशोक ! तिमी भगवान् शङ्करका प्रिय छौ । म शोकले सन्ताप्त भएर तिम्रा कलिकाको रसपान गर्दछु। मलाई पनि तिमी आफैँ जस्तो सधैँका लागि शोकरहित बनाऊ । चैत्र महिनाका अष्टमीमा मातृका गणको पूजा गर्ने मानिसले शत्रुमाथि विजय प्राप्त गर्दछ ।१–२३।

१८५. पञ्चाशीत्यधिकशततमोऽध्यायः

नवमीव्रत

अग्निरुवाच
नवमीव्रतकं वक्ष्ये भुक्तिमुक्त्यादिसिद्धिदम् ।
देवी पूज्याश्विने शुक्ले गौर्य्याख्या नवमीव्रतम् ।१।
पिष्टकाख्वा तु नवमी पिष्टाशी देविपूजनात् ।
अष्टम्यामश्विने शुक्ले कन्यार्के मूलभे यदा ।२।
अघार्दना सर्वदा वै महती नवमी स्मृता ।
दुर्गा तु नवगेहस्था ह्येकागारस्थिताऽथ वा ।३।
पूजिताष्टादशभुजा शेषाः षोडशसत्कराः ।
शेषाः षोडशहस्ताः स्युरञ्जनं डमरुं तथा ।४।
रुद्रचण्डा प्रचण्डा च चण्डोग्रा चण्डनायिका ।
चण्डा चण्डवती पूज्या चण्डरूपातिचण्डिका ।५।
क्रमान्मध्ये चोग्रेचण्डा दुर्गा महिषमर्द्दिनी ।
ओं दुर्गे दुर्गेरक्षणि स्वाहा दशाक्षरो मन्त्रः ।६।
दीर्घाकारादि मन्त्रादिर्नवनेत्रो नमोऽन्तकः ।
षड्भिः पदैर्नमः स्वधावषट्कारहृदादिकम् ।७।
अङ्गुष्ठादिकनिष्ठान्तं न्यस्याङ्गानि जपेच्छिवाम् ।
एतज्जपति यो गुह्यं नासौ केनापि बाध्यते ।८।
कपालं खेटकं घण्टां दर्पणं तर्ज्जनीं धनुः ।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म भोग र मोक्ष आदिको सिद्धि प्रदान गराउने नवमीसम्बन्धी व्रतहरूको वर्णन गर्दछु । आश्विनको शुक्लपक्षमा गौरी नवमीको व्रत गरेर देवीको पूजन गर्नुपर्दछ । यस नवमीलाई पिष्टका नवमी भन्दछन् । त्यसको व्रत गर्ने मानिसले देवीको पूजा गरेर पिठाको खाने कुरा खानुपर्दछ । आश्विनका शुक्लपक्षको जुन नवमीमा अष्टमी र मूल नक्षत्रको योग पर्छ र सूर्य कन्या राशिमा रहेका हुन्छन् त्यसलाई महानवमी भनिन्छ । त्यसले सधैँ पापको विनाश गर्दछ । यस दिन नौ दुर्गाहरूलाई नौ स्थानमा अथवा एकै स्थानमा राखेर पूजा गर्नुपर्दछ । मध्य भागमा अठार भुजा भएकी महालक्ष्मी र दुवैपार्श्वमा बाँकी दुर्गाहरूको पूजा गर्नुपर्दछ। अञ्जन र डमरुसहित निम्नलिखित क्रमले दुर्गाहरूको स्थापना गर्नुपर्छ— रुद्रचण्डा, प्रचण्डा, चण्डोग्रा, चण्डनायिका, चण्डा, चण्डवती, पूज्या, चण्डरूपा र अतिचण्डिका । यी सबैका बीच भागमा अठार भुजा भएकी उग्रचण्डा महिषमर्दिनी दुर्गालाई ओं दुर्गे दुर्गे रक्षसि स्वाहा भन्ने दशाक्षर मन्त्रले जप गर्दछ । जुन मानिसले यस विधिअनुसार पूर्वोक्त दशाक्षर मन्त्रको जप गर्दछ उसलाई उसलाई कसैले पनि वाधा पार्न सक्तैन । भगवती दुर्गाले आफ्ना बायाँ हातहरूमा कपाल, खेटक, घण्टा, दर्पण, तर्जनी–मुद्रा, धनु, ध्वजा, डमरु र पाश एवं दाहिने हातहरूमा शक्ति, मुद्गर, त्रिशूल, वज्र,

ध्वजं डमरुकं पाशं वामहस्तेषु बिभ्रतीम् ।९।
शक्तिमुद्गरशूलानि वज्रं खड्गं च कुन्तकम् ।
शङ्खं चक्रं शलाकां च आयुधानि च पूजयेत् ।१०।
पशुं च काली कालीति जप्त्वा खड्गेन घातयेत् ।
कालि कालि वज्रेश्वरि लौहदण्डायै नमः ।११।
तदुत्थं रुधिरंमासं पूजनायै च नैर्ऋते ।
वायव्यां पापराक्षस्यै चरक्यै नम ईश्वरे ।१२।
विदारिकायै चाग्नेय्यां महाकौशिकमग्नये ।
तस्याग्रतो नृपः स्नायाच्छत्रं पिष्टमयं हरेत् ।१३।
दद्यात्स्कन्दविशाखाभ्यां ब्राह्म्याद्या निशि ता यजेत् ।
जयन्ती मङ्गला काली भद्रकाली कपालिनी ।१४।
दुर्गा शिवा क्षमा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ।
देवीं पञ्चामृतैः स्नाप्य पूजयेच्चार्हणादिना ।
ध्वजादिरथयात्रादिबलिदानवरादिकृत् ।१५।

खड्ग, भाला, अङ्कुश, चक्र र शलाका लिएकी हुन्छिन् । उनका यी आयुधहरूको पनि अर्चना गर्नुपर्दछ । त्यसपछि कालि कालि आदि मन्त्र जप गर्दै खड्गले पशुको वध गर्नुपर्दछ । त्यो मन्त्र– कालि कालि वज्रेश्वरी लोहदण्डायै नमः हो । बलि दिएका पशुको रक्त र मांस पूतनाय नमः भनेर नैर्ऋत्य कोणमा, पापराक्षस्यै नमः भनेर वायव्य कोणमा, चरक्यै नमः भनेर ईशान कोणमा र विदारिकायै नमः भनेर अग्निकोणमा उनीहरूकै लागि समर्पित गर्नुपर्दछ । राजाले पिठाको शत्रुको मूर्तिका सम्मुखमा स्नान गरेर स्कन्द र विशाखाका निम्ति त्यसलाई बलि दिनुपर्छ । रातमा जयन्ती मङ्गला काली भद्रकाली कपालिनी दुर्गा शिवा क्षमा धात्री स्वहा र स्वधा नामकी अम्बीका ! तिमीलाई नमस्कार छ भन्ने मन्त्रले देवीको स्तुति गर्नुपर्छ र पञ्चामृतले देवीलाई स्नान गराएर विविध उच्चारणले उनलाई पूजा गर्नुपर्छ । देवीका लागि भनेर गरिएको ध्वजदान, रथयात्रा एवं बलिदान आदि कर्म अभीष्ट वस्तुहरू प्राप्त गराउने हुन्छन् ।१–१५।

१८६. षडशीत्यधिकशततमोऽध्यायः

दशमीव्रत

अग्निरुवाच
दशमीव्रतकं वक्ष्ये धर्म्मकामादिदायकम् ।
दशम्यामेकभक्ताशी समाप्ते दशधेनुदः ।
दिशश्च काञ्चनींदद्याद् ब्राह्मणाधिपतिर्भवेत् ।१।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म दशमीसम्बन्धी व्रतका विषयमा भन्दछु र यसले धर्म काम आदि सिद्धि गराउँछ । दशमीमा एक छाक भोजन गर्ने र व्रत समाप्त भएपछि दसवटा गाई तथा स्वर्ण प्रतिमा दान गर्नुपर्छ । यसो गर्नाले मानिस ब्राह्मण आदि चारै वर्णको अधिपति हुन्छ ।१।

१८७. सप्ताशीत्यधिकशततमोऽध्यायः

एकादशीव्रत

अग्निरुवाच
एकादशीव्रतं वक्ष्ये भुक्तिमुक्तिप्रदायकम् ।
दशम्यां नियताहारो मांसमैथुनवर्जितः ।१।
एकादश्यां न भुञ्जीत पक्षयोरुभयोरपि ।
द्वादश्येकादशी यत्र तत्र सन्निहितो हरिः ।२।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म भोग र मोक्ष प्रदान गराउने एकादशी व्रतको वर्णन गर्दछु। व्रत गर्ने व्यक्तिले दशमीकै दिन मांस र मैथुन त्याग गरेर नियमित भोजन पनि गर्नुपर्दछ। दुवै पक्षका एकादशीमा भोजन गर्नु हुँदैन । द्वादशी गाँसिएको एकादशीमा स्वयं श्रीहरि स्थित भएका हुन्छन् । त्यसैले द्वादशी विद्धा एकादशीका व्रतको पारण त्रयोदशीमा गर्नाले मानिसले सय यज्ञको पुण्यफल आर्जन गर्दछ । जुन

तत्र क्रतुशतं पुण्यं त्रयोदशीं तु पारणे ।
एकादशी कला यत्र परतो द्वादशी गता ।३।
तत्र क्रतुशतं पुण्यं त्रयोदश्यां तु पारणे ।
दशम्येकादशीमिश्रा नोपोष्या नरकप्रदा ।४।
एकादश्यां निराहारो भुक्त्वा चैवापरेऽहनि ।
भोक्ष्येऽहं पुण्डरीकाक्ष शरणं मे भवाच्युत ।५।
एकादश्यां सिते पक्षे पुष्यर्क्षस्तु यदा भवेत् ।
सोपोष्याक्षय्य फलदा प्रोक्ता सा पापनाशिनी ।६।
एकादशी द्वादशी या श्रवणेन च संयुता ।
विजया सा तिथिः प्रोक्ता भक्तानां विजयाप्रदा ।७।
एषैव फाल्गुने मासि पुष्यर्क्षेण च संयुता ।
विजया प्रोच्यते सद्भिः कोटिकोटिगुणोत्तरा ।८।
एकादश्यां विष्णुपूजा कार्य्या सर्व्वोपकारिणी ।
धनवान्पुत्रवाँल्लोके विष्णुलोके महीयते ।९।

दिनका पूर्वभागमा एकादशी कला वा अंश मात्र बचेको छ र बाँकी भाग द्वादशी हुन्छ त्यस दिन एकादशीको व्रत गरी त्रयोदशीका दिन पारण गर्नाले सय यज्ञको पुण्यफल आर्जन गर्दछ। दशमीसित गाँसिएका एकादशीमा कहिल्यै उपवास गर्नु हुँदैन; किनभने त्यसले नरकको प्राप्ति गराउँछ। एकादशीमा निराहार रहेर त्यसको पछिल्लो दिन– हे पुण्डरीकाक्ष ! म तिम्रो शरण ग्रहण गर्छु। हे अच्युत ! अब म भोजन ग्रहण गर्दछु भन्दै भोजन गर्नुपर्छ। जब पुण्य नक्षत्रको योग भएको शुक्लपक्षको एकादशी पर्दछ त्यस दिन उपवास गर्नुपर्दछ। त्यसले अक्षय फल प्रदान गर्छ र त्यसलाई पापनाशिनी भनिन्छ। श्रवणनक्षत्रयुक्त र द्वादशीसित गाँसिएको एकादशी विजया नामले प्रसिद्ध हुन्छ र त्यसले भक्तलाई विजय प्रदान गर्दछ। फागुन महिनामा पुष्यनक्षत्रले युक्त एकादशीलाई पनि सत्पुरुषहरूले विजया नै भनेका छन्। गुणका हिसाबले त्यो कैयौँ करोड गुना अधिक भएको मानिन्छ। एकादशीमा सबैलाई उपकार गर्ने विष्णुको पूजा अवश्य गर्नुपर्दछ। यसबाट मानिसले यस लोकमा धन र पुत्रले सम्पन्न हुन्छ र विष्णुलोकमा पनि पूजित हुन्छ।१–९।

१८८. अष्टाशीत्यधिकशततमोऽध्यायः

द्वादशीव्रत

अग्निरुवाच
द्वादशीव्रतकं वक्ष्ये भुक्तिमुक्तिप्रदायकम् ।
एकभक्तेन नक्तेन तथैवायाचितेन च ।१।
उपवासेन भैक्ष्येण चैव द्वादशिकव्रती ।
चैत्रे मासि सिते पक्षे द्वादश्यां मदनं हरिम् ।२।
पूजयेद्भुक्तिमुक्त्यर्थी मदनद्वादशीव्रती ।
माघशुक्ले तु द्वादश्यां भीमद्वादशिकव्रती ।३।
नमो नारायणायेति यजेद्विष्णुं स सर्वभाक् ।
फाल्गुने च सिते पक्षे गोविन्दद्वादशीव्रती ।४।
विशोकद्वादशीकारी यजेदाश्वयुजे हरिम् ।
लवणं मार्गशीर्षे तु कृष्णमभ्यर्च्य यो नरः ।५।
ददाति शुक्लद्वादश्यां स सर्वरसदायकः ।
गोवत्सं पूजयेद्भाद्रे गोवत्सद्वादशीव्रती ।६।

अग्निदेव भन्दछन्– हे मुनिश्रेष्ठ ! अब म भोग र मुक्ति प्रदान गर्ने द्वादशीसम्बन्धी व्रतका विषयमा भन्दछु। द्वादशी तिथिमा मानिसले रातका समयमा एक छाक भोजन गर्नुपर्दछ र कसैसित केही माग्नु हुँदैन। उपवास नै गरेपनि भिक्षा ग्रहण गर्ने मानिसको द्वादशीव्रत सफल हुँदैन। चैत्र महिनाको शुक्लपक्षको द्वादशीलाई मदन द्वादशी भन्दछन्। यस मदन द्वादशी व्रत गर्ने मानिसले भोग र मोक्षका इच्छाले कामदेवरूपी श्रीहरिलाई अर्चन गर्नुपर्दछ। माघको शुक्लपक्षको द्वादशीमा भीमद्वादशीको व्रत गर्नुपर्दछ र नमो नारायणाय मन्त्रले श्रीविष्णुको पूजा गर्नुपर्दछ। यसो गर्ने मानिसले सबै थोक प्राप्त गर्दछ। फागुनको शुक्लपक्षमा गोविन्द द्वादशीको व्रत हुने गर्दछ। आश्विनमा विशोक द्वादशीको व्रत गर्ने मानिसले श्रीहरिको पूजन गर्नुपर्दछ। मंसिरको शुक्लपक्षको द्वादशीमा श्रीकृष्णको पूजन गरेर जुन मानिसले नुन दान गर्दछ उसले सम्पूर्ण रस दान गरेको फल प्राप्त गर्दछ। भाद्रमा गोवत्सद्वादशीको व्रत गर्ने मानिसले गाईका बाछाको पूजा गर्नुपर्दछ। माघ महिना बितेर

माघ्यां तु समतीतायां श्रवणेन तु संयुता ।
द्वादशी या भवेत्कृष्णा प्रोक्ता सा तिलद्वादशी ।७।
तिलैः स्नानं तिलैर्होमो नैवेद्य तिलमोदकम् ।
दीपश्च तिलैतैलेन तथा देयं तिलोदकम् ।८।
तिलाश्च देया विप्रेभ्यः फलं होमोपवासतः ।
ओं नमो भगवतेऽथो वासुदेवाय वै यजेत् ।९।
सकुलः स्वर्गमाप्नोति षट्तिलाद् द्वादशीव्रती ।
मनोरथद्वादशी कृत्फाल्गुने तु सितेऽर्च्चयेत् ।१०।
नामद्वादशीव्रतकृत्केशवाद्यैश्च नामभिः ।
वर्षं यजेद्धरिं स्वर्गी न भवेन्नारकी नरः ।११।
फाल्गुनस्य सितेऽभ्यर्च्य सुमतिद्वादशीव्रती ।
मासि भाद्रपदे शुक्ले अनन्ताद्वादशीव्रती ।१२।
आश्लेषर्क्षे तु मूले वा माघे कृष्णाय वै नमः ।
यजेत्तिलांश्च जुहुयात्तिलद्वादशीकृन्नरः ।१३।
सुगतिद्वादशीकारी फाल्गुने तु सिते यजेत् ।
जय कृष्ण नमस्तुभ्यं वर्षं स्याद्भुक्तिमुक्तिगः ।
पौषशुक्ले तु द्वादश्यां सम्प्राप्तिद्वादशीव्रती ।१४।

फागुन महिनाको जुन शुक्लपक्षको द्वादशीमा श्रवण नक्षत्र संयुक्त हुन्छ त्यसलाई तिलद्वादशी भनिन्छ। त्यस दिन तिलले नै स्नान र होम गर्नुपर्दछ र तिलकै लड्डुको भोग चढाउनुपर्छ। मन्दिरमा तिलकै तेलको दियो अर्पित गरी पितृहरूलाई तिलकै अञ्जली दिनुपर्दछ। ब्राह्मणलाई तिल दान गर्नुपर्दछ। होम र उपवासले नै तिलद्वादशीको फल प्राप्त हुन्छ। ओं नमो भगवते वासुदेवाय भन्ने मन्त्रले श्रीविष्णुको पूजा आजा गर्नुपर्दछ। उपर्युक्त विधिले छपटक तिल द्वादशीको व्रत गर्ने मानिसले कुलसहित स्वर्गलोक प्राप्त गर्दछ। फागुन शुक्ल द्वादशीमा मनोरथ द्वादशी व्रत गर्ने मानिसले श्रीहरिको पूजन गर्नुपर्दछ। यसै दिन नाम द्वादशी गर्नेले केशव आदि नामबाट श्रीहरिको पूजा एक वर्षसम्म गर्नुपर्दछ। त्यो मानिस मृत्यु भएपछि स्वर्गलोकमा नै जान्छ। ऊ कहिल्यै पनि नरकगामी हुँदैन। फागुनका शुक्ल पक्षमा सुमति द्वादशीको व्रत गर्ने मानिसले विष्णुको पूजा गर्नुपर्दछ। भदौ महिनाको शुक्लपक्षमा अनन्त द्वादशीको व्रत गरिन्छ। माघको शुक्लपक्षमा अश्लेषा अथवा मूल नक्षत्रसहितको तिल द्वादशी व्रत गर्ने मानिसले कृष्णाय नमः भन्ने मन्त्रले श्रीकृष्णको पूजन गर्नुपर्दछ र तिनकै होम गर्नुपर्दछ। फागुनको शुक्लपक्षमा सुगति द्वादशीको व्रत गर्ने मानिसले जय कृष्ण नमस्तुभ्यम् मन्त्रले एक वर्षसम्म श्रीकृष्णको पूजा गर्नुपर्छ। यसो गर्नाले मानिसले भोग र मोक्ष दुवै प्राप्त गर्दछन्। पुसको शुक्लपक्ष द्वादशीमा सम्प्राप्ति द्वादशीको व्रत गर्नुपर्दछ।१-१४।

१८९. ऊननवत्यधिकशततमोऽध्यायः

श्रवणद्वादशीव्रत

अग्निरुवाच
श्रवणद्वादशीं वक्ष्ये मासि भाद्रपदे सिते ।
श्रवणेन युता श्रेष्ठा महती सा ह्युपोषिता ।१।
सङ्गमे सरितां स्नानाच्छ्रवणद्वादशीफलम् ।
बुधश्रवणसंयुक्ता दानादौ सुमहाफला ।२।
निषिद्धमपि कर्त्तव्यं त्रयोदश्यां तु पारणम् ।
द्वादश्यां च निराहारो वामनं पूजयाम्यहम् ।३।
उदकुम्भे स्वर्णमयं त्रयोदश्यां तु पारणम् ।
आवाहयाम्यहं विष्णुं वामनं शङ्खचक्रिणम् ।४।

अग्निदेव भन्दछन्— अब म भाद्र महिनाको शुक्लपक्षमा गरिने श्रवण द्वादशी व्रतका विषयमा भन्दछु। श्रवण नक्षत्रसित संयुक्त भएमा यसलाई श्रेष्ठ मानिन्छ र उपवास गर्दा महान् फल प्रदान गर्दछ। श्रवण द्वादशीका दिन नदीका सङ्गममा स्नान गर्नाले विशेष फल प्राप्त हुन्छ र बुधवार श्रवणनक्षत्रले युक्त द्वादशी दान आदि कर्ममा महान् फलदायी हुन्छ। त्रयोदशीको निषेध भएता पनि यस व्रतको पारण त्रयोदशीकै दिन गर्नुपर्दछ। म द्वादशी निराहार रहेर जलपूर्ण कलशमा स्थित स्वर्णनिर्मित वामनमूर्तिलाई पूजा गर्दछु भनी सङ्कल्प गर्नुपर्छ। दुई सेता वस्त्रले छोपेको र छत्र एवं पादुकाले युक्त कलशमा वामन अवतार विष्णुलाई म आवाहन गर्दछु भनी आवाहन गर्नुपर्दछ। छत्र एवं दण्डले विभूषित सर्वव्यापी

सितवस्त्र युगच्छन्ने घटे सच्छत्रपादुके ।
स्नापयामि जलैः शुद्धैर्विष्णुं पञ्चामृतादिभिः ।५।
छत्रदण्डधरं विष्णुं वामनाय नमो नमः ।
अर्घ्यं ददामि देवेश अर्घ्यार्हाद्यैः सदार्चितः ।६।
भुक्तिमुक्तिप्रजाकीर्तिसर्वैश्वर्ययुतं कुरु ।
वामनाय नमो गन्धं होमोऽनेनाष्टकं शतम् ।७।
ओं नमो वासुदेवाय शिरः सम्पूजयेद्धरेः ।
श्रीधराय मुखं तद्वत्कण्ठे कृष्णाय वै नमः ।८।
नमः श्रीपतये वक्षो भुजौ सर्वास्त्रधारिणे ।
व्यापकाय नमो नाभिं वामनाय नमः कटिम् ।९।
त्रैलोक्यजयकायेति मेढ्रं जङ्घे यजेद्धरेः ।
सर्वाधिपतये पादौ विष्णोः सर्वात्मने नमः ।१०।
घृतपक्वं च नैवेद्यं दद्याद्दध्योदनैर्घटान् ।
रात्रौ च जागरं कृत्वा प्रातः स्नात्वा च सङ्गमे ।११।
गन्धपुष्पादिभिः पूज्य वदेत्पुष्पाञ्जलिस्त्विदम् ।
नमो नमस्ते गोविन्द बुधश्रवणसंज्ञित ।१२।
अघौघसङ्क्षयं कृत्वा सर्वसौख्यप्रदो भव ।
प्रीयतां देव देवेश मम नित्यं जनार्दन ।१३।
वामनो बुद्धिदो दाता द्रव्यस्थो वामनः स्वयम् ।
वामनः प्रतिगृह्णाति वामनो मे ददाति च ।१४।
द्रव्यस्थो वामनो नित्यं वामनाय नमो नमः ।
प्रदत्तदक्षिणो विप्रान्सम्भोज्यान्नं स्वयं चरेत् ।१५।

श्रीविष्णुलाई पञ्चामृत एवं विशुद्ध जलको स्नान अर्पण गर्दै भगवान् वामनलाई म नमस्कार गर्दछु भनी स्नान अर्पण गर्नुपर्छ। हे देवेश्वर ! तिमी अर्घ्यका अधिकारी पुरुष तथा अन्य पुरुषहरूबाट सदैव पूजित छौ। तिमीलाई म अर्घ्यदान गर्दछु। मलाई भोग, मोक्ष, सन्तान, यश र सबै खालका ऐश्वर्यले सम्पन्न गराऊ भन्दै अर्घ्यदान गर्नुपर्दछ। त्यसपछि वामनाय नमः भन्ने मन्त्रले गन्धद्रव्य समर्पित गर्नुपर्दछ र यसै मन्त्रद्वारा श्रीहरिका लागि एकसय आठ आहुति दिनुपर्छ। ओं नमो वासुदेवाय भन्ने मन्त्रले श्रीहरिको शिरोभागको अर्चना गर्नुपर्दछ। श्रीधराय नमः मन्त्रले मुखको, कृष्णाय नमः मन्त्रले कण्ठ, श्रीपतये नमः भनेर वक्ष, सर्वास्त्रधारिणे नमः भनेर दुवै भुजा, व्यापकाय नमः भनेर नाभि र वामनाय नमः भनेर कटिप्रदेशको पूजा गर्नुपर्दछ। त्रैलोक्यजननाय नमः मन्त्रले भगवान् वामनको उपस्थलाई, सर्वाधिपतये नमः भनेर दुवै जङ्घालाई र सर्वात्मने नमः भनेर श्रीविष्णुका चरणलाई पूजा गर्नुपर्छ। त्यसपछि वामन भगवान्लाई घिउमा पकाएको नैवेद्य र दहीभातले भरिएको कुम्भ अर्पित गर्नुपर्दछ। रातमा जागरण बसी बिहान सङ्गममा स्नान गर्नुपर्छ। त्यसपछि गन्धपुष्पादिले भगवान्को पूजा गरेर– हे बुध एवं श्रवण नामका गोविन्द ! तिमीलाई अनेकौँ नमस्कार छ। मेरो पापसमूह नाश गरेर सम्पूर्ण सुख प्रदान गर। हे देवेश्वर जनार्दन ! मेरो पुष्पाञ्जलीले तिमी सधैँ प्रसन्न होऊ भनी पुष्पाञ्जली अर्पण गर्नुपर्छ। त्यसपछि– भगवान् वामनले मलाई दान गर्ने बुद्धि दिएका छन्। दाता उनै हुन्। दिइने वस्तुमा स्वयं उनी विराजमान छन्। उनै वामन भगवान्ले यो ग्रहण गरिरहेका छन् र उनै वामनले नै मलाई दिएका पनि हुन्। सधैँ सबै द्रव्यमा भगवान् वामन नै बसेका छन्। उनै वामन अवतार विष्णुलाई नमस्कार छ भन्दै कुनै ब्राह्मणलाई दिनुपर्छ। यस किसिमले पूजन र दक्षिणाद्रव्यसहित दिएर ब्राह्मणलाई भोजन गराउनुपर्छ र स्वयं आफूले भोजन गर्नुपर्छ।१–१५।

१९०. नवत्यधिकशततमोऽध्यायः

अखण्डद्वादशीव्रत

अग्निरुवाच
अखण्डद्वादशीं वक्ष्ये व्रतसम्पूर्णताकृतम् ।
मार्गशीर्षे सिते विष्णुं द्वादश्यां समुपोषितः ।१।
पञ्चगव्यजले स्नातो यजेत्तत्प्राशनो व्रती ।
यवव्रीहियुतं पात्रं द्वादश्यां हि द्विजेऽर्पयेत् ।२।

अग्निदेव भन्दछन्– अब म अखण्डद्वादशी व्रतका विषयमा भन्दछु र त्यसले समस्त व्रतहरूको सम्पूर्णता सम्पादन गर्दछ। मार्गशिर्षको शुक्लपक्षको द्वादशीमा उपवास गरेर भगवान् श्रीविष्णुको पूजा गर्नुपर्दछ। व्रत गर्ने मानिसले पञ्चगव्य मिश्रित जलले स्नान गर्नुपर्छ र पारण पनि त्यसैले गर्नुपर्दछ। यस द्वादशीमा ब्राह्मणलाई जौ र धानले भरिएको अन्नपात्र दान नर्गुपर्दछ। भगवान् श्रीविष्णुका सामु– हे

सप्तजन्मनि यत्किञ्चिन्मया खण्डं व्रतं कृतम् ।
भगवंस्त्वत्प्रसादेन तदखण्डमिहास्तु मे ।३।
यथाऽखण्डं जगत्सर्वं त्वमेव पुरुषोत्तम ।
तथाखिलान्यखण्डानि व्रतानि मम सन्तु वै ।४।
एवमेवानुमासं च चतुर्मास्यो विधिः स्मृतः ।
अन्यच्चैत्रादिमासेषु सक्तुपात्राणि चार्पयेत् ।५।
श्रावणादिषु चारभ्य कार्त्तिकान्तेषु पारणम् ।
सप्तजन्मसु वैकल्यं व्रतानां सफलं कृते ।
आयुरारोग्यसौभाग्यराज्यभोगादिमाप्नुयात् ।६।

भगवन् ! सात जन्मदेखि मेरा जेजति व्रतहरू भङ्ग भएका छन् तिम्रा कृपाले ती मेरा लागि अखण्ड फलदायक होऊन् । हे पुरुषोत्तम ! तिमी जसरी यस अखण्ड चराचर विश्वका रूपमा स्थित छौ उसै गरी मैले गरेका व्रतहरू पनि अखण्ड होऊन् भनेर प्रार्थना गर्नुपर्छ । यसै किसिमले मंसिरमा थालेर फागुनसम्म प्रत्येक महिना गर्नुपर्छ । यो व्रत चार महिनासम्म गर्ने विधान छ । चैत्रदेखि आषाढसम्म यो व्रत गर्ने हो भने सत्तुले भरिएको पात्र दान गर्नुपर्दछ । श्रावणमा यो व्रत प्रारम्भ गरिएको भए कार्तिकमा समाप्त गर्नुपर्दछ । उपर्युक्त विधिले अखण्डद्वादशीको व्रत गर्दाखेरि सात जन्मदेखि खण्डित भएका व्रतहरूलाई यसले सफल बनाइदिन्छ । यो व्रत गर्नाले मानिसले लामो आयु, आरोग्य, सौभाग्य, राज्य र विविध भोग प्राप्त गर्दछ ।१–६।

१९१. एकनवत्यधिकशततमोऽध्यायः

त्रयोदशीव्रत

अग्निरुवाच
त्रयोदशीव्रतानीह सर्वदानि वदामि ते ।
अनङ्गेन कृतामादौ वक्ष्येऽनङ्गत्रयोदशीम् ।१।
त्रयोदश्यां मार्गशीर्षे शुक्लेऽनङ्गं हरं यजेत् ।
मधु सम्प्राशयेद्रात्रौ घृतहोमस्तिलाक्षतैः ।२।
पौषे योगेश्वरं प्राच्र्य चन्दनाशी कृताहुतिः ।
महेश्वरं मौक्तिकाशी माघेऽभ्यर्च्य दिवं व्रजेत् ।३।
काकोलं प्राश्य नीरं तु फाल्गुने पूजयेद् व्रती ।
कर्पूराशी स्वरूपं च चैत्रे सौभाग्यवान्भवेत् ।४।
महारूपं तु वैशाखे यजेज्जातीफलाश्यपि ।
लवङ्गाशी ज्यैष्ठदिने प्रद्युम्नं पूजयेद् व्रती ।५।
तिलोदाशी तथाषाढे चोमाभर्त्तारमर्च्चयेत् ।
श्रावणे गन्धतोयाशी पूजयेच्छूलपाणिनम् ।६।
सद्योजातं भाद्रपदे प्राशिता गुरुमर्च्चयेत् ।
सुवर्णवारि सम्प्राश्य ह्याश्विने त्रिदशाधिपम् ।७।
विश्वेश्वरं कार्त्तिके तु मदनाशी यजेद् व्रती ।
शिवं हैमं तु वर्षान्ते सञ्छाद्याम्रदलेन तु ।८।
वस्त्रेण पूजयित्वा तु दद्याद्विप्राय गां तथा ।

अग्निदेव भन्दछन्— अब म त्रयोदशी तिथिका व्रत बताउँछु र यिनले सबैथोक दिन्छन् । पहिले म अनङ्गत्रयोदशीका विषयमा भन्दछु । परापूर्वकालमा अनङ्ग वा कामदेवले यो व्रत गरेका थिए । मंसिर शुक्ल त्रयोदशीका दिन कामदेवस्वरूप हर को पूजा गर्नुपर्दछ । रातमा मधुको भोजन गरेर तिल र अक्षता मिश्रित घिउ हवन गर्नुपर्दछ । पुसमा योगेश्वरको पूजा र होम गरेर चन्दन प्राशन गर्नुपर्दछ । माघमा महेश्वरको अर्चना गरेर मौक्तिक नामका विरुवाको जलको आहार गर्नुपर्दछ । यसबाट मानिसले स्वर्गलोक प्राप्त गर्दछ । व्रत गर्ने मानिसले फागुनमा वीरभद्रको पूजा गरी कङ्कोल प्राशन गर्नुपर्छ । चैत्रमा सुरूप नामका शिवको अर्चना गरेर कपुरको आहार गर्ने व्यक्ति सौभाग्ययुक्त हुनेछ । वैशाखमा महारूपको पूजा गरेर जाइफल भोजन गर्नुपर्दछ । व्रत गर्ने मानिसले जेठमा प्रद्युम्नको पूजा गरेर ल्वाङ चबाएर बस्नुपर्छ । आषाढमा उमापतिलाई अर्चना गरेर तिलमिश्रित जल खानुपर्छ । श्रावणमा शूलपाणिलाई पूजा गरेर सुगन्धित जल खानुपर्छ । भाद्रमा अगुरु प्राशन गरी सद्योजातको पूजा गर्नुपर्छ । आश्विनमा त्रिदशाधिप शङ्करको पूजा गरेर स्वर्णजल पान गर्नुपर्दछ । व्रतीले कार्तिकमा विश्वेश्वरको पूजा गरेपछि नुनको भक्षण गर्नुपर्दछ । यसै किसिमले वर्षको अन्त्य हुँदाखेरि शिवलिङ्गलाई आमका पत्ता र वस्त्रले छोपेर सत्कारपूर्वक ब्राह्मणलाई दान दिनुपर्छ । साथमा गाई, शय्या, छत्र, कलश, पादुका र रसपूर्ण पात्र पनि

शयनं छत्रकलशान्पादुकारसभाजनम् ।९।
त्रयोदश्यां सिते चैत्रे रतिप्रीतियुतं स्मरन् ।
अशोकाख्यं नगं लिख्य सिन्दुररजनीमुखैः ।
अब्दं यजेत्तु कामार्थी कामत्रयोदशीव्रतम् ।१०।

दिनुपर्दछ। चैत्र शुक्ल त्रयोदशीमा सिँदुर र गाजलले अशोक वृक्षको रचना गरी त्यसका फेदमा कामपत्नी रति र प्रीतिलाई सम्झनुपर्दछ । यस किसिमको कामनायुक्त साधकले एक वर्षसम्म कामदेवको पूजा गर्नुपर्दछ। यसलाई कामत्रयोदशी व्रत भनिन्छ ।१-१०।

१९२. द्विनवत्यधिकशततमोऽध्यायः

चतुर्दशीव्रत

अग्निरुवाच

व्रतं वक्ष्ये चतुर्दश्यां भुक्तिमुक्तिप्रदायकम् ।
कार्त्तिके तु चतुर्दश्यां निराहारो यजेच्छिवम् ।१।
वर्षं भोगधनायुष्मान्कुर्वञ्शिवचतुर्दशीम् ।
मार्गशीर्षे सितेऽष्टम्यां तृतीयायां मुनिव्रतः ।२।
द्वादश्यां वा चतुर्दश्यां फलाहारो यजेत्सुरम् ।
त्यक्त्वा फलानि दद्यानु कुर्वन्फलचतुर्दशीम् ।३।
चतुर्दश्यामथाष्टम्यां पक्षयोः शुक्लकृष्णयोः ।
अनश्नन्पूजयेच्छम्भुं स्वर्ग्युभयचतुर्दशीम् ।४।
कृष्णाष्टम्यां तु नक्तेन तथा कृष्णचतुर्दशीम् ।
इह भोगानवाप्नोति परत्र च शुभां गतिम् ।५।
कार्त्तिके च चतुर्दश्यां कृष्णायां स्नानकृत्सुखी ।
आराधिते महेन्द्रे तु ध्वजाकारासु यष्टिषु ।६।
ततः शुक्लचतुर्दश्यामनन्तं पूजयेद्धरिम् ।
कृत्वा दर्भमयं चैव वारिधानीसमन्वितम् ।७।
शालिप्रस्थस्य पिष्टस्य पूपनाम्नः कृतस्य च ।
अर्द्धं विप्राय दातव्यमर्द्धमात्मनि योजयेत् ।
कर्त्तव्यं सरितां चान्ते कथां कृत्वा हरेरिति ।८।

अग्निदेव भन्दछन्– हे बसिष्ठ ! अब म चतुर्दशी तिथिमा गरिने व्रतको वर्णन गर्दछु। यस व्रतले भोग र मोक्ष प्रदान गर्दछ । कार्तिकको चतुर्दशीमा निराहार रहेर भगवान् शिवको पूजा गर्नुपर्दछ र त्यसैबाट थालेर प्रत्येक महिना शिव चतुर्दशीमा व्रत र शिवपूजाको क्रम चलाउँदै एक वर्षसम्म यही नियम निर्वाह गर्नुपर्छ। यसो गर्ने पुरुष भोग, धन र दीर्घायुले सम्पन्न हुन्छ। मंसिर महिनाको शुक्लपक्षमा अष्टमी, तृतीया, द्वादशी अथवा चतुर्दशीमा मौन धारण गरेर फलाहारमा रहनुपर्छ र देवताको पूजा गर्नुपर्दछ साथै केही फल सधैंका लागि त्याग वा देवतालाई दान गर्नुपर्दछ। यस किसिमले फल चतुर्दशी व्रत गर्ने पूरुषले शुक र कृष्ण दुवै पक्षका चतुर्दशी एवं अष्टमीमा उपवास बसी भगवान् शिवको पूजा गर्नुपर्दछ। यस विधिले दुवै पक्षका चतुर्दशी व्रत गर्ने मानिस स्वर्गलोकको भागीदार हुन्छ। कृष्णपक्षका अष्टमी र चतुर्दशीमा नक्तव्रत गरी रातमा मात्रै भोजन गर्ने साधकले यस लोकमा अभीष्ट प्राप्ति र परलोकमा शुभगति प्राप्त गर्दछ। कार्तिक कृष्ण चतुर्दशीमा स्नान गरी ध्वजा आकारको बाँसको लिङ्गमा देवराज इन्द्रलाई आराधना गर्दा मानिस सुखी हुन्छ। त्यसपछि प्रत्येक महिनामा शुक्ल चतुर्दशीहरूमा कुशद्वारा श्रीहरिको आकृति बनाएर पानीले भरिएको पात्रमाथि त्यसलाई स्थापित गरेर पूजा गर्नुपर्छ। त्यस दिन एक सेर मंसिरे धानको चामलको पिठोले पुवा पकाउन लगाई त्यसबाट आधा ब्राह्मणलाई दिएर आधाले आफ्नो काम चलाउनुपर्छ। नदीका किनारमा यस व्रत र पूजाको आयोजना गरी त्यहीँ श्रीहरिका अनन्तव्रतको कथा पनि श्रवण-कीर्तन गर्नुपर्दछ। त्यस बेलामा चौधग्रन्थियुक्त अनन्त सूत्र निर्माण गरी अनन्त नै ठानेर त्यसलाई पूजा गर्नुपर्छ। त्यसपछि– हे वासुदेव ! संसाररूपी अपार समुद्रमा डुब्न लागेका मजस्ता

अनन्तसंसारमहासमुद्रे मग्नान्समभ्युद्धर वासुदेव ।
अनन्तरूपे विनियोजयस्त्वं ह्यनन्तरूपाय नमो नमस्ते ।९।
अनेन पूजयित्वाथ सूत्रं वद्ध्वा तु मन्त्रितम् ।
स्वके करे वा कण्ठे वा त्वनन्तव्रतकृत्सुखी ।१०।

प्राणीलाई तिमीले उद्धार गर । तिम्रा स्वरूपको अन्त्य कतै छैन । तिमी मलाई आफ्नो त्यही अनन्त स्वरूपमा विलय गराऊ। अनन्त रूप तिमी भगवान्लाई मेरो बारम्बार नमस्कार छ भन्दै त्यो सूत्र आफ्नो हात या कण्ठमा बाँध्नुपर्दछ । यस किसिमको अनन्त व्रत अनुष्ठान गर्ने मानिस परमानन्दको भागी हुन्छ ।१-१०।

१९३. त्रिनवत्यधिकशततमोऽध्यायः

शिवरात्रिव्रत

अग्निरुवाच
शिवरात्रिव्रतं वक्ष्ये भुक्तिमुक्तिप्रदं शृणु ।
माघफाल्गुनयोर्मध्ये कृष्णा या तु चतुर्दशी ।१।
कामयुक्ता तु सोपोष्या कुर्वञ्जागरणं व्रती ।
शिवरात्रिव्रतं कुर्वे चतुर्दश्यामभोजनम् ।२।
रात्रिजागरणेनैव पूजयामि शिवं व्रती ।
आवाहयाम्यहं शम्भुं भुक्तिमुक्तिप्रदायकम् ।३।
नरकार्णवकोत्तारनावं शिव नमोऽस्तु ते ।
नमः शिवाय शान्ताय प्रजाराज्यादिदायिने ।४।
सौभाग्यारोग्यविद्यार्थस्वर्गमार्गप्रदायिने ।
धर्म्मं देहि धनं देहि कामभोगादि देहि मे ।५।
गुणकीर्तिसुखं देहि स्वर्गं मोक्षं च देहि मे ।
लुब्धकः प्राप्तवान्पुण्यं पापी सुन्दरसेनकः ।६।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म भोग र मोक्ष प्रदान गर्ने शिवरात्रिव्रतका विषयमा वर्णन गर्दछु; एकचित्त भएर सुन । फागुन कृष्ण चतुर्दशीमा कामनासहित मानिसले उपवास गर्नुपर्दछ । व्रत गर्नेले रातमा जागरण गर्नुपर्दछ र म चतुर्दशीमा भोजन त्याग गरेर शिवरात्रिको व्रत गर्दछु; म व्रतयुक्त भएर रातमा जागरण रही शिवको पूजा गर्दछु। भोग र मोक्ष प्रदान गर्ने शिवलाई म आवाहन गर्दछु । हे शिव ! तिमी नरक रूप समुद्रबाट पारि तार्ने नौकाजस्तै हौ; तिमीलाई नमस्कार छ। तिमी प्रजा र राज्य आदि प्रदान गर्ने, मङ्गलमय एवं शान्तस्वरूप हौ; तिमीलाई नमस्कार छ। तिमी सौभाग्य, आरोग्य, विद्या, धन र स्वर्गको मार्ग प्राप्त गराउने हौ । मलाई धर्म देऊ, धन देऊ र काम भोग आदि देऊ। मलाई गुण, कीर्ति र सुखले सम्पन्न गराउ; स्वर्ग, र मोक्ष प्रदान गर भन्नुपर्दछ। यसै शिवरात्रि व्रतको प्रभावले सुन्दरसेन नामको पापी व्याधाले पनि पुण्य प्राप्त गरेको थियो ।१-६।

१९४. चतुर्नवत्यधिकशततमोऽध्यायः

अशोकपूर्णिमाव्रत

अग्निरुवाच
अशोकपूर्णिमां वक्ष्ये भूधरं च भुवं यजेत् ।
फाल्गुन्यां सितपक्षायां वर्षं स्याद्भुक्तिमुक्तिभाक् ।१।
कार्त्तिक्यां तु वृषोत्सर्गं कृत्वा नक्तं समाचरेत् ।
शैवं पदमवाप्नोति वृषव्रतमिदं परम् ।२।

अग्निदेव भन्दछन्— अब म अशोक पूर्णिमाका विषयमा भन्दछु । फागुनशुक्ल पूर्णिमामा भगवान् वराह र भूदेवीलाई पूजन गर्नुपर्दछ। एक वर्ष यसो गर्दा मानिसले भोग र मोक्ष दुवै प्राप्त गर्दछ। कार्तिकको पूर्णिमामा वृषोत्सर्ग गरेर रात्रिव्रतको अनुष्ठान गर्नुपर्दछ। यसबाट मानिसले शिवलोक प्राप्त गर्छ। यो उत्तम व्रत वृषोत्सर्गका नामले प्रसिद्ध छ । आश्विनको पितृपक्षमा पितृका लागि जेजति दिइन्छ त्यो अक्षय हुन्छ । मानिसले कुनै वर्ष यस औँसीमा उपवास बसेर पितृहरूलाई

पित्र्या यामावसी तस्यां पितृणां दत्तमक्षयम् ।
उपोष्याब्दं पितॄनिष्ट्वा निष्पापः स्वर्गमाप्नुयात् ।३।
पञ्चदश्यां च माघस्य पूज्याजं सर्वमाप्नुयात् ।
वक्ष्ये सावित्र्यमावास्यां भुक्तिमुक्तिकरीं शुभाम् ।४।
पञ्चदश्यां व्रती ज्येष्ठे वटमूले महासतीम् ।
त्रिरात्रोपोषिता नारी सप्तधान्यैः प्रपूजयेत् ।५।
प्ररूढैः कण्ठसूत्रैश्च रजन्यां कुङ्कुमादिभिः ।
वटावलम्बनं कृत्वा नृत्यगीतैः प्रभातके ।६।
नमः सावित्र्यै सत्यवते नैवेद्यं चार्पयेद् द्विजे ।
वेश्म गत्वा द्विजान्भोज्य स्वयं भुक्त्वा विसर्ज्जयेत् ।
सावित्री प्रीयतां देवी सौभाग्यादिकमाप्नुयात् ।७।

पूजन गरेमा पापरहित भएर उसले स्वर्गलोक प्राप्त गर्दछ। माघ महिनाको अमावस्यामा ब्रह्माको पूजा गरेर मानिसले सम्पूर्ण अभीष्ट प्राप्त गर्दछ। अब म बट्सावित्रीसम्बन्धी अमावस्याका विषयमा भन्दछु। यो पूण्यमय एवं भोग र मुक्तिप्रदान गर्नयोग्य छ। व्रत गर्ने नारीले त्रिरात्रीव्रत गर्नुपर्छ र ज्येष्ठको अमावस्यामा वटवृक्षका फेदमा त्यसै महासती सावित्रीको पूजा सप्तधान्यले गर्नुपर्दछ। रात्रि केही बाँकी रहेपछि त्यसै वटवृक्षलाई कष्ठसूत्र लगाइखिएर कुङ्कुम आदिले पूजा गर्नुपर्दछ । बिहानपख वटवृक्ष नजिकै नाचगान गर्नुपर्छ। नमः सावित्र्यै सत्यवते भन्दै सत्यवान् र सावित्रीलाई नमस्कार गर्नुपर्दछ र त्यहाँ चढाइएको नैवेद्य ब्राह्मणलाई दिनुपर्छ। त्यसपछि आफ्नो घरमा आएर ब्राह्मणलाई भोजन गराई आफूले पनि भोजन गर्नुपर्दछ । सावित्रीदेवी प्रियताम् भनेर व्रतको विसर्जन गर्नुपर्दछ। यसबाट नारीले सौभाग्य प्राप्त गर्दछन् ।१–७।

१९५. पञ्चनवत्यधिकशततमोऽध्यायः

वारव्रत

अग्निरुवाच

वारव्रतानि वक्ष्यामि भुक्तिमुक्तिप्रदानि हि ।
करं पुनर्वसुः सूर्ये स्नाने सर्वौषधी शुभा ।१।
श्राद्धी चादित्यवारे तु सप्तजन्मस्वरोगभाक् ।
सङ्क्रान्तौ सूर्य्यवारो यः सोऽर्कस्य हृदयः शुभः ।२।
कृत्वा हस्ते सूर्य्यवारं नक्तेनाब्दं स सर्वभाक् ।
चित्राभसोमवाराणि सप्त कृत्वा सुखी भवेत् ।३।
स्वात्यां गृहीत्वा चाङ्गारं सप्तनक्त्यार्त्तिवर्जितः ।
विशाखायां बुधं गृह्य सप्तनक्ती ग्रहार्तिनुत् ।४।
अनुराधे देवगुरुं सप्तनक्ती ग्रहार्तिनुत् ।
शुक्रं ज्येष्ठासु सङ्गृह्य सप्तनक्ती ग्रहार्त्तिनुत् ।
मूले शनैश्चरं गृह्य सप्तनक्ती ग्रहार्तिनुत् ।५।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म भोग र मोक्ष प्रदान गर्ने वारसम्बनधी व्रतको वर्णन गर्दछु। आइतवार जब हस्त अथवा पुनर्वसु नक्षत्रको योग भयो भने पवित्र सर्वौषधिमिश्रित जलले स्नान गर्नुपर्दछ । यस प्रकारले रविवार श्राद्ध गर्ने मानिस सात जन्मसम्म रोगबाट पीडित हुँदैन । सङ्क्रान्तिका दिन रविवार पऱ्यो भने त्यसलाई आदित्य हृदय मानिएको छ। त्यस दिन अथवा हस्त नक्षत्रयुक्त रविवारका दिन एक वर्षसम्म नक्तव्रत गरी मानिसले सबै कुरा प्राप्त गर्दछ। चित्र नक्षत्रयुक्त सोमबारको व्रत गरेर मान्छेले सुख प्राप्त गर्दछ। स्वाती नक्षत्रयुक्त मङ्गलवारदेखि मङ्गलवारको व्रत आरम्भ गर्नुपर्छ। यस किसिमले सात वटा मङ्गलवारहरूमा नक्तव्रत गरी मानिसले दुःखबाधाबाट छुटकारा पाउँछ। बुधसम्बन्धी व्रत गर्दा विशाखा नक्षत्रयुक्त बुधवारलाई लिनुपर्दछ। त्यसबाट व्रत आरम्भ गरेर सातवटा बुधबारहरूमा नक्तव्रत गर्ने मानिस बुधग्रहबाट हुने पीडाबाट मुक्त हुन्छ। अनुराधानक्षत्रसहितको बिहिवारबाट आरम्भ गरेर सातवटा नक्तव्रत गर्ने मानिसले बृहस्पति ग्रहबाट उत्पन्न हुने पीडाबाट मुक्त पाउँछ। ज्येष्ठा नक्षत्रयुक्त शुक्रबारका सातवटा व्रत गरेर सातवटै नक्तव्रत गर्ने मानिसले शुक्रग्रहको पीडाबाट छुटकारा पाउँछ र मूल नक्षत्रयुक्त शनिवारबाट आरम्भ गरी सात नक्तव्रत गर्ने मानिसले शनिग्रहका पीठाबाट निवृत्त पाउँछ ।१–५।

१९६. षण्णवत्यधिकशततमोऽध्यायः

नक्षत्रव्रत

अग्निरुवाच

नक्षत्रव्रतकं वक्ष्ये भे हरिः पूजितोऽर्थदः ।
नक्षत्रपुरुषं चादौ चैत्रमासे हरिं यजेत् ।१।
मूले पादौ यजेज्जङ्घे रोहिणीस्वर्च्चयेद्धरिम् ।
जानुनी चाश्विनीयोगे ह्याषाढासूरुसंज्ञके ।२।
मेढ्रं पूर्वोत्तरास्वेव कटिं वै कृत्तिकासु च ।
पार्श्वे भाद्रपदाभ्यां तु कुक्षिं वै रेवतीषु च ।३।
स्तनौ चैवानुराधासु धनिष्ठासु च पृष्ठकम् ।
भुजौ पूज्यौ विशाखासु पुनर्वस्वङ्गुलीर्यजेत् ।४।
अश्लेषासु नखान्पूज्य कण्ठं ज्येष्ठासु पूजयेत् ।
श्रोत्रे विष्णोश्च श्रवणे मुखे पुष्ये हरेर्यजेत् ।५।
यजेत्स्वातिषु दन्ताग्रमास्यं वारुणतोऽर्चयेत् ।
मघासु नासां नयने मृगशीर्षे ललाटकम् ।६।
चित्रासु चार्द्रासु कचानब्दान्ते स्वर्णकं हरिम् ।
गुडपूर्णे घटेऽभ्यर्च्य शय्यागोऽर्थादिदक्षिणा ।७।
नक्षत्रपुरुषो विष्णुः पूजनीयः शिवात्मकः ।
शाम्भवायनीयव्रतकृन्मासभे पूजयेद्धरिम् ।८।
कार्त्तिके कृत्तिकायां च मृगशीर्षे मृगास्यके ।
नामभिः केशवाद्यैस्तु अच्युताय नमोऽपि वा ।९।
कार्त्तिके कृत्तिकाभेऽह्नि मासनक्षत्रगं हरिम् ।
शाम्भवायनीयव्रतकं करिष्ये भुक्तिमुक्तिदम् ।१०।
केशवादिमहामूर्त्तिमच्युतं सर्वदायकम् ।
आवाहयाम्यहं देवमायुरारोग्यवृद्धिदम् ।११।
कार्त्तिकादौ सकासारमन्नं मासचतुष्टयम् ।
फाल्गुनादौ च कृसरमाषाढादौ च पायसम् ।१२।
देवाय ब्राह्मणेभ्यश्च नक्तं नैवेद्यमाशयेत् ।
पञ्चगव्यजले स्नातस्तस्यैव प्राशनाच्छुचिः ।१३।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म नक्षत्रसम्बन्धी व्रतको वर्णन गर्दछु । नक्षत्रविशेषमा पूजन गर्नाले श्रीहरिले अभीष्ट मनोरथ पूरा गराउँछन् । सर्वप्रथम नक्षत्रपुरुष श्रहरिलाई चैत्र महिनामा पूजा गर्नुपर्दछ । मूल नक्षत्रमा श्रीहरिका चरणकमलको र रोहिणी नक्षत्रमा उनका जङ्घाको अर्चना गर्नुपर्दछ । अश्विनी नक्षत्र परेका बेला दुई घुँडाको, पूर्वाषाढा र उत्तराषाढामा उनका दुवै तिघ्राको, पूर्वाफाल्गुनी र उत्तराफाल्गुनीमा उपस्थको, कृत्तिका नक्षत्रमा कम्मरको, पूर्वाभाद्रपदा र उत्तराभाद्रपदामा पार्श्वभागको, रेवती नक्षत्रमा कोखाहरूको, अनुराधामा स्तन दुईको, धनिष्ठामा पिठ्युँभागको, विशाखामा दुवै भुजाको एवं पुनर्वसु नक्षत्रमा औँलाहरूको पूजा गर्नुपर्दछ । आश्लेषामा नङहरू पूजन गरी ज्येष्ठामा कण्ठको पूजन गर्नुपर्दछ । श्रवण नक्षत्रमा सर्वव्यापी श्रीहरिका दुवै कानको र पुष्य नक्षत्रमा वदनमण्डलकै पूजा गर्नुपर्छ । स्वाती नक्षत्रमा उनका दाँतका अघिल्ला भागको र शतभिषा नक्षत्रमा मुखको पूजा गर्नुपर्दछ । मघा नक्षत्रमा नाकको, मृगशिरा नक्षत्रमा आँखाको, चित्रा नक्षत्रमा निधारको र आर्द्रा नक्षत्रमा केशसमूहको पूजा गर्नुपर्दछ । वर्ष दिन पूरा भइसकेपछि गुडले भरिएका कलशमा श्रीहरिको सुनको मुर्ति पूजा गरेर ब्राह्मणलाई दक्षिणासँगै शय्या, गाई र विविध धन दान दिनुपर्दछ । सबैका लागि पूजनीय नक्षत्रपुरुष श्रीविष्णु शिवभन्दा भिन्न होइनन् । त्यसैले शिवसम्बन्धी शाम्भवायनीय व्रत गर्नेले कार्तिक महिनामा कृत्तिका नक्षत्रसम्बन्धी, मार्गशीर्षमा मृगशिरा नक्षत्रसम्बन्धी केशव आदि नाम र अच्युताय नमः आदि मन्त्रले श्रीहरिलाई पूजा गर्नु पर्दछ । कार्तिक महिनाको कृत्तिकानक्षत्रयुक्त पूर्णिमा तिथिमा महिना र नक्षत्रमा स्थित भएका श्रीहरिलाई म पूजा गर्दछु र भोग एवं मुक्ति प्रदान गर्ने शाम्भवायनीय व्रतको अनुष्ठान गर्दछु भनी सङ्कल्प गर्नुपर्छ । केशव आदि महामूर्तिका रूपमा विराजमान भई आयु र आरोग्य जसले वृद्धि गराउँछन् उनै सर्वप्रद भगवान् अच्युतलाई म आवाहन गर्दछु भनी आवाहन गर्नुपर्दछ । व्रतकर्ताले कार्तिकदेखि माघसम्म सधैँ अन्नदान गरिरहनुपर्छ । फागुनदेखि जेठसम्म खिचडी र आषाढदेखि आश्विनसम्म खिरदान गर्नुपर्दछ । भगवान् हरि र ब्राह्मणलाई रातका समयमा नैवेद्य समर्पित गर्नुपर्दछ । पञ्चगव्यका जलले स्नान र त्यसको आचमन गर्नाले मानिस पवित्र हुन्छ । मूर्ति विसर्जन गर्नुभन्दा पहिले भगवान्लाई समर्पित गरिएका सबै पदार्थलाई नैवेद्य

अर्वाग्विसर्जनाद् द्रव्यं नैवेद्यं सर्वमुच्यते ।
विसर्जिते जगन्नाथे निर्माल्यं भवति क्षणात् ।१४।
नमो नमस्तेऽच्युत मे क्षयोऽस्तु पापस्य वृद्धिं समुपैतु पुण्यम् ।
ऐश्वर्यवित्तादि सदाक्षयं मे क्षयं च मा सन्ततिरभ्युपैतु ।१५।
यथाच्युतस्त्वं परतः परस्तात्स ब्रह्मभूतः परतः परात्मन् ।
तथाच्युत त्वं कुरु वाञ्छितं मे मया कृतं पापहराप्रमेय ।१६।
अच्युतानन्त गोविन्द प्रसीद यदभीप्सितम् ।
अक्षयं माममेयात्मन्कुरुष्व पुरुषोत्तम ।१७।
सप्त वर्षाणि सम्पूज्य भुक्तिमुक्तिमवाप्नुयात् ।
अनन्तव्रतमाख्यास्ये नक्षत्रव्रतकेऽर्थदम् ।१८।
मार्गशीर्षे मृगशिरे गोमूत्राशीयजेद्धरिम् ।
अनन्तं सर्वकामानामनन्तो भगवान्फलम् ।१९।
ददात्यनन्तं च पुनस्तदेवान्यत्र जन्मनि ।
अनन्तपुण्योपचयं करोत्येतन्महाव्रतम् ।२०।
यथाभिलषितप्राप्तिं करोत्यक्षयमेव च ।
पादादि पूज्य नक्ते तु भुञ्जीयात्तैलवर्जितम् ।२१।
घृतेनानन्तमुद्दिश्य होमो मासचतुष्टयम् ।
चैत्रादौ शालिना होमः पयसा श्रावणादिषु ।
मान्धाताभूद्युवनाश्वादनन्तव्रतकात्सुत ।२२।

भनिन्छ तर जगदीश्वर श्रीहरिको विसर्जन गरिसकेपछि त्यो तत्काल नै निर्माल्य हुन्छ । भगवान्लाई प्रार्थना गर्दै– हे अच्युत ! तिमीलाई नमस्कार छ, धेरै नमस्कार छ। मेरा पापको विनाश होस् र पुण्यको वृद्धि होस् । मेरा धन एवं ऐश्वर्य आदि सबै अक्षय होऊन् र मेरा सन्तानको परम्परा सधैँ नै निरवच्छिन्न रहोस् । हे परात्परस्वरूप अप्रमेय परमेश्वर ! तिमी जसरी परभन्दा पनि पर एवं ब्रह्मभावमा रहेर आफ्नो मर्यादामा रहन्छौ उसै गरी तिमी मेरा मनका इच्छित कार्यहरूलाई सिद्ध गराऊ। हे पापहारि भगवान् ! मैले गरेका पापहरूलाई अपहरण गर। हे अच्युत ! अनन्त ! गोविन्द ! हे अप्रमेयस्वरूप पुरुषोत्तम ! मसित प्रसन्न होऊ र मेरा मनले रहर गरेका सबै पदार्थलाई अक्षय गराऊ भन्नुपर्छ। यस किसिमले सात वर्षसम्म श्रीहरिको पूजन गरेपछि मानिसले भोग र मोक्षलाई सिद्ध गर्दछ। अब म नक्षत्रसम्बन्धी व्रतका प्रकरणमा अभीष्ट वस्तु प्राप्त गराउने अनन्तव्रतको वर्णन गर्दछु । मार्गशीर्ष महिनामा जब मृगशिरा नक्षत्र पर्दछ त्यसबेला गोमूत्र सेवन गरेर श्रीहरिको यजन गर्नुपर्दछ। उनै भगवान् अनन्तले समस्त कामनाहरूको अनन्त फल प्रदान गर्दछन् । त्यति मात्रै होइन, पुनर्वसुमा पनि उनैले व्रतकर्तालाई अनन्त फलले सम्पन्न गराउँछन् । यो महाव्रत अनन्त पुण्यका सञ्चय गराउनका लागि समर्थ छ। अभिलाषित वस्तु प्राप्त गराएर यसले त्यसलाई अक्षय बनाइदिन्छ। भगवान् अनन्तका चरणकमल आदिको पूजा गरेपछि रातका समयमा चिल्लोविनाको भोजन खानुपर्छ । भगवान् अनन्तका लागि मंसिरदेखि फागुनसम्म घिउको, चैत्रदेखि असारसम्म मंसिरे चामलको र साउनदेखि कार्तिकसम्म दुधको हवन गर्नुपर्दछ। यसै अनन्तव्रतकै प्रभावले युवनाश्वलाई पुत्रका रूपमा मान्धाता प्राप्त भएका थिए ।१-२२।

१९७. सप्तनवत्यधिकशततमोऽध्यायः

दिवसव्रत

अग्निरुवाच

दिवसव्रतकं वक्ष्ये ह्यादौ धेनुव्रतं वदे ।
यश्चोभयमुखीं दद्यत्प्रभूतकनकान्विताम् ।१।
दिनं पयोव्रतस्तिष्ठेत्स याति परमं पदम् ।
त्र्यहं पयोव्रतं कृत्वा काञ्चनं कल्पपादपम् ।२।
दत्त्वा ब्रह्मपदं याति कल्पवृक्षव्रतं स्मृतम् ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म दिवससम्बत्धी व्रतको वर्णन गर्दछु । सबैभन्दा पहिले धेनुव्रतका विषयमा भन्दछु। जुन मासिनले विपुल स्वर्णराशिसँगै दुई मुखे गाई दान गर्दछ र एक दिनभरि पयोव्रत पालन गर्दछ उसलाई परमपद प्राप्त हुन्छ । स्वर्णमय कल्पवृक्ष दान गरेर तीन दिनसम्म पयोव्रत गर्नेले ब्रह्मपद प्राप्त गर्दछ । त्यसलाई कल्पवृक्ष व्रत भनिएको छ । बीस पलभन्दा बढी स्वर्णको पृथ्वी निर्माण गरेर दान दिई एक दिन पयोव्रत अनुष्ठान गरिएको छ भने

दद्याद्विंशत्पलादूर्ध्वं महीं कृत्वा तु काञ्चनीम् ।३।
दिनं पयोव्रतस्तिष्ठेद्रुद्रगः स्याद्दिवाव्रती ।
पक्षेपक्षे त्रिरात्रं तु भक्तेनैकेन यः क्षपेत् ।४।
विपुलं धनमाप्नोति त्रिरात्रव्रतकृद्दिनम् ।
मासेमासे त्रिरात्राशी ह्येकभक्ती गणेशताम् ।५।
यस्त्रिरात्रव्रतं कुर्य्यात्समुद्दिश्य जनार्दनम् ।
कुलानां शतमादाय स याति भवनं हरेः ।६।
नवम्यां च सिते पक्षे नरो मार्गशिरस्यथ ।
प्रारभेत त्रिरात्राणां व्रतं तु विधिवद् व्रती ।७।
ओं नमो वासुदेवाय सहस्रं वा शतं जपेत् ।
अष्टम्यामेकभक्ताशी दिनत्रयमुपावसेत् ।८।
द्वादश्यां पूजयेद्विष्णुं कार्त्तिके कारयेद् व्रतम् ।
विप्रान्सम्भोज्य वस्त्राणि शयनान्यासनानि च ।९।
छत्रोपवीतपात्राणि ददेत्सम्प्रार्थयेद् द्विजान् ।
व्रतेऽस्मिन्दुष्करे चापि विकलं यदभून्मम ।१०।
भवद्भिस्तदनुज्ञातं परिपूर्णं भवत्विति ।
भुक्तभोगो व्रजेद्विष्णुं त्रिरात्रव्रतकव्रती ।११।
कार्त्तिकव्रतकं वक्ष्ये भुक्तिमुक्तिप्रदायकम् ।
दशम्यां पञ्चगव्याशी एकादश्यामुपोषितः ।१२।
कार्त्तिकस्य सितेऽभ्यर्च्य विष्णुं देवविमानगः ।
चैत्रे त्रिरात्रं नक्ताशी ह्यजापञ्चप्रदः सुखी ।१३।
त्रिरात्रं पयसः पानमुपवासपरस्त्र्यहम् ।
षष्ठ्यादि कार्त्तिके शुक्ले कृच्छ्रो माहेन्द्र उच्यते ।१४।
पञ्चरात्रं पयः पीत्वा दध्याहारो ह्युपोषितः ।
एकादश्यां कार्त्तिके तु कृच्छ्रोऽयं भास्करोऽर्थदः ।१५।
यवागूं यावकं शाकं दधि क्षीरं घृतं जलम् ।
पञ्चम्यादिसिते पक्षे कृच्छ्रः सान्तपनः स्मृतः ।१६।

केवल दिउँसो मात्रै व्रत राख्नाले नै मानिस रुद्रलोकमा पुग्दछ। प्रत्येक पक्षका तीन रात्रीहरूमा जसले एक भुक्त व्रत राख्दछ त्यस दिनमा निराहार रहेर त्रिरात्रव्रत गर्ने मानिसले विपुल धन आर्जन गर्दछ। प्रत्येक महिनामा तीन एकभुक्त नक्तव्रत गर्ने व्यक्ति गणपतिको सायुज्यमा पुग्दछ। भगवान् जनार्दनका लागि जसले त्रिरात्रव्रतको अनुष्ठान गर्छ ऊ आफ्ना सय कुलसँगै भगवान् श्रीहरिको वैकुण्ठलोकमा जान्छ। व्रतको अनुष्ठान गर्ने मानिसले मार्गशीर्षशुक्ल नवमीदेखि विधिपूर्वक त्रिरात्रव्रत आरम्भ गरोस्। नमो भगवते वासुदेवाय भन्ने मन्त्र हजार अथवा सयपटक जप गरोस्। अष्टमीमा एक भुक्त व्रत गरी नवमी, दशमी र एकादशीमा उपवास गरोस्। द्वादशीमा भगवान् श्रीविष्णुको पूजा गरोस्। यस्ता किसिमको व्रत कार्तिकमा गर्नुपर्दछ। व्रतको समाप्तिमा ब्राह्मणलाई भोजन गराएर वस्त्र, शय्या, आसन, छत्र, यज्ञोपवीत र पात्र दान गर्नुपर्दछ। दान दिएका बेला ब्राह्मणसित— यस दुष्कर व्रतमा मबाट जुन त्रुटि भएका छन् तिम्रा आज्ञाले ती परिपूर्ण होऊन् भनी प्रार्थना गर्नुपर्दछ। यस्तो त्रिरात्रव्रत गर्ने मानिस यस लोकमा भोगहरू भोग्दै मृत्युपछि भगवान् श्रीविष्णुका सान्निध्यमा पुग्दछ। अब म भोग र मोक्ष प्रदान गर्ने कार्तिक व्रतका विषयमा भन्दछु। दशमीका दिन पञ्चगव्य सेवन गरेर एकादशीका दिन उपवास गरिन्छ। यस व्रतको पालन गर्न कार्तिकको शुक्लपक्षको द्वादशी तिथिमा श्रीविष्णुको पूजा गर्ने व्यक्ति विमानमा विचरण गर्ने हुन्छ। चैत्रमा त्रिरात्र व्रत गरेर केवल रातकै समयमा भोजन गर्ने र व्रतको समाप्तिमा पाँचवटा बाखापाठा दान गर्ने सुखी हुन्छ। कार्तिकको शुक्लपक्ष षष्ठीबाट आरम्भ गरेर तीन दिनसम्म केवल दुध पिएर बस्ने। त्यसपछिका तीन दिन उपवास गरिन्छ। यस्तालाई माहेन्द्रकृच्छ्र भनिएको छ। कार्तिक शुक्ल एकादशीमा आरम्भ गरी पञ्चरात्र व्रत गरिन्छ। पहिलो दिन दुधपान, दोस्रो दिन दही आहार, अनि तीन दिन उपवास गरिन्छ। यस्तो अर्थप्रदलाई भास्करकृच्छ्र भनिन्छ। शुक्लपक्षको पञ्चमीमा थालेर लगातार छ दिनसम्म जौको खोले, साग, दही, दुध, घिउ र जल यी वस्तुको आहार गरोस्, यसलाई सान्तपनकृच्छ्र भनिएको छ।१–१६।

१९८. अष्टनवत्यधिकशततमोऽध्यायः

मासव्रत

अग्निरुवाच

मासव्रतकमाख्यास्ये भुक्तिमुक्तिप्रदायकम् ।
आषाढादिचतुर्मासमभ्यङ्गं वर्जयेत्सुधीः ।१।
वैशाखे पुष्पलवणं त्यक्त्वा गोदो नृपो भवेत् ।
गोदो मासोपवासी च भीमव्रतकरो हरिः ।२।
आषाढादितुर्मासं प्रातःस्नायी च विष्णुगः ।
माघे मास्यथ चैत्रे वा गुडधेनुप्रदो भवेत् ।३।
गुडव्रतस्तृतीयायां गौरीशः स्यान्महाव्रती ।
मार्गशीर्षादिमासेषु नक्तकृद्विष्णुलोकभाक् ।४।
एकभक्तव्रती तद्वद् द्वादशीव्रतकं पृथक् ।
फलव्रती चतुर्मासं फलं त्यक्त्वा प्रदापयेत् ।५।
श्रावणादिचतुर्मासं व्रतैः सर्वं लभेद् व्रती ।
आषाढस्य सिते पक्षे ह्येकादश्यामुपोषितः ।६।
चातुर्मास्यव्रतानां तु कुर्वीत परिकल्पनम् ।
आषाढ्यां चाथ सङ्क्रान्तौ कर्क्कटस्य हरिं यजेत् ।७।
इदं व्रतं मया देव गृहीतं पुरतस्तव ।
निर्विघ्नां सिद्धिमायातु प्रसन्ने त्वयि केशव ।८।
गृहीतेऽस्मिन्व्रते देव यद्यपूर्णे म्रिये ह्यहम् ।
तन्मे भवतु सम्पूर्णं त्वत्प्रसादाज्जनार्दन ।९।
मांसादि त्यक्त्वा विप्रः स्यात्तैलत्यागी हरिं यजेत् ।
एकान्तरोपवासी च त्रिरात्रं विष्णुलोकभाक् ।१०।
चान्द्रायणी विष्णुलोकी मौनी स्यान्मुक्तिभाजनम् ।
प्राजापत्यव्रती स्वर्गी सक्तुयावकभक्षकः ।११।
दुग्धाद्याहारवान्स्वर्गी पञ्चगव्याम्बुभुक्तथा ।
शाकमूलफलाहारी नरो विष्णुपुरीं व्रजेत् ।१२।
मांसवर्जी यवाहारो रसवर्जी हरिं व्रजेत् ।

अग्निदेव भन्दछन्– हे मुनिश्रेष्ठ ! अब म महिनासित सम्बन्धित व्रतका विषयमा वर्णन गर्दछु र त्यसले भोग र मोक्ष प्रदान गर्दछ। आषाढमा सुरु हुने चातुर्मास्य व्रतमा जिउमा तेल घस्ने आदि त्याग गर्नुपर्छ। यसो गर्दा मानिसले उत्तम बुद्धि प्राप्त गर्दछ। वैशाखमा फूलको रेणुसहित त्यागेर गोदान गर्नेले राज्य नै प्राप्त गर्दछ। एक महिना उपवास बसेर गोदान गर्नेले यस कठोर व्रतका प्रभावले श्रीहरिकै स्वरूप प्राप्त गर्दछ। आषाढमा प्रारम्भ हुने चातुर्मास्यमा नियमपूर्वक प्रातःस्नान गर्ने व्यक्ति विष्णुलोकमै जान्छ। माघ वा चैत्र महिनाको तृतीयामा गुड र धेनु दान दिओस् यसलाई गुडवत् भनिन्छ। यस्तो महान् व्रतको अनुष्ठान गर्ने व्यक्ति शिवस्वरूप नै हुन्छ। मंसिर आदि महिनामा नक्तव्रत गर्ने व्यक्ति विष्णुलोकको अधिकारी हुन्छ। एकभुक्त व्रत पालन गर्ने व्यक्तिले उसै गरी द्वादशी व्रत पनि छुट्टै पालन गरोस्। यस खालको फलव्रत गर्ने व्यक्तले चातुर्मास्यमा फलको त्याग र दान गरोस्। श्रावणदेखि सुरु हुने चातुर्मास्यको व्रतबाट अनुष्ठानकर्ताले सबै कुरा प्राप्त गर्दछ। चातुर्मास्यव्रतको विधान यसप्रकार गरिन्छ– आषाढशुक्ल एकादशीमा उपवास राखिन्छ। प्रायः आषाढमै पर्ने कर्कट सङ्क्रान्तिमा श्रीहरिको पूजा गर्नुपर्छ र– हे भगवान् मैले तिम्रा सामु यो व्रत ग्रहण गरेको छु। हे केशव ! तिम्रो प्रसन्नताले यो व्रत निर्विघ्न सिद्ध होस्। हे देवाधिदेव जनार्दन ! यदि यो व्रत लिईसकेपछि पूरा गर्न नपाउँदै मेरो मृत्यु भएछ भनेदेखि तिम्रो कृपाप्रसादले यो व्रत पूरा होस् भन्नुपर्छ। व्रत गर्ने द्विजले मांस आदि निषिद्ध वस्तु र तेलको खानेकुरा त्याग गरेर हरिको यजन गर्नुपर्दछ। एक दिनको अन्तरबाट उपवास राखेर त्रिरात्रव्रत गर्ने विष्णुलोक नै पुग्दछ। चान्द्रायण व्रत गर्ने व्यक्ति विष्णुलोकको र मौनव्रत गर्ने व्यक्ति मोक्षको अधिकारी हुन्छ। प्राजापत्य व्रत गर्ने स्वर्गलोक जान्छ। सत्तु र जौको खोले खाई, दुध आदिको आहार गरी अथवा पञ्चगव्य एवं जल पिएर कृच्छ्रव्रतको अनुष्ठान गर्ने व्यक्ति स्वर्गलोक पुग्दछ। साग, मूल र फलको आहार गर्दै कृच्छ्रव्रत गर्ने मानिस वैकुण्ठ नै जान्छ। मांस र रस त्यागेर जौको भोजन गर्ने मानिस श्रीहरिका सान्निध्यमा पुग्दछ। अब म कौमुद व्रतको वर्णन गर्दछु। आश्विनको शुक्लपक्षको एकादशीमा उपवास राख्नुपर्छ। द्वादशीमा श्रीविष्णुको अङ्गमा चन्दन आदिको लेपन गराएर

कौमुदव्रत माख्यास्ये आश्विने समुपोषितः ।१३।
द्वादश्यां पूजयेद्विष्णुं प्रलिप्याब्जोत्पलादिभिः ।
घृतेन तिलतैलेन दीपनैवद्यमर्पयेत् ।१४।
ओं नमो वासुदेवाय मालत्या मालया यजेत् ।
धर्मकामार्थमोक्षांश्च प्राप्नुयात् कौमुदव्रती ।
सर्वं लभेद्धरिं प्रार्च्य मासोपवासकव्रती ।१५।

कमल र उत्पल आदि पुष्पले उनको पूजा गर्नुपर्छ। त्यसपछि तिलको तेलले भरिएको दियो र घिउमा पकाएका अन्नको नैवेद्य चढाउनुपर्छ। श्रीविष्णुलाई मालती फूलको माला पनि चढाउनुपर्छ। ओं नमो वासुदेवाय भन्ने मन्त्रले व्रतको विसर्जन गर्नुपर्छ। यस किसिमले कौमुद व्रतको अनुष्ठान गर्नेले धर्म, अर्थ, काम र मोक्ष यी चारै पुरुषार्थ हातमा लिन सक्छ। मासोपवास व्रत गर्नेले श्रीविष्णुलाई पूजा गरेर सबै कुरा प्राप्त गर्दछ ।१-१५।

१९९. ऊनशताधिकशततमोऽध्यायः

विविध व्रत

अग्निरुवाच

ऋतुव्रतान्यहं वक्ष्ये भुक्तिमुक्तिप्रदानि ते ।
इन्धनानि तु यो दद्याद्वर्षादिचतुरो ह्यृतून् ।१।
घृतधेनुप्रदश्चान्ते ब्राह्मणोऽग्निव्रती भवेत् ।
कृत्वा मौनं तु सन्ध्यायां मासान्ते घृतकुम्भदः ।२।
तिलघण्टावस्त्रदाता सुखी सारस्वतव्रती ।
पञ्चामृतेन स्नपनं कृत्वाब्दं धेनुदो नृपः ।३।
एकादश्यां तु नक्ताशी चैत्रे भक्तं निवेदयेत् ।
हैमं विष्णोः पदं याति मासान्ते विष्णुमद् व्रती ।४।
पायशासी गोयुगदः श्रीभाग्देवीव्रती भवेत् ।
निवेद्य पितृदेवेभ्यो यो भुङ्क्ते स भवेन्नृपः ।५।
वर्षव्रतानि चोक्तानि सङ्क्रान्तिव्रतकं वदे ।
सङ्क्रान्तौ स्वर्गलोकी स्याद्रात्रिजागरणान्नरः ।६।
अमावास्यां तु सङ्क्रान्तौ शिवार्क्कयजनात्तथा ।
उत्तरे त्वयने चाज्यप्रस्थस्नानेन केशवे ।७।
द्वात्रिंशत्पलमानेन सर्वपापैः प्रमुच्यते ।
घृतक्षीरादिना स्नाप्य प्राप्नोति विषवादिषु ।८।

अग्निदेव भन्दछन्— हे मुनिश्रेष्ठ ! अब म तिमीसित ऋतुसम्बन्धी व्रतहरूको वर्णन गर्दछु र यसले भोग र मोक्षलाई सुलभ गराउँछ। जसले वर्षा, शरद्, हेमन्त र शिशिर ऋतुमा इन्धन दान गर्दछ र व्रतका अन्त्यमा घिउ एवं धेनु दान गर्दछ त्यो अग्निव्रत पालन गर्ने मानिस अर्को जन्ममा ब्राह्मण हुन्छ। एक महिनासम्म जो साँझका समयमा मौन रहेर मसान्तमा ब्राह्मणलाई घिउको घडा, तिल, घण्टा र वस्त्र दान गर्दछ त्यस्तो सारस्वत व्रत गर्ने मानिसले सुखको भोग गर्दछ। एक वर्षसम्म पञ्चामृतले स्नान गरेर गोदान गर्ने राजा नै हुन्छ। चैत्रको एकादशीमा नक्तभुक्तव्रत गरेर चैत्रको समाप्ति हुँदा विष्णुभक्त ब्राह्मणलाई स्वर्णमय विष्णुको प्रतिमा दान गर्नुपर्दछ। यस्तो विष्णुसम्बन्धी उत्तम व्रत पालन गर्ने व्यक्तिले विष्णुपद प्राप्त गर्दछ। वर्षदिन खिर भोजन गरी जोडी गाई दान गरिने देवीव्रतलाई पालन गर्दा त्यसका प्रभावले मानिस श्रीसम्पन्न हुन्छ। एक वर्षसम्म जसले पितृदेवलाई समर्पित गरी भोजन गर्दछ उसले राज्य प्राप्त गर्दछ। वर्षदिनसम्बन्धी यी व्रतको कुरो गरियो। अब म सङ्क्रान्तिसम्बन्धी व्रतको वर्णन गर्दछु। सङ्क्रान्तिको रात्रिमा जागरण गर्नाले मानिस स्वर्गलोकमा पुग्दछ। सङ्क्रान्ति नै जब अमावस्यमा गर्दछ भने त्यस बेला शिव र सूर्यको पूजा गर्नाले स्वर्ग प्राप्ति हुन्छ। उत्तरायणसम्बन्धी मकर सङ्क्रान्तिमा बिहानै स्नान गरेर भगवान् श्रीकेशवको अर्चना गर्नुपर्दछ। उद्यापनमा बत्तीस पल स्वर्णको दान दिएपछि ऊ सम्पूर्ण पापबाट मुक्त हुन्छ। विषुव आदि योगहरूमा भगवान् श्रीहरिलाई घिउ मिसिएको दुध आदिले स्नान गराएदेखि मानिसले सबै खालका कुराहरू प्राप्त गर्दछ। उमाव्रत स्त्रीहरूका लागि लक्ष्मी प्रदान

स्त्रीणामुमाव्रतं श्रीदं तृतीयास्वष्टमीषु च ।
गौरीं महेश्वरं चापि यजेत्सौभाग्यमाप्नुयात् ।९।
उमामहेश्वरौ प्राच्य ह्यावियोगादि चाप्नुयात् ।
मूलव्रतकरी स्त्री च ह्युमेशव्रतकारिणी ।
सूर्य्यभक्ता तु या नारी ध्रुवं सा पुरुषो भवेत् ।१०।

गर्ने हुन्छ । उनीहरूले तृतीया र अष्टमी तिथिमा गौरीशङ्करको पूजा गर्नुपर्दछ । यस किसिमले शिवपार्वतीको अर्चना गरेर नारीले अखण्ड सौभाग्य प्राप्त गर्दछन् र उनलाई कहिल्यै पनि पतिवियोग पर्दैन । मूलव्रत र उमेशव्रत गर्ने तथा सूर्यमा भक्ति भएका स्त्रीले अवश्य पनि अर्को जन्ममा पुरुषत्व प्राप्त गर्दछन् ।१-१०।

२००. द्विशततमोऽध्यायः

दीपदानव्रत

अग्निरुवाच
दीपदानव्रतं वक्ष्ये भुक्तिमुक्तिप्रदायकम् ।
देवद्विजातिकगृहे दीपदोऽब्दं स सर्वभाक् ।१।
चतुर्मासं विष्णुलोकी कार्त्तिके स्वर्गलोक्यपि ।
दीपदानात्परं नास्ति न भूतं न भविष्यति ।२।
दीपेनायुष्यचक्षुष्मान्दीपाल्लक्ष्मीसुतादिकम् ।
सौभाग्यं दीपदः प्राप्य स्वर्गलोके महीयते ।३।
विदर्भराजदुहिता ललिता दीपदात्मभाक् ।
चारुधर्मक्ष्मापपत्नी शतभार्य्याधिकाऽभवत् ।४।
ददौ दीपसहस्रं सा विष्णोरायतने सती ।
पृष्टा सा दीपमाहात्म्यं सपत्नीभ्य उवाच ह ।५।
सौवीरराजस्य पुरा मैत्रेयोऽभूत्पुरोहितः ।
तेन चायतनं विष्णोः कारितं देविकातटे ।६।
कार्त्तिके दीपकस्तेन दत्तः सम्प्रेरितो मया ।
वक्त्रप्रान्तेन नश्यन्त्या मार्ज्जारस्य तदा भयात् ।७।
निर्वाणवान्प्रदीप्तोऽभूद्वर्त्त्या मूषिकया तदा ।
मृता राजात्मजा जाता राजपत्नी शताधिका ।८।
असङ्कल्पितमप्यस्य प्रेरणं यत्कृतं मया ।
विष्णवायतनदीपस्य तस्येदं भुज्यते फलम् ।९।
जातिस्मरा ह्यतो दीपान्प्रयच्छामि त्वहर्निशम् ।
एकादश्यां दीपदौ वै विमाने दिवि मोदते ।१०।
जायते दीपहर्त्ता तु मूको वा जड एव च ।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म भोग र मोक्ष प्रदान गर्ने दीपदान व्रतको वर्णन गर्दछु। जुन मानिस देवमन्दिर अथवा ब्राह्मणका घरमा एक वर्षसम्म दीपदान गर्दछ उसले सबै कुरा प्राप्त गर्दछ । चातुर्मास्यमा दीपदान गर्ने मानिसले विष्णुलोक प्राप्त गर्दछ । दीपदान भन्दा ठूलो न कुनै व्रत छ, न थियो र न त हुने नै छ। दीपदानले आयु र नेत्रज्योति प्राप्त हुन्छ । दीपदानले पुत्र र धन पनि प्राप्त हुन्छ । दीपदान गर्ने मानिस सौभाग्ययुक्त भएर स्वर्गलोकमा देवताहरूबाट पूजित हुन्छ। विदर्भराजकुमारी ललिताले दीपदान गरेका पुण्यले गर्दा नै राजा चारुधर्माकी पत्नी भइन र उनका सय रानीमध्येकी प्रमुख भइन्। ती साध्वीले एकपटक विष्णुका मन्दिरमा सहस्र दीपहरू दान गरेकी थिइन्। यसो गर्दा ती राजाका पत्नीहरूले दीपदानको माहात्म्य सोधे । उनीहरूले सोधेपछि ललिताले यस प्रकार भनिन्—उहिलेको कुरो हो, सौवीरराजकहाँ मैत्रेय नामका पुरोहित थिए। उनले देविका नदीका किनारमा भगवान् श्रीविष्णुको मन्दिर बनाए। कार्तिक महिनामा उनले दीपदान गरे। बिरालाका डरले भाग्दै आएका एउटा मुसोले अचानक आफ्ना थुतुनाले त्यस दियोको टुप्पो घचेटेर बढाइदियो । मुख बढेको हुँदा त्यो निभ्नलागेको दियो अझ बढेर बल्न थाल्यो । मृत्युपछि त्यही मुसो राजकुमारी भयो र ती रानी नै राजा चारुधर्माको सय रानीमध्येकी प्रमुख रानी भइन् । यस किमिसले मैले सोच विचारै नगरीकन विष्णुमन्दिरका दियोको वत्ती बढाइदिएँ, म आज त्यसै पुण्यको फल भोग्दैछु। यसो भएर नै मलाई पूर्वजन्मको कुरो सम्झना पनि छ । त्यसैले म सधैं दीपदान पनि गर्दछु । एकादशीमा दीपदान गर्ने स्वर्गलोकमा जान्छ र विमानमा चढेर खुसी मनाउँछ । मन्दिरको दियोबत्ती चोर्ने लाटोबहिरो वा मूर्ख हुन्छ । पक्कै पनि ऊ अन्धतामिस्र नामका नरकमा पर्छ र त्यो नरक पार गर्न

अन्धे तमसि दुष्पारे नरके पतते किल ।११।
विक्रोशमानांश्च नरान्यमकिङ्कर आह तान् ।
विलापैरलमत्रापि किं वो विलपिते फलम् ।१२।
यदा प्रमादिभिः पूर्वमत्यन्तसमुपेक्षितः ।
जन्तुर्जन्मसहस्रेभ्यो ह्येकस्मिन् मानुषो यदि ।१३।
तत्राप्यतिविमूढात्मा किम्भोगानाभिधावति ।
स्वहितं विषयस्वादैः क्रन्दनं तदिहागतम् ।१४।
भुज्यते च कृतं पूर्वमेतत्किं वो न चिन्तितम् ।
परस्त्रीषु कुचाद्यङ्गं प्रीतये दुःखदं हि वः ।१५।
मुहूर्त्तविषयास्वादोऽनेककोट्याब्ददुःखदः ।
परस्त्रीहारि यद्गीतं हा मातः किं विलप्यते ।१६।
कोऽतिभारो हरेर्नाम्नि जिह्वया परिकीर्त्तने ।
वर्त्तितैलेऽल्पमूल्येऽपि यदग्निर्लभ्यते सदा ।१७।
दानासक्तैर्हरेर्दीपो हृतस्तद्वोऽस्ति दुःखदम् ।
इदानीं किं विलापेन सहध्वं यदुपागतम् ।१८।
ललितोक्तं च ताः श्रुत्वा दीपदानाद्दिवं ययुः ।
तस्माद्दीपप्रदानेन व्रतानामधिकं फलम् ।१९।

अत्यन्त कठिन हुन्छ । त्यहाँ रुन लागेका मानिसलाई यमका दूतहरूले भन्दछन्— अरे ! अब यहाँ किन विलाप गर्दछौ ? यहाँ विलाप गरेर के लाभ हुन्छ र ? पहिले त तिमीहरूले हजारौँ वर्षपछि प्राप्त हुने मानिसको जीवनलाई अल्छ्याईंकै कारण हेला गरेका थियौ । उहिले त विषयको चाख लिई खुब हाँसेका थियौ; अब किन रुन्छौ ? आफूले गरेका कुकर्मको फल भोग्नुपर्छ भनी पहिले नै तिमीहरूले किन सोचेनौ ? उहिले अर्काकी नारीका स्तन माड्दा तिमीहरूलाई जुन आनन्द आउँथ्यो आज त्यही आनन्दले अनेकौँ करोड वर्षसम्म दुःख दिने गर्दछ । तिमीहरूले परस्त्रीलाई अपहरण गरेर जुन कुकर्म गरेका थियौ त्यो मैले भनेँ । अब हे आमा ! भन्दै किन विलाप गर्दछौ ? भगवान् श्री हरिको नाम उच्चारण गर्दा जिब्रोलाई केको भारी पर्दछ ? बत्ती र तेल त थोरै मूल्यका वस्तुहरू हुन् र अग्नि त सधैँ त्यत्तिकै पाइन्छ । त्यति हुँदा पनि तिमीहरूले दीपदान नगरीकन विष्णुमन्दिरको दीप अपहरण गर्‍यौ; त्यो नै तिमीहरूलाई दुःखदायी भएको छ । विलाप गरेर के लाभ ? अब त जुन यातना पाएका छौ त्यसैलाई सहन गर । त्यसरी भनेपछि अग्निले ललिताका सौताहरू उनले गरेको कुरो सुनेर दीपदानको प्रभावकै कारण स्वर्गलोकमा पुगे । त्यसैले दीपदान सबै व्रतहरूभन्दा विशेष फलदायक छ भने ।१-१९।

२०१. एकाधिकद्विशततमोऽध्यायः

नवव्यूहार्चन

अग्निरुवाच

नवव्यूहार्च्चनं वक्ष्ये नारदाय हरीरितम् ।
मण्डलेऽब्जेऽर्चयेन्मध्ये ह्यबीजं वासुदेवकम् ।१।
आबीजं च सङ्कर्षणं प्रद्युम्नं च दक्षिणे ।
अः अग्निरुद्धं नैर्ऋति ओं नारायणमप्सु च ।२।
तत्सद्ब्रह्माणमनिले हुं विष्णुं क्षौं नृसिंहकम् ।
उत्तरे भूवराहं च त्वीशे द्वारि च पश्चिमे ।३।
कं टं सं शं गरुत्मन्तं पूर्ववक्त्रं च दक्षिणे ।
खं छं वं हुं फडिति च खं ठं फं शं गदां विधौ ।४।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म नवव्यूहलाई अर्चना गर्ने विधि भन्दछु । यो विधि उहिले भगवान् श्रीहरिले नारदजीलाई उपदेश गरेका थिए । पद्ममय मण्डलका बीचमा अं बीजले युक्त वासुदेवको पूजा गर्नुपर्छ । आं बीजले युक्त सङ्कर्षणलाई अग्निकोणमा र अं बीजले युक्त दक्षिणमा प्रद्युम्नको पूजा गर्नुपर्दछ । अः बीजले युक्त नैर्ऋत्यकोणमा अनिरुद्धलाई, प्रणवयुक्त नारायणलाई पश्चिममा, तत्सद्ब्रह्मलाई वायव्यकोणमा, हुं बीजले युक्त विष्णुलाई र क्षौं बीजले युक्त नृसिंहलाई उत्तरमा, पृथ्वी र वराहलाई ईशानकोणमा र पश्चिमद्वारमा पूजा गर्नुपर्दछ । कं टं शं सं यी बीजले युक्त पूर्वाभिमुख गरुडलाई दक्षिण दिशामा पूजा गर्नुपर्दछ । खं छं बं हुं फट् तथा खं ठं फं शं यी बीजले युक्त गदालाई चन्द्रमण्डलमा पूजा गर्नुपर्छ । बं णं मं क्षं तथा शं धं दं भं हं यी बीजले युक्त श्रीदेवीलाई कोणभागमा पुजा

बं णं मं क्षं कोणेशं च घं दं भं हं श्रियं यजेत् ।
दक्षिणे चोत्तरे पुष्टिं गं डं बं शं स्वबीजकम् ।५।
पीठस्य पश्चिमे धं वं वनमालां च पश्चिमे ।
श्रीवत्सं चैव सं हं लं छं तं यं कौस्तुभं जले ।६।
दशमाङ्गक्रमाद्विष्णोर्नमोऽनन्तमधोऽर्चयेत् ।
दशाङ्गादिमहेन्द्रादीन्पूर्व्वादौ चतुरो घटान् ।७।
तोरणानि वितानं च अग्न्यनिलेन्दुबीजकैः ।
मण्डलानि क्रमाद् ध्यात्वा तनुं वन्द्य ततः प्लवेत् ।८।
अम्बरस्थं ततो ध्यात्वा सूक्ष्मरूपमथात्मनः ।
सितामृते निमग्नं च चन्द्रबिम्बात् स्रुतेन च ।९।
तदेव चात्मनो बीजममृतं प्लवसंस्कृतम् ।
उत्पद्यमानं पुरुषमात्मानामुपकल्पयेत् ।१०।
उत्पन्नोऽस्मि स्वयं विष्णुर्बीजं द्वादशकं न्येसेत् ।
हृच्छिरस्तु शिखा चैव कवचं चास्त्रमेव च ।११।
वक्षोमूर्द्धशिखापृष्टलोचनेषु न्यसेत्पुनः ।
अस्त्रं करद्वये न्यस्य ततो दिव्यतनुर्भवेत् ।१२।
यथात्मनि यथा देवे शिष्यदेहे न्यसेत्तथा ।
अनिर्माल्या स्मृता पूजा यद्धरेः पूजनं हृदि ।१३।
सनिर्माल्या मण्डलादौ बद्धनेत्राश्च शिष्यकाः ।
पुष्पं क्षिपेयुर्यन्मूर्तौ तस्य तन्नाम कारयेत् ।१४।
निवेश्य वामतः शिष्यांस्तिलव्रीहिघृतं हुनेत् ।
शतमष्टोत्तरं हुत्वा सहस्रं कायशुद्धये ।१५।
नवव्यूहस्य मूर्त्तिनामङ्गानां च शताधिकम् ।
पूर्णां दत्त्वा दीक्षयेत्तान्गुरुः पूज्यश्च तैर्धनैः ।१६।

गर्नुपर्दछ । दक्षिण तथा उत्तर दिशामा गं डं बं शं बीजहरूले युक्त पुष्टिदेवीलाई अर्चना गर्नुपर्छ । पीठका पश्चिम भागमा धं वं यी बीजले युक्त वनमालालाई पूजा गर्नुपर्छ । सं हं लं बीजले युक्त श्रीवत्सलाई पश्चिम दिशामा पूजा गर्नुपर्छ र छं तं यं यी बीजले युक्त कौस्तुभलाई जलमा पूजा गर्नुपर्छ । त्यसपछि दशमाङ्ग क्रमले विष्णुलाई र उनका तल्ला भागमा भगवान् अनन्तलाई उनका नामसित नमः जोडेर पूजा गर्नुपर्छ। अङ्गहरूको र महेन्द्र आदि दस दिक्पालहरूको पूजा पूर्व आदि दिशामा गर्नुपर्दछ । पूर्व आदि दिशामा गर्नुपर्दछ । पूर्व आदि दिशामा चार कलशलाई पनि पूजा गर्नुपर्दछ । तोरण, चँदुवा तथा अग्नि, वायु र चन्द्रमालाई बीजले युक्त मण्डलमा ध्यान गर्दै क्रमशः आफ्ना शरीरलाई वन्दना गरेर अमृतले भिजाउनुपर्दछ । आकाशमा रहेका आत्मालाई सूक्ष्म रूपले ध्यान गरेर ऊ चन्द्रमण्डलबाट खसेको सेतो अमृतका धारामा डुबुल्की लगाउँदै छ भन्ने कल्पना गर्नुपर्दछ । यसरी पखालेर जसलाई चोखो पारियो, त्यही अमृत नै आत्माको बीज हो । उसै अमृतबाट उत्पन्न पुरुषलाई आत्मा वा आफ्नो स्वरूप भन्ने मान्नुपर्दछ। अनि म स्वयं नै विष्णुका रूपमा प्रकट भएको हुँ भन्ने चिन्तन गर्नुपर्दछ । त्यसपछि द्वादश बीजको न्यास गर्नुपर्दछ । क्रमशः वक्ष, मस्तक, शिखा, पृष्ठभाग, नेत्र र दुवै करमा हृदय, शिर, शिखा, कवच, नेत्रत्रय र अस्त्र भन्ने अङ्गहरूलाई न्यास गर्नुपर्दछ । दुवै हातमा अस्त्रलाई न्यास गरेर सकेपछि साधकका शरीरमा दिव्यता आउँछ । आफ्ना शरीरमा जसरी न्यास गरिन्छ उसरी नै देवताका प्रतिमामा पनि गर्नुपर्छ र शिष्यका शरीरमा पनि उसै किसिमले न्यास गर्नुपर्छ। हृदयमा श्रीहरिको जुन पूजा गरिन्छ त्यसलाई निर्माल्यरहित पुजा हो भनिएको छ। मण्डल आदिमा निर्माल्यसहित पूजा गरिन्छ। दीक्षा कालमा शिष्यका आँखा बाँधिएका हुन्छन् । त्यस अवस्थामा इष्टदेवका विग्रहमा उसले जुन फूल फाल्छ उसै अनुसार उसको नामकरण गर्नुपर्दछ। शिष्यलाई बायाँ भागमा बसाएर अग्निमा तिल, चामल र घिउको आहुति दिइन्छ । एक सय आठ आहुति दिइसकेपछि काय शुद्धिका लागि एक सहस्र आहुतिहरूको हवन गर्नुपर्छ। नवव्यूहको मूर्तिहरू र अङ्गहरूका लागि सय भन्दा बढी आहुति दिनु पर्दछ । त्यसपछि पूर्णाहुति दिएर गुरुले ती शिष्यलाई दीक्षा दिनुपर्छ र शिष्यहरूले पनि धनद्वारा गुरुको पूजा गर्नुपर्छ ।१-१६।

२०२. द्व्यधिकद्विशततमोऽध्यायः

पुष्पाध्यायकथन

अग्निरुवाच

पुष्पगन्धधूपदीपनैवेद्यैस्तुष्यते हरिः ।
पुष्पाणि देवयोग्यानि ह्ययोग्यानि वदामि ते ।१।
पुष्पं श्रेष्ठं मालती च तमालो भुक्तिमुक्तिमान् ।
मल्लिका सर्वपापघ्नी यूथिका विष्णुलोकदा ।२।
अतिमुक्तमयं तद्वत्पाटला विष्णुलोकदा ।
करवीरैर्विष्णुलोकी जपापुष्पैश्च पुण्यवान् ।३।
पावन्ती कुब्जकाद्यैश्च तगरैर्विष्णुलोकभाक् ।
कर्णिकारैर्विष्णुलोकः कुरुण्ठैः पापानाशनम् ।४।
पद्मैश्च केतकीभिश्च कुन्दपुष्पैः परा गतिः ।
बाणपुष्पैर्वर्वराभिः कृष्णाभिर्हरिलोकभाक् ।५।
अशोकैस्तिलकैस्तद्वदटरूषभवैस्तथा ।
मुक्तिभागी बिल्वपत्रैः शमीपत्रैः परा गतिः ।६।
विष्णुलोकी भृङ्गराजैस्तमालस्य दलैस्तथा ।
तुलसी कृष्णगौराख्या कल्हारोत्पलकानि च ।७।
पद्मं कोकनदं पुण्यं शताब्जमालया हरिः ।
नीपार्जुनकदम्बैश्च वकुलैश्च सुगन्धिभिः ।८।
किंशुकैर्मुनिपुष्पैस्तु गोकर्णैर्नागकर्णकैः ।
सन्ध्यापुष्पैर्बिल्वतकै रञ्जनीकेतकीभवैः ।९।
कूष्माण्डतिमिरोत्थैश्च कुशकाशशरोद्भवैः ।
द्युतादिभिर्मरुवकैः पत्रैरम्यैः सुगन्धकैः ।१०।
भुक्तिर्मुक्तिः पापहानिर्भक्त्या सर्वैस्तु तुष्यति ।
स्वर्णलक्षाधिकं पुष्पं माला कोटिगुणाधिका ।११।
स्ववनेऽन्यवने पुष्पैस्त्रिगुणं वनजः फलम् ।
विशीर्णैर्नार्चयेद्विष्णुं नाधिकाङ्गैर्न मोटितैः ।१२।
काञ्चनारैस्तथोन्मत्तैर्गिरिकर्णिकया तथा ।
कुटजैःशाल्मलीयैश्च शिरीषैर्नरकादिकम् ।१३।
सुगन्धैर्ब्रह्मपद्मैश्च पुष्पैर्नीलोत्पलैर्हरिः ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! भगवान् श्रीहरि गन्ध, पुष्प, धुप, दीप र नैवेद्य समर्पण गर्दैखेरि प्रसन्न हुन्छन् । म तिमीलाई देवताहरूका लागि योग्य र अयोग्य पुष्पहरूको वर्णन गर्दछु। पूजा गर्नमा मालती पुष्प उत्तम हुन्छ। तमालपुष्प भोग र मोक्ष प्रदान गर्ने हुन्छ। मल्लिका पुष्पले समस्त पापहरू नाश गर्दछ र यूथिका पुष्पले विष्णुलोक प्रदान गर्दछ। अतिमुक्तक र लोध्रपुष्प पनि विष्णुलोक प्राप्त गराउँछन् । करवीर पुष्पले पूजन गर्ने वैकुण्ठलोक पुग्दछ र जया पुष्पबाट मानिसले पुण्य आर्जन गर्दछ । पावन्ती, कुब्जक र तगर पुष्पले पूजा गर्ने व्यक्ति विष्णुलोकको अधिकारी हुन्छ। कर्णिकार पुष्पले पूजा गर्दा वैकुण्ठ प्राप्त हुन्छ र कुरुण्ट नामका पुष्पले गरिएका पुजाले पापहरूलाई नाश गर्दछ। कमल, कुन्द र केतकी पुष्पले परमगति प्राप्त हुन्छ । वाणपुष्प, बर्बरपुष्प र कृष्णतुलसीका पत्रले पूजा गर्ने व्यक्ति श्रीहरिका लोकमा जान्छ । अशोक, तिलक तथा आटरुषका फूलहरू पूजामा चढाउँनाले मानिस मुक्तिको भागी हुन्छ । शमीपत्र र बिल्वपत्रले परमगति सुलभ हुन्छ। तमालदल र भृङ्गराज कुसुमले पूजा गर्ने व्यक्ति विष्णुलोकमा निवास गर्दछ । कृष्ण तुलसी, शुक्लतुलसी, कल्हार, उत्पल, पद्म र कोकनद यी पुष्पहरूलाई पुण्यप्रदायक मानिएको छ । भगवान् श्रीहरि कमलका सयमाला अर्पन गर्नाले प्रसन्न हुन्छन्। सुगन्धित बकुल, पलाश, मुनि, गोकर्ण, नागकर्ण, सन्ध्यापुष्प, बिल्वातक, रञ्जनी र केतकी तथा कुष्माण्ड, ग्रामकर्कटी, कुश, कास, सरपत, विभीतक, मरुवा तथा अन्य सुगन्धित पत्रले भक्तिपूर्वक पुजन गर्नाले भगवान् श्रीहरि प्रसन्न हुन्छन्। यिनले पूजा गर्नेको सबै पाप नाश हुन्छन् र उसले भोग एवं मोक्ष पनि प्राप्त गर्दछ। लाखौँको सुनको भारीभन्दा पुष्प उत्तम हो, पुष्पमाला त्यसभन्दा करोड गुना बढी श्रेष्ठ छ । आफ्नो वा अर्काको बगैँचाको भन्दा बनेल फूल तीन गुना बढी फल हुन्छ भन्ने मानिन्छ। भुइँमा खसेका, जुम्ल्याहा परेका वा भाँचिएकुचिएका फूलले श्रीहरिको पूजा गर्नु हुँदैन । यसै गरी कचनार, धतुर, गिरिकर्णिका, कुटज, शाल्मली एवं शिरीष वृक्षका फूलले पनि श्रीविष्णुलाई अर्चना गर्नु हुँदैन । यस्ताले पूजा गर्ने व्यक्ति नरक आदिमा खस्छ । रक्तकमल वा नीलकमलले भगवान् विष्णुको पूजा हुन्छ ।

अर्कमन्दारधुस्तूरकुसुमैरर्च्यते हरः ।१४।
कुटजैः कर्कटीपुष्पैः केतकी न शिवे ददेत् ।
कूष्माण्डनिम्बसम्भूतं पैशाचं गन्धवर्जितम् ।१५।
अहिंसा चेन्द्रियजयः क्षान्तिर्ज्ञानं दया श्रुतम् ।
भावाष्टपुष्पैः सम्पूज्य देवान्स्याद्भुक्तिमुक्तिभाक् ।१६।
अहिंसा प्रथमं पुष्पं पुष्पमिन्द्रियनिग्रहः ।
सर्वपुष्पं दया भूते पुष्पं शांन्तिर्विशिष्यते ।१७।
शमः पुष्पं तपः पुष्पं ध्यानं पुष्पं च सप्तमम् ।
सत्यं चैवाष्टमं पुष्पमेतैस्तुष्यति केशवः ।१८।
एतैरेवाष्टभिः पुष्पैस्तुष्यत्येवार्चितो हरिः ।
पुष्पान्तराणि सन्त्यत्र बाह्यानि मनुजोत्तम ।१९।
भक्त्या दयान्वितैर्विष्णुः पूजितः परितुष्यति ।
वारुणं सलिलं पुष्पं सौम्यं घृतपयोदधि ।२०।
प्राजापत्यं तथान्नादी ह्याग्नेयं धूपदीपकम् ।
फलपुष्पादिकं चैव वानस्पत्यं तु पञ्चमम् ।२१।
पार्थिवं कुशमूलाद्यं वायव्यं गन्धचन्दनम् ।
श्राद्धाख्यं विष्णुपुष्पं च सर्वदा चाष्टपुष्पिका ।२२।
आसनं मूर्त्तिपञ्चाङ्गं विष्णुर्वा चाष्टपुष्पिका ।
विष्णोस्तु वासुदेवाद्यैरीशानाद्यैः शिवस्य वा ।२३।

भगवान् शिवको पूजा आँक, मदार, धतुरो आदिले गरिन्छ तर कुटज, कर्कटी एवं केतकीका फूल शिवमाथि चढाउनु हुँदैन। कुष्माण्ड र निम्बपुष्प तथा अन्य गन्धहीन पुष्पलाई पैशाच भन्ने मानिएको छ। अहिंसा, इन्द्रियसंयम, क्षमा, ज्ञान, दया एवं स्वाध्याय आदि आठ भावपुष्पले देवताको यजन गरेर मानिस भोग एवं मोक्षको भागीदार हुन्छ। यिनीहरूमा अहिंसा प्रथम पुष्प हो, इन्द्रिय निग्रह दोस्रो पुष्प हो, सम्पूर्ण प्राणीमाथि दया तेस्रो पुष्प हो, क्षमा चौथो पुष्प एवं विशिष्ट पुष्प हो। यसै गरी क्रमशः ज्ञान, तप एवं ध्यान पाँचौँ, छैटौँ र सातौँ पुष्प हुन्। सत्य आठौँ पुष्प हो। यिनले पूजित हुँदाखेरि भगवान् केशव प्रसन्न हुन्छन्। यी आठ पुष्पले पूजा गरेपछि नै भगवान् केशव सन्तुष्ट रहन्छन्। हे नरश्रेष्ठ ! अन्य पुष्पहरू त पूजाका वाह्य उपकरण हुन्, श्रीविष्णु त भक्ति एवं दयाले समन्वित भावपुष्पले पूजित भएपछि नै परितुष्ट हुन्छन्। जल वारुण पुष्प हो; घिउ, दही, दुध सौम्य पुष्प हुन्; धुपदीप आग्नेय पुष्प हुन्; फूलफल आदि पञ्चमवानस्पत्य पुष्प हुन्; कुशमूल आदि पार्थिव पुष्प हुन्; गन्ध-चन्दन आदि वायव्य कुसुम हुन्; श्रद्धा आदि भावहरू वैष्णव प्रसून हुन्। यी आठ किसिमका पुष्पिकाहरू जो छन् तिनले सबै कुरा प्रदान गर्दछन्। आसन, मूर्ति-निर्माण, पञ्चाङ्गन्यास तथा अष्टपुष्पिका यिनीहरू विष्णुरूप हुन्। भगवान् श्रीहरि पूर्वोक्त अष्टपुष्पिकाले पूजन गर्नाले प्रसन्न हुन्छन्। यसका अतिरिक्त भगवान् श्रीविष्णुका वासुदेव आदि नाम र श्रीशिवका ईशान आदि नामरूपी पुष्पले पनि यिनीहरूलाई पूजा गरिन्छ ।१-२३।

२०३. त्र्यधिकद्विशततमोऽध्यायः

नरकस्वरूप

अग्निरुवाच
पुष्पाद्यैः पूजनाद्विष्णोर्न याति नरकान्वदे ।
आयुषोऽन्ते नरः प्राणैरनिच्छन्नपि मुच्यते ।१।
जलमग्निर्विषं शस्त्रं क्षुद्व्याधिः पतनं गिरेः ।
निमित्तं किञ्चिदासाद्य देही प्राणैर्विमुच्यते ।२।
अन्यच्छरीरमादत्ते यातनीयं स्वकर्मभिः ।
भुङ्क्तेऽथ पापकृद्दुःखं सुखं धर्माय सङ्गतः ।३।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म नरकहरूको वर्णन गर्दछु। भगवान् श्रीविष्णुलाई पुष्प आदिले पूजा गर्ने मानिस नरकमा पर्दैन। आयु समाप्त भएपछि मान्छे नचाहे पनि प्राणबाट छुट्टिन्छ। देहधारी जीवले जल, अग्नि, विष, शस्त्राघात, भोकप्यास, रोगव्यथा या लडेर जस्तै कुनै न कुनै निहुँ पारेर प्राणबाट रित्तिन्छ। ऊ आफ्नो कर्म अनुसारका यातना भोग्नका लागि अर्को शरीर ग्रहण गर्छ। यसै किसिमले पापकर्म गर्नेले दुःख पाउँछ तर धर्मात्मा पुरुषले सुख भोग गर्दछ। मृत्युपछि पापी जीवलाई यमराजले अत्यन्त कठिन

नीयते यमदूतैस्तु यमं प्राणिभयङ्करैः ।
कुपथे दक्षिणद्वारि धार्मिकः पश्चिमादिभिः ।४।
यमाज्ञप्तैः किङ्करैस्तु पात्यते नरकेषु च ।
स्वर्गे तु नीयते धर्माद्वसिष्ठाद्युक्तिसंश्रयात् ।५।
गोघाती तु महावीच्यां वर्षलक्षं तु पीड्यते ।
ताम्रकुम्भे महादीप्ते ब्रह्महा भूमिहारकः ।६।
महाप्रलयकं यावद्रौरवे पीड्यते शनैः ।
स्त्रीबालवृद्धहन्ता तु यावदिन्द्राश्चतुर्दश ।७।
महारौरवके रौद्रे गृहक्षेत्रादिदीपकः ।
दह्यते कल्पमेकं स चौरस्तामिस्रके पतेत् ।८।
नैककल्पं तु शूलाद्यैर्भिद्यते यमकिङ्करैः ।
महातामिस्रके सर्पजलौकाद्यैश्च पीड्यते ।९।
यावद्भूमिर्मातृहाद्या ह्यसिपत्रवनेऽसिभिः ।
नैककल्पं तु नरके करम्भवालुकासु च ।१०।
येन दग्धो जनस्तत्र दह्यते वालुकादिभिः ।
काकोले कृमिविष्ठाशी एकाकी मिष्टभोजनः ।११।
कुट्टले मूत्ररक्ताशी पञ्चयज्ञक्रियोज्झितः ।
सुदुर्गन्धे रक्तभोजी भवेच्चाभक्ष्यभक्षकः ।१२।
तैलपाके तु तिलवत्पीड्यते परपीडकः ।
तैलपाके तु पच्येत शरणागतघातकः ।१३।
निरुच्छ्वासे दाननाशी रसविक्रयकोऽध्वरे ।
नाम्ना वज्रकवाटेन महपाते तदाऽनृती ।१४।
महाज्वाले पापबुद्धिः क्रकचेगम्यगामिनः ।
सङ्करी गुडपाके च प्रतुदेत्परमर्मनुत् ।१५।
क्षारह्रदे प्राणिहन्ता क्षुरधारे च भूमिहृत् ।
अम्बरीषे गोस्वर्णहृद् द्रुमच्छिद्वज्रशस्त्रके ।१६।
मधुहर्त्ता परीतापे कालसूत्रे परार्थहृत् ।
कश्मलेऽत्यन्तमांसाशी उग्रगन्धे ह्यपिण्डदः ।१७।
दुर्द्धरे तूत्कोचभक्षी वन्दिग्राहरताश्च ये ।
मञ्जूषे नरके लोहेऽप्रतिष्ठे श्रुतिनिन्दकः ।१८।

बाटाबाट लैजान्छन् र यमपुरीका दक्षिण ढोकाबाट यमराज सामु पुऱ्याउँछन् । यी यमदूत अत्यन्तै डर लाग्दा हुन्छन् । तर धर्मात्मा मानिस पश्चिम आदिका ढोकाबाट लगिन्छन् । त्यहाँ पापी जीव यमराजको आज्ञाअनुसार यमदूतहरूद्वारा नरकमा खसालिन्छन् तर वसिष्ठ आदि ऋषिहरूले स्थापना गरेका धर्मको आचरण गर्नेहरू स्वर्गलोकमा लगिन्छन् । गाई हत्या गर्नेलाई महावीचि नामका नरकमा एकलाख वर्षसम्म दुःख दिइन्छ । ब्रह्मघाती अत्यन्त उम्लिरहेको ताम्रकुम्भ नामका नरकमा खँदारिन्छ र भूमि अपहरण गर्ने पापीलाई महाप्रलय कालसम्म रौरव नरकमा विस्तारैसित कठोर पीडा दिने गरिन्छ । स्त्री, बालक अथवा वृद्धलाई वध गर्ने पापी चौध इन्द्रको राज्यकालसम्म महारौरव नामका रौद्र नरकमा कष्ट भोग्दछन् । अर्काको घरखेतमा डढेलो लगाउनेलाई अत्यन्त भयङ्कर महारौरव नरकमा एक कल्पसम्म पकाइन्छ । चोरी गर्नेलाई तामिस्र नामका नरकमा खसालिन्छ । त्यसपछि उसलाई अनेकौं कल्पसम्म यमराजका अनुचरहरूले फिरमा उन्दछन् र फेरि महातामिस्र नरकमा गएर त्यो पापी सर्प र जुकाद्वारा सताइन्छ । मातृघाती आदि मानिस असिपत्रवन नामको नरकमा खसालिन्छ । त्यहाँ तिनका अङ्ग तरबारले त्यस बेलासम्म काटिन्छन् जबसम्म यो पृथ्वी रहन्छ । जसले यस लोकमा अर्का प्राणीको आँत जलाउँछ ऊ अनेकौं कल्पभरि करम्भवालुका नामका नरकमा डढेको वालुवासित भुटिन्छ । अर्कालाई नदिईकन मिठो कुरो एक्लै खाने काकोल नामका नरकमा किरा र विष्ठा खान्छ । पञ्चमहायज्ञ र नित्यकर्महरू त्याग गर्नेले कुट्टल नामका नरकमा गएर मूत्र र रक्त पान गर्दछ । अभक्ष वस्तु भक्षण गर्नेले महादुर्गन्धमय नरकमा खसेर रक्तको आहार गर्नुपर्ने हुन्छ । अर्कालाई दुःखदिने व्यक्ति तैलपाक नामका नरकमा तिलफैं पेलिन्छ । शरणागतको वध गर्ने व्यक्ति पनि तैलपाक मै पकाइन्छ । कुनै वस्तु यज्ञमा दिने प्रतिज्ञा गरेर नदिने व्यक्ति निरुच्छवास नरकमा, रस विक्री गर्ने व्यक्ति वज्रकटाइ नामका नरकमा र ढाँटछल गर्ने महापात नामका नरकमा खसालिन्छ । पापपूर्ण विचार भएको महाज्वालमा, गमन गर्न नहुने स्त्रीसित गमन गर्ने गुडपाकमा, अर्काको मर्मस्थलमा पीडा पार्ने प्रतुदमा, प्राणीहिंसा गर्ने क्षारहृदमा, भूमि अपहरण गर्ने क्षुरधारमा, गाई र सुन चोर्ने अम्बरीषमा, वृक्ष काट्ने वज्रशस्त्रमा, मधु चोर्ने परितापमा, अर्काको धन अपहरण गर्ने कालसूत्रमा, बढी मांस खाने कश्मल र पितृलाई पिण्डदान नगर्ने उग्रगन्ध नरकमा यमराजका दूतहरूद्वारा लगिन्छन् । घुस खानेलाई दुर्धर नामका नरकमा र निर्दोष मानिसलाई थुनामा राख्नेलाई लौहमय मञ्जुष नामका नरकमा यमराजका दुतहरूले लगेर थुन्दछन् ।

पूतिवक्त्रे कूटसाक्षी परिलुण्ठेद्धनापहा ।
बालस्त्रीवृद्धघाती च कराले ब्राह्मणार्त्तिकृत् ।१९।
विलेपे मद्यपो विप्रो महाताम्रे तु मेदिनः ।२०।
तथाक्रम्य परदारान् ज्वलन्तीमायसी शिलाम् ।
शाल्मलाख्ये तमालिङ्गेन्नारी बहुनरङ्गना ।२१।
अस्फोटजिह्वोद्धरणं सोक्षणान्नेत्रभेदनम् ।
अङ्गारराशौ क्षिप्यन्ते मातापुत्र्यादिगामिनः ।२२।
चौराः क्षुरैश्च भिद्यन्ते स्वमांसाशी च मांसभुक् ।
मासोपवासकर्त्ता वै न याति नरकं नरः ।
एकादशीव्रकरो भीष्मपञ्चकसद्व्रती ।२३।

वेदनिन्दक व्यक्ति अप्रनिष्ठ नामका नरकमा खसालिन्छ। झुटो साक्षी बन्ने व्यक्ति पूतिवक्त्रमा, धन अपहरण गर्ने परिलुण्ठमा, बालक, स्त्री र वृद्धको हत्या गर्ने र ब्राह्मणलाई दुःख दिने करालमा, मद्यपान गर्ने ब्राह्मण विलेपमा र साथीभाइका बीच फाटो गराउने महाप्रेत नरकमा पुग्दछन् । अर्काकी स्त्रीसित भोग गर्ने पुरुष वा पराई लोग्नेसित पल्केकी स्त्रीले शाल्मल नामका नरकमा दन्किएर बल्दो फलामे मूर्तिलाई आफूले मन पराएका पुरुष वा स्त्रीका रूपमा अँगालो हाल्नुपर्छ। नरकमा कुरा लगाउने व्यक्तिको जिब्रो लुछेर झिकिन्छ, पराई स्त्रीमाथि कुदृष्टिले हेर्नेका आँखा फोडिन्छ, माता र पुत्रीसित व्यभिचार गर्ने दन्किरहेका आगाको भुङ्ग्रोमा फ्याँकिन्छन्, चोरलाई छुराले काटिन्छ र मांस खाने नरपिशाचलाई उसैको मासु काटेर खुवाइन्छ। मासोपवास, एकादशीव्रत अथवा भीष्मपञ्चकव्रत गर्ने मानिस नरकमा जाँदैन ।१–२३।

२०४. चतुरधिकद्विशततमोऽध्यायः
मासोपवासव्रत

अग्निरुवाच
व्रतं मासोपवासं च सर्वोत्कृष्टं वदामि ते ।
कृत्वा तु वैष्णवं यज्ञं गुरोराज्ञामवाप्य च ।१।
कृच्छ्राद्यैः स्वबलं बुद्धा कुर्य्यान्मासोपवासकम् ।
वानप्रस्थो यतिवाथ नारी वा विधवा मुने ।२।
आश्विनस्यामले पक्षे एकादश्यामुपोषितः ।
व्रतमेतत्तु गृह्णीयाद्यवत्त्रिंशद्दिनानि तु ।३।
अद्यप्रभृत्यहं विष्णो यावदुत्थानकं तव ।
अर्चये त्वामनश्नन् हि यावत्त्रिंशद्दिनानि तु ।४।
कार्त्तिकाश्विनयोर्विष्णोर्यावदुत्थानकं तव ।
म्रिये यद्यन्तरालेऽहं व्रतभङ्गो न मे भवेत् ।५।
त्रिकालं पूजयेद्विष्णुं त्रिःस्नातो गन्धपुष्पकैः ।
विष्णोर्गीतादिकं जप्यं ध्यानं कुर्य्याद् व्रती नरः ।६।
वृथावादं परिहरेदर्थाकाङ्क्षां विवर्जयेत् ।
नाव्रतस्थं स्पृशेत्कञ्चिद्विकर्मस्थान्न चालपेत् ।७।
देवतायतने तिष्ठेद्यावत्त्रिंशद्दिनानि तु ।
द्वादश्यां पूजयित्वा तु भोजयित्वा द्विजान्व्रती ।८।

अग्निदेव भन्दछन्– हे मुनिश्रेष्ठ वसिष्ठ ! अब म तिमीसित सबैभन्दा उत्तम मासोपवास व्रतको वर्णन गर्दछु । वैष्णव यज्ञको अनुष्ठान गरी, आचार्यको अनुमति लिएर, कृच्छ्र आदि व्रतले आफ्ना शक्तिको अनुमान गरेर मासोपवास व्रत लिनुपर्छ। वानप्रस्थ, संन्यासी एवं विधवा स्त्री जस्ताकै लागि मासोपवास व्रतको विधान गरिएको छ। आश्विनशुक्ल एकादशीमा उपवास राखेर तीस दिनका लागि यस प्रकारको सङ्कल्प गर्दै मासोपवास व्रत ग्रहण गरून्– हे श्रीविष्णु ! म आजदेखि तीस दिनसम्म तिम्रो उत्थानकालपर्यन्त निराहार बसेर तिम्रो पूजा गर्छु। हे सर्वव्यापी श्रीहरि ! आश्विन शुक्ल एकादशीदेखि तिम्रो उत्थानकाल कार्तिक शुक्ल एकादशी सम्ममा यदि मेरो मृत्यु भयो भने मेरो व्रत भङ्ग नहोस्। व्रत गर्नेले दिनको तीन पटक स्नान गरेर सुगन्ध, द्रव्य र पुष्पद्वारा बिहान, दिउँसो र बेलुका श्रीविष्णुको पूजा गर्नुपर्छ साथै विष्णुसम्बन्धी गान, जप र ध्यान गर्नुपर्छ। व्रती व्यक्तिले फाल्तु गफगाफ छोड्नुपर्छ र धनको इच्छा पनि गर्नु हुँदैन। उसले कुनै व्रतहीन व्यक्तिलाई छुन हुँदैन र शास्त्रनिषिद्ध काममा लागेका व्यक्तिको चालक वा प्रेरक पनि बन्नु हुँदैन। उसले तीस दिनसम्म देवमन्दिरमै वास गर्नुपर्दछ। व्रत गर्ने मानिसले कार्तिक शुक्ल द्वादशीमा भगवान् श्रीविष्णुको पूजा गरी ब्राह्मणलाई भोजन गराउनुपर्छ। त्यसपछि तिनलाई दक्षिणा दिएर स्वयंले पारण गर्दै व्रत विसर्जन गर्नुपर्छ। यस किसिमले तेह्रवटा मासोपवास

समाप्य दक्षिणां दत्त्वा पारणं तु समाचरेत् ।
भुक्तिमुक्तिमवाप्नोति कल्पांश्चैव त्रयोदश ।९।
कारयेद्वैष्णवं यज्ञं यजेद्विप्रांस्त्रयोदश ।
तावन्ति वस्त्रयुग्मानि भाजनान्यासनानि च ।१०।
छत्राणि सपवित्राणि तथोपानद्युगानि च ।
योगपट्टोपवीतानि दद्याद्विप्राय तैर्मतः ।११।
अन्यविप्राय शय्यायां हैमं विष्णुं प्रपूज्य च ।
आत्मनश्च तथा मूर्तिं वस्त्राद्यैश्च प्रपूजयेत् ।१२।
सर्वपापविनिर्मुक्तो विप्रो विष्णुप्रसादतः ।
विष्णुलोकं गमिष्यामि विष्णुरेव भवाम्यहम् ।१३।
व्रजव्रज देवबुद्धे विष्णोः स्थानमनामयम् ।
विमानेनामलस्तत्र तिष्ठेद्विष्णुस्वरूपधृक् ।१४।
द्विजानुक्त्वाथ तां शय्यां गुरवेऽथ निवेदयेत् ।
कुलानां शतमुद्धृत्य विष्णुलोकं नयेद् व्रती ।१५।
मासोपवासी यद्देशे स देशो निर्मलो भवेत् ।
किं पुनस्तत्कुलं सर्वं यत्र मासोपवासकृत् ।१६।
व्रतस्थं मूर्च्छितं दृष्ट्वा क्षीराज्यं चैव पाययेत् ।
नैते व्रतं विनिघ्नन्ति हविर्विप्रानुमोदितम् ।१७।
क्षीरं गुरोर्हितौषध्य आपो मूलफलानि च ।
विष्णुर्महौषधं कर्त्ता व्रतमस्मात्समुद्धरेत् ।१८।

व्रतको पूर्ण अनुष्ठान गर्ने व्यक्तिले भोग र मोक्ष दुवै प्राप्त गर्दछ। उसले वैष्णव यज्ञ अर्थात् तेह्र ब्राह्मणको पूजा गर्नुपर्छ। त्यसपछि उनीहरूबाट आज्ञा लिएर कुनै ब्राह्मणलाई तेह्र ऊर्ध्ववस्त्र, अधोवस्त्र, पात्र, आसन, छत्र, पवित्री, पादुका, योगपट्ट र यज्ञोपवीत दान गर्नुपर्दछ। त्यसपछि शय्यामा आफ्नो श्रीविष्णुका स्वर्णमयी प्रतिमालाई पूजा गरेर त्यो अरू कुनै अर्को ब्राह्मणलाई दान गर्नुपर्छ र ती ब्राह्मणलाई वस्त्र आदिले सत्कार गर्नुपर्छ। त्यसपछि यज्ञ गर्ने व्यक्तिले यसो भन्नुपर्छ– म सम्पूर्ण पापबाट मुक्त भएर ब्राह्मण र श्रीविष्णु भगवान्‌का कृपाप्रसादले विष्णुलोकमा जानेछु। अब म विष्णुकै स्वरूप हुनेछु। यसको उत्तरमा ब्राह्मणहरूले भन्नुपर्छ– हे देवात्मन् ! तिमी विष्णुका रोगशोकरहित परमपदमा जाउ र त्यहाँ विष्णुको स्वरूप धारण गरेर विमानमा प्रकाशित हुँदै स्थित होऊ। त्यसपछि व्रत गर्नेले द्विजहरूलाई प्रणाम गरेर त्यो शय्या आचार्यलाई दान गर्नुपर्छ। यसै विधिले व्रत गर्नेले आफ्ना सय कुलको उद्धार गरी उनीहरूलाई विष्णुलोकमा लैजान्छ। जुन देशमा मासोपवास व्रत गर्ने रहन्छन् त्यो देश नै पापरहित हुन्छ। त्यसो भएपछि उसका सम्पूर्ण कुलको त कुरो नै के भयो र जसमा मासोपवास व्रतको अनुष्ठान गर्ने व्यक्ति जन्मेको छ। व्रत गर्ने मानिस मूर्छित भएको देखिए उसलाई घिउमिश्रित दुध खुवाउनुपर्छ। निम्न उल्लिखित वस्तुहरूले व्रतलाई नष्ट गर्दैनन्– ब्राह्मणका अनुमतिले ग्रहण गरेको हविष्य, दुध, आचार्यका आज्ञाले लिएको औषधि, जल, मूल र फल। यस व्रतमा भगवान् श्रीविष्णु नै महान् औषधिका रूप हुन् भन्ने विश्वासले व्रत धारण गर्ने व्यक्ति व्रतबाट उद्धार पाउँछ।१-१८।

२०५. पञ्चाधिकद्विशततमोऽध्यायः

भीष्मपञ्चकव्रत

अग्निरुवाच
भीष्मपञ्चकमाख्यास्ये व्रतराजं तु सर्वदम् ।
कार्तिकस्यामले पक्षेह्येकादश्यां समाचरेत् ।१।
दिनानि पञ्च त्रिःस्नायी पञ्चव्रीहितिलैस्तथा ।
तर्पयद्देवपित्रादीन्मौनी सम्पूजयेद्धरिम् ।२।
पञ्चगव्येन संस्नाप्य देवं पञ्चामृतेन च ।
चन्दनाद्यैः समालिप्य गुग्गुलुं सघृतं दहेत् ।३।
दीपं दद्याद्दिवारात्रौ नैवेद्यं परमन्निकम् ।

अग्निदेव भन्दछन्– अब म सबै कुरा प्रदान गर्ने व्रतराज भीष्मपञ्चकका विषयमा भन्दछु। कार्तिकशुक्ल एकादशीमा यो व्रत ग्रहण गर्नुपर्दछ। पाँच दिनसम्म तीनै समय स्नान गरेर तिल र जौले देवता एवं पितृलाई तर्पण गर्नुपर्छ। त्यसपछि मौन रहेर भगवान् श्रीहरिलाई पूजा गर्नुपर्छ। देवाधिदेव श्रीविष्णुलाई पञ्चगव्य र पञ्चामृतले स्नान गराएर उनका श्रीअङ्गहरूमा चन्दन आदि सुगन्धित द्रव्यले आलेपन गरी उनका छेउमा घिउमिश्रित गुग्गुल जलाउनुपर्छ। प्रातःकाल र रात्रिका समयमा भगवान् श्रीविष्णुलाई दीपदान गरेर उत्तम भोज्यपदार्थ समर्पित गर्नुपर्छ । व्रती पुरुषले ओं नमो भगवते वासुदेवाय भन्ने

ओं नमो वासुदेवाय जपेदष्टोत्तरं शतम् ।४।
जुहुयाच्च घृताभ्यक्तांस्तिलव्रीहिंस्ततो व्रती ।
षडक्षरेण मन्त्रेण स्वाहाकारान्वितेन च ।५।
कमलैः पूजयेत्पादौ द्वितीये बिल्वपत्रकैः ।
जानुसक्थि तृतीयेऽथ नाभिं भृङ्गरजेन तु ।६।
बाणबिल्वजपाभिस्तु चतुर्थे पञ्चमेऽहनि ।
मालत्या भूमिशायी स्यादेकादश्यां तु गोमयम् ।७।
गोमूत्रं दधि दुग्धं च पञ्चमे पञ्चगव्यकम् ।
पौर्णमास्यां चरेन्नक्तं भुक्तिमुक्तिं लभेद् व्रती ।८।
भीष्मः कृत्वा हरिं प्राप्तस्तेनैतद्भिष्मपञ्चकम् ।
ब्रह्मणः पूजनाद्यैश्च ह्युपवासादिकं व्रतम् ।९।

द्वादशाक्षर मन्त्र एकसय आठपटक जप गर्नुपर्छ । त्यसपछि घिउले मुछेको तिल र जौलाई अन्त्यमा स्वाहा जोडेर ओं नमो भगवते वासुदेवाय भन्ने द्वादशाक्षरी मन्त्रले हवन गर्नुपर्छ । पहिलो दिन भगवान्का चरणलाई कमलका पुष्पले, दोस्रो दिन घुँडालाई र दुवै तिघ्रालाई बिल्वपत्रले, तेस्रो दिन नाभीलाई भृङ्गराजले, चौथो दिन बाणपुष्प, बिल्वपत्र र जयापुष्पले एवं पाँचौं दिन मालती पुष्पले सर्वाङ्गलाई पूजन गर्नुपर्छ । व्रत गर्ने मानिसले भुइँमा सुत्नुपर्छ । एकादशीमा गोबर, द्वादशीमा गोमूत्र, त्रयोदशीमा दही, चतुर्दशीमा दुध र अन्तिम दिन पञ्चगव्य आहार गर्नुपर्छ । पौर्णमासीमा नक्तव्रत गर्नुपर्छ । यस किसिमले व्रत गर्ने व्यक्ति भोग र मोक्ष दुवै प्राप्त गर्दछ । भीष्मपितामह यही व्रत गरेका हुनाले भगवान् श्रीहरिकहाँ पुगेका थिए । त्यसो भएकै कारण भीष्मपञ्चक नामले यो प्रसिद्ध भयो । ब्रह्माले पनि यसै व्रतको अनुष्ठान गरेर श्रीहरिको पूजा गरेका थिए । त्यसैले यो व्रत पाँच उपवास आदिले युक्त छ ।१-९।

२०६. षडाधिकद्विशततमोऽध्यायः

अगस्त्यार्घ्यदान

अग्निरुवाच
अगस्त्यो भगवान्विष्णुस्तमभ्यर्च्याप्नुयाद्धरिम् ।
अप्राप्ते भास्करे कन्यां सत्रिभागैस्त्रिभिर्दिनैः ।१।
अर्घ्यं दद्यादगस्त्याय पूजयित्वा ह्युपोषितः ।
काशपुष्पमयीं मूर्तिं प्रदोषे विन्यसेद् घटे ।२।
मुनेर्यजेत्तां कुम्भस्थां रात्रौ कुर्य्यात्प्रजागरम् ।
अगस्त्य मुनिशार्दूल तेजोराशे महामते ।३।
इमां मम कृतां पूजां गृह्णीष्व प्रियया सह ।
आवाह्यार्घ्यैश्च साम्मुख्यं प्राच्र्चयेच्चन्दनादिना ।४।
जलाशयसमीपे तु प्रातर्नीत्वार्घ्यमर्पयेत् ।
काशपुष्पप्रतीकाश अग्निमारुतसम्भव ।५।
मित्रावरुणयोः पुत्र कुम्भयोने नमोऽस्तु ते ।
आतापिर्भक्षितो येन वातापिश्च महासुरः ।६।
समुद्रः शोषितो येन सोऽगस्त्यः सम्मुखोऽस्तु मे ।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! महर्षि अगस्त्य साक्षात् भगवान् विष्णुका स्वरूप हुन् । उनको पूजा गरेर मानिस श्रीहरिलाई प्राप्त गर्दछ । जतिबेला सूर्य कन्या राशिमा पुगेका हुँदैनन् त्यसैबेलामा तीनदिन र आधा उपवास राखेर अगस्त्यलाई पूजा गरी अर्घ्यदान गर्नुपदर्छ । पहिलो दिन चार घण्टा दिन बाँकी रहेका बेलादेखि व्रत आरम्भ गरेर प्रदोष कालमा काश पुष्पमयी अगस्त्य मुनिका मूर्तिलाई कलशमा स्थापित गर्नुपर्छ र त्यस कलशमा स्थापित मूर्तिलाई पूजा गर्नुपर्छ । अर्घ्य दिने व्यक्तिले रातमा जागराम पनि गर्नुपर्छ । हे मुनिश्रेष्ठ अगस्त्य ! तिमी तेजपुञ्जमय र महाबुद्धिमान छौ । आफ्नी प्रियतमा पत्नी लोपामुद्रासहित तिमी मैले गरेको यो पूजा ग्रहण गर भनी आवाहन गुंपर्छ । यसरी अगस्त्यलाई आवाहन गरेर गन्ध, पुष्प, फल, जल आदिले उनलाई अर्घ्यदान गर्नुपर्छ । त्यसपछि मुनिश्रेष्ट अगस्त्यतर्फ फर्किएर चन्दन आदि उपचारले उनलाई पूजा गर्नुपर्छ । अर्को दिन प्रातःकालमा अगस्त्यको मूर्तिलाई कुनै जलाशयका किनारमा लगेर निम्नलिखित मन्त्रले उनलाई अर्घ्य समर्पित गर्नुपर्छ— । काशपुष्पझैं सेतो, अग्नि र वायुद्वारा उत्पन्न, मित्रावरुणका पुत्र, कुम्भबाट प्रकट भएका हे अगस्त्य ! तिमीलाई नमस्कार छ । जसले आतापी र वातापी नामका राक्षसका राजाहरूलाई भक्षण गरेका थिए

अगस्तिं प्रार्थयिष्यामि कर्मणा मनसा गिरा ।७।
अर्चयिष्याम्यहं मैत्रं परलोकाभिकाङ्क्षया ।
द्वीपान्तरसमुत्पन्नं देवानां परमं प्रियम् ।८।
राजानं सर्ववृक्षाणां चन्दनं प्रतिगृह्यताम् ।
धर्मार्थकाममोक्षाणां भाजनी पापनाशनी ।९।
सौभाग्यारोग्यलक्ष्मीदा पुष्पमाला प्रगृह्यताम् ।
धूपोऽयं गृह्यतां देव भक्तिं मे ह्यचलां कुरु ।१०।
ईप्सितं मे वरं देहि परत्र च शुभां गतिम् ।
सुरासुरैर्मुनिश्रेष्ठ सर्वकामफलप्रद ।११।
वस्त्रव्रीहिफलैर्हेम्ना दत्तस्त्वर्घ्यो ह्ययं मया ।
अगस्त्यं बोधयिष्यामि यन्मया मनसोद्धृतम् ।१२।
फलैरर्घ्यं प्रदास्यामि गृहाणार्घ्यं महामुने ।
अगस्त्य एवं खनमानः खनित्रैः प्रजामपत्यं बलमीहमानः ।
उभौ कर्णावृषिरुग्रतेजाः पुपोष सत्या देवेष्वाशिषो जगाम ।१३।
राजपुत्रि नमस्तुभ्यं मुनिपत्नि महाव्रते ।
अर्घ्यं गृह्णीष्व देवेशि लोपामुद्रे यशस्विनि ।१४।
पञ्चरत्नसमायुक्तं हेमरूप्यसमन्वितम् ।
सप्तधान्यवृतं पात्रं दधिचन्दनसंयुतम् ।१५।
अर्घ्यं दद्यादगस्त्याय स्त्रीशूद्राणामवैदिकम् ।
अगस्त्य मुनिशार्दूल तेजोराशे च सर्वदा ।१६।
इमां मम कृतां पूजां गृहीत्वा व्रज शान्तय ।
त्यजेदगस्त्यमुद्दिश्य धान्यमेकं फलं रसम् ।१७।
ततोऽन्नं भोजयेद्विप्रान्घृतपायसमोदकान् ।
गां वासांसि सुवर्णं च तेभ्यो दद्याच्च दक्षिणाम् ।१८।
घृतपायसयुक्तेन पात्रेणाच्छादिताननम् ।
सहिरण्यं च तं कुम्भं ब्राह्मणायोपकल्पयेत् ।१९।
सप्तवर्षाणि दत्त्वार्घ्यं सर्वे सर्वमवाप्नुयुः ।
नारी पुत्रांश्च सौभाग्यं पतिं कन्या नृपोद्भवम् ।२०।

र समुद्रलाई सुकाएका थिए, तिनै अगस्त्य मेरा अगाडि प्रकट होऊन् । म मन, वचन र कर्मले अगस्त्यलाई प्रार्थना गर्दछु । उत्तम लोक प्राप्तिका आकाङ्क्षाले म अगस्त्यको प्रार्थना गर्दछु । जम्बूद्वीपभन्दा बाहिर उत्पन्न भएको, देवताहरूको परमप्रिय, समस्त वृक्षहरूको राजा चन्दन तिमी ग्रहण गर भनी चन्दन चढाउनुपर्छ । हे महर्षि अगस्त्य ! यो पुष्पमाला धर्म, अर्थ, काम र मोक्ष प्रदान गर्ने र पाप नाश गर्ने हो । सौभाग्य, आरोग्य र लक्ष्मी प्राप्त गराउने यो पुष्पमाला तिमी ग्रहण गर । हे भगवान् ! अब यो धुप ग्रहण गर र तिमीभित्र मेरो भक्तिभाव अविचल गर । मलाई यस लोकमा मनोवाञ्छित वस्तुहरू र परलोकमा शुभगति प्रदान गर भनी धुप अर्पण गर्नुपर्छ । देवता र असुरहरूले पनि समादर गरिएका हे मुनिश्रेष्ठ अगस्त्य ! सम्पूर्ण अभीष्ट फल तिमी नै प्रदान गर्दछौ । म तिमीलाई वस्त्र, धान्य, फल र सुवर्णले युक्त यो अर्घ्य प्रदान गर्दछु । हे महामुनि ! मनमा मैले जुन इच्छा गरेको थिएँ त्यसै अनुसार म अगस्त्यलाई जगाउँछु । तिमीलाई फल, अर्घ्य अर्पित गर्दछु; यो ग्रहण गर भन्दै फलार्घ्य अर्पण गरिन्छ । अगस्त्यलाई— महर्षि अगस्त्यले यसै किसिमले पूजा, सन्तति, बल र पुष्टिका लागि सचेष्ट भएर हातमा कोदालो वा खन्ती लिएर खनिरहुन् । ती उग्र तेजस्वी ऋषि दुवै कान वा इन्द्रियहरूलाई परिपुष्ट गराए । देवताहरूका लागि उनले गरेका सबै प्रार्थना आशीर्षवादका रूपमा सत्य भए भनी वैदिक प्रार्थना द्विजले मात्रै उच्चारण गर्न सक्ने छन् । महान् व्रत पालन गर्ने, राजपुत्री, अगस्त्यकी पत्नी, हे देवेश्वरी लोपामुद्रा ! तिमीलाई नमस्कार छ । हे यशस्विनी ! यो अर्घ्य तिमी ग्रहण गर भनी अगस्त्यपत्नी लोपामुद्रालाई अर्घ्य दिनुपर्छ । अगस्त्यका लागि पञ्चरत्न, सुवर्ण र रजतले युक्त एवं सप्त धान्यले भरिएको पात्र तथा दहीचन्दनले युक्त अर्घ्य प्रदान गर्नुपर्दछ । स्त्री र शूद्रले काशपुष्पप्रतिकाश आदि पौराणिक मन्त्रले नै अर्घ्य दिनुपर्दछ । हे मुनिश्रेष्ठ अगस्त्य ! तिमी तेजपुञ्जले प्रकाशित र सबै कुरो प्रदान गर्न सक्षम छौ । मैले गरेको यो पूजा ग्रहण गर र शान्तिपूर्वक जाऊ भन्दै विसर्जन गर्नुपर्छ । यसरी अगस्त्यको विसर्जन गरिसकेपछि उनकै लागि भनेर कुनै एक धान्य, फल र रस त्याग गर्नुपर्छ । त्यसपछि ब्राह्मणलाई घिउमिश्रित खिर, लड्डु आदि भोजन गराउनुपर्छ र उनलाई गाई, वस्त्र, सुवर्ण एवं दक्षिणा दिनुपर्दछ । त्यसपछि त्यस कलशको मुख घिउमिश्रित खिरका पात्रले छोपेर, त्यसमा सुवर्ण राखीकन त्यो कलश ब्राह्मणलाई दान दिनुपर्छ । यस किसिमले सात वर्षसम्म अगस्त्यलाई अर्घ्य दिएका सबै मानिसले सबै कुरा प्राप्त गर्दछन् । यसबाट स्त्रीले सौभाग्य र पुत्र, कन्याले पति र राजाले पृथिवी प्राप्त गर्दछन् ।१–२०।

२०७. सप्ताधिकद्विशततमोऽध्यायः

कौमुदव्रत

अग्निरुवाच

कौमुदाख्यं मयोक्तं च चरेदाश्वयुजे सिते ।
हरिं यजेन्मासमेकमेकादश्यामुपोषितः ।१।
आश्विने शुक्लपक्षेऽहमेकाहारो हरिं जपन् ।
मासमेकं भुक्तिमुक्त्यै करिष्ये कौमुदं व्रतम् ।२।
उपोष्य विष्णुं द्वादश्यां यजेद्देवं विलिप्य च ।
चन्दनागुरुकाश्मीरैः कमलोत्पलपुष्पकैः ।३।
कह्लारैर्वाथ मालत्या दीपं तैलेन वाग्यतः ।
अहोरात्रं च नैवेद्यं पायसापूपमोदकैः ।४।
ओं नमो वासुदेवाय विज्ञाप्याथ क्षमापयेत् ।
भोजनादि द्विजे दद्याद्यावद्देवः प्रबुध्यते ।
तावन्मासोपवासः स्यादधिकं फलमप्यतः ।५।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म कौमुद व्रत बताउँछु । यसलाई आश्विनको शुक्लपक्षमा प्रारम्भ गर्नुपर्दछ । व्रत गर्नेले एकादशीमा उपवास गरेर एक महिनासम्म भगवान् श्रीहरिलाई पूजा गर्नुपर्दछ । व्रत गर्नेले– म आश्विनको शुक्ल पक्षमा एक छाक भोजन गरेर भगवान् श्रीहरिको मन्त्रजप गर्दै भोग र मोक्ष प्राप्तिका लागि कौमुद व्रतको अनुष्ठान गर्दछु भन्नुपर्छ । त्यसपछि व्रतको समाप्ति हुँदा एकादशीमा उपवास गर्नुपर्छ र द्वादशीमा भगवान् श्रीविष्णुको पूजा गर्नुपर्छ । उनका श्री विग्रहमा चन्दन, अगर र केशर अनुलोपन गरी कमल, उत्पल, कह्लार एवं मालती पुष्पले विष्णुको पूजा गर्नुपर्छ । व्रत गर्नेले बोली नियन्त्रणमा राखेर तेल भरिएको दियो बाल्नुपर्छ र दुवै बेला खिर, मालपुवा तथा लड्डु नैवेद्य चढाउनुपर्छ । व्रती पुरुषले ओं नमो भगवते वासुदेवाय भन्ने यो बाह्रअक्षरी मन्त्र निरन्तर जप गर्नुपर्छ । अन्त्यमा ब्राह्मण भोजन गराएर क्षमाप्रार्थना गरेर नै व्रतको विसर्जन गर्नुपर्छ । देवजागरणी वा हरिप्रबोधिनी एकादशीसम्म एक महिनाभरिको उपवास गर्दा नै कौमुदव्रत पूर्ण हुन्छ । यति नै दिनको पूर्वोक्त मासोपवास पनि हुन्छ तापनि यस कौमुदव्रतले त्यसको तुलनामा बढी नै फल प्राप्त हुन्छ ।१–५।

२०८. अष्टाधिकद्विशततमोऽध्यायः

व्रतदानसमुच्चयः

अग्निरुवाच

व्रतदानानि सामान्यं प्रवदामि समासतः ।
तिथौ प्रतिपदादौ च सूर्य्यादौ कृत्तिकासु च ।१।
विष्कम्भादौ च मेषादौ काले च ग्रहणादिके ।
यत्काले यद् व्रतं दानं यद् द्रव्यं नियमादि यत् ।२।
तद् द्रव्याख्यं च कालाख्यं सर्वं वै विष्णुदैवतम् ।
रवीशब्रह्मलक्ष्म्याद्याः सर्वे विष्णोर्विभूतयः ।३।
समुद्दिश्य व्रतं दानं पूजादि स्यात्तु सर्वदम् ।
जगत्पते समागच्छ ह्यासनं पाद्यमर्घ्यकम् ।४।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म सामान्य व्रत र दानहरूका विषयमा सङ्क्षेपपूर्वक भन्दछु । प्रतिपदा आदि तिथि, सूर्य आदि वार, कृतिका आदि नक्षत्र, विष्कुम्भ आदि योग, मेष आदि राशिहरू र ग्रहण आदिका समयमा जेजति व्रत, दान एवं त्यस सम्बन्धी द्रव्य वा नियमहरू हुन्छन् ती सबैको वर्णन गर्दछु । व्रतदानका लागि उपयोगी द्रव्य र कालका अधिष्ठाता देवता भगवान् श्रीविष्णु नै हुन् । सूर्य, शिव, ब्रह्मा, लक्ष्मी आदि सबै देवदेवीहरू श्रीविष्णुकै विभूतिहरू हुन् । त्यसैले तिनीहरूका लागि भनेर गरिएका व्रत, दान, पूजाहरू सबै कुरा दिन सक्ने हुन्छन् । हे जगत्पति !

मधुपर्कं तथाचामं स्नानं च वस्त्र गन्धकम् ।
पुष्पं धूपश्च दीपश्च नैवेद्यादि नमोऽस्तु ते ।५।
इति पूजाव्रते दाने दानवाक्यं समं शृणु ।
अद्यामुकसगोत्राय विप्रायामुकशर्मणे ।६।
एतद् द्रव्य विष्णुदैवं सर्वपापोपशान्तये ।
आयुरारोग्यवृद्ध्यर्थं सौभाग्यादिविवृद्धये ।७।
गोत्रसन्ततिवृद्ध्यर्थं विजयाय धनाय च ।
धर्मायैश्वर्य्यकामाय तत्पापशमनाय च ।८।
संसारमुक्तये दानं तुभ्यं सम्प्रददे ह्यहम् ।
एतद्दानप्रतिष्ठार्थं तुभ्यमेतद्ददाम्यहम् ।९।
एतेन प्रीयतां नित्यं सर्वलोकपतिः प्रभुः ।
यज्ञदानव्रतपते विद्याकीर्त्यादि देहि मे ।१०।
धर्मकामार्थमोक्षाश्च देहि मे मनसेप्सितम् ।
यः पठेच्छृणुयान्नित्यं व्रतदानसमुच्चयम् ।११।
स प्राप्तकामो विमलो भुक्तिमुक्तिमवाप्नुयात् ।
तिथिवारर्क्षसङ्क्रान्तियोगमन्वादिकं व्रतम् ।
नैकधा वासुदेवादेर्नियमात्पूजनाद्भवेत् ।१२।

तिमीलाई नमस्कार छ। आऊ र आसन, पाद्य, अर्घ्य, मधुपर्क, आचमन, स्नान, वस्त्र, गन्ध, पुष्प, धुप, दीप र नैवेद्य ग्रहण गर भन्ने मन्त्रले पूजा गर्नुपर्छ। पूजा, व्रत र दानमा उपर्युक्त मन्त्रले श्रीविष्णुलाई अर्चना गर्नुपर्दछ। अब दानको सामान्य सङ्कल्प पनि सुन– आज म फलानो गोत्रका फलानो शर्मा ब्राह्मण देवतालाई समस्त पापको शान्ति, आयु र आरोग्य वृद्धि, सौभाग्यको उदय, गोत्र र सन्तान वृद्धि, विजय एवं धन प्राप्ति, धर्म, अर्थ र कामको सम्पादन तथा पापनाशनपूर्वक संसारबाट मुक्ति प्राप्तिका लागि विष्णुदेवतासम्बन्धी यो द्रव्य दान गर्दछु। म यस दानको स्थिरताका लागि यो अतिरिक्त सुवर्णादि द्रव्य पनि समर्पित गर्छु। मेरा यस दानबाट लोकेश्वर भगवान् श्रीहरि सधैं प्रसन्न होऊन्। हे यज्ञ, दान र व्रतका स्वामी ! मलाई विद्या र यश आदि प्रदान गर। मलाई धर्म, अर्थ, काम र मोक्षका रूपमा चारै पुरुषार्थ एवं मनले चिताएका अन्य वस्तुले सम्पन्न गर। जुन मानिसले यो व्रतदानसमुच्चय प्रतिदिन पाठ वा श्रवण गर्छ ऊ अभिष्ट वस्तुले सम्पन्न एवं पापरहित भएर भोग र मोक्ष दुवै प्राप्त गर्छ। यस प्रकारले भगवान् वासुदेव आदिसित सम्बन्धित नियम र पूजनबाट अनेकौं खालका तिथि, वार, नक्षत्र, सङ्क्रान्ति, योग र मन्वादि व्रतहरूका अनुष्ठान सिद्ध हुन्छन्।१-१२।

२०९. नवाधिकद्विशततमोऽध्यायः

दानपरिभाषा

अग्निरुवाच
दानधर्म्मान्प्रवक्ष्यामि भुक्तिमुक्तिप्रदाञ्छृणु ।
दानमिष्टं तथा पूर्त्तं धर्मं कुर्वन्हि सर्वभाक् ।१।
वापीकूपतडागानि देवतायतनानि च ।
अन्नप्रदानमारामाः पूर्त्तं धर्मं च मुक्तिदम् ।२।
अग्निहोत्रं तपः सत्यं वेदानां चानुपालनम् ।
आतिथ्यं वैश्वदेवं च प्राहुरिष्टं च नाकदम् ।३।
ग्रहोपरागे यद्दानं सूर्य्यसङ्क्रमणेषु च ।
द्वादश्यादौ च यद्दानं पूर्त्तं तदपि नाकदम् ।४।
देशे काले च पात्रे च दानं कोटिगुणं भवेत् ।
अयने विषुवे पुण्ये व्यतीपाते दिनक्षये ।५।

अग्निदेव भन्दछन्– हे मुनिश्रेष्ठ ! अब म भोग र मोक्ष प्रदान गर्ने दान धर्मको वर्णन गर्दछु, सुन। इष्ट र पूर्त गरी दानका दुई भेद हुन्छन्। दान धर्मको आचरण गर्नेले सबै कुराहरू प्राप्त गर्दछ। बगैंचा, तलाउ, इनार, देवमन्दिर, अन्नको सदावर्त र उद्यान आदि निर्माण गर्नुलाई पूर्तधर्म हुने भनिएको छ र यिनले मुक्ति प्रदान गर्दछन्। अग्निहोत्र, सत्यभाषण, वेदको स्वाध्याय, अतिथि सत्कार र बलिवैश्वदेव आदि यिनलाई इष्टधर्म हुन् भनिएको छ। यिनले स्वर्गको प्राप्ति गराउँछन्। ग्रहणकालमा, सूर्यको सङ्क्रान्तिमा र द्वादशी आदि तिथिहरूमा जेजति दान दिइन्छ त्यो पनि पूर्त नै हो र त्यसले पनि स्वर्ग प्रदान गर्दछ। देश, काल र पात्रलाई दिइएका दानले करोड गुना फल प्रदान गर्दछ। सूर्यले उत्तरायण र दक्षिणायन प्रवेश गर्दाका समयमा, पुण्यमय विषुवकालमा, व्यतीपातमा,

युगादिषु च सङ्क्रान्तौ चतुर्दश्यष्टमीषु च ।
सितपञ्चदशीसर्वद्वादशीष्वष्टकासु च ।६।
यज्ञोत्सवविवाहेषु तथा मन्वन्तरादिषु ।
वैधृतौ दृष्टदुःस्वप्ने द्रव्यब्राह्मणलाभतः ।७।
श्रद्धा वा यद्दिने तत्र सदा वा दानमिष्यते ।
अयने द्वे विषुवे द्वे चतस्रः षडशीतयः ।८।
चतस्रो विष्णुपद्यश्च सङ्क्रान्त्यो द्वादशोत्तमाः ।
कन्यायां मिथुने मीने धनुष्यपि रवेर्गतिः ।९।
षडशीतिमुखाः प्रोक्ताः षडशीतिगुणाः फलैः ।
अतीतानागते पुण्ये द्वे उदक् दक्षिणायने ।१०।
त्रिंशत्कर्कटके नाड्यो मकरे विंशतिः स्मृताः ।
वर्त्तमाने तुलामेषे नाड्यस्तूभयतो दश ।११।
षडशीत्यां व्यतीतायां षष्टिरुक्तास्तु नाडिकाः ।
पुण्याख्या विष्णुपद्यां च प्राक्पश्चादपि षोडश ।१२।
श्रवणाश्विधनिष्ठासु नागदैवतमस्तके ।
यदा स्याद्रविवारेण व्यतीपातः स उच्यते ।१३।
नवम्यां शुक्लपक्षस्य कार्त्तिके निरगात्कृतम् ।
त्रेता सिततृतीयायां वैशाखे द्वापरं युगम् ।१४।
दर्शे वै माघमासस्य त्रयोदश्यां नभस्यके ।
कृष्णे कलिं विजानीयाज्ज्ञेया मन्वन्तरादयः ।१५।
अश्वयुक्च्छुक्लनवमी द्वादशी कार्त्तिके तथा ।
तृतीया चैव माघस्य तथा भाद्रपदस्य च ।१६।
फाल्गुनस्याप्यमावास्या पौषस्यैकादशी तथा ।
आषाढस्यापि दशमी माघमासस्य सप्तमी ।१७।
श्रावणे चाष्टमी कृष्णा तथाषाढे च पूर्णिमा ।
कार्त्तिके फाल्गुने तद्वद् ज्येष्ठे पञ्चदशी तथा ।१८।
ऊर्ध्वे चैवाग्रहायण्या अष्टकास्तिस्र ईरिताः ।
अष्टकाख्या चाष्टमी स्यादासु दानानि चाक्षयम् ।१९।
गयागङ्गाप्रयागादौ तीर्थे देवालयादिषु ।
अप्रार्थितानि दानानि विद्यार्थकन्यकानि हि ।२०।
दद्यात्पूर्वमुखो दानं गृह्णीयादुत्तरामुखः ।
आयुर्विवर्द्धते दातुर्गृहीतुः क्षीयते न तत् ।२१।

तिथि क्षय हुँदा, युगको आरम्भमा, सङ्क्रान्ति, अष्टमी, पूर्णिमा, द्वादशी, अष्टकाश्राद्ध, यज्ञ, उत्सव, विवाह, मन्वन्तर आरम्भ, वैधृतियोग, दुःस्वप्नदर्शन, धन एवं ब्राह्मणको प्राप्ति हुँदा दान दिइन्छ। अथवा जुन दिन श्रद्धा लाग्छ उसै दिन वा सधैँ दान दिन सकिन्छ। दुवै अयन र दुवै विषव यी चारवटा सङ्क्रान्ति, षडशीतिमुखा नामले प्रसिद्ध चार सङ्क्रान्ति तथा विष्णुपदा नामले विख्यात चारवटा सङ्क्रान्ति गरी बाह्रैवटा सङ्क्रान्तिहरू दानका लागि मानिएका छन्। कन्या, मिथुन, धनु र मीन राशिमा पर्ने सूर्यका जुन सङ्क्रान्तिहरू छन् तिनैलाई षडशीतिमुखा भनिन्छन् र यिनले छयासी गुना बढी फल दिन्छन्। उत्तर र दक्षिणायनसम्बन्धी सङ्क्रान्तिहरू अतीत र अनागत अर्थात् अघि र पछिका घटिकाहरू पुण्य मानिएका छन्। कर्कट राशि अघिपछिका तीसतीस घडी र मकरराशि अघिपछिका बीसबीस घडी पनि पुण्य कार्यका लागि निश्चित गरिएका छन्। तुला र मेष सङ्क्रान्ति रहेका बेलामा तिनका दसदस घडी अघिपछिको समय पुण्यकाल हो। षडशीतिमुखा सङ्क्रान्ति बितेपछि साठी घडीको समयसम्म पुण्यकालमा लिइन्छ। विष्णुपदा नामका सङ्क्रान्तिहरूका अघिपछि सोह्रसोह्र घडीलाई पुण्यकाल मानिएको छ। श्रवण, अश्विनी, धनिष्ठा र आश्लेषाको शिरोभाग वा प्रथम चरणमा रविवारको योग भयो भने त्यसलाई व्यतीपात योग भनिन्छ। कार्तिक शुक्ल नवमीमा सत्ययुग र वैशाख शुक्ल तृतीयामा त्रेतायुग आरम्भ भए। अब द्वापरका विषयमा सुन– माघ महिनाको पूर्णिमामा द्वापरयुग र भाद्रपदको कृष्णपक्षको त्रयोदशीमा कलियुगको उत्पत्ति भएको हो भनी जान्नुपर्दछ।। आश्विनको शुक्लपक्षको नवमी, कार्तिकको द्वादशी, माघ एवं भाद्रको तृतीया फाल्गुनको अमावास्या, पौषको एकादशी, आषाढको दशमी, माघको सप्तमी, श्रावणकृष्णको अष्टमी, आषाढको पूर्णिमा, कार्तिक, फाल्गुन र ज्येष्ठको पूर्णिमा मार्गशीर्षको पूर्णिमापछि आउने जुन तीन अष्टमी तिथिहरू छन्, तीन अष्टका भनिएका तिनै हुन्। यी अष्टकाहरूमा दिइएको दान अक्षय हुन्छ ।१-१९।

गया, गङ्गा र प्रयाग आदि तीर्थ तथा मन्दिरहरूमा कसैले नमागीकन दिइएको दानलाई उत्तम भनी जान्नुपर्दछ। तर कन्यादानका लागि यो नियम लागु हुँदैन। दिनेले पूर्व फर्किएर दिनुपर्छ र लिनेले उत्तर फर्किएर लिनुपर्दछ। दान दिनेको त आयु बढ्छ तर लिनेको पनि आयु घट्दैन। आफ्नो र दान ग्रहण गर्नेको नाम, गोत्र उच्चारण गर्दै दिइनुपर्ने वस्तु

नाम गोत्रं समुच्चार्य्य सम्प्रदानस्य चात्मनः ।
सम्प्रदेयं प्रयच्छन्ति कन्यादाने पुनस्त्रयम् ।२२।
स्नात्वाभ्यर्च्य व्याहृतिभिर्दद्याद्दानं तु सोदकम् ।
कनकाश्वतिला नागा दासीरथमहीगृहाः ।२३।
कन्या च कपिला धेनुर्महादानानि वै दश ।
श्रुतशौर्य्यतपःकन्यायाज्यशिष्यादुपागतम् ।२४।
शुल्कं धनं हि सकलं शुल्कं शिल्पानुवृत्तितः ।
कुसीदकृषिवाणिज्यप्राप्तं यदुपकारतः ।२५।
पाशकद्यूतचौर्य्यादिप्रतिरूपकसाहसैः ।
व्याजेनोपार्जितं कृत्स्नं त्रिविधं त्रिविधं फलम् ।२६।
अध्यग्न्यध्यावाहनिकं दत्तं च प्रीतिकर्मणि ।
भ्रातृमातृपितृप्राप्तं षड्विधं स्त्रीधनं स्मृतम् ।२७।
ब्रह्मक्षत्रविशां द्रव्यं शूद्रस्यैषामनुग्रहात् ।
बहुभ्यो न प्रदेयानि गौर्गृहं शयनं स्त्रियः ।२८।
कुलानां तु शतं हन्यादप्रयच्छन्प्रतिश्रुतम् ।
देवानां च गुरुणां च मातापित्रोस्तथैव च ।२९।
पुण्यं देयं प्रयत्नेन यत्पुण्यं चार्जितं क्वचित् ।
प्रतिलाभेच्छया दत्तं यद्धनं तदपार्थकम् ।३०।
श्रद्धया साध्यते धर्मो दत्तं वार्यपि चाक्षयम् ।
ज्ञानशीलगुणोपेतः परपीडाबहिष्कृतः ।३१।
अज्ञानां पालनात् त्राणात्तत् पापं परमं स्मृतम् ।
मातुः शतगुणं दानं सहस्रं पितुरुच्यते ।३२।
अनन्तं दुहितुर्दानं सोदर्य्ये दत्तमक्षयम् ।
अमनुष्ये समं दानं पापे ज्ञेयं महाफलम् ।३३।
वर्णसङ्करे द्विगुणं शूद्रे दानं चतुर्गुणम् ।
वैश्ये चाष्टगुणं क्षेत्रे षोडशत्वं द्विजब्रुवे ।३४।
वेदाध्याये शतगुणमनन्तं वेदबोधके ।
पुरोहिते याजकादौ दानमक्षयमुच्यते ।३५।
श्रीविहीनेषु यद्दत्तं तदनन्तं च यज्वनि ।
अतपस्व्यनधीयानः प्रतिग्रहरुचिर्द्विजः ।३६।
अम्भस्यश्मप्लवेनैव सह तेनैव मज्जति ।
स्नातः सम्यगुपस्पृश्य गृह्णीयात्प्रयतः शुचिः ।३७।

दान गरिन्छ। कन्यादानमा यसलाई तीनपटक दोहोऱ्याइन्छ। स्नान र पूजा गरेर हातमा जल लिई उपयुक्त सङ्कल्पका साथै दान दिइन्छ। सुवर्ण, अश्व, तिल, हात्ती, दासी, रथ, भूमि, गृह, कन्या र कैली गाई यी दस महादान हुन्। विद्या, पराक्रम, तपस्या, कन्या, यजमान र शिष्यबाट प्राप्त सम्पूर्ण धन नै दान नभई शुल्कको रूप हो। शिल्पकलाबाट प्राप्त धन पनि शुल्क नै हो। ब्याज, खेती, व्यापार र अर्काको सेवा गरी प्राप्त गरेको धन, पासा, जुवा, चोरी, ठगी र साहसपूर्वक कमाएको धन तथा छलकपटले पाएको धन यी तीन खालका धनले क्रमशः सात्विक, राजस र तामस तीन प्रकारकै फल प्रदान गर्दछन्। बिहाका बेलामा पाएको, ससुराका घरतिर बिदा हुँदा स्नेहस्वरूप प्राप्त भएको, पतिले दिएको, दाजुभाइले दिएको, आमाले दिएको र बाबुले दिएको यी छ खालको धन स्त्रीधन हो भन्ने मानिएको छ। ब्राह्मण, क्षत्रिय र वैश्यका सद्भावले प्राप्त भएको धन शूद्रको हो। गाई, घर, ओछ्यान र स्त्री यी एकभन्दा बढी वा जोसुकैलाई दिनु हुँदैन। अनेक व्यक्तिलाई साझेदारीमा यी दिनु पाप हो। वाचा गरिसकेपछि नदिनाले वाचा गर्नेको सय कुल विनाश हुन्छ। कुनै पनि स्थानमा उपार्जन गरिएको पुण्य देवता, गुरु र मातापितालाई प्रयत्नपूर्वक समर्पित गर्नेपर्दछ। अर्काबाट लाभ उठाउने रहरले दिएको धन निष्फल हुन्छ। धर्मको सिद्धि श्रद्धाले हुन्छ। श्रद्धाले दिएको जल पनि अक्षय नै हुन्छ। ज्ञान, शील र सद्गुणले जो सम्पन्न छ र अर्कालाई कहिल्यै दुःख दिँदैन दानको उत्तम पात्र त्यही हो भनिएको छ। अज्ञानी मानिसलाई पालन र रक्षा गर्ने मानिसलाई पात्र भनिन्छ। आमालाई दिइएको दान सय गुना र पितालाई दिइएको हजार गुना हुन्छ। पुत्री र सहोदर दाजुभाइलाई दिइएको दान अनन्त एवं अक्षय हुन्छ। मानिसभन्दा भिन्न प्राणीहरूलाई दिएएको दान सम हुन्छ, न्यून या अधिक हुँदैन। पापी मानिसलाई दिइएको दान अत्यन्त निष्फल हुन्छ भन्ने जान्नुपर्दछ। वर्णसङ्करलाई दिएको दान दुई गुना, शूद्रलाई दिएको दान चार गुना, वैश्य अथवा क्षत्रियलाई दिएको दान आठ गुना, नीतिभ्रष्ट ब्राह्मणलाई दिएको दान सोह्र गुना र वेदपाठी ब्राह्मणलाई दिएको दान सय गुना फल दिने हुन्छ। वेदको अभिप्राय बुझाउने आचार्यलाई दिएको दान अनन्छ हुन्छ। पुरोहित एवं याजक आदिमलाई दिएको दान अक्षय हुन्छ भनिएको छ। धनहीन ब्राह्मणलाई र यज्ञकर्ता ब्राह्मणलाई दिएको दान अक्षय फलदायक हुन्छ। तपोहीन, स्वाध्यायरहित र प्रतिग्रहमा रुचि भएका ब्राह्मण भनेका

प्रतिग्रहीता सावित्रीं सर्वदैव प्रकीर्त्तयेत् ।
ततस्तु कीर्त्तयेत्सार्द्धं द्रव्येण सह दैवतम् ।३८।
प्रतिग्राही पठेदुच्चैः प्रतिगृह्य द्विजोत्तमात् ।
मन्दं पठेत्क्षत्रियानु ह्युपांशु च तथा विशः ।३९।
मनसा च तथा शूद्रात्स्वस्तिवाचनकं तथा ।
अभयं सर्वदैवत्यं भूमिर्वै विष्णुदेवता ।४०।
कन्या दासस्तथा दासी प्राजापत्याः प्रकीर्त्तिताः ।
प्राजापत्यो गजः प्रोक्तस्तुरगो यमदैवतः ।४१।
तथा चैकशफं सर्वं याम्यश्च महिषस्तथा ।
उष्ट्रश्च नैर्ऋतो धेनू रौद्री छागोऽनलस्तथा ।४२।
आप्यो मेषो हरिः क्रोड आरण्याः पशवोऽनिलाः ।
जलाशयं वारुणं स्याद्वारिधानी घटादयः ।४३।
समुद्रजानि रत्नानि हेमलौहानि चानलः ।
प्राजापत्यानि शस्यानि पक्वान्नमपि सत्तम ।४४।
गान्धर्वं गन्धमित्याहुर्वस्त्रं बार्हस्पतं स्मृतम् ।
वायव्याः पक्षिणः सर्वे विद्या ब्राह्मी तथाङ्गकम् ।४५।
सारस्वतं पुस्तकादि विश्वकर्मा तु शिल्पके ।
वनस्पतिर्द्रुमादीनां द्रव्यदेवा हरेस्तनुः ।४६।
छत्रं कृष्णाजिनं शय्या रथ आसनमेव च ।
उपानहौ तथा यानमुत्तानाङ्गिर ईरितम् ।४७।
रणोपकरणं शस्त्रं ध्वजाद्यं सर्वदैवतम् ।
गृहं च सर्वदैवत्यं सर्वेषां विष्णुदेवता ।४८।
शिवो वा न ततो द्रव्यं व्यतिरिक्तं यतोऽस्ति हि ।
द्रव्यस्य नाम गृह्णीयाद्ददानीति तथा वदेत् ।४९।
तोयं दद्यात्ततो हस्ते दाने विधिरयं स्मृतः ।
विष्णुर्दाता विष्णुर्द्रव्यं प्रतिगृह्णामि वै वदेत् ।५०।
स्वस्ति प्रतिग्रहं धर्मं भुक्तिमुक्तिफलद्वयम् ।
गुरुन्भृत्यान्नज्जिहीर्षुरर्चिष्यन्देवताः पितॄन् ।५१।
सर्वतः प्रतिगृह्णीयान्न तु तृप्येत्स्वयं ततः ।
शूद्रीयं न तु यज्ञार्थं धनं शूद्रस्य तत्फलम् ।५२।
गुडतक्ररसाद्याश्च शूद्राद् ग्राह्या निवर्त्तिना ।
सर्वतः प्रतिगृह्णीयादवृत्याकर्शितो द्विजः ।५३।

ढुङ्गाको डुङ्गा लिएर पानीमा पसेका जस्तै हुन्। त्यस ढुङ्गाको डुङ्गासँगै तिनीहरू डुब्छन् । ब्राह्मणले स्नान एवं जलको आचमन गरेपछि पवित्र भएर नै दान लिने प्रयत्न गर्नुपर्दछ। दान ग्रहण गर्ने ब्राह्मणले सधैं गायत्री जप पनि गर्नुपर्छ र दान लिएको वस्तु एवं देवताको नाम पनि सँगसँगै लिइराख्नुपर्छ। दान लिनेले श्रेष्ठ ब्राह्मणबाट दान ग्रहण गरेर उच्च स्वरमा क्षत्रियबाट दान लिएर मन्द स्वरमा र वैश्यबाट दान लिएर ओठ नहल्लाईकन जप गर्नुपर्छ ।२०–३९।

शूद्रबाट दान लिएर मानसिक जप एवं स्वस्तिवाचन गर्नुपर्दछ । हे मुनिश्रेष्ठ ! सर्वदेवगण अभयका देवता हुन्, भूमिका देवता विष्णु हुन्, कन्या र दास–दासीका देवता प्रतापति हुन् भनिएको छ, गजका देवता पनि प्रजापति नै हुन्। अश्वका यम, एक खुर भएका अरू सबै प्राणीका सर्वदेवगण, महिषका यम, उँटका निर्ऋति, धेनुका रुद्र, बाखाका अग्नि, भेडो, सिंह र बराहका जलदेवता, जङ्गली प्राणीका वायु, जलपात्र र कलश वा जलाशय आदिका वरुणदेवता, समुद्रबाट उत्पन्न हुने रत्न एवं सुवर्ण–लौह आदि धातुका अग्नि, पक्वान्न र धान्यका प्रजापति, सुगन्धका गन्धर्व, वस्त्रका बृहस्पति, सबै पक्षीहरूका वायु, विद्या र विद्याका अङ्गहरूका ब्रह्मा, पुस्तक आदिकी सरस्वती, सिपहरूका विश्वकर्मा र वृक्षका देवता वनस्पति हुन् । यी द्रव्य देवताहरू सबै नै भगवान् श्रीहरिकै अङ्गसमान हुन् । छत्र, कृष्णमृगचर्म, शय्या, रथ, आसन, पादुका, वाहन यतिका देवता ऊर्ध्वाङ्गिरा हुन् भनिएको छ। युद्धका उपयोगी सामग्री, शस्त्र र ध्वज आदिका सर्वदेवगण देवता हुन् । गृहका पनि सर्वदेवगण नै देवता हुन् । सम्पूर्ण पदार्थका देवता विष्णु अथवा शिव हुन् किनभने कुनै पनि वस्तु उनीहरूभन्दा भिन्न छैनन् । दान दिने बेलामा पहिले द्रव्यको नाम लिनुपर्छ, त्यसपछि दिन्छु भन्ने ददामि शब्दको प्रयोग गरिन्छ। त्यसपछि सङ्कल्पका जल दान लिनेका हातमा दिनुपर्छ। दानको विधि यसरी नै भनिएको छ। दान ग्रहण गर्नेले— विष्णु दाता हुन्, विष्णु नै द्रव्य हुन् र म यो दान ग्रहण गर्दै छु, यो धर्मको अनुकूल तथा कल्याणकारी होस्। यसबाट दान गर्नेलाई भोग र मोक्ष प्राप्त होस् भन्नुपर्दछ। मातापिता आदि गुरुजन र सेवकहरूको उद्धारका लागि देवता या पितृहरूको पूजा गर्ने हो भने त्यस निम्तिको दान सबैसित ग्रहण गर्नुपर्दछ तर त्यसलाई आफ्नो उपयोगमा ल्याउनु हुँदैन । यज्ञकार्यमा शूद्रको धन ग्रहण गर्नु हुँदैन, किनभने त्यसको फल शूद्रलाई नै प्राप्त हुन्छ । वृत्ति नभएका ब्राह्मणले शूद्रबाट मोही, गुड,

नाध्यापनाद्याजनाद्वा गर्हिताद्वा प्रतिग्रहात् ।
दोषो भवति विप्राणां ज्वलनार्क्कसमा हि ते ।५४।
कृते तु दीयते गत्वा त्रेतास्वानीय दीयते ।
द्वापरे याचमानाय कलौ त्वनुगमान्विते ।५५।
मनसा पात्रमुद्दिश्य जलं भूमौ विनिःक्षिपेत् ।
विद्यते सागरस्यान्तो नान्तो दानस्य विद्यते ।५६।
अद्य सोमार्कग्रहणसङ्क्रान्त्यादौ च कालके ।
गङ्गागयाप्रयागादौ तीर्थदेशे महागुणे ।५७।
तथा चामुकगोत्राय तथा चामुकशर्मणे ।
वेदवेदाङ्गयुक्ताय पात्राय सुमहात्मने ।५८।
यथानाम महाद्रव्यं विष्णुरुद्रादिदैवतम् ।
पुत्रपौत्रगृहैश्वर्य्यपत्नीधर्मार्थसद्गुणाः ।५९।
कीर्त्तिविद्यामहाकामसौभाग्यारोग्यवृद्धये ।
सर्वपापोपशान्त्यर्थं स्वर्गार्थं भुक्तिमुक्तिये ।६०।
एतत्तुभ्यं सम्प्रददे प्रीयतां मे हरिः शिवः ।
दिव्यान्तरिक्षभौमादिसमुत्पातौघघातकृत् ।६१।
धर्मार्थकाममोक्षाप्त्यै ब्रह्मलोकप्रदोऽस्तु मे ।
यथानामसगोत्राय विप्रायामुकशर्मणे ।६२।
एतद्दानप्रतिष्ठार्थं सुवर्णं दक्षिणां ददे ।
अनेन दानवाक्येन सर्वदानानि वै ददेत् ।६३।

रस आदि पदार्थ ग्रहण गर्न सक्छन् । जीविकाविहीन द्विजले सबैको दान लिन सक्छन् किनभने ब्राह्मण स्वभावतः अग्नि र सूर्यजत्तिकै पवित्र हुन्छन् । त्यसैले आपद् कालमा निन्दित पुरुषलाई पढाउँदा, यज्ञ गराउँदा र तिनबाट दान लिँदा त्यसको पाप लाग्दैन । सत्य युगमा ब्राह्मणका घरमै गएर दान दिइन्छ, त्रेता युगमा ब्राह्मणलाई घरमा बोलाएर, द्वापरमा मागेपछि र कलियुगमा पछि लागेपछि दान दिइन्छ। समुद्रको पार पाउन सकिएला तर दानको अन्त्य पाउन सकिँदैन । दान गर्नेले मनमनै सत्पात्रका लागि भनेर यस किसिमले सङ्कल्प गरेर भूमिमा पानी छोड्नुपर्छ– आज म चन्द्र अथवा सूर्य ग्रहण वा सङ्क्रान्तिका समयमा गङ्गा, गया वा प्रयाग आदि अनन्त गुणसम्पन्न तीर्थ प्रदेशमा फलानो गोत्रका वेद-वेदाङ्गवेत्ता महात्मा एवं सत्पात्र फलानो शर्मालाई विष्णु, रुद्र वा जुन देवता हुन् तिनै देवतासम्बन्धी फलानो महाद्रव्य कीर्ति, विद्या, महान् कामना, सौभाग्य र आरोग्यको उदयका लागि, समस्त पापको शान्ति एवं स्वर्गका लागि र भोग एवं मोक्ष प्राप्तिका लागि म दान गर्दछु । यसबाट देवलोक, अन्तरिक्ष र भूमिसम्बन्धी समस्त उत्पात विनाश गर्ने मङ्गलमय श्रीहरि ममाथि प्रसन्न होऊन् र मलाई धर्म, अर्थ, काम र मोक्ष प्राप्त गराएर ब्रह्मलोक प्रदान गरून् । त्यसपछि– फलानो नाम र गोत्रका अमुक शर्मा ब्राह्मणलाई म यस दानको प्रतिष्ठाका निम्ति सुवर्ण दक्षिणा दिन्छु भन्नुपर्छ र यसै दान-वाक्यले सम्पूर्ण दान दिनुपर्दछ ।४०–६३।

२१०. दशाधिकद्विशततमोऽध्यायः

महादान

अग्निरुवाच

सर्वदानानि वक्ष्यामि महादानानि षोडश ।
तुलापुरुष आद्यं तु हिरण्यगर्भदानकम् ।१।
ब्रह्माण्डं कल्पवृक्षश्च गोसहस्रं च पञ्चमम् ।
हिरण्यकामधेनुश्च हिरण्याश्वश्च सप्तमम् ।२।
हिरण्याश्वरथस्तद्वद्धेमहस्तिरथस्तथा ।
पञ्चलाङ्गलकं तद्वद्धरादानं तथैव च ।३।
विश्वचक्रं कल्पलता सप्तसागरकं परम् ।
रत्नधेनुर्महाभूतघटः शुभदिनेर्पयेत् ।४।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म सबै खालका दानको कुरो गर्दछु । महादान सोह्र खालका हुन्छन् । सबैभन्दा पहिले तुलापुरुषदान, त्यसपछि हिरण्यदान, ब्रह्माण्डदान, कल्पवृक्षदान, पाँचौं सहस्रगोदान, स्वर्णमयी कामधेनुदान, सातौं स्वर्णनिर्मित अश्वको दान, स्वर्णमय अश्वसहित रथदान, स्वर्णरहित हस्तिरथदान, पाँच हलको दान, भूमिदान, विश्वचक्रदान, कल्पलतादान, उत्तम सप्त समुद्रदान, रत्नधेनुदान र जलपूर्ण कुम्भदान । यी दानहरू शुभ दिनको साइतमा मण्डलाकार मण्डपमा देवताहरूलाई पूजा गरेर ब्राह्मणलाई दिइन्छ। मेरुदान पनि पुण्यप्रद नै हुन्छ। मेरु दसवटा छन् भन्ने मानिएको छ। तिनका विषयमा सुन–

मण्डपे मण्डले दानं देवान्प्राच्यार्पयेद्द्विजे ।
मेरुदानानि पुण्यानि मेरवो दश ताञ्छृणु ।५।
धान्यद्रोणसहस्रेण उत्तमोऽर्द्धार्द्धतः परौ ।
उत्तमः षोडशद्रोणः कर्त्तव्यो लवणाचलः ।६।
दशभारैर्गुडाद्रिः स्यादुत्तमोऽर्द्धार्द्धतः परौ ।
उत्तमः पलसाहस्रैः स्वर्णमेरुस्तथा परौ ।७।
दशद्रोणैस्तिलाद्रिः स्यात्पञ्चभिश्च त्रिभिः क्रमात् ।
कार्पासपर्वतो विंशभारैश्च दशपञ्चभिः ।८।
विंशत्या घृतकुम्भानामुत्तमः स्याद्घृताचलः ।
दशभिः पलसाहस्रैरुत्तमो रजताचलः ।९।
अष्टभारैः शर्कराद्रिर्मध्यो मन्दोऽर्द्धतोऽर्द्धतः ।
दश धेनूः प्रवक्ष्यामि या दत्त्वा भुक्तिमुक्तिभाक् ।१०।
प्रथमा गुडधेनुः स्याद्घृतधेनुस्तथाऽपरा ।
तिलधेनुस्तृतीया च चतुर्थी जलधेनुका ।११।
क्षीरधेनुर्मधुधेनुः शर्करादधिधेनुके ।
रसधेनुः स्वरूपेण दशमी विधिरुच्यते ।१२।
कुम्भाः स्युर्द्रवधेनूनामितरासां तु राशयः ।
कृष्णाजिनं चतुर्हस्तं प्राग्ग्रीवं विन्यसेद्भुवि ।१३।
गोमयेनानुलिप्तायां दर्भानास्तीर्य सर्वतः ।
लघ्वैणकाजिनं तद्वद्वत्सस्य परिकल्पयेत् ।१४।
प्राङ्मुखी कल्पयेद्धेनुमुदक्पादां सवत्सकाम् ।
उत्तमा गुडधेनुः स्यात्सदा भारचतुष्टयात् ।१५।
वत्सं भारेण कुर्वीत भाराभ्यां मध्यमा स्मृता ।
अर्द्धभारेण वत्सः स्यात्कनिष्ठा भारकेण तु ।१६।
चतुर्थांशेन वत्सः स्याद्गुडवित्तानुसारतः ।
पञ्च कृष्णलका माषस्ते सुवर्णस्तु षोडश ।१७।
पलं सुवर्णाश्चत्वारस्तुला पलशतं स्मृतम् ।
स्याद्भारो विंशतितुला द्रोणस्तु चतुराढकः ।१८।
धेनुवत्सौ गुडस्योभौ सितसूक्ष्माम्बरावृतौ ।
शुक्तिकर्णाविक्षुपादौ शुचिमुक्ताफलेक्षणौ ।१९।
सितसूत्रशिरालौ च सितकम्बलकम्बलौ ।

धान्य मेरु एक हजार द्रोणको उत्तम हुन्छ भन्ने मानिएको छ। पाँच सय द्रोणको मध्यम र अढाइ सय द्रोणको अधम हुन्छ भन्ने मानिन्छ। लवणाचल सोह्र द्रोणको बनाउनुपर्छ र त्यो नै उत्तम हो भन्ने मानिएको छ। गुड-पर्वत दस भारको उत्तम मानिएको छ, पाँच भारको मध्यम र अढाई भारको निकृष्ट हो भन्ने मानिन्छ। स्वर्ण मेरु सहस्र पलको उत्तम, पाँच सय पलको मध्यम र अढाई सय पलको निकृष्ट मानिएको छ। तिल पर्वत क्रमशः दस द्रोणको उत्तम, पाँच द्रोणको मध्यम र तीन द्रोणको निकृष्ट हो भन्ने गरिएको छ। कपास पर्वत बीस भारको उत्तम, दस भारको मध्यम र पाँच भारको निकृष्ट हुन्छ। बीस घृतकुम्भको घृताचल उत्तम हुन्छ। रजतपर्वत दस हजार पलको उत्तम मानिएको छ। शर्कराचल आठ भारको उत्तम, चार भारको मध्यम र दुई भारको मन्द मानिएको छ। अब म दस धेनुको चर्चा गर्दछु र तिनको दान गर्नाले मानिसले भोग र मोक्ष प्राप्त गर्दछ। पहिलो गुडधेनु हो, दोस्रो घृतधेनु, तेस्रो तिलधेनु, चौथो जलधेनु, पाँचौं क्षीरधेनु, छैटौं मधुधेनु, सातौं शर्कराधेनु, आठौं दधिधेनु, नवौं रसधेनु र दसौं गाईका रूपमा कल्पना गरिएको कृष्णाजिनधेनु हो। यी धेनुहरूको दानको विधि यसरी छ कि तरल पदार्थ सम्बन्धी धेनुहरूका प्रतिनिधिका रूपमा ती पदार्थले घडा भर्नुपर्दछ र अन्य धातुहरूका रूपमा ती वस्तुहरूको थुप्रो लगाएर दान गर्नुपर्छ। गोबरले लिपपोत गरेका भूमिमा सबैतिर कुश ओछ्याएर त्यसमाथि चार हातको कालो मृगचर्म राखिन्छ। त्यसको गलो पूर्वदिशातर्फ हुनुपर्दछ। त्यसै गरी गाईको बाछो हुनुपर्ने ठाउँमा सानो आकारको मृगचर्म रखिन्छ। बाछो सँगैका गाईका मुख पूर्वतिर र गोडा उत्तरतिर भएको ठान्नुपर्दछ; यो कृष्णाजिनधेनको विधि हो। चार चार गुडको गुडधेनु सधैं उत्तम मानिएको हुन्छ। एक भार गुडको गोवत्स बनाइन्छ। दुई भारको गाई मध्यम हुन्छ र त्यससित आधा भारको बाछो रहेको हुनुपर्दछ। एक भारको गाई कनिष्ठ मानिन्छ र त्यसैका चार भारको बाछो त्यसैसित दिनुपर्छ। आफूले जुटाएका गुडकै अनुसार गुडधेनु बनाउनुपर्दछ। पाँच गुञ्जाको एक माष हुन्छ, सोह्र माषको एक सुवर्ण हुन्छ ।१-१७।

चार सुवर्णको एक पल र सय पलको एक तुला हुन्छ भन्ने मानिएको छ। बीस तुलाको एक भार हुन्छ र चार आढक वा चौसट्ठी पलको एक द्रोण हुन्छ। गुडले बनाइएको धेनुलाई सेतो र नरम-मसिनो कपडाले छोप्नुपर्छ। त्यसका कान हुने ठाउँमा सिपी, खुट्टा हुने ठाउँमा उखु, आँखाका ठाउँमा पवित्र मोती, कपालका ठाउँमा सेतो धागो, मलमालाका ठाउँमा सेतो

ताम्रगड्डूकपृष्ठौ तौ सितचामररोमकौ ।२०।
विद्रुमभ्रूयुगावेतौ नवनीतस्तनान्वितौ ।
क्षौमपुच्छौ कांस्यदोहाविन्द्रनीलकतारकौ ।२१।
सुवर्णशृङ्गाभरणौ रजतक्षुरसंयुतौ ।
नानाफलमया दन्ता गन्धघ्राणप्रकल्पितौ ।२२।
रचयित्वा यजेद्धेनुमिमैर्मन्त्रैर्द्विजोत्तम ।
या लक्ष्मीः सर्वभूतानां या च देवेष्ववस्थिता ।२३।
धेनुरूपेण सा देवी मम शान्तिं प्रयच्छतु ।
देहस्था या च रुद्राणी शङ्करस्य सदा प्रिया ।२४।
धेनुरूपेण सा देवी मम पापं व्यपोहतु ।
विष्णुवक्षसि या लक्ष्मीः स्वाहा या च विभावसोः ।२५।
चन्द्रार्कऋक्षशक्तिर्या धेनुरूपास्तु सा श्रिये ।
चतुर्मुखस्य या लक्ष्मीर्या लक्ष्मीर्धनदस्य च ।२६।
लक्ष्मीर्या लोकपालानां सा धेनुर्वरदास्तु मे ।
स्वधा त्वं पितृमुख्यानां स्वाहा यज्ञभुजां यतः ।२७।
सर्वपापहरा धेनुस्तस्माच्छान्तिं प्रयच्छ मे ।
एवमामन्त्रितां धेनुं ब्राह्मणाय निवेदयेत् ।२८।
समानं सर्वधेनूनां विधानं चैतदेव हि ।
सर्वयज्ञफलं प्राप्य निर्मलो भुक्तिमुक्तिभाक् ।२९।
स्वर्णशृङ्गी शफै रोप्यैः सुशीला वस्त्रसंयुता ।
कांस्योपदोहा दातव्या क्षीरिणी गौः सदक्षिणा ।३०।
दातास्याः स्वर्गमाप्नोति वत्सरान् रोमसम्मितान् ।
कपिला चेत्तारयति भूयश्चासप्तमं कुलम् ।३१।
स्वर्णशृङ्गी रौप्यखुरां कांस्यदोहनकान्विताम् ।
शक्तितो दक्षिणायुक्तां दत्त्वा स्याद्भुक्तिमुक्तिभाक् ।३२।
सवत्सरोमतुल्यानि युगान्युभयतोमुखीम् ।
दत्त्वा स्वर्गमवाप्नोति पूर्वेण विधिना ददत् ।३३।
आसन्नमृत्युना देया सवत्सा गौस्तु पूर्ववत् ।
यमद्वारे महाघोरे तप्ता वैतरणी नदी ।
तां तर्तुं च ददाम्येनां कृष्णां वैतरणीं च गाम् ।३४।

कम्बल, पिठ्युँका ठाउँमा ताँवा, रौँका ठाउँमा सेतो चम्मर, आँखीभौँका ठाउँमा विद्रुममणि, स्तनका ठाउँमा नौनी, पुच्छरका ठाउँमा रेसमी वस्त्र, आँखाका गेडीको ठाउँमा नीलमणि, सिङ र सिङका गहनाका ठाउँमा सुन एवं खुरका ठाउँमा चाँदी राख्नुपर्दछ । दाँतका ठाउँमा अनेकौँ फल र नाकका ठाउँमा सुगन्धित द्रव्य राख्नुपर्दछ । त्यसमा सँगै काँसको दुधेरी पनि राख्नुपर्दछ । हे द्विजश्रेष्ठ ! यस प्रकारको धेनु रचना गरेर निम्नलिखित मन्त्रले त्यसलाई पूजा गरिन्छ– जो समस्त भूतप्राणिका लागि लक्ष्मी हो, जो देवताहरूमा पनि स्थित छ, उसै धेनुरूपिणी देवीले मलाई शान्ति प्रदान गरोस् । जो आफ्नो शरीरमा नै रहेर रुद्राणीका नामले प्रसिद्ध छ र सधैँ शङ्करकी प्रियतमा पत्नीझैँ छ उसै धेनुरूपिणी देवीले मेरा पापहरू विनाश गरोस् । जो विष्णुका वक्षमा लक्ष्मीझैँ सुशोभित भएको छ, जो अग्निको स्वाहा र चन्द्रमा, सूर्य एवं नक्षत्र-देवताहरूका शक्तिका रूपमा रहेको छ उसै धेनुरूपिणी देवीले मलाई लक्ष्मी प्रदान गरोस् । जो चतुर्मुख ब्रह्माका सावित्री, धनाध्यक्ष कुवेरकी निधि लोकपालका लक्ष्मी हुन् उनै धेनुरूपिणी देवीले मलाई खोजेको वस्तु प्रदान गरून् । हे देवी ! तिमी पितृहरूकी स्वधा र यज्ञको भोग गर्ने अग्निकी स्वाहा हौ । तिमी समस्त पापहरूलाई हरण गर्दछ्यौ र धेनुका रूपमा रहेकी छ्यौ, त्यसैले मलाई शान्ति प्रदान गर । यस किसिमले अभिमन्त्रित भएको धेनु ब्राह्मणलाई दान दिनुपर्छ । अरू सबै धेनुहरूको लागि पनि साधारणतया विधि यस्तै हो । यसबाट मानिस सबै खाले यज्ञका फल प्राप्त गरी पापरहित हुँदै भोग र मोक्ष दुवै प्राप्त गर्दछ । सुनका सिङ जडित चाँदीका खुर भएको सोझो व्यवहारको दुहुनो गाई, काँसको दुधेरो, वस्त्र र दक्षिणा सँगै दिनुपर्दछ । यस्तो गाई दान गर्ने व्यक्ति त्यस गाईका शरीरमा जति रौँ छन् त्यति नै वर्षसम्म स्वर्गमा निवास गर्दछ । यदि कैली गाई दान गरिएको छ भनेदेखि सात पुस्तासम्म त्यसले उद्धार गर्छ । सुनको सिङ भएको, चाँदी जडिएका खुर भएको कैलो गाई काँसको दुधेरो र यथाशक्ति दक्षिणा सँगै दान गरेर मानिसले भोग र मोक्ष प्राप्त गर्दछ । उभयतोमुखी गाई दान गर्दा दान गर्ने मानिस बाछोसहित गाईका जिउमा जति रौँ छन् त्यति नै युगसम्म स्वर्गमा पुगेर सुख भोग गर्दछ । उभयतोमुखी गाईको दान पनि पूर्वोक्त विधिले नै गर्नुपर्दछ । मरणासन्न मानिसले पनि पूर्वोक्त विधिले नै बाछोसहितको गाई दान गर्नुपर्छ र– अत्यन्त भयङ्कर यमलोकको प्रवेशद्वारमा तातो पानी भरिएको वैतरणी नदी बग्छ । त्यसलाई पार गर्नका लागि म यो कालो रङ्गको वैतरणी गाई दान गर्छु भन्नुपर्छ ।१८-३४।

२११. एकादशाधिकद्विशततमोऽध्यायः

नानाविध दान

अग्निरुवाच

एकाङ्गां दशगुर्दद्याद्दश दद्याच्च गोशती ।
शतं सहस्रगुर्दद्यात्सर्वे तुल्यफला हि ते ।१।
प्रासादा यत्र सौवर्णा वसोर्धारा च यत्र सा ।
गन्धर्वाप्सरसो यत्र तत्र यान्ति सहस्रदाः ।२।
गवां शतप्रदानेन मुच्यते नरकार्णवात् ।
दत्त्वा वत्सतरीं चैव स्वर्गलोके महीयते ।३।
गोदानादायुरारोग्य सौभाग्यस्वर्गमाप्नुयात् ।
इन्द्रादिलोकपालानां या राजमहिषी शुभा ।४।
महिषीदानमाहात्म्यादस्तु मे सर्वकामदा ।
धर्मराजस्य साहाय्ये यस्याः पुत्रः प्रतिष्ठितः ।५।
महिषासुरस्य जननी या सास्तु वरदा मम ।
महिषीदानाच्च सौभाग्यं बृषदानाद्दिवं व्रजेत् ।६।
संयुक्तहलपङ्क्त्याख्यं दानं सर्वफलप्रदम् ।
पङ्क्तिर्दशहला प्रोक्ता दारुजा वृषसंयुता ।७।
सौवर्णपट्टसन्नद्धान्दत्त्वा स्वर्गे महीयते ।
दशानां कपिलानां तु दत्तानां ज्येष्ठपुष्करे ।८।
तत्फलं चाक्षयं प्रोक्तं वृषभस्य तु मोक्षणे ।
धर्मोऽसि त्वं चतुष्पादश्चतस्रस्ते प्रिया इमाः ।९।
नमो ब्रह्मण्य देवेश पितृभूतर्षिपोषक ।
त्वयि मुक्तेऽक्षया लोका मम सन्तु निरामयाः ।१०।
मा मे ऋणोऽस्तु दैवत्यो भीतः पैत्रोऽथ मानुषः ।
धर्मस्त्वं त्वत्प्रपन्नस्य या गतिः साऽस्तु मे ध्रुवा ।११।
अङ्कयेच्चक्रशूलाभ्यां मन्त्रेणानेन चोत्सृजेत् ।
एकादशाहे प्रेतस्य यस्य चोत्सृज्यते वृषः ।१२।
मुच्यते प्रेतलोकात्तु षण्मासे चाब्दिकादिषु ।
दशहस्तेन कुण्डेन त्रिंशत्कुण्डान्निवर्त्तनम् ।१३।
तान्येव दशविस्ताराद्गोचर्मेतत्प्रदोऽघभित् ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! जोसित दस गाई छन् उसले एउटा, जोसित सय गाई छन् उसले दसवटा र जोसित हजार गाई छन् उसले सयवटा गाई दान गऱ्यो भने ती सबैलाई समान फल प्राप्त हुन्छ । सुनका भवनहरू भएको कुबेरको राजधानी अलकापुरीमा नै गन्धर्व र अप्सराहरू विहार गर्दछन् र हजार गाई दान गर्ने मानिस त्यहीँ जान्छ । मानिसले सयवटा गाई दान गर्दा नरकसमुद्रबाट मुक्त हुन्छ र बाछो दान गर्दा ऊ स्वर्गलोकमा पूजित हुन्छ । गोदानबाट दीर्घायु, आरोग्य, सौभाग्य र स्वर्ग प्राप्ति हुन्छ । जो इन्द्रआदि लोकपालको मङ्गलमयी राजमहिषी हुन् ती देवीले यस महिषी दानका माहात्म्यले मलाई सम्पूर्ण अभिष्ट वस्तुहरू प्रदान गरून् । जसका पुत्र धर्मराजको सहायताका लागि खटिएका छन् र जो महिषासुरकी माता हुन् ती देवीले मलाई वरदान दिऊन् भन्ने माथिको मन्त्र पढेर भैँसी दान गर्नाले सौभाग्य प्राप्ति हुन्छ । बहर दान गरेर मानिस स्वर्गलोकमा जान्छ । संयुक्त हलपङ्क्ति नामको दानले समस्त फल प्रदान गर्दछ । काठले बनाएका दसवटा हलाको लहरमा सुनका पट्टी जडान गरेर एकापसमा गाँसी प्रत्येक हलासँग चाहिने सङ्ख्यामा गोरु पनि भए भने त्यसलाई दान गर्नु नै संयुक्त हलपङ्क्ति दान हो भनिएको छ । त्यस्तो दान गरेपछि मानिस स्वर्गलोकमा पूजित हुन्छ । ज्येष्ठपुष्कर तीर्थमा दसवटा कैला गाई दान गरेको छ भने त्यसको फल अक्षय हुन्छ भनिएको छ । वृषत्सर्ग गर्दाको फल पनि अक्षय नै प्राप्त हुन्छ । साँढेलाई चक्र र त्रिशूलको छाप लगाएर यस्तो मन्त्र पढ्दै छोड्नुपर्छ – हे देवेश्वर ! तिमी चार पाउले युक्त साक्षात् धर्म हौ । यी तिम्रा चार प्रियतमाहरू हुन् । पितृ, मनुष्य र ऋषिहरूलाई पालनपोषण गर्ने हे वेदमूर्ति वृष ! तिमीलाई मुक्त गर्नाले मलाई अमृतमय शाश्वत लोक प्राप्त होस् । म देवऋण, भूतऋण, पितृऋण एवं मनुष्यऋणबाट मुक्त होऊँ । तिमी साक्षात् धर्म हौ । तिम्रो आश्रय लिँदा जुन गति प्राप्त हुन्छ त्यही नित्य गति मलाई पनि प्राप्त होस् । जुन मृतक व्यक्तिका एघारौँ, छ महिने वा वार्षिक श्राद्धमा वृषोत्सर्ग गरिन्छ ऊ प्रेतलोकबाट मुक्त हुन्छ । दस हातका लाठाले तीस लाठा बराबरको जमिनलाई निवर्तन भनिन्छ । दस निवर्तन भूमिको संज्ञा गोचर्म हो । त्यति भूमिदान गर्ने

गोभूहिरण्यसंयुक्तं कृष्णाजिनन्तु योऽर्पयेत् ।१४।
सर्वदुष्कृतकर्मापि सायुज्यं ब्रह्मणो व्रजेत् ।
भाजनं तिलसम्पूर्णं मधुना पूर्णमेव च ।१५।
दद्यात्कृष्णतिलानां च प्रस्थमेकं च मागधम् ।
शय्यां दत्त्वा तु सगुणां भुक्तिमुक्तिमवाप्नुयात् ।१६।
हैमीं प्रतिकृतिं कृत्वा दत्त्वा स्वर्गस्तथात्मनः ।
विपुलं तु गृहं कृत्वा दत्त्वा स्याद्भुक्तिमुक्तिभाक् ।१७।
गृहं मठं सभां स्वर्गी दत्त्वा स्याच्चप्रतिश्रयम् ।
दत्त्वा कृत्वा गोगृहं च निष्पापः स्वर्गमाप्नुयात् ।१८।
यममाहिषदानात्तु निष्पापः स्वर्गमाप्नुयात् ।
ब्रह्मा हरी हरिर्देवैर्मध्ये च यमदूतकः ।१९।
पाशी तस्य शिरश्छित्त्वा तं दद्यात्स्वर्गभाग्भवेत् ।
त्रिमुखाख्यमिदं दानं गृहीत्वा तु द्विजोऽघभाक् ।२०।
चक्रं रूप्यमयं कृत्वा के धृत्वा तत्प्रदापयेत् ।
हेमयुक्तं द्विजायैतत्कालचक्रमिदं महत् ।२१।
आत्मतुल्यं तु यो लौहं ददेन्न नरकं व्रजेत् ।
पञ्चाशत्पलसंयुक्तं लौहदण्डं तु योऽर्पयेत् ।२२।
वस्त्रेणाच्छाद्य विप्राय यमदण्डो न विद्यते ।
मूलं फलादि वा द्रव्यं संहतं वाथ चैकशः ।२३।
मृत्युञ्जयं समुद्दिश्य दद्यादायुर्विवर्द्धये ।
पुमान्कृष्णतिलैः कार्य्यो रौप्यदन्तः सुवर्णदृक् ।२४।
खड्गोद्यतकरो दीर्घो जपाकुसुममण्डलः ।
रक्ताम्बरधरः स्रग्वी शङ्खमालाविभूषितः ।२५।
उपानद्युगयुक्ताङ्घ्रिः कृष्णकम्बलपार्श्वकः ।
ग्रहीतमांसपिण्डश्च वामे वै कालपूरुषः ।२६।
सम्पूज्य तं च गन्धाद्यैः ब्राह्मणायोपपादयेत् ।
मरणव्याधिहीनः स्याद् राजराजेश्वरो भवेत् ।२७।
गोवृषौ तु द्विजे दत्त्वा भुक्तिमुक्तिमवाप्नुयात् ।
रेवन्ताधिष्ठितं चाश्वं हैमं दत्त्वा न मृत्युभाक् ।२८।
घण्टादिपूर्णमप्येकं दत्त्वा स्याद्भुक्तिमुक्तिभाक् ।
सर्वान्कामानवाप्नोति यः प्रयच्छति काञ्चनम् ।२९।
सुवर्णे दीयमाने तु रजतं दक्षिणेष्यते ।

मानिसले आफ्ना समस्त पापहरू नाश गराउँछ । जसले गाई, भूमि र सुवर्णयुक्त कृष्णमृगचर्म दान गर्दछ उसले पापजति सबै गरेको भए पनि ब्रह्माको सामुज्य प्राप्त गर्दछ । तिल र मधले भरिएको पात्र मगध देशको नापअनुसार एक प्रस्थ वा चौसठ्ठी पल कालो तिल दान गर्नुपर्दछ । त्यसका साथसाथै उत्तम गुणले युक्त भएको शय्या दान दिनाले दातालाई भोग र मोक्ष प्राप्त हुन्छन् । आफ्नै प्रतिमा सुनको बनाएर दान गर्ने व्यक्ति स्वर्गमा जान्छ । विशाल घर बनाएर त्यही दान गर्ने व्यक्तिले भोग र मोक्ष दुवै प्राप्त गर्दछ । गृह, मठ, सभाभवन एवं आवासस्थान दान गरेपछि मानिस स्वर्गलोकमा गएर सुख भोग गर्दछ । गोठ बनाएर दान गर्ने मानिस पापरहित भएर स्वर्गमा पुग्दछ ।१-१८।

यमदेवतासम्बन्धी महिषदान गर्नाले मानिस निष्पाप भएर स्वर्गलोकमै जान्छ । देवताहरूका साथै ब्रह्मा, शिव र विष्णुका बीचमा पाश धारण गरेका यमराजको सुवर्ण आदिको मूर्ति स्थापित गरेर यमराजको शिर छेदन गर्ने र पछिबाट त्यो मूर्तिहरूको समूह नै ब्राह्मणलाई दान दिने । यसो गर्नाले दान गर्ने त स्वर्गलोकको भागी हुन्छ तर यस्तो त्रिमुख नामको दान गर्दा द्विज पापका भागी बन्दछन् । चाँदीको चक्र बनाउन लगाएर त्यसलाई पानीभित्र राखी त्यसकै लागि हवन गरिन्छ । त्यसपछि त्यो चक्र ब्राह्मणलाई दान दिइन्छ । यसैलाई महान कालचक्रदान मानिएको छ । आफ्नो तौल बराबरको फलाम जसले दान गर्दछ ऊ नरकमा खस्दैन । जसले पचास पल फलामको मुस्ली बनाएर सेतो कपडाले ढाकी ब्राह्मणलाई दान गर्दछ उसले यमदण्डबाट डराउनु पर्दैन । दीर्घायुको रहर भएका मानिसले मृत्युञ्जयका लागि भनेर फल, मूल, द्रव्य एकैचोटी वा अलग अलग दान गर्नुपर्दछ । काला तिलले मानिस निर्माण गरी उसका दाँत चाँदीका र आँखा सुनका होऊन् । माला धारण गरेका त्यस अग्ला पुरुषले दाहिने हातमा खड्ग उचालेको होस् । रातो रङ्गका लुगा लगाएर जयापुष्पले र शङ्खका मालाले सजिएको होस् । उसका दुवै खुट्टामा खराऊ होऊन् र पार्श्वभागमा कम्मल होस् । त्यस कालपुरुषले बायाँ हातमा मासुको चोक्टो बोकेको होस् । यस्ता खालको कालपुरुष निर्माण गरी गन्ध आदि द्रव्यले उसलाई पूजा गरेर ब्राह्मणलाई त्यो दान दिनुपर्छ । यसो गर्दा दान गर्ने मानिस मृत्यु रोगबाट रहित हुन्छ र राजाहरूको पनि राजा नै हुन्छ । ब्राह्मणलाई दुईवटा गोरु दान गरेर मानिसले भोग र मोक्ष प्राप्त गर्दछ । जुन मानिसले सुवर्ण दान गर्छ उसले सम्पूर्ण

अन्येषामपि दानानां सुवर्णं दक्षिणा स्मृता ।३०।
सुवर्णं रजतं ताम्रं तण्डुलं धान्यमेव च ।
नित्यश्राद्धं देवपूजा सर्वमेतददक्षिणम् ।३१।
रजतं दक्षिणा पित्रे धर्मकामार्थसाधनम् ।
सुवर्णं रजतं ताम्रं मणिमुक्तावसूनि च ।३२।
सर्वमेतन्महाप्राज्ञो ददाति वसुधां ददत् ।
पितृंश्च पितृलोकस्थान्देवस्थाने च देवत्ताः ।३३।
सन्तर्पयति शान्तात्मा यो ददाति वसुन्धराम् ।
खर्वटं खेटकं वापि ग्रामं वा सस्यशालिनम् ।३४।
निवर्त्तनशतं वापि तदर्द्धं वा गृहादिकम् ।
अपि गोचर्ममात्रां वा दत्त्वोर्वीं सर्वभाग्भवेत् ।३५।
तैलविन्दुर्यथा चाप्सु प्रसर्पेद्भूगतं तथा ।
सर्वेषामेव दानानामेकजन्मानुगं फलम् ।३६।
हाटकक्षितिगौरीणां सप्तजन्मानुगं फलम् ।
त्रिसप्तकुलमुद्धृत्य कन्यादोब्रह्मलोकभाक् ।३७।
गजं सदक्षिणं दत्त्वा निर्मलः स्वर्गभाग्भवेत् ।
अश्वं दत्त्वायुरारोग्यसौभाग्यं स्वर्गमाप्नुयात् ।३८।
दासीं दत्त्वा द्विजेन्द्राय अप्सरोलोकमाप्नुयात् ।
दत्त्वा ताम्रमयीं थालीं पलानां पञ्चभिः शतैः ।३९।
अर्द्धैस्तदर्द्धैरर्द्धैर्वा भुक्तिमुक्तिमवाप्नुयात् ।
शकटं वृषसंयुक्तं दत्त्वा यानेन नाकभाक् ।४०।
वस्त्रदानाल्लभेदायुरारोग्यं स्वर्गमक्षयम् ।
धान्यगोधूमकलमयवादीन्स्वर्गभाग्ददत् ।४१।
आसनं तैजसं पात्रं लवणं गन्धचन्दनम् ।
धूपं दीपं च ताम्बूलं लोहं रूप्यं च रत्नकम् ।४२।
दिव्यानि नानाद्रव्याणि दत्त्वा स्याद्भुक्तिमुक्तिभाक् ।
तिलांश्च तिलपात्रं च दत्त्वा स्वर्गमवाप्नुयात् ।४३।
अन्नदानात्परं नास्ति न भूतं न भविष्यति ।
हस्त्यश्वरथदानानि दासीदासगृहाणि च ।४४।
अन्नदानस्य सर्वाणि कलां नार्हन्ति षोडशीम् ।
कृत्वापि सुमहत्पापं यः पश्चादन्नदो भवेत् ।४५।
सर्वपापविनिर्मुक्तो लोकानाप्नोति चाक्षयान् ।

अभीष्ट वस्तुहरू प्राप्त गर्दछ । सुवर्णको दानमा त्यसको प्रतिष्ठाका लागि चाँदीको दक्षिणाको नियम छ। अन्य दानको प्रतिष्ठाका लागि सुवर्णको दक्षिणालाई प्रशंसा गरिएको छ। सुवर्णबाहेक रजत, ताम्र, तण्डुल र धान्य पनि दक्षिणाका नियममा रहेका छन्। नित्य श्राद्ध र नित्य देवपूजाका लागि दक्षिणाको आवश्यकता छैन। पितृकार्यमा रजतको दक्षिणाले धर्म, काम र अर्थ सिद्धि गराउँछ। भूमिको दान गर्ने महान् बुद्धिमान् व्यक्तिले सुवर्ण, रजत, ताम्र, मणी र मुक्त यी सबै कुरा दान गरिसकेको हुन्छ। अर्थात् उसले यी सबै दानको फल प्राप्त गरिसकेको हुन्छ। जसले धर्ती दान गर्छ त्यस्तो शान्त अन्तःकरण भएको व्यक्तिले पितृलोकमा भएका पितृ र देवलोकमा बस्ने देवताहरूलाई पूर्ण रूपले तृप्त गराउँछ। बाली भरिएको खेत, गाउँ र टोल, सय निवर्तनभन्दा बढी अथवा त्यसको आधाजति फराकिलो ठाउँमा बनेको घर अथवा दस निवर्तन वा एक गोचर्म परिणामको भूमि दान गरेपछि मानिसले सबै थोक पाइसक्छ। जसरी तेलको थोपो माटो वा पानीमा खस्दा फैलिन्छ उसै गरी सबै दानको फल एक जन्मसम्म रहन्छ।१९-३६।

स्वर्ण, रजत र गौरी कन्याको दान गरेको फल सात जन्मसम्म रहन्छ। कन्यादान गर्नेले आफ्ना एक्काईस पुस्तालाई नरकबाट उद्धार गरी ब्रह्मलोक प्राप्त गर्दछ। दक्षिणासहित हात्ति दान गर्ने व्यक्ति निष्पाप भएर स्वर्गलोकमा जान्छ। अश्व दान दिएर मानिसले लामो आयु, आरोग्य, वैभव र स्वर्ग प्राप्त गर्दछ। श्रेष्ठ ब्राह्मणलाई दासी दान गर्ने मानिस अप्सराका लोकमा गएर सुखको उपभोग गर्दछ। जसले पाँच सय पल ताँवाको थाली, ढाई सय पलको वा सवा सय पल अथवा त्यसको पनि आधा पलको थाली दान गर्दछ ऊ भोग र मोक्षको भागी बन्छ। गोरु नारेको गाडा दान गर्नाले मानिस विमानद्वारा स्वर्गलोक जान्छ। वस्त्र दानले आयु, आरोग्य र अक्षय स्वर्गको प्राप्ति हुन्छ। धान, गहुँ, मंसिरे धानका चामल र जौ आदि दान गर्ने मानिस स्वर्गलोक पुग्दछ। आसन, धातुबाट बनेका पात्र, लवण, सुगन्धयुक्त चन्दन, धुप-दीप, ताम्बूल, लोहा, चाँदी, रत्न र विविध दिव्य पदार्थ दान गरेर मानिसले भोग र मोक्ष प्राप्त गर्दछ। तिल र तिलपात्र दान दिएर मानिस स्वर्ग सुखको भागी हुन्छ। अन्न दान भन्दा ठूलो दान न थियो, न छ, न हुनेछ। हात्ती, अश्व, रथ, दास-दासी र घर आदिको दान सबै खालका अन्नदानको सोह्र भागको एक जति पनि हुँदैन। जसले पहिले ठूलोभन्दा पनि ठूलो पाप गरेको भए पनि पछि अन्न दान गर्दछ

पानीयं च प्रपान्दत्त्वा भुक्तिमुक्तिमवाप्नुयात् । ४६।
अग्निं काष्ठं च मार्गादौ दत्त्वा दीप्त्यादिमाप्नुयात् ।
देवगन्धर्वनारीभिर्विमाने सेव्यते दिवि ।४७।
घृतं तैलं च लवणं दत्त्वा सर्वमवाप्नुयात् ।
छत्रोपानहकाष्ठादि दत्त्वा स्वर्गे सुखी भवेत् ।४८।
प्रतिपत्तिथिमुख्येषु विष्कुम्भादिकयोगके ।
चैत्रादौ वत्सरादौ च अश्विन्यादौ हरिं हरम् ।४९।
ब्रह्माणं लोकपालादीन्प्राच्र्य दानं महाफलम् ।
वृक्षारामान्भोजनादीन्मार्गसंवाहनादिकान् ।५०।
पादाभ्यङ्गादिकं दत्त्वा भुक्तिमुक्तिमवाप्नुयात् ।
त्रीणि तुल्यफलानीह गावः पृथ्वी सरस्वती ।५१।
ब्राह्मीं सरस्वतीं दत्त्वा निर्मलो ब्रह्मलोकभाक् ।
सप्तद्वीपमहीदः स ब्रह्मज्ञानं ददाति यः ।५२।
अयभं सर्वभूतेभ्यो यो दद्यात्सर्वभाङ्नरः ।
पुराणं भारतं वापि रामायणमथापि वा ।५३।
लिखित्वा पुस्तकं दत्त्वा भुक्तिमुक्तिमावाप्नुयात् ।
वेदशास्त्रं नृत्यगीतं योऽध्यापयान्ते नाकभाक् ।५४।
वित्तं दद्यादुपाध्याये छात्राणां भोजनादिकम् ।
किमदत्तं भवेत्तेन धर्मकामादिदर्शिना ।५५।
वाजपेयसहस्रस्य सम्यग्दत्तस्य यत्फलम् ।
तत्फलं सर्वमाप्नोति विद्यादानान्न संशयः ।५६।
शिवालये विष्णुगृहे सूर्यस्य भवने तथा ।
सर्वदानप्रदः स स्यात्पुस्तकं वाचयेत् तु यः ।५७।
त्रैलोक्ये चतुरोवर्णा चत्वारश्चाश्रमाः पृथक् ।
ब्रह्माद्या देवताः सर्वा विद्यादाने प्रतिष्ठिताः ।५८।
विद्या कामदुधा धेनुर्विद्या चक्षुरनुत्तमम् ।
उपवेदप्रदानेन गन्धर्वैः सह मोदते ।५९।
वेदाङ्गानां च दानेन स्वर्गलोकमवाप्नुयात् ।
धर्मशास्त्रप्रदानेन धर्मेण सह मोदते ।६०।
सिद्धान्तानां प्रदानेन मोक्षमाप्नोत्यसंशयम् ।
विद्यादानमवाप्नोति प्रदातात्पुस्तकस्य तु ।६१।
शास्त्राणि च पुराणानि दत्त्वा सर्वमवाप्नुयात् ।

भने ऊ सम्पूर्ण पापहरूबाट छुटेर अक्षय लोक प्राप्त गर्दछ । पानी र पानी खाने व्यवस्था दान गरेका मानिसले भोग र मोक्ष दुवै सिद्ध गर्दछ । बाटामा काठ दाउरा र आगाको व्यवस्था गरिदिने दानका पुण्यले मानिस तेजयुक्त हुन्छ र स्वर्गलोकमा देवताहरू, गन्धर्व र अप्सराका विमानको सेवा पाउँछ । घिउ, तेल र नुन दान दिनाले मानिसले सबै कुरा प्राप्त गर्दछ । छाता, जुत्ता र दाउरा–काठ आदि दान गरेर स्वर्गमा सुखपूर्वक निवास गर्दछ । प्रतिपदा आदि पुण्यमय तिथिहरूमा, विष्कुम्भ आदि योगहरूमा, चैत्र आदि महिनाहरूमा, संवत्सर आरम्भमा र अश्विनी आदि नक्षत्रमा विष्णु, शिव, ब्रह्मा र लोकपाल आदिलाई अर्चना गरी दिइएका दानले महान् फल प्रदान गर्दछ । वृक्ष, उद्यान, भोजन, वाहन र गोडा मिच्नका लागि तेल दान गरेर मानिसले भोग र मोक्ष प्राप्त गर्दछ । यस लोकमा गरेका गाई, पृथ्वी र विद्याका दान यी तीन वटैले समान फल दिन्छन् । वेद विद्याको दान दिएर मानिस पापरहित भएर ब्रह्मलोकमा प्रवेश गर्दछ । जसले ब्रह्मज्ञान प्रदान गर्दछ उसले त झन्डै सात द्वीपलेयुक्त पृथ्वी नै दान गरेझैं हुन्छ । जसले समस्त प्राणीलाई अभय दान दिन्छ त्यस मानिसले सबै कुरा प्राप्त गर्दछ । पुराण, महाभारत वा रामायण लेखेर त्यो पुस्तक दान गर्नाले मानिसले भोग र मोक्ष प्राप्त गर्दछ । जसले वेद आदि शास्त्र र नृत्य गीतको शिक्षण गर्दछ ऊ स्वर्ग जाने हुन्छ । उसले उपाध्यायको वृत्ति गर्छ र छात्रलाई भोजन दिन्छ त्यस धर्म काम आदि पुरुषार्थको रहस्य देख्ने मानिसले के पो दान गरेन र ?३७–५५।

सहस्र वाजपेय यज्ञमा विधिपूर्वक दान गर्दा जुन फल प्राप्त हुन्छ विद्या दान गर्दा मानिसले त्यो सम्पूर्ण फल प्राप्त गर्दछ भन्ने कुरामा अलिकति पनि सन्देह छैन । जसले शिवालय, विष्णुमन्दिर र सूर्यमन्दिरमा ग्रन्थवाचन गर्दछ उसले सबै खालका दानको फल प्राप्त गर्दछ । तिनै लोकमा जुन ब्राह्मण आदि चार वर्ण र ब्रह्मचर्य आदि चार आश्रम छन ती र ब्रह्मा आदि समस्त देवगण नै विद्यादानमा प्रतिष्ठित रहेका छन् । विद्या नै काम धेनु हुन् र विद्या नै उत्तम नेत्र हो । गान्धर्व आदि उपवेदहरूको दान गर्दा मानिस गन्धर्वहरूसँगै आनन्दित हुन्छ । वेदाङ्गका दानबाट स्वर्गलोक प्राप्त गर्दछ र धर्मशास्त्रको दानबाट धर्मको निकटता प्राप्त भएर दाता आनन्दित हुन्छ । सिद्धान्तको दान गर्दा मानिसले निस्सन्देह मोक्ष प्राप्त गर्दछ । पुस्तक दान गर्नाले विद्या दान गरेकै फल प्राप्त हुन्छ । त्यसैले शास्त्र र पुराणहरू दान

शिष्यांश्च शिक्षयेद्यस्तु पुण्डरीकफलं लभेत् ।६२।
येन जीवति तद्दत्त्वा फलस्यान्तो न विद्यते ।
लोके श्रेष्ठतमं सर्वमात्मनश्चापि यत्प्रियम् ।६३।
सर्वं पितॄणां दातव्यं तेषामेवाक्षयार्थिना ।
विष्णुं रुद्रं पद्मयोनिं देवीविघ्नेश्वरादिकान् ।६४।
पूजयित्वा प्रदद्याद्यः पूजाद्रव्यं स सर्वम्भाक् ।
देवालयं च प्रतिमां कारयन्सर्वमाप्नुयात् ।६५।
सम्मार्जनं चोपलेपं कुर्वन्स्यान्निर्मलः पुमान् ।
नानामण्डलकार्य्यग्रे मण्डलाधिपतिर्भवेत् ।६६।
गन्धं पुष्पं धूपदीपं नैवेद्यं च प्रदक्षिणम् ।
घण्टाध्वजवितानं च प्रेक्षणं वाद्यगीतकम् ।६७।
वस्त्रादि दत्त्वा देवाय भुक्तिमुक्तिमवाप्नुयात् ।
कस्तूरिकां शिह्लकं च श्रीखण्डमगुरुं तथा ।६८।
कर्पूरं च तथा मुस्तं गुग्गुलुं विजयं ददेत् ।
घृतप्रस्थेन संस्थाप्य सङ्क्रान्त्यादौ स सर्वभाक् ।६९।
स्नानं पलशतं ज्ञेयमभ्यङ्गं पञ्चविंशतिः ।
फलानां तु सहस्रेण महास्नानं प्रकीर्त्तितम् ।७०।
दशापराधास्तोयेन क्षीरेण स्नापनाच्छतम् ।
सहस्रं पयसा दध्ना घृतेनायुतमिष्यते ।७१।
दासीदासमलङ्कारं गोभूम्यश्वगजादिकम् ।
देवाय दत्त्वा सौभाग्यं धनायुष्मान्व्रजेद्दिवम् ।७२।

गर्ने मानिसले सबै कुराहरू प्राप्त गर्दछ। जसले शिष्यहरूलाई शिक्षा दान गर्दछ, उसले पुण्डरीक यज्ञको फल प्राप्त गर्दछ। जीविका दान गरेका फलको त अन्त्य नै छैन। जसले आफ्ना पितृलाई अक्षय फल प्राप्त गराउन चाहन्छन् उनले यस लोकको सर्वश्रेष्ठ र आफूलाई प्रिय लाग्ने पदार्थहरू सबै पितृहरूका लागि भनेर दान गर्नुपर्दछ। विष्णु, शिव, ब्रह्मा, देवी र गणेश आदि देवतालाई पूजा गरेर जसले पूजाद्रव्य ब्राह्मणलाई दान गर्दछ उसले सबै कुरो प्राप्त गर्दछ। देवमन्दिर र देवप्रतिमा निर्माण गराउनेले सबै अभिलाषित वस्तु प्राप्त गर्दछ। मन्दिरमा बढारकुँडार र लिपपोत गर्ने व्यक्ति पापरहित हुन्छ। देवप्रतिमाका सामु विविध मण्डल तयार गर्ने मानिस मण्डलको अधिपति हुन्छ। देवतालाई गन्ध, पुष्प, धुप, दीप, नैवेद्य, प्रदक्षिणा, घण्टा, ध्वजा, चँदुवा र वस्त्र आदि समर्पित गर्नाले र तिनको दर्शन गरी तिनका सामु गानावजाना गर्नाले मानिसले भोग र मोक्ष दुवै प्राप्त गर्दछ। भगवान्लाई कस्तुरी, सिंहलदेशको चन्दन, अगुरु, कपुर र मुस्त आदि सुगन्धी वस्तुका साथै विजयगुग्गुल समर्पित गर्‍यो भने र सङ्क्रान्ति आदिका दिनहरूमा एक प्रस्थ घिउले स्नान गराएर मानिसले सबै थोक प्राप्त गर्दछ। सय पलको भए स्नान र पच्चीस पलको भए अभ्यङ्ग भन्ने मान्नु पर्दछ। महास्नान हजार पलको हुन्छ भनिन्छ। भगवानलाई जल स्नान गराएर दस अपराध, दुग्ध स्नान गराएर सय अपराध, दुध-दही स्नान गराएर सहस्र अपराध र घृत स्नान गराएर दस सहस्र अपराध विनष्ट गराइन्छ। देवताका लागि भनेर दास-दासी, गहना, गाई, भूमि, हात्ती घोडा र सौभाग्यद्रव्य दिएर मानिस धन र दीर्घायुले युक्त भई स्वर्गलोक पुग्दछ।५६-७२।

२१२. द्वादशाधिकद्विशततमोऽध्यायः

मेरुदान

अग्निरुवाच

काम्यदानानि वक्ष्यामि सर्वकामप्रदानि ते ।
नित्यपूजां मासि मासि कृत्वाथो काम्यपूजनम् ।१।
व्रतार्हणं गुरोः पूजा वत्सरान्ते महार्चनम् ।
अश्वं वै मार्गशीर्षे तु कमलं पिष्टसम्भवम् ।२।
शिवाय पूज्य यो दद्यात्सूर्य्यलोके चिरं वसेत् ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म तिमीलाई काम्य दानको वर्णन गर्दछु र त्यसले समस्त कामनाहरू पूर्ण गराउनेछ। प्रत्येक महिनामा प्रतिदिन पूजा गर्दै एक दिन विशेष रूपले पूजा गरिन्छ भने त्यसलाई काम्य पूजन भनिन्छ। वर्षको समाप्ति हुँदा गुरूपूजन र महापूजनसँगै व्रतको विसर्जन गरिन्छ। मंसिरमा शिवको पूजा गरी जसले पिठाको अश्व र कमल बनाएर दान गर्दछ ऊ चिरकालपर्यन्त सूर्यलोकमा निवास गर्छ। पुस महिनामा पिठाले बनेका हात्ती दान गरेर मान्छेले आफ्ना एक्काईस पुस्ताको उद्धार गर्दछ। माघमा

गजं पौषे पिष्टमयं त्रिसप्तकुलमुद्धरेत् ।३।
माघे चाश्वरथं पैष्टं दत्त्वा न नरकं व्रजेत् ।
फाल्गुने तु वृषं पैष्टं स्वर्गभुक् स्यान्महीपतिः ।४।
चैत्रे चेक्षुमयीं गावं दासदासीसमन्विताम् ।
दत्त्वा स्वर्गे चिरं स्थित्वा तदन्ते स्यान्महिपतिः ।५।
सप्तव्रीहींश्च वैशाखे दत्त्वा शिवमयो भवेत् ।
बलिमण्डलकं चान्नैः कृत्वाषाढे शिवो भवेत् ।६।
विमानं श्रावणे पौष्पं दत्त्वा स्वर्गी ततो नृपः ।
शतद्वयं फलानां तु दत्त्वोद्धृत्य कुलं नृपः ।७।
गुग्गुलादि ददेद्भाद्रे स्वर्गी स स्यात्ततो नृपः ।
क्षीरसर्पिर्भृतं पात्रमाश्विने स्वर्गदं भवेत् ।८।
कार्त्तिके गुडखण्डाज्यं दत्त्वा स्वर्गी ततो नृपः ।
मेरुदानं द्वादशकं वक्ष्येऽहं भुक्तिमुक्तिदम् ।९।
मेरुव्रते तु कार्त्तिक्यां रत्नमेरुं ददेद्द्विजे ।
सर्वेषां चैव मेरूणां प्रमाणं क्रमशः शृणु ।१०।
वज्रपद्ममहानील नीलस्फटिकसंज्ञितः ।
पुष्पं मरकतं मुक्ता प्रस्थमात्रेण चोत्तमः ।११।
मध्योऽर्द्धः स्यात्तदर्द्धोऽधो वित्तशाठ्यं विवर्जयेत् ।
कर्णिकायां न्यसेन्मेरुं ब्रह्मविष्ण्वीशदैवतम् ।१२।
माल्यवान्पूर्वतः पूज्यस्तत्पूर्वे भद्रसंज्ञितः ।
अक्षरक्षस्ततः प्रोक्तो निषधो मेरुदक्षिणे ।१३।
हेमकूटोऽथ हिमवान् त्रयं सौम्ये तथा त्रयम् ।
नीलः श्वेतश्च शृङ्गी च पश्चिमे गन्धमादनः ।१४।
वैकङ्कः केतुमालः स्यान्मेरुर्द्वादशसंयुतः ।
सोपवासोऽर्चयेद्विष्णुं शिवं वा स्नानपूर्वकम् ।१५।
देवाग्रे चार्च्य मेरुं च मन्त्रैर्विप्राय वै ददेत् ।
विप्रायामुकगोत्राय मेरुं द्रव्यमयं परम् ।१६।

घोडासहितको रथ पिठाले बनाएर दान गर्ने नरकमा जाँदैन । फागुनमा पिठाको गोरु दान गरेर मान्छे स्वर्गमा पुग्दछ र अर्को जन्ममा उसले राज्य प्राप्त गर्दछ । चैत्रमा दास दासीसहित र गुडले भरिएको घर दान दिएर मान्छे चिरकालसम्म स्वर्गलोकमा निवास गर्दछ र त्यसपछि ऊ राजा हुन्छ । वैशाखमा सप्तधान्य दान दिएर मानिसले शिवको सायुज्य प्राप्त गर्दछ । जेठ र आषाढमा अन्नको बलि दिने मानिस शिवस्वरूप हुन्छ । श्रावणमा पुष्परथ दान दिएर मानिसले स्वर्गको सुखलाई उपभोग गरेर अर्को जन्ममा राज्यलाभ गर्छ र दुई सय फल दान गर्ने मानिसले आफ्नो सम्पूर्ण कूल उद्धार गरेर राजपद प्राप्त गर्दछ । भाद्र महिनामा धुप दान गर्ने स्वर्ग पुगेर दोस्रो जन्ममा राज्य प्राप्त गर्ने हुन्छ । आश्विनमा दुग्ध र घृतले भरिएको पात्र दान गर्ने स्वर्ग प्राप्त गर्ने हुन्छ । कार्तिकमा गुड, सक्कर र घिउ दान दिएर मानिस स्वर्गलोकमा निवास गर्छ र अर्को जन्ममा ऊ राजा हुन्छ । अब म बाह्र किसिमका मेरुदानका विषयमा भन्दछु र त्यसले भोग र मुक्ति प्राप्त गराउँछ । कार्तिक पूर्णिमामा मेरुव्रत गरेर ब्राह्मणलाई रत्नमेरु दान गर्नुपर्दछ । अब क्रमैसँग सबै मेरुहरूको प्रमाण सुन । हीरा, माणिक्य, नीलमणि, वैदूर्यमणि, स्फटिकमणि, पुष्पराज, मरकतमणि र मोती यिनको एक प्रस्थको मेरु उत्तम मानिएको छ । यसका आधा परिमाणको मेरु मध्यम र मध्यमभन्दा आधाको निकृष्ट हुन्छ । रत्नमेरुको दान गर्ने मानसिले धनको कन्जुसी परित्याग गर्नुपर्छ । द्वादशदल कमल निर्माण गरेर त्यसका कर्णिकामाथि मेरुलाई स्थापना गरिन्छ । यसका देवता ब्रह्मा, विष्णु र शिव हुन् । मेरुभन्दा पूर्वका दिशामा तीनवटा दल हुन्छन् । तिनका क्रमश माल्यवान्, भद्राश्व र ऋक्ष पर्वतको पूजा गरिन्छ । मेरुभन्दा दक्षिणतिरका दलमा निषध, हेमकूट र हिमवानको पूजा गरिन्छ । मेरुबाट उत्तरतिरको तीनवटा दलमा क्रमशः नील, श्वेत र शृङ्गीको पूजा गरिन्छ र पश्चिमतिरका दलमा गन्धमादन, वैकङ्क र केतुमालको पूजा गरिन्छ । यस किसिमले बाह्र पर्वतहरूले युक्त मेरु पर्वतको पूजा गर्नुपर्छ । उपवासको नियम पालन गर्दै बसेर स्नान गरिसकेपछि भगवान् विष्णु अथवा शिवको पूजा गर्नुपर्छ । भगवान्‌को समक्ष मेरुलाई पूजा गरेर मन्त्रोच्चारण गर्दै त्यो मेरु ब्राह्मणलाई दान दिनुपर्छ । दानको सङ्कल्प गर्ने बेलामा देशकालको उच्चारण गरेपछि म यो द्रव्य निर्मित भगवान् विष्णु देवता भएको उत्तम मेरु पर्वत फलानो गोत्रका ब्राह्मणलाई दान गर्नछु । यस दानले मेरो अन्तःकरण शुद्ध होस् र मलाई उत्तम भोग तथा

भुक्त्यै मुक्त्यै निर्मलत्वे विष्णुदैवं ददामि ते ।
इन्द्रलोके ब्रह्मलोके शिवलोके हरेः पुरे ।१७।
कुलमुद्धृत्य क्रीडेत विमाने देवपूजितः ।
अन्येष्वपि च कालेषु सङ्क्रान्त्यादौ प्रदापयेत् ।१८।
पलानां तु सहस्रेण हेममेरुं प्रकल्पयेत् ।
शृङ्गत्रयसमायुक्तं ब्रह्मविष्णुहरान्वितम् ।१९।
एकैकं पर्वतं तस्य शतैकैकेन कारयेत् ।
मेरुणा सह शैलास्तु ख्यातास्तत्र त्रयोदश ।२०।
अयने ग्रहणादौ च विष्ण्वग्रे हरिमर्च्य च ।
स्वर्णमेरुं द्विजायार्प्य विष्णुलोके चिरं वसेत् ।२१।
परमाणवो यावन्त इह राजा भवेच्चिरम् ।
रौप्यमेरुं द्वादशाद्रियुतं सङ्कल्पतो ददेत् ।२२।
प्रागुक्तं च फलं तस्य विष्णुं विप्रं प्रपूज्य च ।
भूमिमेरुं च विषयं मण्डलं ग्राममेव च ।२३।
परिकल्प्याष्टमांशेन शेषांशाः पूर्ववत्फलम् ।
द्वादशाद्रिसमायुक्तं हस्तिमेरुस्वरूपिणम् ।२४।
ददेत् त्रिपुरुषैर्युक्तं दत्त्वानन्तं फलं लभेत् ।
त्रिपञ्चाश्वैरश्वमेरुं हयद्वादशसंयुतम् ।२५।
विष्ण्वादीन्पूज्य तं दत्त्वा भुक्तभोगो नृपो भवेत् ।
अश्वसङ्ख्याप्रमाणेन गोमेरुं पूर्ववद्ददेत् ।२६।
पट्टवस्त्रैर्भारमात्रैर्वस्त्रमेरुश्च मध्यतः ।
शैलैर्द्वादशवस्त्रैश्च दत्त्वा तं चाक्षयं फलम् ।२७।
घृतपञ्चसहस्रैश्च पलानामाज्यपर्वतः ।
शतं पञ्चभिरेकैकपर्वतेऽस्मिन् हरिं यजेत् ।२८।
विष्ण्वग्रे ब्राह्मणायार्प्य सर्वं प्राप्य हरिं व्रजेत् ।
एवं च खण्डमेरुं च कृत्वा दत्त्वाप्नुयातफलम् ।२९।
धान्यमेरुः पञ्चखारोऽपर एकैकखारकाः ।

मोक्ष प्राप्त होस् भन्नुपर्छ । यसरी दान गर्ने मानिसले आफ्ना समस्त कूलको उद्धार गरेर देवताद्वारा सम्मान पाउँदै विमानमा बसेर इन्द्रलोक, ब्रह्मलोक, शिवलोक र वैकुण्ठधाममा क्रीडा गर्दछ । सङ्क्रान्ति आदि अन्य पुण्यकालहरूमा पनि दान गर्नुपर्दछ ।१-१८।

एक सहस्र पल सुवर्णले महामेरुको निर्माण गराउनुपर्छ। त्यो तीन शिखरले युक्त भएको हुनुपर्दछ र ती शिखरहरूमा ब्रह्मा, विष्णु र शिवलाई स्थापना गर्नुपर्दछ । मेरुसँगै भएका प्रत्येक पर्वतहरू सयसय पल सुवर्णका हुनुपर्छ। मेरु र त्यसका सहवर्ती पर्वतहरू गरी जम्मा तेह्रवटा हुनुपर्छ भनी मानिएको छ । उत्तरायण अथवा दक्षिणायनका सङ्क्रान्तिमा या सूर्य चन्द्रको ग्रहणकालमा श्रीविष्णुका प्रतिमाका सामु स्वर्णमेरु स्थापना गर्नुपर्छ। त्यसपछि श्रीहरि र स्वर्णमेरुको पूजा गरेर त्यो ब्राह्मणलाई समर्पित गर्नुपर्छ। यसो गर्नाले मानिस चिरकालसम्म विष्णुलोकमा निवास गर्दछ। जसले सङ्कल्प गरे अनुसार बाह्र पर्वतले युक्त रजतमेरु दान गर्दछ, यस पृथ्वीमा जति परमाणु छन् त्यति नै वर्षसम्म उसले राज्य गर्दछ। त्यसबोहक उसले पूर्वोक्त अन्य फलहरू पनि प्राप्त गर्दछ। भूमिमेरुको दान विष्णु र ब्राह्मणको पूजा गरेर गरिन्छ। एउटा नगर, जिल्ला वा गाउँको आठौँ भागमा भूमिमेरुको कल्पना गर्नुपर्छ र बाँकी अंशलाई बाँकी बाह्र पर्वतांशहरूको कल्पना गर्नुपर्छ। भूमिमेरु दानको फल पनि पहिलेकै जस्तो हो। हात्तीद्वारा बाह्र पर्वतले युक्त मेरु निर्माण गरेर तीन पुरुष सहित त्यो हस्तिमेरु दान गरिन्छ। त्यो दान गरेर मानिस अक्षय फलको भागी हुन्छ । पन्ध्र अश्वको अश्वमेरु हुन्छ। यसका लागि बाह्र पर्वतका ठाउँमा बाह्र घोडा हुनुपर्दछ। श्रीविष्णु आदि देवताहरूको पूजा गरिसकेर अश्वमेरु दान गर्ने मान्छे यस जन्ममा विविध भोग उपभोग गरेर अर्को जन्ममा राजा हुन्छ। गोमेरुको विधि, सङ्ख्या र परिमाण पनि अश्वमेरुकै जस्तो हो भन्ने जान्नुपर्दछ। एक भार रेशमी वस्त्रको वस्त्रमेरु हुन्छ । त्यसलाई माझमा राखेर अन्य बाह्र पर्वतका ठाउँमा बाह्र वस्त्र राखिन्छन् । यसलाई दान गरेपछि मानिस अक्षय फलको भाग प्राप्त गर्ने हुन्छ। पाँच हजार पल घृतलाई आज्यपर्वत मानिएको छ । त्यसका सहवर्ती पर्वतहरू सबै पाँच सय पल घृतका हुनुपर्छ। यस आज्य पर्वतमा श्रीहरिलाई यजन गरिन्छ। त्यसपछि श्रीविष्णुकै सम्मुख ब्राह्मणलाई त्यो आज्यपर्वत दान गरेपछि मानिसले यस लोकमा सर्वस्व पाएर श्रीहरिको परमधाममा पुग्दछ । त्यसै गरी चिनीले खण्डमेरु बनाएर दान गर्दा पनि मानिसले पूर्वोक्त फल प्राप्त गर्दछ ।

स्वर्णत्रिशृङ्गकाः सर्वे ब्रह्मविष्णुमहेश्वरान् ।३०।
सर्वेषु पूज्य विष्णुं वा विशेषादक्षयं फलम् ।
एवं दशांशमानेन तिलमेरुं प्रकल्पयेत् ।३१।
शृङ्गाणि पूर्ववत्तस्य तथैवान्यनगेषु च ।
तिलमेरुं प्रदायाथ बन्धुभिर्विष्णुलोकभाक् ।३२।
नमो विष्णुस्वरूपाय धराधराय वै नमः ।
ब्रह्मविष्ण्वीशशृङ्गाय धरानाभिस्थिताय च ।३३।
नगद्वादशनाथाय सर्वपापापहारिणे ।
विष्णुभक्ताय शान्ताय त्राणं मे कुरु सर्वथा ।३४।
निष्पापः पितृभिः सार्द्धं विष्णुं गच्छामि ओं नमः ।
त्वं हरिस्तु हरेरग्रे अहं विष्णुश्च विष्णवे ।
निवेदयामि भक्त्या तु भुक्तिमुक्त्यर्थहेतवे ।३५।

पाँच खारी धान्यको धान्यमेरु हुन्छ । त्यस सँगसँगै एकएक खारी धान्यका अन्य बाह्र पर्वत बनाउनुपर्छ । ती सबैमा तीन तीन स्वर्णमय शिखर हुनुपर्छ । सबैमा ब्रह्मा, विष्णु र महेश तीनैको पूजा गर्नुपर्छ। श्रीविष्णुको पूजन विशेष रूपले गरिन्छ। यसबाट अक्षय फल प्राप्त हुन्छ । यसै प्रमाणको अनुसार तिलमेरु निर्माण गरेर दसौँ अंशका परिमाणमा अन्य पर्वतहरू निर्माण गरिन्छन् । त्यसको र अन्य पर्वतकै पनि पूर्वोक्त विधिले नै शिखर बनाउनुपर्छ । यस खालको तिलमेरु दान गरेपछि बन्धु बान्धवसँगै मानिस विष्णुलोकमा पुग्दछ । विष्णुस्वरूप तिलमेरुलाई नमस्कार छ। ब्रह्मा, विष्णु र महेश जसका शिखर हुन्, पृथ्वीका केन्द्रमा जो ठडिएको छ, सँगैका बाह्र पर्वतहरूको जो प्रभु हो, त्यस्तो सबै पापहरण गर्ने, शान्तिमय, विष्णुभक्त हो र त्यस्तै तिलमेरुलाई मेरो नमस्कार छ। यसले मेरो सर्वथा रक्षा गरोस्। म निष्पाप भई पितृहरूसँगै श्रीविष्णुलाई प्राप्त गरुँ। ओं नमः तिमी विष्णुस्वरूप हौ। विष्णुकै सामु म विष्णुरूपकै दाता विष्णुस्वरूपनै ब्राह्मणलाई भक्तिपूर्वक भोग र मोक्ष प्राप्तिका लागि तिम्रो दान गर्दैछु भनेर तिलमेरु दान गर्नुपर्छ ।१९-३५।

२१३. त्रयोदशाधिकद्विशततमोऽध्यायः

पृथ्वीदान

अग्निरुवाच
पृथ्वीदानं प्रवक्ष्यामि पृथिवी त्रिविधा मता ।
शतकोटिर्योजनानां सप्तद्वीपा ससागरा ।१।
जम्बूद्वीपावधिः सा च ह्युत्तमा मेदिनीरिता ।
उत्तमां पञ्चभिर्भारैः काञ्चनैश्च प्रकल्पयेत् ।२।
तदर्द्धान्तरजं कूर्मं तथा पद्मं समादिशेत् ।
उत्तमा कथिता पृथ्वीद्व्यंशेनैव तु मध्यमा ।३।
कन्यसा च त्रिभागेन त्रिहान्या कूर्मपङ्कजे ।
पलानान्तु सहस्रेण कल्पयेत् कल्पपादपम् ।४।
मूलदण्डं सपत्रं च फलपुष्पसमन्वितम् ।
पञ्चस्कन्धं तु सङ्कल्प्य पञ्चानां दापयेत्सुधीः ।५।
एतद्दाता ब्रह्मलोके पितृभिर्मोदते चिरम् ।
विष्ण्वग्रे कामधेनुं तु पलानां पञ्चभिः शतैः ।६।
ब्रह्मविष्णुमहेशाद्या देवा धेनौ व्यवस्थिताः ।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! अब म पृथ्वीदानका विषयमा भन्दछु। पृथ्वी तीन किसिमको मानिएको छ। सय करोड योजन विस्तार भएको सात द्वीपले युक्त, समुद्रहरूका साथै जम्बूद्वपसम्मको पृथ्वी उत्तम मानिएको छ । उत्तम पृथ्वीको रचना पाँच भार सुवर्णले गरिन्छ। त्यसका आधाले कुर्म र कमल बनाइन्छन् । यस्तोलाई उत्तम पृथ्वी भनिएको छ। यसको आधाबाट मध्यम पृथ्वी बन्ने मानिएको छ। यसको तेस्रो भागले बनेको कनिष्ठ पृथ्वी हो भन्ने मानिन्छ। यसका साथै पृथ्वीका तेस्रो भागमा कूर्म र कमल निर्माण गर्नुपर्दछ। एक हजार पल सुवर्णले मूल, दण्ड, पात, फल, पुष्प र पाँच स्कन्धले युक्त कल्पवृक्षको कल्पना गरिन्छ । यजमानबाट विद्वान् ब्राह्मणले सङ्कल्प गराएर पाँच ब्राह्मणलाई त्यसको दान गराउनुपर्दछ । यसको दान गर्ने मान्छे ब्रह्मलोकमा चिरकालपर्यन्त पितृहरूसँगै आनन्द उपभोग गरिरहन्छ। पाँच सय पल सुवर्णले कामधेनु निर्माण गराएर विष्णुकै सम्मुख दान गरिन्छ। ब्रह्मा, विष्णु, शिव आदि समस्त देवताहरू गाईमानै प्रतिष्ठित छन् । धेनु दान गर्दा अरू सबै दान स्वतः आफैँ

धेनुदानं सर्वदानं सर्वदं ब्रह्मलोकदम् ।७।
विष्णवग्रे कपिलां दत्त्वा तारयेत्सकलं कुलम् ।
अलङ्कृत्य स्त्रियं दद्यादश्वमेधफलं लभेत् ।८।
भूमिं दत्त्वा सर्वभाक् स्यात् सर्वशस्यप्ररोहिणीम् ।
ग्रामं वाथ पुरं वापि खेटकं च ददत्सुखौ ।
कार्तिक्यादौ वृषोत्सर्गं कुर्वंस्तारयते कुलम् ।९।

हुन्छन् । यो सबै अभिष्ट कामना सिद्ध गराउने र ब्रह्मलोक प्राप्त गराउने हुन्छ । श्रीविष्णुका सम्मुख कैली गाई दान गर्ने मानिसले आफ्ना सम्पूर्ण कूलको नै उद्धार गर्दछ । कन्यालाई गहनाले सजाएर दान गर्नाले अश्वमेध यज्ञ गरेको फल प्राप्त हुन्छ । सबै खालका अन्नबाली लाग्ने फल्ने भूमि दान दिएर मानिसले सबै कुरा प्राप्त गर्दछ । गाउँ, नगर, टोल दान गर्ने मानिस सुखी हुन्छ । कार्तिक पूर्णिमा आदिमा वृषोत्सर्ग गर्ने मानिसले आफ्ना कूलको उद्धार गर्दछ ।१-९।

२१४. चतुर्दशाधिकद्विशततमोऽध्यायः

मन्त्रमाहात्म्य

अग्निरुवाच
नाडीचक्रं प्रवक्ष्यामि यज्ज्ञानाज्ज्ञायते हरिः ।
नाभेरधस्थाद्यत्कन्दमङ्कुरास्तत्र निर्गताः ।१।
द्वासप्ततिसहस्राणि नाभिमध्ये व्यवस्थिताः ।
तिर्य्यगूर्ध्वमधश्चैव व्याप्तं ताभिः समन्ततः ।२।
चक्रवत्संस्थिता ह्येताः प्रधाना दश नाडयः ।
इडा च पिङ्गला चैव सुषुम्णा च तथैव च ।३।
गान्धारी हस्तिजिह्वा च पृथा चैव यशा तथा ।
अलम्बुषा कुहुश्चैव शङ्खिनी दशमी स्मृता ।४।
दश प्राणवहा ह्येता नाडयः परिकीर्त्तिताः ।
प्राणोऽपानः समानश्चोदानव्यानो च वायवः ।५।
नागः कूर्मोऽथ कृकरो देवदत्तो धनञ्जयः ।
प्राणस्तु प्रथमो वायुर्दशानामपि स प्रभुः ।६।
प्राणः प्राणयते प्राणं विसर्गात्पूरणं प्रति ।
नित्यमापूरयत्येष प्राणिनामुरसि स्थितः ।७।
निःश्वासोच्छ्वासकासैस्तु प्राणौ जीवसमाश्रितः ।
प्रयाणं कुरुते यस्मात्तस्मात्प्राणः प्रकीर्त्तितः ।८।
अधो नयत्यपानस्तु आहारं च नृणामधः ।
मूत्रशुक्रवहो वायुरपानस्तेन कीर्त्तितः ।९।
पीतभक्षितमाघ्रातं रक्तपित्तकफानिलम् ।
समं नयति गात्रेषु समानो नाम मारुतः ।१०।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म नाडीचक्रका विषयमा भन्दछु र त्यसलाई जान्नाले श्रीहरिकै ज्ञान प्राप्त हुन्छ। नाभीका तल्लो भागमा कन्द वा मूलाधार छ। त्यसैबाट आँकुरा भैँ नाडीहरू पलाएर आएका छन् । नाभीका मध्य भागमा बहत्तर हजार नाडीहरू रहेका छन् । यिनै नाडीहरू शरीरमा तलमाथि, दायाँबायाँ सबैतिरबाट व्याप्त भएर रहेका छन् र यिनीहरू चक्राकार रूपमा स्थित छन् । यिनीहरूमध्ये प्रधान दस नाडीहरू– इडा, पिङ्गला, सुषम्णा, गान्धारी, हस्तिजिह्वा, पृथा, यशा, अलम्बुषा, कुहू र दसौँ शङ्खिनी हुन् । प्राणलाई वहन गर्ने यिने दस प्रमुख नाडी हुन् भनिएको छ । प्राण, अपान, समान, उदान, व्यान, नाग, कूर्म, कृकर, देवदत्त र धनंजय – यी दस प्राण वायु हुन् । यिनीहरूमध्येको प्रथम प्राण नाम भएको नै यी दसको स्वामी हो । रिक्ततालाई पूर्ति गर्नका लागि यसै प्राणले प्राणहरूलाई प्राणायन वा प्रेरित गर्दछ र यो सबै प्राणीका हृदयमा रहेर अपान वायुद्वारा मलमूत्र त्यागका कारण उत्पन्न भएको रिक्तता सधैँ पूर्ण गराइरहन्छ । जीवसित यो आश्रित हुन्छ र श्वास-निश्वास खोकी आदिद्वारा ओहोर दोहोर वा प्रयाण गरिरहने गर्छ, त्यसैले यसलाई प्राण भनिएको हो । अपान वायुले आहारलाई तलतिर लैजान्छ र मूत्र एवं शुक्रलाई तलतिर ओसार्छ । यसरी नै अपायन गर्ने हुनाले नै यसलाई अपान भनिएको हो । समान वायुले खाए-पिएका र सुँघेका पदार्थ एवं रक्त, पित्त, कफ, वात आदि सबैलाई शरीरका अङ्गहरूमा समान रूपले लैजान्छ । त्यसो भएकैले त्यसलाई समान भनिएको हो । उदान नामका वायुले मुख र अधरलाई स्पन्दित गर्दछ, आँखाको अरुणिमा बढाउँछ र मर्मस्थानलाई उद्विग्न गर्छ । त्यसैले यसको नाम उदान

स्पन्दयत्यधरं वक्त्रं नेत्ररागप्रकोपनम् ।
उद्वेजयति मर्माणि उदानो नाम मारुतः ।११।
व्यानो विनामयत्यङ्गं व्यानो व्याधिप्रकोपनः ।
प्रतिदानं तथा कण्ठाद्व्यापनाद्व्यान उच्यते ।१२।
उद्गारे नाग इत्युक्तः कूर्मश्चोन्मीलने स्थितः ।
कृकरो भक्षणे चैव देवदत्तो विजृम्भिते ।१३।
धनञ्जयः स्थितो घोषे मृतस्यापि न मुञ्चति ।
जीवः प्रयाति दशधा नाडीचक्रं हि तेन तत् ।१४।
सङ्क्रान्तिर्विषुवं चैव अहोरात्रायनानि च ।
अधिमास ऋणं चैव ऊनरात्रं धनं तथा ।१५।
ऊनरात्रं भवेद्धिक्का अधिमासो विजृम्भिका ।
ऋणं चात्र भवेत्कासो निश्वासो धनमुच्यते ।१६।
उत्तरं दक्षिणं ज्ञेयं वामं दक्षिणसंज्ञितम् ।
मध्ये तु विषुवं प्रोक्तं पुटद्वयविनिःसृतम् ।१७।
सङ्क्रान्तिः पुनरस्यैव स्वस्थानात्स्थानयोगतः ।
सुषुम्णा मध्यमे ह्यङ्गे इडा वामे प्रतिष्ठिता ।१८।
पिङ्गला दक्षिणे विप्र ऊर्ध्वं प्राणो ह्यहः स्मृतम् ।
अपानो रात्रिरेवं स्यादेको वायुर्दशात्मकः ।१९।
आयामो देहमध्यस्थः सोमग्रहणमिष्यते ।
देहातितत्त्वमायाममादित्यग्रहणं विदुः ।२०।
उदरं पूरयेत्तावद्वायुना यावदीप्सितम् ।
प्राणायामो भवेदेष पूरको देहपूरकः ।२१।
पिधाय सर्वद्वाराणि निःश्वासोच्छ्वासवर्जितः ।
सम्पूर्णकुम्भवत्तिष्ठेत्प्राणायामः स कुम्भकः ।२२।
मुञ्चेद्वायुं ततस्तूर्ध्वं श्वासेनैकेन मन्त्रवित् ।
उच्छ्वासयोगयुक्तश्च वायुमूर्ध्वं विरेचयेत् ।२३।
उच्चरति स्वयं यस्मात्स्वदेहावस्थितः शिवः ।
तस्मात्तत्त्वविदां चैव स एव जप उच्यते ।२४।
अयुते द्वे सहस्रैकं षट्शतानि तथैव च ।
अहोरात्रेण योगीन्द्रो जपसङ्ख्यां करोति सः ।२५।
अजपा नाम गायत्री ब्रह्मविष्णुमहेश्वरी ।
अजपां जपते यस्तां पुनर्जन्म न विद्यते ।२६।

हो । व्यानले अङ्गहरूलाई पीडित गर्दछ । यसैले व्याधिलाई कुपित गर्दछ र कण्ठलाई अवरुद्ध गराउँछ। यस्तो व्यापनशील भएकै कारण यसलाई व्यान भनिएको हो । नागवायु उल्टी र डकारमा, कूर्मवायु आँखाको झिम्क्याइमा, प्रवृत्त भएका हुन्छन्। कृकर वायु भक्षणमा र देवदत्तवायु हाई काढ्ने रूपमा रहेका छन्। धनञ्जय वायुको स्थान घोष हो। यसले मृत शरीर पनि छोड्दैन । यी दसवटाकै कारण जीवले प्रयाण वा यात्रा गरेको हुन्छ। यसै कारण प्राणभेदले नाडीचक्रका पनि दस भेद नै हुन्छन् । सङ्क्रान्ति, विषुव, दिन, रात, अयन, अधिमास, ऋण, ऊनरात्र एवं धन यी सूर्यका गतिले हुने दसवटा दशाहरू शरीरमा पनि हुन्छन् । यस शरीरमा— हिक्का, उनरात्र, हाई काढ्नु अधिमास, खोकी, ऋण र निश्वास धन हुन् भनिएको छ। शरीरमा भएको वामनाडी उत्तरायण र दाहिने नाडी दक्षिणायन हुन्। दुवैका बीचमा नाकका दुवै छिद्रबाट निस्कने स्वासवायु विषुव हो भनिएको छ। यही विषुव वायु आफ्ना ठाउँबाट सरेर अर्काको ठाउँमा पुग्नु सङ्क्रान्ति हो । हे द्विजश्रेष्ठ वसिष्ठ ! शरीरका बीच भागमा सुषुम्णा रहेको छ, बायाँ भागमा इडा र दाहिने भागमा पिङ्गला छ । ऊध्वगतितर्फ लाग्ने प्राण दिन मानिएको छ र अधोगति लाग्ने अपानलाई रात्रि भनिएको छ। एउटै प्राणवायु दस वायुका रूपमा विभाजित छ । शरीरभित्र प्राणवायुको आयाम बढ्नुलाई चन्द्रग्रहण भनिन्छ । त्यही नै जब शरीरभन्दा माथिसम्म बढेर जान्छ त्यस बेला त्यसलाई सूर्यग्रहण मान्दछन् ।१–२०।

आफ्ना पेटमा जति वायु भर्न सकिन्छ त्यति साधकले भरोस् । देहलाई पूरा गराउने यो प्राणायाम पूरक हो । सास निस्कने सबै बाटाहरू थुनेर श्वासप्रश्वासको क्रिया शून्य गराई भरिएको कुम्भझैं अडिएर बस्नुलाई कुम्भक प्राणायाम भनिएको छ । त्यसपछि मन्त्रवेत्ता साधकले माथितिर एउटामात्रै नाकको प्वालबाट निकाल्छन् । यस किसिमले उच्छ्वासयोगले युक्त भएर माथितर्फ विरेचन वा निःसारण गर्नु नै रेचक प्राणायाम हो । यस श्वासप्रश्वासका क्रियाले आफ्नै शरीरमा रहेका शिवस्वरूप ब्रह्मलाई सोऽहं र हंस भनी उच्चारण गरिन्छ। त्यसै कारण तत्त्ववेत्ताहरूका मतमा त्यसैलाई जप भनिएको छ। यस किसिमले एउटा तत्त्ववेत्ता योगीन्द्रले एक दिनरातमा एक्काईस हजार छ सय पटकको सङ्ख्यामा मन्त्र जप गर्दछ। यो नै ब्रह्मा, विष्णु र महेशसित सम्बन्धित अजपा नामको गायत्री हो। जसले यस्तो अजपाको जप गर्दछ उसको पुनर्जन्म हुँदैन ।चन्द्रमा, अग्नि तथा सूर्यबाट संयुक्त भएको र मूलाधारमा निवास गर्ने कुण्डलिनी शक्ति

चन्द्राग्निरविसंयुक्ता आद्या कुण्डलिनी मता ।
हृत्प्रदेशे तु सा ज्ञेया अङ्कुराकारसंस्थिता ।२७।
सृष्टिन्यासो भवेत्तत्र स वै सर्गावलम्बनात् ।
स्रवन्तं चिन्तयेत्तस्मिन्नमृतं सात्त्विकोत्तमः ।२८।
देहस्थः सफलो ज्ञेयो निष्फलो देहवर्जितः ।
हंसहंसेति यो ब्रूयाद्धंसो देवः सदाशिवः ।२९।
तिलेषु च यथा तैलं पुष्पे गन्धः समाश्रितः ।
पुरुषस्य तथा देहे स बाह्याभ्यन्तरं स्थितः ।३०।
ब्रह्मणो हृदये स्थानं कण्ठे विष्णुः समाश्रितः ।
तालुमध्ये स्थितो रुद्रो ललाटे तु महेश्वरः ।३१।
प्राणाग्रं तु शिवं विद्यात्तस्यान्ते तु परापरम् ।
पञ्चधा सफलः प्रोक्तो विपरीतस्तु निष्फलः ।३२।
प्रासादं नादमुत्थाप्य सततं तु जपेद्यदि ।
षण्मासात्सिद्धिमाप्नोति योगयुक्तो न संशयः ।३३।
गमागमस्य ज्ञानेन सर्वपापक्षयो भवेत् ।
अणिमादिगुणैश्वर्य्यं षड्भिर्मासैरवाप्नुयात् ।३४।
स्थूलः सूक्ष्मः परश्चेति प्रासादः कथितो मया ।
ह्रस्वो दीर्घः प्लुतश्चेति प्रासादं लक्षयेत् त्रिधा ।३५।
ह्रस्वो दहति पापानि दीर्घो मोक्षप्रदो भवेत् ।
आप्यायने प्लुतश्चेति मूर्ध्नि विन्दुविभूषितः ।३६।
आदावन्ते च ह्रस्वस्य फट्कारो मारणे हितः ।
आदावन्ते च हृदयमाकृष्टौ सम्प्रकीर्त्तितम् ।३७।
देवस्य दक्षिणां मूर्त्तिं पञ्चलक्षं स्थितो जपेत् ।
जपान्ते घृतहोमस्तु दशसाहस्रिको भवेत् ।३८।
एकमाप्यायितो मन्त्रो वश्योच्चाटादि कारयेत् ।
ऊर्ध्वं शून्यमधः शून्यं मध्ये शून्यं निरामयम् ।३९।
त्रिशून्यं यो विजानाति मुच्यतेऽसौ ध्रुवं द्विजः ।
प्रासादं यो न जानाति पञ्चमन्त्रमहातनुम् ।४०।
अष्टत्रिंशत्कलायुक्तं न स आचार्य्य उच्यते ।
तथोङ्कारं च गायत्रीं रुद्रादीन्वेत्त्यसौ गुरुः ।४१।

हृदयप्रदेशमा अङ्कुरका आकारमा रहेको हुन्छ। योगीले उसै सात्त्विक पुरुषहरूमध्येको उत्तम सृष्टिक्रमलाई अबलम्बन गरेर सृष्टिन्यास गरोस् र ब्रह्मरन्ध्रमा रहेका शिवबाट कुण्डलिनीका मुखमा खस्ने अमृतको चिन्तन गरोस्। शिवका सकल र निष्कल गरी दुई रूप छन्। सगुण वा साकार देहमा रहेका शिवलाई सकल हुन् भनी जान्नुपर्दछ र जो देहविहीन छन् उनलाई निष्कल भनिएको छ। तिनले हंस-हंसको जप गरिरहेका हुन्छन्। हंस भन्ने नाम नै सदाशिवको हो। जसरी तिलमा तेल र फूलमा सुगन्ध रहेकै हुन्छ उसै गरी अन्तर्यामी सदाशिवको निवास जीवात्माका बाहिर र भित्र रहेकै हुन्छ। ब्रह्माको स्थान हृदयमा छ, भगवान् विष्णु कण्ठमा बसेका छन्, तालुका बीच भागमा रुद्र हुन्छन्, निधारमा महेश्वर र प्राणका अग्रभागमा सदाशिवको स्थान छ। तिनका अन्त्यमा परात्पर ब्रह्म विराजमान छन्। ब्रह्मा, विष्णु, रुद्र, महेश्वर र सदाशिव यी पाँच रूपमा सकल वा साकार वा सगुण परमात्माले वर्णन गरिएको छ। यसको विपरित परमात्मा निर्गुण वा निराकार रूपमा जो छन् तिनलाई निष्कल भनिएको छ। जुन योगीले प्रासादसम्म अनाहत नाद उठाएर अनवरत जप गर्दछ उसले छ महिनामै सिद्धि प्राप्त गर्दछ, यसमा सन्देह नै छैन। गमनागमनको ज्ञानबाट समस्त पाप क्षय हुन्छन् र योगीले अणिमा आदि सिद्धि, गुण र ऐश्वर्य छ महिनामै प्राप्त गर्दछ। मैले स्थूल, सूक्ष्म र परका भेदले तीन किसिमले प्रासादको वर्णन गरेको छु। प्रासादलाई ह्रस्व, दीर्घ र प्लुत यी तीन रूपमा हेर्नुपर्दछ। ह्रस्वले पाप भस्म गराउँछ। दीर्घले मोक्ष प्रदान गर्दछ र प्लुतले तृप्ति प्रधान गर्दछ। यो अनुस्वार वा बिन्दुका रूपमा मस्तकमा विराजमान हुन्छ। ह्रस्व प्रासादलाई मन्त्रका आदि र अन्त्यमा फट् लगाएर जप गरिएको छ भने त्यो मारण कर्ममा हितकारी हुन्छ। यदि त्यसका आदि र अन्त्यमा नमः पद जोडेर जप गरिएको छ भने आकर्षण साधक हुन्छ भनिएको छ। महादेवको दक्षिणामूर्तिरूपसित सम्बन्धित मन्त्र यदि उभिई उभिई पाँच लाख पटक जप गरिएको छ र जप गरिसकिएपछि दस हजार पटक घिउको होम गरिएको छ भने त्यो मन्त्र सिद्ध हुन्छ। त्यसपछि त्यसले वशीकरण, उच्चाटन आदि कार्य गर्न सक्दछ। माथि शून्य, तल शून्य र बीचमा पनि शून्य भएको त्रिशून्य निरामय मन्त्र जुन छ, त्यसलाई जसले जान्दछ निश्चय नै त्यो द्विज मुक्त हुन्छ। पाँचवटा मन्त्रका मेलबाट बनेको महाकलवेवरधारी अठतीस कलायुक्त प्रासादमन्त्र जसले जानेको छैन उसलाई आचार्य भनिँदैन। ओङ्कार, गायत्री र रुद्र आदिका मन्त्र जसले जान्दछ त्यही नै गुरु हो।२१-४१।

२१५. पञ्चदशाधिकद्विशततमोऽध्यायः

सन्ध्याविधि

अग्निरुवाच

ओङ्कारं यो विजानाति स योगी स हरिः पुमान् ।
ओङ्कारमभ्यसेत्तस्मान्मन्त्रसारं तु सर्वदम् ।१।
सर्वमन्त्रप्रयोगेषु प्रणवः प्रथमः स्मृतः ।
तेन सम्परिपूर्णं यत्तत्पूर्णं कर्म नेतरत् ।२।
ओङ्कारपूर्विकास्तिस्रो महाव्याहृतयोऽव्ययाः ।
त्रिपदा चैव सावित्री विज्ञेयं ब्रह्मणो मुखम् ।३।
योऽधीतेऽहन्यहन्येतास्त्रीणि वर्षाण्यतन्द्रितः ।
स ब्रह्म परमभ्येति वायुभूतः खमूर्त्तिमान् ।४।
एकाक्षरं परं ब्रह्म प्राणायामात्परन्तपः ।
सावित्र्यास्तु परं नास्ति मौनात्सत्यं विशिष्यते ।५।
सप्तावर्त्ता पापहरा दशभिः प्रापयेद्दिवम् ।
विंशावर्त्ता तु सा देवी नयते हीश्वरालयम् ।६।
अष्टोत्तरशतं जप्त्वा तीर्णः संसारसागरात् ।
रुद्रकूष्माण्डजप्येभ्यो गायत्री तु विशिष्यते ।७।
न गायत्र्याः परं जप्यं न व्याहृतिसमं हुतम् ।
गायत्र्याः पादमप्यर्द्धमृगर्धमृचमेव वा ।८।
ब्रह्महत्या सुरापानं सुवर्णस्तेयमेव च ।
गुरुदारागमश्चैव जप्येनैव पुनाति सा ।९।
पापे कृते तिलैर्होमो गायत्रीजप ईरितः ।
जप्त्वा सहस्रं गायत्र्या उपवासी स पापहा ।१०।
गोघ्नः पितृघ्नो मातृघ्नो ब्रह्महा गुरुतल्पगः ।
ब्रह्मघ्नः स्वर्णहारी च सुरापो लक्षजप्यतः ।११।
शुध्यते वाऽथ वा स्नात्वा शतमन्तर्जले जपेत् ।
अपःशतेन पीत्वा तु गायत्र्याः पापहा भवेत् ।१२।
शतं जप्ता तु गायत्री पापोपशमनी स्मृता ।
सहस्रं जप्ता सा देवी ह्युपपातकनाशिनी ।१३।
अभीष्टदा कोटिजप्या देवत्वं राजतामियात् ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! जुन मान्छेले ओङ्कारलाई जानेको छ ऊ योगी र विष्णुस्वरूप हुन्छ । त्यसले सबै मन्त्रहरूको सारस्वरूप र सबै कुरा दिने ओङ्कारको अभ्यास गर्नुपर्दछ । सबै मन्त्रका प्रयोगमा सबैभन्दा पहिले ओङ्कारकै स्मरण गरिन्छ । जुन कर्म त्यससित युक्त हुन्छन्, तिनै पूर्ण हुन्छन् । त्यसबाट अलग रहेका कर्म पूरा हुँदैनन् । पहिले ओङ्कारयुक्त भूः भुवः स्वः यी तीन शाश्वत महाव्याहृतिहरू र तत्सवितुर्वरेण्यं, भर्गोदेवस्य धीमहि धियो यो नः प्रचोदयात् यी तीन पदले युक्त गायत्रीलाई वेद वा ब्रह्मको मुख हो भनी जान्नुपर्दछ । जुन मान्छे अल्छ्याइँ नगरीकन लगातार तीन वर्षसम्म गायत्रीको जप गर्दछ ऊ वायु रूप वा आकाशरूप भएर परब्रह्मलाई प्राप्त गर्न पुग्दछ । एक अक्षरको ओङ्कार नै परब्रह्म हो र प्राणायाम नै परम तप हो । गायत्री मन्त्रभन्दा श्रेष्ठ केही छैन र मौन बस्नुभन्दा सत्यभाषण अरू केही हुँदैन । गायत्रीका सात आवृत्तिले पाप हरण गर्दछ । दस आवृत्तिले जपकर्तालाई स्वर्गलोक पुऱ्याउँदछ र बीस आवृत्ति गर्दा त स्वं गायत्री देवीले त्यसलाई ईश्वरलोकमा लैजान्छिन् । एक सय आठपटक गायत्रीको जप गरेर संसारसागरबाट साधक तर्दछ । रुद्र मन्त्रको जप र कुष्माण्ड मन्त्रको जपभन्दा गायत्री मन्त्रको जप श्रेष्ठ छ । गायत्रीभन्दा ठूलो कुनै पनि जप गर्न योग्य मन्त्र छैन र व्याहृति होमभन्दा ठूलो अर्को होम पनि छैन । गायत्रीको एक चरण, आधा चरण, सम्पूर्ण ऋचा वा आधा ऋचाको मात्रै जप गरे पनि गायत्री देवीले साधकलाई ब्रह्महत्या, सुरापान, सुवर्णचोरी र गुरूपत्नी गमन आदि महापातकबाट मुक्त गराउँछिन् । जुनसुकै पाप गरिएको भए पनि त्यसको प्रायश्चित्तका रूपमा तिलको हवन र गायत्रीको जप बताइएको छ । उपवास गर्दै एक हजारपटक गायत्री मन्त्रको जप गर्नेले आफ्ना पापहरू नष्ट गर्दछ । गौहत्या, पितृवध, मातृवध, ब्रह्महत्या अथवा गुरूपत्नीगमन गर्ने, ब्राह्मणको जीविका खोस्ने, सुवर्ण चोर्ने र सुरापान गर्ने महापातकी पनि एक लाख गायत्री जप गरेपछि शुद्ध हुन्छ । अथवा स्नान गरिसकेर पानीभित्रै एक सयपटक गायत्री जप गर्नुपर्दछ । त्यसपछि गायत्री मन्त्रले मन्त्रिएका पानीले सयपटक आचमन गर्नुपर्छ । यसो गर्दा पनि मानिस पापरहित नै हुन्छ । गायत्रीको जप सयपटक गर्नाले समस्त पापहरू

ओङ्कारं पूर्वमुच्चार्य्य भूर्भुवः स्वस्तथैवच ।१४।
गायत्री प्रणवश्चान्ते जपे चैवमुदाहृतम् ।
विश्वामित्र ऋषिश्छन्दो गायत्रं सविता तथा ।१५।
देवतोपनये जप्ये विनियोगो हुते तथा ।
अग्निर्वायू रविर्विद्युत् यमो जलपतिर्गुरुः ।१६।
पर्जन्य इन्द्रो गन्धर्वः पूषा च तदतन्तरम् ।
मित्रोऽथ वरुणस्त्वष्टा वसवो मरुतः शशी ।१७।
अङ्गिरा विश्वधासत्यौ कस्तथा सर्वदेवताः ।
रुद्रो ब्रह्मा च विष्णुश्च क्रमशोऽक्षर देवताः ।१८।
गायत्र्या जपकाले तु कथिताः पापनाशनाः ।
पादाङ्गुष्ठौ च गुल्फौ च नलकौ जानुनी तथा ।१९।
जङ्घे शिश्नश्च वृषणौ कटिर्नाभिस्तथोदरम् ।
स्तनौ च हृदयं ग्रीवा मुखं तालु च नासिके ।२०।
चक्षुषी च भ्रुवोर्मध्यं ललाटं पूर्वमाननम् ।
दक्षिणोत्तरपार्श्वे द्वे शिर आस्यमनुक्रमात् ।२१।
पीतः श्यामश्च कपिलो मरकतोऽग्निसन्निभः ।
रुक्मविद्युद् धूम्रकृष्णरक्तगौरेन्द्रनीलभाः ।२२।
स्फटिकस्वर्णपाण्ड्वाभाः पद्मरागोऽखिलद्युतिः ।
हेमधूम्ररक्तनीलरक्तकृष्णसुवर्णभाः ।२३।
शुक्लकृष्णपलाशाभा गायत्र्या वर्णकाः क्रमात् ।
ध्यानकाले पापहरा हुतैष सर्वकामदा ।२४।
गायत्र्या तु तिलैर्होमः सर्वपापप्रणाशनः ।
शान्तिकामो यवैः कुर्य्यादायुष्कामो घृतेन च ।२५।
सिद्धार्थकैः कर्मसिद्ध्यै पयसा ब्रह्मवर्चसे ।
पुत्रकामस्तथा दध्ना धान्यकामस्तु शालिभिः ।२६।
क्षीरिवृक्षसमिद्भिस्तु ग्रहपीडोपशान्तये ।
धनकामस्तथा बिल्वैः श्रीकामः कमलेस्तथा ।२७।
आरोग्यकामो दूर्वाभिर्गुरूत्पाते स एव हि ।
सौभाग्येच्छुर्गुग्गुलुना विद्यार्थी पायसेन च ।२८।
अयुतेनोक्तसिद्धिः स्याल्लक्षेण मनसेप्सितम् ।
कोट्या ब्रह्मवधान्मुक्तः कुलोद्धारी हरिर्भवेत् ।२९।

तिनले उपगमन गर्दछ भन्ने मानिन्छ र एक हजार जप गर्दा उपपातकहरू पनि नाश गर्दछ। एक करोड जप गर्दा गायत्री देवीले अभिष्ट फल प्रदान गर्दछिन् । जपकर्ताले देवत्व र देवराजत्व पनि प्राप्त गर्दछ। सुरुमा ओङ्कार त्यसपछि भूर्भुवः स्वः उच्चारण गर्नुपर्दछ। त्यसपछि गायत्री मन्त्रको र अन्त्यमा फेरि ओङ्कारको प्रयोग गर्नुपर्दछ । जप गर्दाखेरि मन्त्रको स्वरूप यस्तै हुन्छ भन्ने बताइएको छ। गायत्री मन्त्रका ऋषि विश्वामित्र, छन्द गायत्री र सविता देवता हुन् ।१-१५।

उपनयन, जप र होममा यिनको विनियोग गर्नुपर्दछ । गायत्री मन्त्रका चौबीस अक्षरका अधिष्ठातृ देवताहरू क्रमशः अग्नि, वायु, रवि, विद्युत्, यम, जलपति, गुरु, पर्जन्य, इन्द्र, गन्धर्व, पूषा, मित्र, वरुण, त्वष्टा, वसुगण, मरुद्गण, चन्द्रमा, अङ्गिरा, विश्वदेव, अश्विनीकुमार, प्रजापतिसहित समस्त देवगण, रुद्र, ब्रह्मा र विष्णु हुन् । गायत्री जपका समयमा उपर्युक्त देवताहरूको उच्चारण गरियो भने जपकर्ताका पाप विनाश गरिदिन्छन् । गायत्री मन्त्रका प्रत्येक अक्षरलाई निम्नलिखित रूपमा एक एक अङ्गमा न्यास गर्नुपर्दछ । दुवै गोडाका बुढी औँला, गोलीगाँठा, नलीखुट्टा वा पिँडुला, घुँडा, तिघ्रा, उपस्थ, वृषण, कम्मर, नाभी, पेट, स्तनभाग, हृदय, गलो, मुख वा तल्लो ओठ, तालु, नाक, दुवै आँखा, भौँहरू, निधार, माथिल्लो ओठ, मुख मण्डलको आहिने पार्श्व वा गालो, देब्रे गालो, शिर र समस्त मुख मण्डल । गायत्रीका चोबीस अक्षरका वर्ण क्रमशः पीत, श्याम, कपिल, मरकतमणिसदृश, अग्नितुल्य, रुक्मसदृश, विद्युत्प्रभ, धूम्र, कृष्ण, रक्त, गौर, इन्द्रनीलमणिसदृश, स्फटिकमणितुल्य, स्वर्णिम, पाण्डु, पुखराजतुल्य, अखिलद्युति, हेमाभधूम्र, रक्तनील, रक्तकृष्ण, सुवर्णाभ, शुक्ल, कृष्ण, पलाशवर्ण हुन् । गायत्रीको ध्यान गर्नाले सम्पूर्ण पाप नाश हुन्छ र हवन गर्नाले सम्पूर्ण अभीष्ट कामनाहरू पूरा हुन्छन् । गायत्री मन्त्रले तिलको होम गर्दा सम्पूर्ण पापहरू विनाश हुन्छन् । शान्तिको इच्छा भएका मनिसले जौको र दीर्घायु कामना गर्नेले घिउको हवन गर्नुपर्दछ । कर्म सिद्धिका लागि तोरीको, ब्रह्मतेज प्राप्तिका लागि दुधको, पुत्रकामना गर्नेले दहीको र धेरै अन्नबालीको कामना गर्नेले अगहनी (मंसिरे) धानका चामलको हवन गर्नुपर्छ । ग्रहपीडा शान्त गर्नका लागि खयरका दाउराको समिधाको, धनको कामना गर्नेले बेलपत्रको, लक्ष्मीकामना गर्नेले कमलपुष्पको, आरोग्यको इच्छा गर्नेले र ठूलो आपद्‌बाट तर्सेका मानिसले दुबोको, सौभाग्यको कामना गर्नेले गुग्गुलको र विद्याको कामना गर्नेले खिरको हवन गर्नुपर्दछ। दस हजार

प्रहयज्ञमुखो वापि होमो ऽयुतमुखो ऽर्थकृत् ।
आवाहनं च गायत्र्यास्तत ओङ्कारमभ्यसेत् ।३०।
स्मृत्वौङ्कारं तु गायत्र्या निबध्नीयाच्छिखां ततः ।
पुनराचम्य हृदयं नाभिं स्कन्धौ च संस्पृशेत् ।३१।
प्रणवस्य ऋषिर्ब्रह्म गायत्रीच्छन्द एव च ।
देवो ऽग्निः परमात्मा स्याद्योगो वै सर्वकर्मसु ।३२।
शुक्ला चाग्निमुखी दिव्या कात्यायनसगोत्रजा ।
त्रैलोक्यवरणा दिव्या पृथिव्याधारसंयुता ।
अक्षसूत्रधरा देवी पद्मासनगता शुभा ।३३।
ओं तेजो ऽसि महो ऽसि बलमसि भ्राजो ऽसि देवानान्धामनामासि विश्वमासि विश्वायुः सर्वमसि सर्वायुः ओं अभि भूः आगच्छ वरदे देवि जप्ये मे सन्निधौ भव ।३४।
व्याहृतीनां तु सर्वासामृषिरेव प्रजापतिः ।
व्यस्ताश्चैव समस्ताश्च ब्राह्ममक्षरमोमिति ।३५।
विश्वामित्रो जमदग्निर्भरद्वाजो ऽथ गौतमः ।
ऋषिरत्रिर्वसिष्ठश्च काश्यपश्च यथाक्रमम् ।३६।
अग्निर्वायू रविश्चैव वाक्पतिर्वरुणस्तथा ।
इन्द्रो विष्णुर्व्याहृतीनां दैवतानि यथाक्रमम् ।३७।
गायत्र्युष्णिगनुष्टुप् च बृहती पङ्क्तिरेव च ।
त्रिष्टुप् च जगती चेती छन्दांस्याहुरनुक्रमात् ।३८।
विनियोगो व्याहृतीनां प्राणायामे च होमके ।
आपोहिष्ठेत्यृचा चापां द्रुपदादीति वा स्मृता ।३९।
तथा हिरण्यवर्णाभिः पावमानीभिरन्ततः ।
विप्रुषो ऽष्टौ क्षिपेदूर्ध्वमाजन्मकृतपापजित् ।४०।
अन्तर्जले ऋतञ्चेति जपेत् त्रिरघमर्षणम् ।
आपोहिष्ठेतित्र्यृचस्याश्च सिन्धुद्वीप ऋषिः स्मृतः ।४१।
ब्रह्मस्नानाय छन्दो ऽस्य गायत्री देवता जलम् ।
मार्जने विनियोगो ऽस्य हयावभृथके ऋतोः ।४२।
अघमर्षणसूक्तस्य ऋषिरेवाघमर्षणम् ।
अनुष्टुप् च भवेच्छन्दो भाववृत्तस्तु दैवतम् ।४३।
आपोज्योती रस इति गायत्र्यास्तु शिरः स्मृतम् ।

आहुति दिनाले उपर्युक्त कामनाहरू सिद्ध हुन्छन् र एक लाख आहुति दिंदा साधकले मनमा रुचाएको वस्तु प्राप्त गर्दछ । एक करोड आहुतिले होता ब्रह्महत्या जस्ता महापातकबाट मुक्त भएर आफ्ना कुलको उद्धार गरी ऊ श्रीहरिकै स्वरूप हुन पुग्छ । ग्रहहरूलाई शान्त गर्नका लागि हवन गरिएको हो भने त्यसमा पनि गायत्री मन्त्रले दस हसजार आहुति दिँदा खोजेको फल प्राप्त हुन्छ । गायत्रीलाई आवाहन गरेर ओङ्कार उच्चारण गर्नुपर्दछ । गायत्री मन्त्रसहित ओङ्कार उच्चारण गर्दै शिखा बाँध्नुपर्दछ । त्यसपछि आचमन गरेर हृदय, नाभी र दुवै काँध स्पर्श गर्नुपर्छ ।१६-३१।

प्रणवका ऋषि ब्रह्मा, छन्द गायत्री र अग्नि वा परमात्मा देवता हुन्। सम्पूर्ण कर्मका प्रारम्भमा यसको प्रयोग गरिन्छ। गायत्री देवीको ध्यान यस प्रकार गरिन्छ— शुक्ला चाग्निमुखी दिव्या कात्यायनसगोत्रजा । त्रैलोक्यवरणा दिव्या पृथिव्याधारसंयुता । अक्षसूत्रधरा देवी पद्मासनगता शुभा । त्यसपछि निम्नाङ्कित मन्त्रले गायत्री देवीको आवाहन गरिन्छ— ओं तेजोऽसि महोऽसि बलमसि भ्राजोऽसि देवानां धामनामाऽसि । विश्वमसि विश्वायुः सर्वमसि सर्वायुः ओम् अभि भूः । आगच्छ वरदे देवि जपे मे संनिधौ भव । गायन्तं त्रायसे यस्माद् गायत्री त्वं ततः स्मृता । समस्त व्याहृतिहरूका ऋषि प्रजापति नै हुन् । उनी व्यष्टि र समष्टि सबैभित्र व्यष्टि र समष्टि दुवै रूपले परब्रह्मस्वरूप भएर एकाक्षर ओं मा रहेका छन् । सप्तव्याहृतिहरूका ऋषि क्रमशः— विश्वामित्र, जमदग्नि, भरद्वाज, गौतम, अत्रि, वसिष्ठ तथा कश्यप हुन् । उनीहरूका देवता क्रमशः— अग्नि, वायु, सूर्य, बृहस्पति, वरुण, इन्द्र र विश्वदेव हुन् । गायत्री, उष्णिक, अनुष्टुप्, बृहती, पङ्क्ति, त्रिष्टुप् र जगती सात व्याहृतिहरूका छन्दहरू क्रमशः हुन् । प्राणायाम र होममा यी व्याहृतिहरूको विनियोग हुन्छ । यसरी तीन ऋचा— ओं आपो हि ष्ठा मयो भुवः, ओम् ता न ऊर्जे दधातन, ओं महेरणाय चक्षसे, ओं यो वः शिवतमो रसः, ओं तस्य भाजयतेह नः, ओं उशतीरिव मातरः, ओं तस्मा अरं गमाम वः, ओं यस्य क्षयायः जिन्वथ, ओं आपो जनयथा च नः । ओं द्रुपदादिव मुमुचानः स्विन्नः स्नातो मलादिव । पूतं पवित्रेणेवाज्यमापः शुन्धन्तु मैनसः । हिरण्यवर्णाः शुचयः मन्त्र र पावमानी ऋचाहरू उच्चारण गरेर पानीका आठ थोपा माथितिर छर्किनुपर्छ। यसो गर्दा जीवनभरिका पाप नष्ट हुन्छन्। ऋतं च इत्यादि अधमर्षण ऋचालाई पानीभित्रै तीन पटक जप गर्नुपर्दछ । आपो हि ष्ठा आदि तीन ऋचाका ऋषि सिन्धुद्वीप, छन्द गायत्री, जल देवता हुन् भन्ने मानिन्छ । ब्राह्मस्नानमा मार्जनका लागि यसैको विनियोग गरिन्छ । अधमर्षण सूक्तका

ऋषिः प्रजापतिस्तस्य छन्दोहीनं यजुर्यतः ।४४।
ब्रह्माग्निवायुसूर्य्याश्च देवताः परिकीर्तिताः ।
प्राणरोधात्तु वायुः स्याद्वायोरग्निश्च जायते ।४५।
अग्नेरापस्ततः शुद्धिस्ततश्चाचमनं चरेत् ।
अन्तश्चरति भूतेषु गुहायां विश्वमूर्तिषु ।४६।
तपोयज्ञवषट्कार आपोज्योती रसोऽमृतम् ।
उदुत्यं जातवेदसमृषिः प्रष्कन्न उच्यते ।४७।
गायत्रीच्छन्द आख्यातं सूर्य्यश्चैव तु दैवतम् ।
अतिरात्रे नियोगः स्यादग्नीषोमो नियोगकः ।४८।
चित्रन्देवेति ऋचके ऋषिः कौत्स उदाहृतः ।
त्रिष्टुप्छन्दो दैवतं च सूर्योऽस्याः परिकीर्तितम् ।४९।

ऋषि अघमर्षण, छन्द अनुष्टुप् र देवता भाववृत्त हुन् भनी अघमर्षण मन्त्रको विनियोग गरिन्छ। पापनिःसारणयका लागि यसको प्रयोग गरिन्छ। ओं आपो ज्योती रसोऽमृतं ब्रह्म भूर्भुवः स्वरोम् गायत्री मन्त्रको शिरोभाग हो। यसको ऋषि प्रजापति हुन् र छन्दविहीन यजुर्मन्त्र हो किनभने यजुर्वेदका निश्चित अक्षरका छन्दमा नपरेका मन्त्र पनि छन्। यस शिरोमन्त्रका देवता ब्रह्मा, अग्नि, वायु र सूर्य देवता मानिएका छन्। प्राणायामबाट वायु, वायुबाट अग्नि र अग्निबाट जल उत्पत्ति हुन्छ र त्यसै जलले शुद्धि हुन्छ। त्यसैले जल आचमन गर्दा अन्तश्चरसि भूतेषु गुहायां विश्वमूर्तिषु। तपो यज्ञो वषट्कार आपो ज्योती रसोऽमृतम् भन्ने मन्त्रले गरिन्छ। उदुत्यं जातवेदसं यस मन्त्रका ऋषि प्रस्कण्व हुन् भनिन्छ। यसको छन्द गायत्री र देवता सूर्य हुन्। अतिरात्र र अग्निष्टोम यागम यसको विनियोग हुन्छ। चित्रं देवानां ऋचाका ऋषि कौत्स हुन् भनिएको छ। यसको छन्द त्रिष्टुप् र देवता सूर्य हुन् भन्ने मानिन्छ। यसको पनि सूर्योपस्थानमा नै विनियोग हुन्छ।३२-४९।

२१६. षोडशाधिकद्विशततमोऽध्यायः

गायत्रीनिर्वाण

अग्निरुवाच

एवं सन्ध्याविधिं कृत्वा गायत्रीं च जपेत्स्मरेत् ।
गायञ्छिष्यान्यतस्त्रायेद्भार्य्यां प्राणांस्तथैव च ।१।
ततः स्मृतेयं गायत्री सावित्रीयं ततो यतः ।
प्रकाशनात्सा सवितुर्वाग्रूपत्वात्सरस्वती ।२।
तज्ज्योतिः परमं ब्रह्म भर्गस्तेजो यतः स्मृतम् ।
भा दीप्ताविधि रूपं हि भ्रस्जः पाकेऽथ तत्स्मृतम् ।३।
ओषध्यादिकं पचति भ्राजृ दीप्तौ तथा भवेत् ।
भर्गः स्याद् भ्राजत इति बहुलं छन्द ईरितम् ।४।
वरेण्यं सर्वतेजोभ्यः श्रेष्ठं वै परमं पदम् ।
स्वर्गापवर्गकामैर्वा वरणीयं सदैव हि ।५।
वृणोतेर्वरणार्थत्वाज्जाग्रत्स्वप्नादिवर्जितम् ।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! यस किसिमले सन्ध्याको विधान गरेर गायत्रीलाई जप र स्मरण गरिन्छ। आफ्नो गायन गर्ने साधकको शरीर र प्राणलाई यसले रक्षा वा त्राण गर्दछ। त्यसैले यसलाई गायत्री भनिएको हो। सविता वा सूर्यबाट यो प्रकट भएको हुँदा यसलाई सावित्री भनिन्छ। वाणीको स्वरूप भएको हुनाले यो सरस्वती नामले पनि प्रसिद्ध छ। तत् पदले ज्योतिस्वरूप परब्रह्म परमात्माको बोध हुन्छ। भर्ग भन्ने पद तेजकै वाचक हो। किनभने भा धातु दीप्ति अर्थमा छ र यसैबाट भर्ग शब्द सिद्ध हुन्छ। जो भासमान छ उही भर्ग हो भन्ने यसको व्युत्पत्ति छ। अथवा भ्रस्ज पाके भन्ने धातु सूत्र अनुसार पाक अर्थमा रहेको भ्रस्ज धातुबाट पनि भर्ग शब्दको व्युत्पादन हुन्छ। किनभने सूर्यदेवता तेजले नै औषधिहरूलाई पकाउँछ। भ्राजृ धातु पनि दीप्ति अर्थकै हुन्छ। भ्राजते इति भर्गः भन्ने व्युत्पत्तिअनुसार भ्राज धातुबाट पनि भर्ग शब्द बन्छ। बहुलं छन्दसि भन्ने वैदिक व्याकरणको सूत्रअनुसार उक्त सबै धातुबाट आवश्यक प्रत्यय, आगम र विकारबाट भर्ग शब्द बन्न सक्छ। वरेण्य शब्दको अर्थ सम्पूर्ण तेजहरूमा श्रेष्ठ परमपदस्वरूप हो। अथवा स्वर्ग एवं मोक्षको कामना गर्नेहरूद्वारा सधैँ वरणीय भएका कारण पनि त्यसलाई वरेण्य भनिन्छ। किनभने वृञ् धातु वरणका अर्थमा छ। धीमहि

नित्यशुद्धबुद्धमेकं सत्यं तं धीमहीश्वरम् ।६।
अहं ब्रह्म परं ज्योतिर्ध्यायेमहि विमुक्तये ।
तज्ज्योतिर्भगवान्विष्णुर्जगज्जन्मादिकारणम् ।७।
शिवं केचित्पठन्ति स्म शक्तिरूपं पठन्ति च ।
केचित्सूर्य्यं केचिदग्निं वेदगा अग्निहोत्रिणः ।८।
अग्न्यादिरूपी विष्णुर्हि वेदादौ ब्रह्म गीयते ।
तत्पदं परमं विष्णोर्देवस्य सवितुः स्मृतम् ।९।
महदाज्यं सूयते हि स्वयं ज्योतिर्हरिः प्रभुः ।
पर्जन्यो वायुरादित्यः शीतोष्णाद्यैश्च पाचयेत् ।१०।
अग्नौ प्रास्ताहुतिः सम्यगादित्यमुपतिष्ठते ।
आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः ।११।
दधातेर्वा धीमहीति मनसा धारयेमहि ।
नोऽस्माकं यश्च भर्गश्च सर्वेषां प्राणिनां धियः ।१२।
चोदयात्प्रेरयेद् बुद्धीर्भोक्तृणां सर्वकर्मसु ।
दृष्टादृष्टाविपाकेषु विष्णुसूर्य्याग्निरूपवान् ।१३।
ईश्वरप्रेरितो गच्छेत्स्वर्गं वा श्वभ्रमेव वा ।
ईशावास्यमिदं सर्वं महदादिजगद्धरिः ।१४।
स्वर्गाद्यैः क्रीडते देवो योऽहं स पुरुषः प्रभुः ।
आदित्यान्तर्गतं यच्च भर्गाख्यं वै मुमुक्षुभिः ।१५।
जन्ममृत्युविनाशाय दुःखस्य त्रिविधस्य च ।
ध्यानेन पुरुषोऽयं च द्रष्टव्यः सूर्य्यमण्डले ।१६।
तत्त्वं सदसि चिद्ब्रह्म विष्णोर्यत्परमं पदम् ।
देवस्य सवितुर्भर्गो वरेण्यं हि तुरीयकम् ।१७।
देहादिजाग्रदाब्रह्म अहं ब्रह्मेति धीमहि ।
योऽसावादित्यपुरुषः सोऽसावहमनन्त ओम् ।
ज्ञानानि शुभकर्मादीन्प्रवर्त्तयति यः सदा ।१८।

पदको अभिप्राय नै हामी जाग्रत र सुषुप्ति आदि अवस्थाहरूमा नित्य शुद्ध, बुद्ध, एकमात्र सत्य एवं ज्योतिस्वरूप परब्रह्म परमेश्वरलाई मुक्तिका निम्ति ध्यान गर्दछौँ भन्ने हो । जगत्का सृष्टि आदिका कारण भगवान् श्रीविष्णु नै त्यो ज्योति हुन् । कतिपय मानिस शिवलाई त्यो ज्योति मान्दछन्, कतिपय शक्तिलाई र कोही सूर्यलाई र अग्निहोत्री वेदज्ञहरू अग्निलाई त्यो ज्योति मान्दछन् । वास्तवमा अग्नि आदि रूपमा रहेका विष्णु नै वेद-वेदाङ्गमा ब्रह्म मानिएका छन् । त्यसैले देवस्य सवितु अर्थात् जगत्का उत्पादक श्रीविष्णुलाई नै त्यो परमपद मानिएको छ । किनभने उनै स्वयं ज्योतिःस्वरूप भगवान् श्रीहरि नै महतत्त्व आदिका उत्पादक हुन् । उनी नै पर्जन्य, वायु, आदित्य एवं शीत-ग्रीष्म ऋतुका माध्यमबाट अन्नहरूलाई पोषण गर्ने हुन् । विधिपूर्वक अग्निमा दिइएको आहुति सूर्यलाई प्राप्त हुन्छ र सूर्यबाट वर्षा, वर्षाबाट अन्न एवं अन्नबाट प्राणी वा प्रजा उत्पन्न हुन्छन् । धीमहि पद धारण अर्थमा रहेको डुधाञ् धातुबाट पनि सिद्ध हुन्छ । त्यसैले हामी आफ्ना मनले त्यस तेजलाई धारण वा चिन्तन मनन गर्दछौँ भन्ने पनि अर्थ लाग्छ । यः पदले परमात्मा श्रीविष्णुको त्यस तेजले, नः पदले हामी सबै प्राणीलाई एवं धियः पदले बुद्धिको मार्गमा र प्रचोदयात् पदले प्रेरित गरोस् भन्ने अर्थ दिन्छन् । उनै परमात्मा नै कर्मफल भोग गर्ने समस्त प्राणीहरूका प्रत्यक्ष र अप्रत्यक्ष परिणामद्वारा युक्त समस्त कर्ममा विष्णु, सूर्य र अग्निका रूपमा रहेका छन् । त्यो प्राणी नै आफ्ना शुभाशुभ कर्मको फल अनुसार ईश्वरका प्रेरणाले स्वर्ग अथवा नरकमा पुग्दछ । श्रीहरिद्वारा नै महत्तत्त्व आदि रूपले निर्मित यो सम्पूर्ण जगत् नै ईश्वरको निवास हो । त्यो सर्वसमर्थ हंसस्वरूप परम पुरुष स्वर्ग आदि लोकसँग क्रीडा गर्दछ । त्यसै हुनाले उनलाई देव भनिन्छ । आदित्यमा जुन भर्ग नामले प्रसिद्ध तेज छ त्यो उनैको स्वरूप हो । मोक्ष खोज्ने पुरुषले जन्म मरणका कष्टबाट र दैहिक, दैविक तथा भौतिक नामका तीन खालका दुःखबाट छुट्कारा पाउनका लागि ध्यानमा स्थित भएर सूर्यमण्डलमा यिनै परमपुरुषको दर्शन गर्नुपर्दछ । उनी नै उपनिषद्का तत्त्वमसि आदि महावाक्यद्वारा प्रतिपादित भएका सच्चित्स्वरूप परब्रह्म हुन् । सम्पूर्ण लोकको निर्माण गर्ने जुन सबैले वरण गर्न योग्य भर्ग छ त्यो नै विष्णुको परमपद हो र गायत्रीको स्वरूप वा चतुर्थपद हो । धीमहि भन्ने पदले यही अभिप्राय ग्रहण गर्नुपर्दछ र देह आदिको जागृत अवस्थामा सामान्य जीवदेखि लिएर ब्रह्मपर्यन्त म ब्रह्म हुँ र आत्यिमण्डलमा जुन पुरुष छ त्यो पनि म नै हुँ; म नै अनन्त सर्वतः परिपूर्ण ओम् हुँ । प्रचोदयात् पदको कर्ताका रूपमा प्रेरित गर्ने भनेर उनै परमेश्वरलाई लिइन्छ जो सधैँ यज्ञ आदि शुभ कर्मलाई प्रवर्तन गर्दछ ।१-१८।

२१७. सप्तदशाधिकद्विशततमोऽध्यायः

पुनर्गायत्रीनिर्वाण

अग्निरुवाच

लिङ्गमूर्त्तिं शिवं स्तुत्वा गायत्र्या योगमाप्तवान् ।
निर्वाणं परमं ब्रह्म वसिष्ठोऽन्यश्च शङ्करात् ।१।
नमः कनकलिङ्गाय वेदलिङ्गाय वै नमः ।
नमः परमलिङ्गाय व्योमलिङ्गाय वै नमः ।२।
नमः सहस्रलिङ्गाय वह्निलिङ्गाय वै नमः ।
नमः पुराणलिङ्गाय श्रुतिलिङ्गाय वै नमः ।३।
नमः पाताललिङ्गाय ब्रह्मलिङ्गाय वै नमः ।
नमो रहस्यलिङ्गाय सप्तद्विपोर्ध्वलिङ्गिने ।४।
नमः सर्वात्मलिङ्गाय सर्वलोकाङ्गलिङ्गिने ।
नमस्त्वव्यक्तलिङ्गाय बुद्धिलिङ्गाय वै नमः ।५।
नमोऽहङ्कारलिङ्गाय भूतलिङ्गाय वै नमः ।
नमः इन्द्रियलिङ्गाय नमस्तन्मात्रलिङ्गिने ।६।
नमः पुरुषलिङ्गाय भावलिङ्गाय वै नमः ।
नमो रजोर्द्धलिङ्गाय सत्त्वलिङ्गाय वै नमः ।७।
नमस्ते भवलिङ्गाय नमस्त्रैगुण्यलिङ्गिने ।
नमोऽनागतलिङ्गाय तेजोलिङ्गाय वै नमः ।८।
नमो वायूर्धलिङ्गाय श्रुतिलिङ्गाय वै नमः ।
नमस्तेऽथर्वलिङ्गाय सामलिङ्गाय वै नमः ।९।
नमो यज्ञाङ्गलिङ्गाय यज्ञलिङ्गाय वै नमः ।
नमस्ते तत्त्वलिङ्गाय देवानुगतलिङ्गिने ।१०।
दिश नः परमं योगमपत्यं मत्समं तथा ।
ब्रह्म चैवाक्षयं देव समं चैव परं विभो ।
अक्षयं त्वं च वंशस्य धर्मे च मतिमक्षयाम् ।११।

अग्निरुवाच

वसिष्ठेन स्तुतः शम्भुस्तुष्टः श्रीपर्वते पूरा ।
वसिष्ठाय वरं दत्त्वा तत्रैवान्तरधीयत ।१२।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! कुनै अर्का वसिष्ठले गायत्री जप गर्दै लिङ्गमूर्ति शिवको स्तुति गरेर भगवान् शङ्करबाट निर्वाणस्वरूप परब्रह्म प्राप्त गरे । वसिष्ठले– कनकलिङ्गलाई नमस्कार, वेदलिङ्गलाई नमस्कार, परमलिङ्गलाई नमस्कार र आकाशलिङ्गलाई नमस्कार छ । म सहस्रलिङ्ग, वह्निलिङ्ग, पुराणलिङ्ग र वेदलिङ्ग शिवलाई बारम्बार नमस्कार गर्दछु; पाताललिङ्ग, ब्रह्मलिङ्ग, सप्तद्वीपोर्ध्व लिङ्गलाई बारम्बार नमस्कार छ; म सर्वात्मलिङ्ग, अव्यक्तलिङ्ग, बुद्धिलिङ्ग, अहङ्कारलिङ्ग, भूतलिङ्ग, इन्द्रियलिङ्ग, तन्मात्रलिङ्ग, पुरुषलिङ्ग, भावलिङ्ग, रजोर्ध्वलिङ्ग, सत्त्वलिङ्ग, भवलिङ्ग; त्रैगुण्यलिङ्ग, अनागतलिङ्ग, तेजोलिङ्ग, वायूर्ध्वलिङ्ग, श्रुतिलिङ्ग, अथर्वलिङ्ग, समलिङ्ग, यज्ञाङ्गलिङ्ग, यज्ञलिङ्ग, तत्त्वलिङ्ग र देवानुगतलिङ्गरूप तिमी सङ्करलाई बारम्बार नमस्कार गर्दछु। हे प्रभु ! तिमी मलाई परमयोगको उपदेश देऊ र म समानकै पुत्र प्रदान गर; हे भगवन् ! मलाई अविनाशी परब्रह्म र परमशान्ति प्राप्त गराऊ; मेरो वंश कहिल्यै क्षीण नहोस् र मेरो बुद्धि सधैं धर्ममा लागिरहोस् भने ।१–११।

अग्नि भन्दछन्– उहिले नै श्रीशैल नामका पर्वतमा वसिष्ठले यस किसिमले स्तुति गर्दा भगवान् शङ्कर प्रसन्न भए र वसिष्ठलाई वर दिएर त्यहाँबाट अन्तर्धान भए ।१२।

२१८. अष्टादशाधिकद्विशततमोऽध्यायः

राजाभिषेक

अग्निरुवाच

पुष्करेण च रामाय राजधर्मं हि पृच्छते ।
यथादौ कथितं तद्वद्वसिष्ठ कथयामि ते ।१।

पुष्कर उवाच

राजधर्मं प्रवक्ष्यामि सर्वस्माद्राजधर्मतः ।
राजा भवेच्छत्रुहन्ता प्रजापालः सुदण्डवान् ।२।
पालयिष्यति वः सर्वान्धर्मस्थान्व्रतमाचरेत् ।
संवत्सरं स वृणुयात्पुरोहितमथ द्विजम् ।३।
मन्त्रिणश्चाखिलान्मज्ञान्महिषीं धर्मलक्षणाम् ।
संवत्सरं नृपः काले ससम्भारोऽभिषेचनम् ।४।
कुर्यान्मृते नृपे नात्र कालस्य नियमः स्मृतः ।
तिलैः सिद्धार्थकैः स्नानं सांवत्सरपुरोहितौ ।५।
घोषयित्वा जयं राज्ञो राजा भद्रासने स्थितः ।
अभयं घोषयेद्दुर्गान्मोचयेद्राज्यपालके ।६।
पुरोधसाऽभिषेकात्प्राक्कार्य्यैन्द्री शान्तिरेव च ।
उपवास्यभिषेकाहे वेद्यग्नौ जुहुयान्मनून् ।७।
वैष्णवानैन्द्रमन्त्रांस्तु सावित्रान् वैश्वदैवतान् ।
सौम्यान्स्वस्त्ययनं शर्म आयुष्याभयदान्मनून् ।८।
अपराजितां च कलशं बह्वेर्दक्षिणपार्श्वगम् ।
सम्पातवन्तं हैमं च पूजयेद्गन्धपुष्पकैः ।९।
प्रदक्षिणावर्त्तशिखस्तप्तजाम्बूनदप्रभः ।
रथौघमेघनिर्घोषो विधूमश्च हुताशनः ।१०।
अनुलोमः सुगन्धश्च स्वस्तिकाकारसन्निभः ।
प्रसन्नार्चिर्महाज्वालः स्फुलिङ्गरहितो हितः ।११।
न व्रजेयुश्च मध्येन मार्जारमृगपक्षिणः ।
पर्वताग्रमृदा तावन्मूर्द्धानं शोधयेन्नृपः ।१२।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! उहिले नै परशुरामले सोध्दा पुष्करले उनलाई यसरी राजधर्मका विषयमा वर्णन गरेका थिए, त्यही नै तिमीलाई भन्दैछु ।१।

पुष्कर भन्दछन्– हे राम ! सम्पूर्ण राजधर्महरूबाट सार सङ्ग्रह गरेर म अब राजधर्म बताउँछु । राजाले प्रजा रक्षक, शत्रुनाशक र दण्डलाई उचित प्रयोगकर्ता हुनुपर्छ। उनले समस्त प्रजाहरूसित– धर्म मार्गमा रहने तिमीहरू सबैलाई म रक्षा गर्दछु भन्नुपर्दछ र आफ्नो यस प्रतिज्ञालाई पालन गरिरहनुपर्छ। राजाले वर्षको फल बताउने ज्योतिषी र ब्राह्मण पुरोहित छान्नुपर्दछ । त्यसका साथै सबै खालका राजनीतिशास्त्रका विषयमा र आत्माका सम्बन्धमा ज्ञान भएका मन्त्रीहरूलाई र धार्मिक लक्षणले युक्त रानीहरूलाई पनि छानेर राख्नुपर्छ। राज्यभार ग्रहण गरेको एक वर्षपछि राजाले सबै खालका सामग्री जुटाएर उचित समयमा विशेष समारोहपूर्वक आफ्नो अभिषेक गराउनुपर्दछ । पहिलेका राजाको मृत्यु भएमा जतिसक्यो चाँडै राजआसन ग्रहण गर्नु राम्रो हुन्छ; यस्ता वेलामा कालको केही नियम हुँदैन । ज्योतिषी र पुरोहितद्वारा तिल, सर्स्यूं आदि सामग्रीहरू प्रयोग गर्दै राजाले स्नान गर्नुपर्छ र भद्रासनमा बसेर समग्र राज्यमा राजाको विजय भएको घोषित गर्नुपर्छ । त्यसपछि अभयको घोषणा गराएर राज्यका सम्पूर्ण कैदीहरूलाई झ्यालखानाबाट मुक्त गराउनुपर्छ । पुरोहितबाट अभिषेकभन्दा पहिले इन्द्र देवतालाई शान्ति गराउनुपर्छ । अभिषेकका दिन राजाले उपवास रही वेदीमा स्थापित अग्निमा मन्त्र पाठपूर्वक हवन गर्नुपर्दछ। विष्णु, इन्द्र, सविता, विश्वेदेव र सोमदेवतासम्बन्धी वैदिक ऋचाहरूको र स्वस्तिवाचन, शान्ति, आयु र अभयप्रदायक मन्त्रको पाठ गर्नुपर्दछ । त्यसपछि अग्निका दक्षिणतर्फ छेउमा अपराजिता देवीको र सुवर्णमय कलशको स्थापना गर्नुपर्छ, त्यसमा पानी बगाउनका लागि अनेकौं छिद्रहरू हुनुपर्छ र चन्दन एवं फूलले तिनलाई पूजा गर्नुपर्छ । यदि अग्नि दक्षिणतर्फ फर्केको छ र त्यसको ज्वाला पोलेको सुनजस्तै उत्तम कान्तिमय छ, रथ एवं मेघको जस्तै त्यसको शब्द निस्केको छ, धुवाँ पटक्कै देखिएको छैन, अग्निदेव प्रसन्न भएर हविष्य ग्रहण गरेका छन्, होमका अग्निबाट सुगन्ध फैलिएको छ, अग्निबाट स्वस्तिक आकारका लप्काहरू निस्केका छन्, त्यस अग्निका शिखाहरू

वल्मीकाग्रमृदा कर्णौ वदनं केशवालयात् ।
इन्द्रालयमृदा ग्रीवां हृदयं तु नृपाजिरात् ।१३।
करिदन्तोद्धृतमृदा दक्षिणं तु तथा भुजम् ।
वृषशृङ्गोद्धृतमृदा वामं चैव तथा भुजम् ।१४।
सरोमृदा तथा पृष्ठमुदरं सङ्गमान्मृदा ।
नदीतटद्वयमृदा पार्श्वे संशोधयेत्तथा ।१५।
वेश्याद्वारमृदा राज्ञः कटिशौचं विधीयते ।
यज्ञस्थानात्तथैवोरू गोस्थानाज्जानुनी तथा ।१६।
अश्वस्थानात्तथा जङ्घे रथचक्रमृदाङ्घ्रिके ।
मूर्द्धानं पञ्चगव्येन भद्रासनगतं नृपम् ।१७।
अभिषिञ्चेदमात्यानां चतुष्टयमथो घटैः ।
पूर्वतो हेमकुम्भेन घृतपूर्णेन ब्राह्मणः ।१८।
रूप्यकुम्भेन याम्ये च क्षीरपूर्णेन क्षत्रियः ।
दध्ना च ताम्रकुम्भेन वैश्यः पश्चिमगेन च ।१९।
मृण्मयेन जलेनोदक् शूद्रायात्योऽभिषेचयेत् ।
ततोऽभिषेकं नृपतेर्बह्वृच प्रवरो द्विजः ।२०।
कुर्वीत मधुना विप्रश्छन्दोगद्य कुशोदकैः ।
सम्पातवन्तं कलशं तथा गत्वा पुरोहितः ।२१।
विधाय वह्निरक्षां तु सदस्येषु यथाविधि ।
राजश्रियाभिषेके च ये मन्त्राः परिकीर्तिताः ।२२।
तैस्तु दद्यान्महाभाग ब्राह्मणानां स्वनैस्तथा ।
ततः पुरोहितो गच्छेद्वेदिमूलं तदेव तु ।२३।
शतच्छिद्रेण पात्रेण सौवर्णेनाभिषेचयेत् ।
या ओषधीत्योषधीभीरथेयुक्त्वेति गन्धकैः ।२४।
पुष्पैः पुष्पवतीत्येव ब्राह्मणेति च बीजकैः ।
रत्नैराशुः शिशानश्च ये देवाश्च कुशोदकैः ।२५।
यजुर्वेद्यथर्ववेदी गन्धद्वारेति संस्पृशेत् ।
शिरः कण्ठं रोचनया सर्वतीर्थोदकैर्द्विजाः ।२६।
गीतवाद्यादिनिर्घोषैश्चामरव्यजनादिभिः ।

स्वच्छ छन् र माथिसम्म उठेका छन् तथा बीच-बीचबाट झिल्का उडेका छैनन् भने त्यस्तो अग्नि-ज्वाला श्रेष्ठ एवं हितकर छ भन्ने मानिएको छ।२-११।

राजा र अग्निका बीचबाट बिरालो, मृग वा पक्षी हिडँनु हुँदैन । राजाले पर्वतटाकुराको माटाले आफ्नो शिर शुद्ध गर्नुपर्छ। त्यसपछि धमिराको माटाले दुवै कान, भगवान् विष्णुको मन्दिरका धुलाले मुख, इन्द्रको मन्दिरका माटाले घाँटी, राजाकै आँगनको माटाले हृदय, हात्तीका दाँतले खनेको माटाले दाहिने पाखुरो, साँढेका सिले खनेको माटाले बायाँ पाखुरो, पोखरीका माटाले पिठ्युँ, दुई नदीका सङ्गमका माटाले पेट र नदीका दुई किनारका माटाले आफ्ना दुवै पिँडुलाहरू सफा गर्नुपर्दछ । वेश्याका ढोकाको माटाले राजाले आफ्नो कम्मर भाग सफा गर्नुपर्दछ, यज्ञशालाको माटाले उनले दुवै तिघ्रा, गाईगोठका माटाले दुवै घुँडा, तबेलाको माटाले दुवै जङ्घा र रथको पाङ्ग्राका माटाले दुवै खुट्टा शुद्ध गर्नुपर्दछ । त्यसपछि पञ्चगव्यले राजाको मस्तक शुद्ध गरिन्छ। त्यसपछि भद्रासनमा बसेका चार अमात्यहरूले कलशद्वारा राजालाई अभिषेक गर्नुपर्दछ । ब्राह्मण जातिका सचिवले पूर्वदिशाबाट घिउले भरिएको सुनको कलशले अभिषेक आरम्भ गर्दछन् । क्षत्रिय दक्षिणतर्फ उभिएर दुधले भरिएको चाँदीका कलशले, वैश्यले पश्चिम दिशामा रहेर तामाको कलशमा दहीले र शूद्रले उत्तरतिर उभिएर माटाको घडामा पानीले राजाको अभिषेक गर्दछन् । त्यसपछि ब्रह्वची अर्थात् ऋग्वेदी ब्राह्मणश्रेष्ठले मधुले र छन्दोग अर्थात् सामवेदी ब्राह्मणले कुशको पानीले राजालाई अभिषेक गर्नुपर्छ। त्यसपछि पुरोहित अनेकौं छिद्र भएको सुवर्णमय पानीको कलशका नजिक गएर सदस्यहरूका बीचमा विधिवत् अग्निरक्षाको कर्म सम्पन्न गर्दछन् र अभिषेकका लागि बताइएका मन्त्रहरूले तिनलाई अभिषेक गर्दछन्। त्यसबेलामा ब्राह्मणहरूले वेदको उच्चारण गरिरहनुपर्दछ । त्यसपछि पुरोहित वेदीका नजिक जान्छन् र सुनले बनेको सय छिद्रयुक्त कलशले अभिषेक प्रारम्भ गर्दछन् । या औषधीः. यस मन्त्रले औषधिद्वारा, अथेत्युक्त्वाः. यस मन्त्रले गन्धद्वारा, पुष्पवतीः. इत्यादि मन्त्रले फूलद्वारा, ब्राह्मणः. इत्यादि मन्त्रले बीजहरूद्वारा, आशुः शिशानः. आदि मन्त्रले रत्नद्वारा र ये देवाः. इत्यादि मन्त्रले कुशयुक्त जलद्वारा अभिषेक गरिन्छ। यजुर्वेदी र अथर्वदेवी ब्राह्मणहरू गन्धद्वारां दुराधर्षां इत्यादि मन्त्रद्वारा गोरोचनले मस्तक र कण्ठमा तिलक लगाइदिन्छन् । त्यसपछि अरू सबै ब्राह्मणले तीर्थका जलले अभिषेक गर्नुपर्छ। त्यस बेला कतिपय मानिस गीत-वाद्यका

सर्वौषधिमयं कुम्भं धारयेयुर्नृपाग्रतः ।२७।
तं पश्येद्दर्पणं राजा घृतं वै मङ्गलादिकम् ।
अभ्यर्च्य विष्णुं ब्रह्माणमिन्द्रादींश्च ग्रहेश्वरान् ।२८।
व्याघ्रचर्मोत्तरां शय्यामुपविष्टः पुरोहितः ।
मधुपर्कादिकं दत्त्वा पट्टबन्धं प्रकारयेत् ।२९।
राज्ञो मुकुटबन्धं च पञ्चचर्मोत्तरं ददेत् ।
ध्रुवाद्यौरिति च विशेद् वृषजं वृषदंशजम् ।३०।
द्वीपिजं सिंहजं व्याघ्रजातं चर्म तदासने ।
अमात्यसचिवादींश्च प्रतीहारः प्रदर्शयेत् ।३१।
गोऽजाविगृहदानाद्यैः सांवत्सरपुरोहितौ ।
पूजयित्वा द्विजान्प्राच्र्य ह्यन्यान्भूगोऽन्नमुख्यकैः ।३२।
वह्निं प्रदक्षिणीकृत्य गुरुं नत्वाथ पृष्ठतः ।
वृषमालभ्य गां वत्सां पूजयित्वाथ मन्त्रितम् ।३३।
अश्वमारुह्य नागं च पूजयेत्तं समारुहेत् ।
परिभ्रमेद्राजमार्गे बलयुक्तः प्रदक्षिणम् ।
पुरं विशेच्च दानाद्यैः प्राच्र्य सर्वान्विसर्जयेत् ।३४।

साथमा चँवर र व्यजनले हावा लगाउँछन् । कोही राजाका सामु सर्वौषधियुक्त जल भरेको कलश लिएर उभिन्छन् । राजाले पहिले त्यस कलशलाई हेर्नुपर्छ र त्यसपछि दर्पण, घिउ आदि माङ्गलिक पदार्थमा हेर्नुपर्छ । त्यसपछि ब्रह्मा, विष्णु, इन्द्र देवता र ग्रहपतिहरूलाई पूजा गरेर राजा बाघको छाला जडेको आसनमा बस्छन् । त्यसै बेलामा पुरोहितले राजालाई मधुपर्क दिएर शिरमा मुकुट लगाइदिन्छन् । पाँच किसिमका चर्मका आसनमा बसेर राजाले मुकुट बाँध्नु पर्दछ । ध्रुवाद्यौः. इत्यादि मन्त्रद्वारा ती आसनहरूमा बस्नुपर्दछ । वृष, वृषभांश, वृक, व्याघ्र र सिंह यी पाँचैको चर्म त्यस बेलामा आसनका लागि उपयोग गरिन्छ । अभिषेकभन्दा पछि प्रतीहार, अमात्य, मन्त्री र सचिवहरू आदिलाई देखाउनुपर्छ र प्रजासित उनको परिचय गराउनुपर्छ । त्यसपछि राजाले गाई, बाख्रा, भेडा र घर आदि दान गरेर सांवत्सर र पुरोहितलाई पुज्नुपर्छ । त्यसपछि पृथ्वी, गौ तथा अन्न आदि दिएर अन्यात्र ब्राह्मणको पनि पूजा गर्नुपर्छ । त्यसपछि अग्निको प्रदक्षिणा गरी गुरूपुरोहितलाई प्रणाम गर्नुपर्छ । त्यसपछि साँढेको पिठ्युँ छोएर गाई र बाछाको पूजा गरेपछि मागिएका घोडामा चढ्नुपर्छ । त्यसबाट ओर्लेर हात्तीको पूजा गरी त्यसमाथि चढेर सेनाका साथै प्रदक्षिणाक्रमले सडकमा केही परसम्म यात्रा गर्नुपर्छ । त्यसपछि दान आदिद्वारा सबैलाई सम्मानित गरेर बिदा गर्नुपर्छ र स्वयं राजधानीमा प्रवेश गर्नुपर्छ ।१२-३४।

२१९. ऊनविंशाधिकद्विशततमोऽध्यायः

अभिषेकमन्त्र

पुष्कर उवाच
राजदेवाद्यभिषेकमन्त्रान्वक्ष्येऽघमर्दनाम् ।
कुम्भात्कुशोदकैः सिञ्चेत्तेन सर्वं हि सिध्यति ।१।
सुरास्त्वामभिषिञ्चन्तु ब्रह्मविष्णुमहेश्वराः ।
वासुदेवः सङ्कर्षणः प्रद्युम्नश्चानिरुद्धकः ।२।
भवन्तु विजयायैते इन्द्राद्या दशदिग्गताः ।
रुद्रो धर्मो मनुर्दक्षो रुचिः श्रद्धा च सर्वदा ।३।
भृगुरत्रिर्वसिष्ठश्च सनकश्च सनन्दनः ।
सनत्कुमारोऽङ्गिराश्च पुलस्त्यः पुलहः क्रतुः ।४।
मरीचिः कश्यपः पान्तु प्रजेशाः पृथिवीपतिम् ।
प्रभा सुरा बर्हिषदः ह्यग्निष्वात्ताश्च पान्तु ते ।५।

पुष्करले भने– अब म राजा र देवता आदिको अभिषेक सम्बन्धी मन्त्रहरूको वर्णन गर्दछु र तिनले सम्पूर्ण पापहरूलाई पर हटाउँछन् । कुशयुक्त जलका कलशले राजालाई अभिषेक गर्नुपर्छ । यसबाट सम्पूर्ण मनोरथ सिद्ध हुन्छन् । त्यस बेलामा– हे राजन् ! ब्रह्मा, विष्णु, शिव आदि सम्पूर्ण देवताले तिम्रो अभिषेक गरून् । भगवान् वासुदेव, सङ्कर्षण, प्रद्युम्न, अनिरुद्र, इन्द्र आदि दस दिक्पाल, रुद्र, धर्म, मनु, दक्ष, रुचि तथा श्रद्धा यी सबै तिमीलाई विजय प्रदान गराउन् । भृगु, अत्रि, वसिष्ठ, सनक, सनन्दन, सनत्कुमार, अङ्गिरा, पुलस्त्य, पुलह, क्रतु, मरीचि र कश्यप आदि ऋषि महर्षिले प्रजारक्षक भूपतिलाई रक्षा गरून् । आफ्नै प्रभाद्वारा

ऋव्यादा श्चोपहूताश्च आज्यपाश्चसुकालिनः ।
अग्निभिश्चाभिषिञ्चन्तु लक्ष्म्याद्या धर्मवल्लभाः ।६।
आदित्याद्याः कश्यपस्य बहुपुत्रस्य बल्लभाः ।
कृशाशवस्याग्निपुत्रस्य भार्य्याश्चारिष्टनेमिनः ।७।
अश्विन्याद्याश्च चन्द्रश्य पुलहस्य तथा प्रियाः ।
भूता च कपिशा दंष्ट्री सुरसा सरमा दनुः ।८।
श्येनी भासी तथा क्रौञ्ची धृतराष्ट्री शुकी तथा ।
पत्न्यस्त्वामभिषिञ्चन्तु अरुणश्चार्कसारथिः ।९।
आयतिर्नियती रात्रिर्निद्रा लोकस्थितौ स्थिताः ।
उमा मेना शची पान्तु धूम्रोर्णा निर्ऋतिर्जये ।१०।
गौरी शिवा च ऋद्धिश्च वेला या चैव नड्वला ।
असिक्नी च तथा ज्योत्स्ना देवपत्न्यो वनस्पतिः ।११।
महाकल्पश्च कल्पश्च मन्वन्तरयुगानि च ।
संवत्सराणि वर्षाणि पान्तु त्वामयनद्वयम् ।१२।
ऋतवश्च तथा मासाः पक्षा रात्र्यहनी तथा ।
सन्ध्यातिथिमुहूर्त्ताश्च कालस्यावयवाकृतिः ।१३।
सूर्य्याद्याश्च ग्रहाः पान्तु मनुः स्वायमभुवादिकः ।
स्वायम्भुवः स्वारोचिष औत्तमिस्तामसो मनुः ।१४।
रैवतश्चाक्षुषः षष्ठौ वैवस्वत इहेरितः ।
सावर्णी ब्रह्मपुत्रश्च धर्मपुत्रश्च रुद्रजः ।१५।
दक्षजो रौच्यभौत्यौ च मनवस्तु चतुर्दश ।
विश्वभुक् च विपश्चिच्च सुचित्तिश्च शिखी विभुः ।१६।
मनोजवस्तथौजस्वी बलिरद्धुतशान्तयः ।
वृषश्च ऋतधामा च दिवःस्पृक् कविरिन्द्रकः ।१७।
रेवन्तश्च कुमारश्च तथा वत्सविनायकः ।
वीरभद्रश्च नन्दी च विश्वकर्मा पुरोजवः ।१८।
एते त्वामभिषिञ्चन्तु सुरमुख्याः समागताः ।
नासत्यौ देवभिषजौ ध्रुवाद्या वसवोऽष्ट च ।१९।
दश चाङ्गिरसो वेदास्त्वाभिषिञ्चन्तु सिद्धये ।
आत्मा ह्यायुर्मनो दक्षो मदः प्राणस्तथैव च ।२०।
हरिष्मांश्च गरिष्ठश्च ऋतः सत्यश्च पान्तु वः ।
ऋतुर्दक्षो वसुः सत्यः कालकामो धुरिर्जये ।२१।
पुरूरवा माद्रवाश्च विश्वेदेवाश्च रोचनः ।
अङ्गारकाद्याः सूर्य्यस्त्वां निर्ऋतिश्च तथा यमः ।२२।
अजैकपादहिर्बुध्न्यो धूमकेतुश्च रुद्रकः ।
भरतश्च तथा मृत्युः कापालिरथ किङ्किणिः ।२३।

उत्पन्न हुने बर्हिषद् र अग्निष्वात्त नामका पितृहरूले तिमीलाई पालन गरून् । ऋव्याद, आह्वान गरिएका आज्यपा, सुकाली तथा धर्मप्रिया आदि देवीले प्रवृद्ध अग्निका साथमा तिमीलाई अभिषेक गरून् । अनेकौँ पुत्र भएका प्रजपति, आदित्य आदि कश्यपका प्रिय पुत्रगण, अग्निनन्दन कृशाश्व र अरिष्टनेमिकी पत्नीहरूले पनि तिमीलाई अभिषेक गरून् । अश्विनी आदि चन्द्रमाका पत्नीहरू, पुलस्त्यका प्रिय पत्नीहरू र भूता, कपिशा, दंष्ट्री, सुरसा, सरमा, दनु, श्येनी, भाषी, क्रौञ्ची, भृतराष्ट्री तथा शुकी आदि देवीहरू र सूर्यका सारथी अरुण यी सबैले तिम्रा अभिषेकका कार्य सम्पन्न गरून् । आयति, नियति, रात्रि, निद्रा, लोकरक्षामा तत्पर रहने उमा, मेना, शची आदि देवीहरू, धूमा, ऊर्णा, नैर्ऋती, जया, गौरी, शिवा, ऋद्धि, वेला, नड्वला, असिक्नी, ज्योत्स्ना, देवाङ्गना र वनस्पति यी सबैले तिमीलाई पालन गरून् । महाकाल, कल्प, मन्वन्तर, युग, संवत्सर, वर्ष, दुवै अयन, ऋतु, मास, पक्ष, रात-दिन, सन्ध्या, तिथि, मुहूर्त तथा कालका विभिन्न अवयवहरूले तिमीलाई रक्षा गरून् । स्वायम्भुव, स्वारोचिष, उत्तम, तामस, रैवत, चाक्षष, वैवस्वत, सावर्णि, ब्रह्मपुत्र, धर्मपुत्र, रुद्रपुत्र, दक्षपुत्र, रौच्य तथा भौत्य यी चौध मनुहरू तिम्रा रक्षक होऊन् । विश्वभुक्, विपश्चित, शिखि, विभु, मनोजव, ओजस्वी, बलि, अद्भुत शान्ति, वृष, ऋतधामा, दिवःस्पृक्, कवि, इन्द्र, रैवन्त, कुमार कात्तिकेय, वत्सविनायक, वीरभद्र, नन्दी, विश्वकर्मा, पुरोजव तिम्रो अभिषेक सफल गर्न आऊन् ।१-१८।

देववैद्य अश्विनीकुमार र ध्रुव आदि आठ वसुहरू, अङ्गिराका कुलमा उत्पन्न दस देवता र चारै वेदले सिद्धिका लागि तिमीलाई अभिषेक गरून् । आत्मा, आयु, मन, दक्ष, मद, प्राण, हविष्मान्, गरिष्ठ, ऋत् र सत्य - यिनले तिम्रो रक्षा गरून् एवं ऋतु, दक्ष, वसु, सत्य, काल, काम र धुरि - यिनले तिमीलाई विजय प्रदान गरून् । पुरुरवा, आर्द्रवा, विश्वेदेव, रोचन, अङ्गारक आदि ग्रह, सूर्य, निर्ऋति, यम यी सबैले तिमीलाई रक्षा गरून् । अजैकवाद, अहिर्बुध्न्य, धूमकेतु, रुद्रका पुत्र, भरत, मृत्यु, कापाली, किङ्किणि, भवन, भावन, स्वजन्य, स्वजन, ऋतुश्रवा, मूर्धा, याजन र उशना - यिनीहरूले तिमीलाई रक्षा गरून् । प्रसव, अव्यय, दक्ष,

भवनो भावनः पान्तु स्वजन्यः स्वजनस्तथा ।
ऋतुश्रवाश्च मूर्द्धा च याजनोऽभ्युशनास्तथा ।२४।
प्रसवश्चाव्ययश्चैव दक्षश्च भृगवः सुराः ।
मनोऽनुमन्ता प्राणश्च नवीपानश्च वीर्य्यवान् ।२५।
वीतिहोत्रो नयः साध्यो हंसो नारायणोऽवतु ।
विभुश्चैव प्रभुश्चैव देवश्रेष्ठा जगद्धिताः ।२६।
धाता मित्रोऽर्यमा पूषा शक्रोऽथ वरुणो भगः ।
त्वष्टा विवस्वान्सविता विष्णुर्द्वादश भास्कराः ।२७।
एकज्योतिश्च द्विर्ज्योतिस्त्रिश्चतुर्ज्योतिरेव च ।
एकशक्रो द्विशक्रश्च त्रिशक्रश्च महाबलः ।२८।
इन्द्रश्च मेत्यादिशतु ततः प्रतिमकृत्तथा ।
मितश्च सम्मितश्चैव अमितश्च महाबलः ।२९।
ऋतजित्सत्यजिच्चैव सुषेणः सेनजित्तथा ।
अतिमित्रोऽनमित्रश्च पुरुमित्रोऽपराजितः ।३०।
ऋतश्च ऋतवाग्धाता विधाता धारणो ध्रुवः ।
विधारणो महातेजा वासवस्य परः सखा ।३१।
ईदृक्षश्चाप्यदृक्षश्च एतादृगमिताशनः ।
क्रीडितश्च सदृक्षश्च शरभश्च महातपाः ।३२।
धर्त्ता धुर्य्यो धुरिर्भीमो ह्यभिमुक्तोऽक्षपात्सह ।
धृतिर्वसुरनाधृष्यो रामः कामो जयो विराट् ।३३।
देवा एकोनपञ्चाशन्मरुतस्त्वामवन्तु ते ।
चित्राङ्गदश्चित्ररथः चित्रसेनश्च वै कलिः ।३४।
ऊर्णायुरुग्रसेनश्च धृतराष्ट्रश्च नन्दकः ।
हाहा हूहूर्नारदश्च विश्वावसुश्च तुम्बुरुः ।३५।
एते त्वामभिषिञ्चन्तु गन्धर्वा विजयाय ते ।
पान्तु ते कुरवो मुख्या दिव्याश्चाप्सरसां गणाः ।३६।
अनवद्या सुकेशी च मेनका सह जन्यया ।
ऋतुस्थला घृताची च विश्वाची पुञ्जिकस्थला ।३७।
प्रम्लोचा चोर्वशी रम्भा पञ्चचूडा तिलोत्तमा ।
चित्रलेखा लक्ष्मणा च पुण्डरीका च वारुणी ।३८।
प्रह्लादो विरोचनोऽथ बलिर्बाणोऽथ तत्सुताः ।
एते चान्येऽभिषिञ्चन्तु दानवा राक्षसास्तथा ।३९।
हेतिश्चैव प्रहेतिश्च विद्युत्स्फूर्जथुरग्रकाः ।
यक्षः सिद्धात्मकः पातु मणिभद्रश्च नन्दनः ।४०।
पिङ्गाक्षो द्युतिमांश्चैव पुष्पवन्तो जयावहः ।
शङ्खः पद्मश्च मकरः कच्छपश्च निधिर्जये ।४१।

भृगुवंशी ऋषि, देवता, मनु, अनुमन्ता, प्राण, नव, बलवान् अपान वायु, वीतिहोत्र, नय, साध्य, हंस, विभु, प्रभु र नारायण – यिनीहरू संसारका हितमा रहेका श्रेष्ठ देवताले तिम्रो पालन गरून् । धाता, मित्र, अर्यमा, पूषा, शक्र, वरुण, भग, त्वष्टा, विवस्वान्, सविता, भास्कर र विष्णु यी बाह्र सूर्यले तिम्रो रक्षा गरून् । एकज्योति, द्विज्योति, त्रिज्योति, चतुर्ज्योति, एकशक्र, द्विशक्र, महाबली, त्रिशक्र, इन्द्र, पतिकृत्, मित, सम्मित, महाबली अमित, ऋतजित्, सत्यजित, सुषेण, सेनजित्, अतिमित्र, अनुमित्र, पुरुमित्र, अपराजित, ऋत, ऋतवाक्, धाता, विधाता, धारण, ध्रुव, इन्द्रका परम मित्र महातेजस्वी विधारण, इदृक्ष, अदृक्ष, एतादृक्, अमिताशन, क्रीडित, सदृक्ष, सरभ, महातपा, धर्ता, धुर्य्य, धुरि, भीम, अभिमुक्त, अक्षपात, सह, धृति, वसु, अनाधृष्य, राम, काम, जय र विराट् – यी उनन्चास मरुत् नामका देवताले तिमीलाई अभिषेक गरून् र तिमीलाई लक्ष्मी प्रदान गरून् । चित्राङ्गद, चित्ररथ, चित्रसेन, कलि, ऊर्णायु, उग्रसेन, धृतराष्ट्र, नन्दक, हाहा, हूहू, नारद, विश्वावसु र तुम्बुरु यी गन्धर्वले तिम्रो अभिषेकको कार्य सम्पन्न गरून् र तिमीलाई विजयी बनाउन् । प्रधान-प्रधान मुनि तथा अनवद्या, सुकेशी, मेनका, सहजन्या, ऋतुस्थला, घृताची, विशवाची, पुञ्जिकस्थला, प्रम्लोचा, उर्वशी, रम्भा, पञ्चचूडा, तिलोत्तमा, चित्रलेखा, लक्ष्मणा, पुण्डरीका र वारुणी यी दिव्य अप्सराहरूले तिम्रो रक्षा गरून् ।१२-३८।

प्रह्लाद, विरोचन, बलि, बाण र उसका पुत्र तथा अन्य दानवहरू र राक्षसले तिम्रो अभिषेक कार्य सिद्ध गरून् । हेति, प्रहेति, विद्युत, स्फूर्जथु, अग्रक, यक्ष, सिद्ध, मणिभद्र र नन्दन यी सबैले तिमीलाई रक्षा गरून् । पिङ्गाक्ष, द्युतिमान्, पुष्पवन्त, जयावह, शङ्ख, पद्म, मकर र कच्छप यी निधिहरूले तिमीलाई विजय प्रदान गरून् । ऊर्ध्वकेश आदि पिशाच, भूमि आदिका निवासी भूत र माताहरूले, नृसिंह र महाकाललाई अघि लगाएर तिमीलाई पालन गरून् । गुह, स्कन्द, विशाख, नैगमेय यिनीहरूले तिम्रो अभिषेक गरून् । भूतल एवं आकाशमा विचरण गर्ने डाकिनी तथा योगिनीहरू, गरुड, अरुण तथा सम्पाति आदि पक्षीले तिमीलाई पालन गरून् । अनन्त आदि ठूला ठूला नाग, शेष, वासुकी, तक्षक, ऐरावत, महापद्म,

पिशाचा ऊर्ध्वकेशाद्या भूता भूम्यादिवासिनः ।
महाकालं पुरस्कृत्य नरसिंहं च मातरः ।४२।
गुहः स्कन्दो विशाखस्त्वां नैगमेयोऽभिषिञ्चतु ।
डाकिन्यो याश्च योगिन्यः खेचरा भूचराश्च याः ।४३।
गरुडश्चारुणः पान्तु सम्पातिप्रमुखाः खगाः ।
अनन्ताद्या महानागाः शेषवासुकितक्षकाः ।४४।
ऐरावतो महापद्मः कम्बलाश्वतरावुभौ ।
शङ्खः कर्कोटकश्चैव धृतराष्ट्रो धनञ्जयः ।४५।
कुमुदैरावणौ पद्मः पुष्पदन्तोऽथ वामनः ।
सुप्रतीकोऽञ्जनोः नागः पान्तु त्वा सर्वतः सदा ।४६।
पैतामहस्तथा हंसो वृषभः शङ्करस्य च ।
दुर्गासिंहश्च पान्तु त्वां यमस्य महिषस्तथा ।४७।
उच्चैःश्रवाश्चाश्वपतिस्तथा धन्वतरिः सदा ।
कौस्तुभः शङ्खराजश्च वज्रं शूलं च चक्रकम् ।४८।
नन्दकोऽस्त्राणि रक्षन्तु धर्मश्च व्यवसायकः ।
चित्रगुप्तश्च दण्डश्च पिङ्गलो मृत्युकालकौ ।४९।
बालखिल्यादिमनुयो व्यासवाल्मीकिमुख्यकाः ।
पृथुर्दिलीपो भरतो दुष्यन्तः शक्रजित् बली ।५०।
मल्लः ककुत्स्थश्चानेन युवनाश्वो जयद्रथः ।
मान्धाता मुचुकुन्दश्च पान्तु त्वां च पुरूरवाः ।५१।
वास्तुदेवाः पञ्चविंशत्तत्त्वानि विजयाय ते ।
रुक्मभौमः शिलाभौमः पातालो नीलमूर्त्तिकः ।५२।
पीतरक्तः क्षितिश्चैव श्वेतभौमो रसातलम् ।
भूर्ल्लोकोऽथ भुवर्मुख्या जम्बूद्वीपादयः श्रिये ।५३।
उत्तराः कुरवः पान्तु रम्या हिरण्यकस्तथा ।
भद्राश्वः केतुमालश्च वर्षश्चैव बलाहकः ।५४।
हरिवर्षः किम्पुरुष इन्द्रदीपः कशेरुमान् ।
ताम्रवर्णो गभस्तिमान्नागद्वीपश्च सौम्यकः ।५५।
गन्धर्वो वरुणो यश्च नवमः पान्तु राज्यदाः ।
हिमवान्हेमकूटश्च निषधो नील एव च ।५६।
श्वेतश्च शृङ्गवान्मेरुर्माल्यवान्गन्धमादनः ।
महेन्द्रो मलयः सह्यः शुक्तिमानृक्षवान्गिरिः ।५७।
विन्ध्यश्च पारिपात्रश्च गिरयः शान्तिदास्तु ते ।
ऋग्वेदाद्याः षडङ्गानि इतिहासपुराणकम् ।५८।
आयुर्वेदश्च गन्धर्वधनुर्वेदोपवेदकाः ।
शिक्षा कल्पो व्याकरणं निरुक्तं ज्योतिषां गतिः ।५९।

कम्बल, अश्वतर, शङ्ख, कर्कोटक, धृतराष्ट्र, धनंजय, कुमुद, ऐरावत, पद्म, पुष्पदन्त, वामन, सुप्रतीक तथा अञ्जन नामका नागले सधैं र सबैतर्फबाट तिमीलाई रक्षा गरून् । ब्रह्माको वाहन हंस, भगवान् शङ्करको वृषभ, भगवती दुर्गाको सिँह र यमराजको राँगो यी सबै वाहनले तिमीलाई पालन गरून् । अश्वराज उच्चैःश्रवा, धन्वन्तरि वैद्य, कौस्तुभमणि, शङ्खराज पाञ्चजन्य, वज्र, शूल, चक्र र नन्दक खड्ग आदि अस्त्रले तिमीलाई रक्षा गरून् । दृढ निश्चय भएका धर्म, चित्रगुप्त, दण्ड, पिङ्गल, मृत्यु, काल, बालखिल्य आदि मुनि, व्यास र वाल्मीकि आदि महर्षि, पृथु, दिलीप, भरत, दुष्यन्त, अत्यन्त वलवान् शत्रुजित, मनु, ककुत्स्थ, अनेना, युवनाश्व, जयद्रथ, मान्धाता, मुचुकुन्द र पृथ्वीपति पुरुरवा यी सबै राजाहरू तिम्रा रक्षक होऊन् । वास्तुदेवता, र पच्चीस तत्त्वहरू तिम्रा विजय साधक होऊन् । रुक्मभौम, शिलाभौम, पाताल, नीलमूर्ति, पीतरक्त, क्षिति, श्वेतभौम, रसातल, भूर्लोक, भुवर आदि लोक तथा जम्बूद्वीप आदि द्वीपहरूले तिमीलाई राज्यलक्ष्मी प्रदान गरून् ।३९-५३।

उत्तरकुरु, रम्य, शिरण्यक, भद्राश्व, केतुमाल, बलाहक, हरिवर्ष, किंपुरुष, इन्द्रद्वीप, कशेरुमान्, ताम्रवर्ण, गभस्तिमान्, नागद्वीप, सौम्यक, गान्धर्व, वारुण र नवम आदि वर्षले तिमीलाई रक्षा गरून् र तिमीलाई राज्य प्रदान गर्ने होऊन् । हिमवान्, हेमकूट, निषध, नील, श्वेत, शृङ्गवान्, मेरु, माल्यवान्, गन्धमादन, महेन्द्र, मलय, सह्य, शुक्तिमान्, ऋक्षवान् गिरि, विन्ध्य र पारियात्र यी सबै पर्वतले तिमीलाई शान्ति प्रदान गरून्। ऋक् आदि चारै वेद, छवटै अङ्ग, इतिहास, पुराण, आयुर्वेद, गान्धर्ववेद र धनुर्वेद आदि उपवेद, शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्यौतिष, छन्द यी छ अङ्ग, चार वेद, मीमांसा, न्याय, धर्मशास्त्र र पुराण यी चौध विद्याले तिमीलाई रक्षा गरून् । सांख्य, योग, पाशुपत, वेद, पाञ्चरात्र यी सिद्धान्तपञ्चक हुन् भनिन्छ । यी पाँचका अतिरिक्त गायत्री, शिवा, दुर्गा, विद्या तथा गान्धारी नाम भएका देवीहरूले तिमीलाई रक्षा गरून् र लवण, इक्षुरस, सुरा, घृत, दधि, दुग्ध र जलले भरिएका समुद्रले तिमीलाई शान्ति प्रदान गरून् । पुष्कर, प्रयाग, प्रभास, नैमिषारण्य, गयाशीर्ष, ब्रह्मशिरतीर्थ, उत्तरमानस, कालोदक,

छन्दोङ्गानि च वेदाश्च मीमांसा न्यायविस्तरः ।
धर्मशास्त्रं पुराणं च विद्या ह्येताश्चतुर्दश ।६०।
साङ्ख्यं योगः पाशुपतं वेदा वै पाञ्चरात्रकम् ।
कृतान्तपञ्चकं ह्येतद् गायत्री च शिवा तथा ।६१।
दुर्गा विद्या च गान्धारी पान्तु त्वां शान्तिदाश्च ते ।
लवणेक्षुसुरासर्पिर्दधिदुग्धजलाब्धयः ।६२।
चत्वारः सागराः पान्तु तीर्थानि विविधानि च ।
पुष्करश्च प्रयागश्च प्रभासो नैमिषः परः ।६३।
गयाशीर्षो ब्रह्मशिरस्तीर्थमुत्तरमानसम् ।
कालोदको नन्दिकुण्डस्तीर्थं पञ्चनदस्तथा ।६४।
भृगुतीर्थं प्रभासं च तथा चामरकण्टकम् ।
जम्बूमार्गश्च विमलः कपिलस्य तथाश्रमः ।६५।
गङ्गाद्वारकुशावर्तौ विन्ध्यको नीलपर्वतः ।
वराहपर्वतश्चैव तीर्थं कनखलं तथा ।६६।
कालञ्जरश्च केदारो रुद्रकोटिस्तथैव च ।
वाराणसी महातीर्थं बदर्य्याश्रम एव च ।६७।
द्वारका श्रीगिरिस्तीर्थं तीर्थञ्च पुरुषोत्तमः ।
शालग्रामोऽथ वाराहः सिन्धुसागरसङ्गमः ।६८।
फल्गुतीर्थं विन्दुसरः करवीराश्रमस्तथा ।
नद्यो गङ्गासरस्वत्यौ शतद्रुर्गण्डकी तथा ।६९।
अच्छोदा च विपाशा च वितस्ता देविका नदी ।
कावेरी वरुणा चैव निश्चिरा गोमती नदी ।७०।
पारा चर्मण्वती रूपा मन्दाकिनी महानदी ।
तापी पयोष्णी वेणा च गौरी वैतरणी तथा ।७१।
गोदावरी भीमरथी तुङ्गभद्रा प्रणी तथा ।
चन्द्रभागा शिवा गौरी अभिषिञ्चन्तु पान्तु वः ।७२।

नन्दिकुण्ड, पञ्चनदतीर्थ, भृगुतीर्थ, अमरकण्टक, जम्बूमार्ग, विमल, कपिलाश्रम, गङ्गाद्वार, कुशावर्त, विन्ध्य, नीलगिरि, वराह पर्वत, कनखल तीर्थ, कालञ्जर, केदार, रुद्रकोटि, महातीर्थ वाराणसी, बदरिकाश्रम, द्वारका, श्रीशैल, पुरुषोत्तम तीर्थ, शालग्राम, वाराह, सिन्धु र समुद्रको सङ्गमका तीर्थहरू, फल्गुतीर्थ, विन्दुसर, करवीराश्रम, गङ्गानदी, सरस्वती, शतद्रु, गण्डकी, अच्छोदा, विपाशा, वितस्ता, देविका नदी, कावेरी, वरुणा, निश्चिरा, गोमती नदी, पारा, चर्मण्वती, रूपा, महानदी, मन्दाकिनी, तापी, पयोष्णी, वेणा, वैतरणी, गोदावरी, भीमरथी, तुङ्गभद्रा, अरणी, चन्द्रभागा, शिवा तथा गौरी आदि पवित्र नदीहरूले तिमीलाई अभिषेक र पालन गरून् ।५४-७२।

२२०. विंशत्यधिकद्विशततमोऽध्यायः

सहायसम्पत्ति

पुष्कर उवाच

सोऽभिषिक्तः सहामात्यो जयेच्छत्रून्नृपोत्तमः ।
राज्ञा सेनापतिः कार्य्यो ब्राह्मणः क्षत्रियोऽथ वा ।१।
कुलीनो नीतिशास्त्रज्ञः प्रतीहारश्च नीतिवित् ।

पुष्कर भन्दछन्– अभिषेक भएपछि असल राजाले मन्त्रीको सहायताले शत्रुमाथि विजय प्राप्त गर्नु उचित हुन्छ । उसले कुलीन र नीतिशास्त्रको ज्ञाता ब्राह्मण वा क्षत्रियलाई आफ्नो सेनापति बनाउनुपर्छ र द्वारपाल पनि नीतिज्ञ हुनुपर्छ । यस्तै किसिमले दूत पनि मृदुभाषी, बलवान् र सामर्थ्यवान् हुनु उचित हुन्छ । राजालाई पान दिने सेवक स्त्री वा पुरुष

दूतश्च प्रियवादी स्यादक्षीणोऽतिबलान्वितः ।२।
ताम्बूलधारी ना स्त्री वा भक्तः क्लेशसहः प्रियः ।
सन्धिविग्रहिकः कार्यः षाड्गुण्यादिविशारदः ।३।
खड्गधारी रक्षकः स्यात्सारथिः स्याद्बलादिवित् ।
सूदाध्यक्षो हितो विज्ञो महानसगतो हि सः ।४।
सभासदस्तु धर्मज्ञा लेखकोऽक्षरविद्धितः ।
आह्वानकालविज्ञाः स्युर्हिता दौवारिका जनाः ।५।
रत्नादिज्ञो धनाध्यक्ष अर्थद्वारे हितो नरः ।
स्यादायुर्वेदविद्वैद्यो गजाध्यक्षोऽथ हस्तिवित् ।६।
जितश्रमो गजारोहो हयाध्यक्षो हयादिवित् ।
दुर्गाध्यक्षो हितो धीमान्स्थपतिर्वास्तुवेदवित् ।७।
यन्त्रमुक्ते पाणिमुक्ते ह्यमुक्ते मुक्तधारिते ।
अस्त्राचार्य्यो नियुद्धे च कुशलो नृपतेर्हितः ।८।
वृद्धश्चान्तःपुराध्यक्षः पञ्चाशद्वार्षिक्यः स्त्रियः ।
सप्तत्यब्दास्तु पुरुषाश्चरेयुः सर्वकर्मसु ।९।
जाग्रत्स्यादायुधागारे ज्ञात्वा वृत्तिर्विधीयते ।
उत्तमाधममध्यानि बुद्ध्वा कर्माणि पार्थिवः ।१०।
उत्तमाधममध्यानि पुरुषान्विनियोजयेत् ।
जयेच्छुः पृथिवीं राजा सहायानानयेद्धितान् ।११।
धर्मिष्ठान्धर्मकार्य्येषु शूरान्सङ्ग्रामकर्मसु ।
निपुणानर्थकृत्येषु सर्वत्र च तथा शुचीन् ।१२।
स्त्रीषु षण्ढान्नियुञ्जीत तीक्ष्णान्दारुणकर्मसु ।
यो यत्र विदितो राज्ञा शुचित्वेन तु तन्नरम् ।१३।

जोसुकै हुन सक्छ । खाली ऊ राजभक्त, कष्ट खप्न सक्ने र राजाको प्रिय अवश्य हुनुपर्दछ । सन्धि-विग्रह गर्नका लागि सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र समाश्रय भन्ने नीतिहरूलाई अवसरअनुसार प्रयोग गर्न जो सिपालु छ त्यस्ता मानिसलाई बनाउनुपर्दछ । राजाको रक्षा गर्ने प्रहरीले सधैँ हातमा तरबार लिएको हुनुपर्दछ । सारथि, सेना आदिका विषयमा राम्रो जानकारी उसमा हुनुपर्दछ । मुख्य भान्से राजाको हितैषि र चतुरो हुनुका साथसाथै सधैँ भान्साघरमा नै उपस्थित रहन सक्ने हुनुपर्दछ । राजसभाका सदस्यहरू धर्मका ज्ञाता हुनुपर्दछ । लेख्ने काम गर्ने पुरुषहरू विभिन्न खालका अक्षरहरूका ज्ञाता हुनुपर्दछ र हितैषि पनि हुनुपर्दछ । ढोकामा बसेका रक्षक पाले स्वामीका हितमा संलग्न रहने र राजाले कुनकुन अवस्थामा उसलाई नजिक बोलाउँछन् भन्ने कुराको जानकारी भएको हुनुपर्दछ । धनभण्डारे पनि सबै खालका रत्नहरूको पारखी हुनुपर्दछ र धन बढाउने साधनहरूमा तत्पर रहन सक्ने हुनुपर्दछ । राजवैद्यलाई आयुर्वेदको पूर्ण ज्ञान हुनुपर्दछ । यसै गरी हात्तीरक्षकहरूको नाइके पनि हात्तीका विषयमा राम्रा खालको जानकारी भएको हुनुपर्दछ । हात्ती सवार मिहिनेत गरेर थाक्ने खालको हुनु हुँदैन । घोडाको रेखदेख गर्ने नाइके अश्वविद्यामा विद्वान् हुनुपर्दछ । किल्लाको अध्यक्ष पनि हितैषि एवं बुद्धिमान् हुनु आवश्यक छ । शिल्पी अथवा कारिगरहरू वास्तुविद्यामा कुशल हुनुपर्दछ । यन्त्रबाट हतियार चलाउन, हातले शस्त्र प्रयोग गर्न, शस्त्र नछोड्न र छोडिएका शस्त्रलाई रोकथाम गर्न राम्ररी जसले जान्दछ, युद्धकलामा जो निपुण छ तथा राजाको हित गर्ने स्वभावको छ उसैलाई अस्त्राचार्यका पदमा नियुक्त गर्नुपर्दछ । रानीहरूका महलको हेरचाह गर्ने अध्यक्ष बुढो पुरुषलाई बनाउनुपर्दछ । पचास वर्षका स्त्रीहरू र सत्तरी वर्षका बुढा पुरुषलाई अन्तःपुरका सबै कार्यमा लगाउन सकिन्छ । शस्त्रागारमा जो सधैँ सजग रहेर पहरा दिइरहन्छ यस्तै पुरुष राख्नुपर्दछ । भृत्यहरूको काम गर्ने तरिका बुझेर उसैअनुसार उनीहरूलाई खाइगुजाराको व्यवस्था बनाइदिनुपर्दछ । राजाले उत्तम, मध्य र निकृष्ट कार्यहरूलाई विचार गरेर तिनीहरूमा त्यस्तै खालका पुरुषहरूलाई नियुक्त गर्नुपर्दछ । पृथ्वीमा विजय प्राप्त गर्न खोज्ने राजाले हितैषि सहायकहरूलाई नै भेला गर्नुपर्दछ । धर्मका कार्यमा धर्मात्मालाई, युद्धमा शूरवीरहरूलाई र धन उपार्जन गर्ने कार्यमा अर्थशास्त्रमा कुशल व्यक्तिहरूलाई लगाउनुपर्दछ । सबै कार्यमा नियुक्त गरिएका मानिसहरू शुद्ध आचारविचार भएका होऊन् भन्ने कुरालाई सधैँ ख्याल राख्नुपर्दछ । स्त्रीहरूको हेरचाहका लागि नपुंसकलाई खटाउनुपर्दछ । कठिन काममा कडा मिजासका पुरुषलाई लगाउनुपर्दछ । धर्म, अर्थ अथवा कामसम्बन्धी क्षेत्रमा जुन पुरुषलाई जता राजाले उपयुक्त ठान्दछन् त्यसलाई त्यस्तैमा

धर्मे चार्थे च कामे च नियुञ्जीताधमेऽधमान् ।
राजा यथार्हं कुर्य्याच्च उपधाभिः परीक्षितान् ।१४।
समन्त्री च यथान्यायात्कुर्य्याद्धस्तिवनेचरान् ।
तत्पदान्वेषणे यत्तानध्यक्षांस्तत्र कारयेत् ।१५।
यस्मिन्कर्मणि कौशल्यं यस्य तस्मिन्नियोजयेत् ।
पितृपैतामहान्भृत्यान्सर्वकर्मसु योजयेत् ।१६।
विना दायादकृत्येषु तत्र ते हि समागताः ।
परराजगृहात्प्राप्ताञ्जनान्संश्रयकाम्यया ।१७।
दुष्टानप्यथ वाऽदुष्टान्संश्रयेत प्रयत्नतः ।
दुष्टं ज्ञात्वा विश्वसेन्न तद्वृत्तिं वर्त्तयेद्वशे ।१८।
देशान्तरागतान्पार्श्वे चारैर्ज्ञात्वा हि पूजयेत् ।
शत्रवोऽग्निर्विषं सर्पो निस्त्रिंशमपि चैकतः ।१९।
भृत्या विशिष्टं विज्ञेयाः कुभृत्याश्च तथैकतः ।
चारचक्षुर्भवेद्राजा नियुञ्जीत सदा चरान् ।२०।
जनस्याविहितान्सौम्यांस्तथाज्ञातान्परस्परम् ।
वणिजो मन्त्रकुशलान्सांवत्सरचिकित्सकान् ।२१।
तथा प्रव्रजिताकारान्बलाबलविवेकिनः ।
नैकस्य राजा श्रद्दध्याच्छ्रद्दध्याद्बहुवाक्यतः ।२२।
रागापरागौ भृत्यानां जनस्य च गुणागुणान् ।
शुभानामशुभानां च ज्ञानं कुर्याद्वशाय च ।२३।
अनुरागकरं कर्म चरेज्जह्याद्विरागजम् ।
जनानुरागया लक्ष्म्या राजा स्याज्जनरञ्जनात् ।२४।

खटाउनुपर्छ भन्ने यसको तात्पर्य हो । निकृष्ट स्तरका काममा त्यस्तै खालका पुरुषलाई लगाउनुपर्दछ । विभिन्न खालका उपायहरूले मानिसहरूको परीक्षा लिएर सुहाउने खालको काममा लगाउनु राजाका लागि उचित हुन्छ । मन्त्रीहरूसित सल्लाह लिनुपर्दछ । कतिपय मानिसहरूलाई भत्ता दिएर हात्ती चर्ने जङ्गलमा तैनाथ गर्नुपर्छ र कतिपय अध्यक्षलाई तिनको अवस्था थाहा पाइराख्न खटाउनुपर्दछ । जो जस्ता काममा निपुण देखिन्छ उसलाई त्यस्तै काममा लगाउनुपर्दछ र बाबुबाजेका पालादेखि चलिआएका नोकरहरूलाई सबै खालका काममा खटाउनुपर्दछ तर खाली उत्तराधिकारीका रूपमा मात्रै कतै खटाउनु हुँदैन किनभने उनीहरू सबै नै त्यहाँ एकसमान रहेका हुन्छन् । जुन मानिसहरू अर्को राजाको खटनबाट छुटेर आफूसँग शरण लिने इच्छाले आएका हुन्छन् ती दुष्ट वा सज्जन जस्ता भए पनि उनलाई जतनसाथ आश्रयमा राख्नुपर्दछ । दुष्ट नै ठहरियो भने त्यसको विश्वास गर्नु हुँदैन र उसका खाइगुजारा आफ्नो अधीनमा राखेको हुनुपर्दछ । अर्को देशबाट आफ्नामा आएका जो मानिसहरू हुन्छन् तिनीहरूका विषयमा गुप्तचरद्वारा सबै कुराको जानकारी लिएर यथावत् सत्कार गर्नुपर्दछ । शत्रु, अग्नि, विष, सर्प र तरबार एकातर्फ र दुष्ट स्वभाव भएको नोकर अर्कातिर राखेर तुलना गर्ने हो भने दुष्ट नोकर नै बढी डर लाग्दो हुन्छ भन्ने सबैले बुझ्नुपर्दछ । राजाले चारचक्षु हुनुपर्दछ । अर्थात् उसले गुप्तचरद्वारा सबै कुराको जानकारी प्राप्त गर्नुपर्दछ । त्यसैले सधैँ सबैको हेरविचारका लागि गुप्तचर खटाइराख्नुपर्दछ । गुप्तचरलाई अरू मानिसले चिनेको हुनु हुँदैन, उनको स्वभाव शान्त एवं कोमल हुनुपर्छ र उनीहरू एकापसमा पनि परिचित हुनु हुँदैन । तिनीहरूमा कुनै व्यापारीका रूपमा हुनुपर्दछ, कुनै तन्त्रमन्त्र गर्नमा कुशल, कुनै ज्योतिषी, कुनै वैद्य, कुनै संन्यासी वेषमा रहेका हुनुपर्दछ र कुनै बलको परीक्षण गर्ने पहलमानका रूपमा हुनुपर्दछ । राजाले कुनै एउटा मात्रै गुप्तचरका कुरामा विश्वास गर्नु हुँदैन । जब धेरैका मुखबाट एकै किसिमको कुरो सुन्दछन् अनि मात्रै त्यसलाई भरोसिलो मान्नुपर्दछ । भृत्यका मनमा राजाप्रति अनुराग छ कि विरक्ति छ, कुन मानिसमा कस्ता खालको गुण-अवगुण छ, को शुभचिन्तक हो र को अशुभ कामना गर्ने खालको छ आफ्ना भृत्यहरूलाई वशमा गर्नका लागि राजाले यी सबै कुराको जानकारी लिइराखेको हुनुपर्छ । राजाले प्रजाको अनुराग बढाउने खालका कामहरू गर्नुपर्दछ । जस्ता कामबाट प्रजाका मनमा विरक्ति हुन्छ त्यस्ता कुनै काम राजाले गर्नु हुँदैन । प्रजाको अनुराग बढाउने लक्ष्मीले सम्पन्न भएको राजा नै वास्तविक राजा हो । उसले सबै दुनियाँलाई रञ्जन गराउँछ, उनीहरूको प्रसन्नता बढाउने भएकै कारण उसलाई राजा भनिएको हो ।१-२४।

२२१. एकविंशत्यधिकद्विशततमोऽध्यायः

सेवकवृत्त

पुष्कर उवाच

भृत्यः कुर्य्यात्तु राजाज्ञां शिष्यवत्सच्छ्रियः पतेः ।
न क्षिपेद्वचनं राज्ञो ह्यनुकूलं प्रियं वदेत् ।१।
रहोगतस्य वक्तव्यमप्रियं यद्धितं भवेत् ।
न नियुक्तो हरेद्वित्तं नोपेक्षेत्तस्य मानकम् ।२।
राज्ञश्च न तथा कार्य्यं देशभाषाविचेष्टितम् ।
अन्तःपुरचराध्यक्षो वैरभूतैर्निराकृतैः ।३।
संसर्गं न व्रजेद्भृत्यो राज्ञो गुह्यं च गोपयेत् ।
प्रदर्श्य कौशलं किञ्चिद्राजानं तु विशेषयेत् ।४।
राज्ञा यच्छ्रावितं गुह्यं न तल्लोके प्रकाशयेत् ।
आज्ञाप्यमाने वान्यस्मिन् किङ्करोमीति वा वदेत् ।५।
वस्त्रं रत्नमलङ्कारं राज्ञा दत्तं च धारयेत् ।
नानिर्दिष्टो द्वारि विशेन्नायोग्ये भुवि राजदृक् ।६।
जृम्भां निष्ठीवनं कासं कोपं पर्य्यन्तिकाश्रयम् ।
भृकुटीं वातमुद्गारं तत्समीपे विवर्जयेत् ।७।
स्वगुणाख्यापने युक्त्या परानेव नियोजयेत् ।
शाठ्यं लौल्यं सपैशुन्यं नास्तिक्यं क्षुद्रतां तथा ।८।
चापल्यं च परित्याज्यं नित्यं राजानुजीविना ।
श्रुतेन विद्याशिल्पैश्च संयोज्यात्मानमात्मना ।९।
राजसेवां ततः कुर्य्याद्भूतये भूतिवर्द्धनः ।
नमस्कार्य्याः सदा चास्य पुत्रवल्लभमन्त्रिणः ।१०।

पुष्कर भन्दछन्– भृत्यले राजाको आज्ञा त्यसरी नै पालन गर्नुपर्दछ, जसरी शिष्यले गुरुको र साध्वी स्त्रीले आफ्ना पतिको आज्ञा पालन गर्दछन्। राजाका कुरामा कहिल्यै आक्षेप गर्नुहुँदैन, सधैँ उनैको अनुकूल र प्रिय वचन बोल्नुपर्दछ। यदि कुनै हितको कुरो गर्नुपर्‍यो र त्यो सुन्नमा अप्रिय छ भने त्यस्तो कुरो राजालाई एकान्तमा भन्नुपर्छ। कुनै आयमूलक काममा खटिएको बेला राजकीय धनको चोरी गर्नु हुँदैन र राजाका सम्मानको अपेक्षा पनि गर्नु हुँदैन। उनका पहिरन र बोलचालको अनुकरण गर्नु उचित हुँदैन। अन्तःपुरका सेवकहरूका अध्यक्षको कर्तव्य हो उसले त्यस्ता पुरुषहरूसँग नबस्नु, अझ ती पुरुष जसको राजासित शत्रुता छ र जो राजदरबारबाट निकालिएका हुन्। भृत्यले राजाको गोपनियता अरूमा प्रकट गर्नु हुँदैन। आफ्नो केही कुशलता देखाएर राजालाई विशेष सम्मानित एवं प्रसन्न पार्नुपर्छ। राजाले यदि कुनै गोप्य कुरो सुनाए भने त्यसलाई अरू मानिसमा प्रकट गर्नु हुँदैन। यदि उनले अर्कालाई कुनै कामको आदेश दिँदै छन् भने आफैँ उठेर– महाराज ! मलाई आदेश दिइयोस्, के काम गर्नु पर्ने हो, म त्यो गर्छु भन्नुपर्छ। राजाले दिएका वस्त्र, आभूषण तथा रत्न आदि सधैँ धारण गरिरहनुपर्छ। आदेश नपाईकन ढोकामा वा राजाको दृष्टि पर्ने अन्य कुनै अयोग्य ठाउँमा बस्नु हुँदैन, हाई काढ्नु, थुक्नु, खोक्नु, रिस देखाउनु, खाटमा बस्नु, आँखीभौँ बङ्ग्याउनु, अधोवायु छोड्नु, डकार्नु जस्ता कार्य राजाका जनिक छँदा गर्नु हुँदैन। उनका अगाडि आफ्नो गुण प्रकट गर्न युक्तिपूर्वक अर्कालाई नै नियुक्त गर्नुपर्छ। मुर्ख्याइँ, नास्तिकपना, कन्जुस्याइँ, चुक्ली, नीचता र चञ्चलता जस्ता दोषहरूलाई राजसेवकले सर्वथा त्याग गर्नुपर्दछ। पहिले आफ्नै प्रयासले वेदविद्या र शिल्पकलाको योग्यता आर्जन गर्नुपर्छ। त्यसपछि आफ्नो धन बढाउने प्रयास गर्ने पुरुषले आफ्नो उन्नतिका लागि राजसेवामा लाग्नुपर्दछ। उनका प्रिय पुत्र र मन्त्रीहरूलाई सधैँ नमस्कार गर्नु राम्रो हुन्छ। केवल मन्त्रीहरूसित मात्रै रहने गर्दा आफूमाथि राजाको विश्वास हुँदैन। त्यसैले उनका मनको इच्छा अनुसार सधैँ प्रिय कार्य गर्नुपर्दछ। राजाको स्वभाव बुझ्ने मानिसले विरक्त राजालाई त्याग्नुपर्छ र अनुरक्त राजासितै जीविका प्राप्त गर्ने प्रयास